CC-0. In Public Domain. Digitization by eGangotri

# महामहेश्वर महायोगी गुरु गोरक्षनाथजीका महिमा एवं परम्पराका इतिहास





लेखक तथा सम्पादकः

डम्बरजंग थापा (आत्रेय)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# महामहेश्वर महायोगी गुरू गोरक्षनाथजीका महिमा एवं परम्पराका इतिहास

लेखक तथा सम्पादक:

डम्बरजंग थापा (आत्रेय)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# महामहेश्वर महायोगी गुरु गोरक्षनाथजीका महिमा एवं परम्पराका इतिहास

## प्रणेता

शिवगोरक्ष महायोगी गोरक्षनाथः
महन्त : योगी विश्वनाथजी सहित
श्रीमहासिद्धाचल गोरक्षपीठ मृगस्थली
सिद्धाश्रम श्रीनाथजीका शुभ आशिर्वाद

लेखक तथा सम्पादकः

डम्बरजंग थापा (आत्रेय)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# पुण्य संस्मरणमा

## शिवविनोद विक्रमसिंह थापा

जन्म विक्रम सम्बत् - २०१० साल फाल्गुन २० गते वुधबार महाशिवरात्रीको त्रयोदशी कृष्णपक्ष तिथि

स्वर्गारोहण : वि.सं. २०३८ साल कार्तिक २५ गते मंगलबार महास्नान पूर्णीमा विष्णु बैकुण्ठ चतुर्दशी तिथि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri


## प्रकाशक :

## प्रा.डा. सुश्री सीतामैयासिंह थापा

श्री काठमाण्डौ महानगरपालिका वडा नं. १३, श्रीमाथमुक्तेश्वर मार्ग, कालिमाटी (काठमाण्डौ)

दूरभाष नं. : ०१-४२७२१९५


सर्वाधिकार : लेखक तथा सम्पादकमा सुरक्षित


प्रथम संस्करण : १००० (एकहजार) प्रति

वि.सं. २०६२ फाल्गुण २५ गते विहीबार, दशमी तिथि, राष्ट्रशान्ति, राष्ट्रकल्याण, विश्वशान्ति, विश्वकल्याण एवं मानव प्राणी कल्याणको निम्ति गोरक्ष महामन्त्रबाट गरिने कोटिहोमको पावन अवसरमा

सहयोग राशी रु.:१०१/-

## प्राप्ति स्थान :

१) श्री बगाले थापा समाज सेवा प्रतिष्ठान नेपाल, के.का. उर्लाबारी-६, मोरङ्ग (कोशी-नेपाल)

२) श्री माथवरसिंह थापा समाज सेवा प्रतिष्ठान नेपाल के.का. श्रीमाथमुक्तेश्वरमार्ग कालीमाटी

## कम्प्युटर सेटिङ :

खगेन्द्र काफ्ले

उमा कम्प्युटर छापाखाना, उर्लाबारी-४, मोरङ्ग

## मुद्रण :

ज्ञानोदय अफसेट प्रेस दमक-११ (झापा)

दूरभाष नं. : ०२३-५८०१९९


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# प्राक्कथन

कैलासपति श्रीशिवजी आदिनाथका चेला हरिभाष्करात्मा मत्स्यावतार माया मत्स्येन्द्रनाथ भए । मत्स्येन्द्रनाथका चेला योगमार्गको प्रचार गर्न भगवान श्रीशङ्करले गोरक्षनाथको रूपधारण गरेर संकेत विद्या गुरू विना ज्ञान हुँदैन भनेर उल्टी थापना थापी चेलाका चेला भयेर योगमार्गको प्रचार गर्न अयोनिशङ्कर श्रीशम्भुजती गुरू गोरक्षनाथ भये । श्रीशिवजीको अवतार हुनाले गोरक्षनाथलाई शिवगोरक्ष (शिवगोरख) भनिन्छ । यसरी मानव सभ्यताका आदि प्रवर्तक आदिनाथबाट योगमार्ग चल्यो । गोरक्षनाथका चेला असंख्य भएर सिद्ध भये । त्यसैले अनन्तकोटि सिद्ध भन्ने प्रसिद्धि छ । ९९ कोटि जति राजाहरू महायोगी गुरू गोरक्षनाथका शिष्य भएका थिए । जसमा पनि ८४ सिद्ध, १८ पन्थ, १२ पन्थ, ९ नाथ ६ यति ४ योगाचार्य ३ गुरूत्रय आदि प्रसिद्ध छन् । योगमार्ग युगादिदेखि चलि आएको परम्परा भएकोले विश्वभरि फैलिएको छ । आज पनि असंख्य प्रमाण कैलास मानसरोवर आदि विशाल कैलासी गोरक्ष राष्ट्र आर्यावर्तमा तिब्बत, मङ्गोलीया, साइबेरिया आदि चीन, जापान, लङ्का, जावा सुमात्रा, बाली, काबुल, कन्धार अरब, तुर्की, फ्रान्स, जर्मन, रोम, अमेरिका आदि स्थानमा विद्यमान छन् ।

रूचि र प्रयोजनाऽनुसार देशकाल पात्र हेरीकन मृदु मध्य तीव्र तीव्रतर अधिकारी शिष्य विशेषमा क्रमाऽनुसार मन्त्रयोग, लययोग, हठयोग, राजयोगको उपदेश गुरू गोरक्षनाथजीले दिए । त्यस्मा पनि चार अवस्था हुन्छन् । आरम्भयोग, परिचययोग, घटयोग, निष्पत्तियोग एवं षडङ्ग सप्त भूमिका अष्टाङ्ग अष्टसिद्धि नव निधि दशद्वार एकादश रूद्र १२ पन्थ प्रसिद्ध छन् । शिवगोरक्ष सिद्धान्तमा १२ संख्याको विशेष महिमा रहेको छ । बर्षमा १२ मास १२ आदित्य १२ राशी आदि हुन्छन् । अतः १२ पन्थ १२ बर्षमा योगसिद्धि १२ बर्षावधि तपस्या आदि शिवगोरक्षनाथका पञ्चाङ्गमा तिथि पनि १२ मानियेका छन् । तृतीयामा त्रयोदशीको, चतुर्थीमा चतुर्दशीको पञ्चमीका पूर्णिमाको षष्ठीमा अमावास्याको अन्तर्भाव छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टाङ्ग योगमा यम, नियम, अहिंसा सत्य अस्तेय ब्रह्मचर्य अपरिग्रह, शौच सन्तोष तप: स्वाध्याय ईश्वर प्रणिधान: एवं धृत क्षमा दम अस्तेय शौच इन्द्रियनिग्रहधी विद्या सत्य अक्रोध दश मानव धर्म गृहस्थ विरक्त मनुष्य मात्रले सामान्यतया पालन गर्नु वाञ्छनीय छ । गृह त्यागी योगीका लागि आसन प्राणायाम प्रत्याहार धारणा ध्यान समाधि षडङ्गयोग विशेष महिमा छ । शिवगोरक्ष सिद्धान्तमा विश्वका ८४ लाख प्राणी जीवात्मासित चारै प्रकारको व्यवहार राख्ने व्यवस्था छ ।

सुखीमा मित्रता, दु:खीमा दया, पुण्यात्मामा मुदिता, अपुण्यात्मामा उपेक्षा: यसरी निर्वैर भैकन लोकयात्रा गर्ने, आदेश छ । क्रुर प्राणीलाई पनि योग प्रभावले हृदय परिवर्तन गरेर मार्गमा ल्याउने उपदेश छ ' प्राणीमात्रको कल्याण गर्न विश्व भ्रमण गर्ने आदेश छ । योगीजन सँधै नीर स्वच्छ रहन्छ भन्ने सिद्धान्त छ । एकाङ्गी सङ्कीर्ण विचारधारालाई कुनै स्थान छैन । परमात्माका एकतालाई आदेश भनिएको छ । एकमात्र आदेश शब्दले अभिवादन प्रत्यभिवादन गरिन्छ । सेली सिङ्गी सिरजटा, झोली भगवा भेष ।

काने कुण्डल भस्म लसे, शिव गोरख । आदेश !! कन्दमूल फलफूल गोरस आदि स्वच्छ सात्विक अल्पाहारको विधान छ ।

आपु दियाको दूध वरावर, मागि लियाको पानी । लाडी लियाको रक्त वरावर, सो भिक्षा नहिं खानी । मद्य मांसादि हानिकारक तामस आहारको सर्वथा निषेध छ । साथै मित्र राष्ट्र चीनको, तिब्बतमा र ल्हासामा गुरू गोरक्षनाथ: मत्स्येन्द्रनाथ र बुद्धलाई मान्दछन् । गोरक्षनाथको 'गुरूर्रें पोर्छे पेंरें पोर्छे- बज्रसिद्धि (बज्रगुरू) आदि नामबाट र मत्स्येन्द्रनाथको देप्रच्यङ चूकचिलस्यल र्न्नाभट्टा चूकचिलस्यल छैठौं- त्यो चूकचिलस्यल -सुखावती लोकेश्वर- आर्यवलोकितेश्वर- लोकनाथ आदि नामबाट पुकारिन्छ । साथै बुद्धको बोधिसत्व- शाक्यसिंह-आदिनामद्वारा पुकार गर्ने गरेको पाइन्छन् ।

बज्रगुरूका बज्रयान योग पद्धति, मत्स्येन्द्र र बुद्धका हीनयान उपासना पद्धति, मत्स्येन्द्रका महायान कर्म पद्धति यी मुख्य तीन यानमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाखौं लाख ग्रन्थ प्रायजसो संस्कृत भाषामा पाईन्छन् । बज्रयानको नियम अति कठोर छ जो निवृत्तिपरक योग मार्ग हो । जसको प्रभावबाट श्रीनाथ योगी र लामाहरू समेत चिरायूका साथै त्रिकालदर्शी सिद्धपुरूष हुन्छन् ।

अघि कुनै समयमा गुरू गोरक्षनाथजी श्रीदक्षिणकाली पाऊ लाग्नु भएथ्यो । सो समयमा श्रीदक्षिणकाली भगवतीलाई श्रीमहामहेश्वरजीले चेताई आसन जमाएको भूमि श्रीदक्षिणकालीको डाँडो पुरै जंगल समेत अन्य सम्प्रदायको स्वामित्व रहन पुगेको छ । भगवान आदिनाथ: (श्रीशिवजी) को गुफा अझै यस तीर्थमा अद्यापि छँदैछ ।

श्रीमहासिद्धाचल गोरक्षपीठ सिद्धाश्रम मृगस्थली काष्ठमण्डपस्थित श्रीनाथ अखडा धेरै समय अघि देखि ओझेलमा परेको छ । जिल्ला रसुवास्थित लहरेपौवा, दहीघुम (धैबुङ), कालिकास्थान, ग्राङ, दक्षिणकालीस्थित डाँडो, साँखु, बालाजु आदिमा गुरू गोरक्षनाथको नाममा रह्याको ४५ सय भन्दा बढी भूमि काष्ठमण्डप उपत्यका भित्र रहेको छ । वि. सं. १८७१ मा वीर अमरसिंह थापाले गुरू गोरक्षनाथजीका पूजाको निम्ति महन्त योगी धारनाथलाई काष्ठमण्डपमा गुठीको निम्ति सनद् गरि दिएको पाईन्छ । मंगलबारको दिन पूजाको लागि अक्षता, जल चढाउने प्रबन्ध समेत गरेर श्रीगोसाईकुण्ड जाने जात्रुहरूकोलागि रसुवामा लहरेपौवाको निर्माण गरेर तीर्थयात्रीहरूलाई बास बस्ने व्यवस्था वेत्रावतीदेखि श्रीगोसाईंकुण्डसम्म जाने बाटो निर्माण गरी जात्रेहरूलाई दही, घुम, सख्खर, दुई मुरी चिउरा वितरण गर्ने व्यवस्थाको साथै श्रीगोसाईंकुण्डमा महाद्वीप बाल्ने व्यवस्था गर्न प्रशस्तै गुठी राख्याको र सो महातीर्थ स्थलमा श्रीशिवलिङ्गको स्थापना गरी पूजा अर्चना गरेर धर्मशालामा यात्रीहरू बस्नको लागि व्यवस्था गर्नु भएको थियो । ती निर्माणका कुनैपनि चिनो आज कहाँ पुग्यो ? कहाँ गयो ? कुनै सम्बन्धित निकायले दृष्टि दिन सकेको छैन् ? भगवान गुरू गोरक्षनाथजीका वरदानद्वारा विशाल नेपाल निर्माण भएको स्वर्णीम वीरासद् आज किन यस्तो भयो ? कसबाट कसरी ओझेलमा पार्ने कार्य भए ? यसमा कसको दोष रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समग्र विषयमा अन्वेषण हुनैपर्छ । श्रीमहासिद्धाचल गोरक्षपीठ मृगस्थली सहित नेपाल अधिराज्यभरिमा रहेका भगवान गुरू गोरक्षनाथजीका स्वामित्वमा रहेका भूमि सबै केन्द्रीकृत गरिनु अतिवाञ्छनीय छ । राष्ट्रको राजकेन्द्र मुटुमा रहेको तीर्थधाम्कोस्थिति नाजुक रहँदा पनि कहि कतैबाट चिरनेत्र नखोलीनु कस्तो दुःखदायिक छ । देशवासी, देशभक्त, मातृभूमि भक्त ॐकार परिवारका नागरिक समाजलाई नसुनाई बस्न पनि यो आत्माले मान्दैन पनि देशभक्त वीर नेपालीलाई सहियनै भएन । राष्ट्रभरि रहेका पूण्यधाम्को संरक्षण नभएमा देशमा भयावहस्थिति आउन सक्ने छ । गुरू गोरक्षनाथजीका पूजा-आजा, पद्धतिलाई पूर्णपालना गरिनुपर्दछ । श्री ५ को उच्च निकायले ध्यान दिनुपर्दछ । गुरू गोरक्षनाथजीलाई निन्दा गर्ने, घृणा गर्ने, बाधा पुऱ्याउने जुनसुकै तत्व भए पनि समय आएपछि एकदिन पर्दाफास हुनेछ । राष्ट्रमा आएको विसम संकटपूर्ण स्थितिको सामना गर्नुपर्ने छ । त्यो समयमा श्रीमहामहेश्वरलाई विन्ति पुकार गर्दैमा समाधान हुने छैन् । गोरक्षको धर्मको आधारमा विश्व ब्रह्माण्ड रहेको हुन्छ । तीन लोक, चौध भुवन, सत्ताईस ब्रह्माण्डमा समेत गोरक्ष-धर्मको आधारमा रहेको छ । सत्य, न्याय, अहिंसा र प्रेम यी चार विषयबस्तु नै धर्मम्मा महत्वपूर्ण मानिन्छ । यो ढुङ्गालाई जोगाउन गुरू गोरक्षनाथ, श्रीकालिकाको वरदान नै चाहिन्छ । अघि विशाल नेपाल निर्माणमा मान्याका देवी-देवताहरूको नित्य-नैमिनित्यिक, विशेष पूजा सबै वैदिक रूपमा गरिएको खण्डमा सबैको भलो हुनेछ । नेपाल अधिराज्यभरि रहेका गुरू गोरक्षनाथका पीठ सबै परम्परा अटूल राख्न सकेको खण्डमा श्रीमहामहेश्वरका पुण्य-प्रतापले राज्यको समेत श्रीवृद्धि हुन जानेछ । जहाँ- जहाँ भगवान गुरू गोरक्षनाथः श्रीकालिकाको अनादर जब हुन जाला तब-तब देशमा अनेकौं संकट्को भूमरी परि आउला ....? धर्म-संस्कृति, राष्ट्र, राष्ट्रिय बचाउन गुरू गोरक्षनाथजीका थिति र नीतिको पालना गर्नुपर्दछ । श्रीनाथ, योगी सम्प्रदायलाई राज्यको स्रोतबाट पूर्ण सम्पन्न तुल्याई दिनुपर्छ । ६३ जति टुक्रिएको सा-साना राज्यहरूलाई पुनः एकीकरण गर्ने प्रेरणाको स्रोत नै गुरू गोरक्षनाथः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् । अघि श्रीगंगाजी, श्रीयमुनाजीसम्म विशाल नेपालको साँध लागेपछि वि.सं. १८४८ सालमा गोर्खाली युद्धकेशरीहरूले विजयी खुशीयाली धुमधामपूर्वक उत्सव मनाई थप गुठी, दातव्य श्री ५ बाट बक्स भई आएको सबै ऐतिहासिक अभिलेख, दस्तावेजलाई खोजी गर्नुनै पर्दछ । वि.सं. १८६८ देखि वि. सं. १८६९ सालसम्म पश्चिमी किल्ला काँगडासम्म नेपालको मानचित्र सिमा श्रीवृद्धि हुँदा गुरू गोरक्षनाथजीका नाममा गुठी, दातव्यहरूबाट राखिएका थिए । जसरी महाभारतकालको युद्धमा पाँच पाण्डवहरूको पक्षमा ग्रहण गर्न स्वयं श्रीमहामहेश्वरले श्रीयोगेश्वर रूपधारण गरी युद्ध समेत विजय गरेका थिए । त्यस्तै गरी तीन खोपीका पाँच पाण्डवको अवतार हुँ भन्ने राष्ट्र- निर्माता श्री ५ पृथ्वीनारायण शाहको पक्षमा ग्रहण गर्ने श्री योगेश्वररूपधारी गुरू गोरक्षनाथजीका वरदान, आशिर्वादद्वारा विजय गर्न सफल भएका हुन ।

श्रीपरमेश्वरको सर्वसिद्धि स्वरूपमा सृष्टिदेखि अखण्ड मातृभूमिको रक्षिया हुँदै आएको मानिन्छ । गोर्खा राजभवनमा छत्तीसै राग चल्दथ्यो, छत्तीस राग गुन्जन्थ्यो, ब्रह्ममुहूर्तबाटै पूजा-आजा सञ्चालन गर्दै बढाई समेत गरिन्थ्यो । त्यो कार्यको लागि नगार्ची र बानादारहरू रहेका हुन्थ्ये । ती बानादारमा विशे नगार्ची प्रसिद्ध थिए । उनी अनुभवी र व्यवहारिक व्यक्तित्व थिए । श्री ५ पृथ्वीनारायणलाई नेपालको एकीकरण गर्दा अर्थाभावको लागि उनले सल्लाह दिन गर्दैथ्ये । विशे नगार्चीले आ-आफ्नो सुजेरोबाट रु. १/- झिकेर दिंदा श्री ५ पृथ्वीले पहिला नबुझे पनि पछि कुरो खुल्यो ।

गोर्खा-विजय अभियान सञ्चालन गरेको रणमैदान स्थलमा नगार्ची ढोलीले ढोल पिटाउने कार्य गर्दथ्ये । नगार्चीले ढोली गुरू गोरक्षनाथजीको ढोल बजाउने कार्य गर्दथ्ये । नेपालको जहाँ-जहाँ विजय हुन्थ्यो । त्यहाँ-त्यहाँ मठ-मन्दिर निर्माण गराई पुराना मन्दिर भए पूजाआजा गरेर गुरू गोरक्षनाथको स्थापना गरिन्थ्यो । सो अवसरमा नगार्ची ढोलीले ढोल पिटाई गढ-गढका सामरिक किल्लामा गोर्खाली युद्धवीरहरूको विजय भएको संकेत गर्दथ्ये । विशाल नेपालको स्थापना कालदेखि नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरू गोरक्षनाथजीको गुफामा श्रीगोरक्षपन्थी यो योगी श्रीनाथ सम्प्रदायहरूबाट गुरू गोरक्षनाथका नाममा रोट् प्रसाद चढाउँदै या भोग लगाउँदै सैन्य युद्धवीरहरूलाई खाजा पुऱ्याउँदै आएका धादिङ सल्यानटार र सल्यानकोटकी श्रीदेवी साक्षात् वरदायिनी छन् । सिद्ध भगवन्तनाथजीको योग र नियोग, उनैको योगनिष्ठा र नियोगात्मक सेवा भावको राष्ट्रको सम्मान गर्नु नै पर्ने छ । गुरू गोरक्षनाथ जस्ता सिद्ध दिव्यात्माहरूका आशिर्वादले विशाल नेपाल संभव भएको थियो । त्यस्ता दिव्यात्माको गुरू गोरक्षनाथको महामन्त्रबाट कोटिहोम महायज्ञ गरिनु नै पर्छ । भगवान गुरू गोरक्षनाथजीको पुण्य-प्रतापले हामी वीर गोर्खाली नेपाली भनेर आजसम्म बाँच्न पाएका हौं ।

राज्य-विस्तार भएको खुशीयालीको अवसरमा रोट् प्रसाद चढाउने परम्परा अट्ल राखिनु पर्दछ । समय-समयमा राज्य सञ्चालन गर्न पुग्ने शासन सञ्चालकहरूले नै राज्यको थितिलाई मान्नुपर्छ । विश्व ब्रह्माण्ड चराचरका श्रीमहामहेश्वर सर्वसिद्धि, विश्वविजित उज्वल महायोगी गुरू गोरक्षनाथजीका महिमा अनुरूप सत्धर्ममा रहि पावन कार्य हुनसकेमा राष्ट्रशान्ति, राष्ट्रकल्याण, विश्वशान्ति, विश्वकल्याण एवं मानवप्राणी कल्याण अवश्य हुनेछ । तावापत्र यो महासिद्धाचल गोरक्षपीठ अति प्राचीन मठ हो । लिच्छवी राजा नरेन्द्रदेवको पालामा, मल्लकालीन समयमा समेत ताडपत्र, ताम्रपत्र बनाई अभिलेख राखिएका थिए । यस पीठलाई अट्ल राख्न राष्ट्र निर्माता श्री ५ पृथ्वीनारायण शाहका पालामा वि.सं. १८२६/७/४/५ का लालमोहर जारी गरी परम्परा थिति, जुक्ति बाँध्या थ्यो । वि.सं. १८५५ साल जेष्ठ वदि ३० रोज-३ शुभम्मा शहर काष्ठमण्डपमा श्री लक्ष्मणनाथले सदावर्त राख्याको गुठी, वि.सं. १८६६ साल भाद्र सुदि ३ रोज ३ शुभम्सा भन्दा अगाडि या राष्ट्रिय एकीकरण हुनुभन्दा अघि नेपालेश्वरका पालादेखि ३ का प्रितिगरी सदावर्त ताड्पत्र गरिदियाको इन्द्रचोकको घर, खेत वि.सं. १८६४ सालको लालमोहर अनुरूप चाँगुको खुशीखेत, वि.सं. १८९७ साल मिति आश्विन सुदि ७ रोज ६ शुभम्मा सेवानाथ जोगीका, लक्ष्मीनाथ: र भिष्वाललाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदावर्तका गुठी राखि तावापत्र गरी दियाको थियो । सो अनुरूप २ बाट थामी आदेश भएको लक्ष्मीनाथ परलोक हुँदा शिष्य कोही ननिष्कन्दा जग्गा, खेत रही भिष्वालले मात्र सदावर्त सञ्चालन गर्दा लक्ष्मीनाथको गुठी दादा गुरू भाइ रैतिनाथलाई ३ बाट गुठी आदेश भएको थियो । वि.सं. १८९९ साल मिति चैत्र सुदि ६ रोज ४ शुभम् समेत कचहरी हुँदा चढायेको आदर्शमय परम्परा र वि.सं. १८७७ साल मिति पौष सुदि १४ रोज ४ शुभम्मा श्री ५ बाट रूक्कापत्र गरी थामेको धर्मलाई अटूल राख्नु पर्दछ । वि.सं. १९८४ सालको लगतमा पञ्जिकृत गरी यथावत भूमि गुरू गोरक्षनाथको नाममा राखिएको हो स्पष्ट गरिनु पर्छ । सो अनुरूप गुठी सदावर्त चलाई हिजोदेखि चलि आएको थिति, जुक्ति भोली र भविष्यसम्म युगौं, युगसम्म थिति नघटाई, गुरू गोरक्षनाथजीको जय मनाई सदावर्त गुठीलाई अटूल राख्नु पर्छ । गुरू गोरक्षनाथजीका नाममा रहेका भूमिको आय सबै मोहीयाहरूले ङ्वाम पारिरहेको हुनाले श्रीनाथ, योगी, साधु, सन्त, महात्मा, सती, सेवक, धर्मात्माहरूलाई बाँच्न ज्यादै कठिन परेको छ । मोहीयाहरू र गुठी संस्थानको अधिनस्थमा हुँदा गोरक्ष-परम्परालाई बचाउन श्रीनाथ योगी सम्प्रदायहरूलाई कठिन पर्न जाँदैछ । श्रीनाथ सम्प्रदायलाई आदर्शमय परम्परा बचाउन नसकिएको खण्डमा भोली हाम्रो धर्म-संस्कृति ओझेल पर्न जाने भएकोले सम्बन्धित निकायको समयमा नै दृष्टि पुगोस् । गुरू गोरक्षनाथजी महिमालाई कतैबाट पनि ओझेलमा पार्नु नै राष्ट्रको दुरभाग्य हो । गुरू गोरक्षनाथमाथि अपमान गरिदा विश्व-ब्रह्माण्डमा आँधीन्नेहेरी आउन्या छ । नेपाली गौरबमय, परम्परा, संस्कृति, रीतिथिति, धर्म, भाषा र नेपालको समग्र वैशिष्ठ्यहरूलाई अटूल राख्नु पर्छ । श्रीमहासिद्धाचल गोरक्षपीठ सिद्धाश्रम मृगस्थली विकास कोषको रूपमा उन्नति होस् । अघि नेपालेश्वर राजा नरेन्द्रदेवका पालादेखि राष्ट्र-निर्माता श्री ५ पृथ्वीनारायण शाहसम्म, तत्-तत् समयसम्म र त्यसपछि जति पनि राखिएका भूमिलाई यसै पीठको नाममा स्वामित्व रहने व्यवस्था गरेर नेपाल अधिराज्यको पाँचै विकास क्षेत्र १४ अञ्चल ७५ जिल्ला, म.न.पा., उ.म.न.पा., गा.वि.स., ग्राम-ग्राम आदिमा भगवान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरू गोरक्षनाथको मन्दिर निर्माण गरी, नित्य-नैमिनित्यिक पूजा- अर्चनाको प्रबन्ध हुनुपर्छ । श्री ५ को सबै मन्त्रालय, प्रशासन केन्द्र, विभाग, शाखा, उपशाखा, विदेशस्थित राजदूतावास, कुटनीति, वाणिज्य, दुतावास, सरकारी, अर्द्ध सरकारी, संघ, संस्था, प्रतिष्ठान आदिमा गुरू गोरक्षनाथजीका तस्वीर, राख्ने प्रबन्ध गरेर साधारण धूप-दिप गर्ने व्यवस्था अटुट् रूपमा सम्बन्धित निकायबाट सञ्चालन हुन अति वाञ्छनीय छ । आजभन्दा अघि १५०६ बर्षको अखण्ड गोरक्ष धुनीलाई चाहिन्या समिधा पूजाका निम्ति थप सामग्री, गुरू गोरक्षनाथजीका मन्दिरको पूजा, आरतीमा श्रीगुरूजीका पल्टनका सैनिक जवानहरूले सलामी दिने परम्परा सृष्टिकालदेखि नै थियो । गुरूज्यूको पल्टन भन्नाले भगवान गुरू गोरक्षनाथजीका पल्टन भन्ने बुझाउँछ । वि.सं. १९०९ सालमा जङ्गबहादुर राणाले गुरूज्यूको पल्टनलाई वडागुरूज्यूको कमाण्डमा राखि त्रुटि हुँदा भगवान गुरू गोरक्षनाथजीका मर्यादामा ठेस लाग्न पुगेको छ । वडागुरूज्यूको नेतृत्वमा श्रीगुरूज्यूको पल्टन रहन सक्दैन् । भगवान गुरू गोरक्षनाथजीको नेतृत्वमा चारैयुगमा श्रीगुरूज्यूका पल्टन (श्रीमहाकाल) सेना स्वयंसिद्ध प्रकृति स्वरूपेण नै श्रीगुरू गोरक्षनाथजीद्वारा विश्व ब्रह्माण्ड बचाउन र रक्षा गर्न आविष्कार गर्नु भएको थियो । यी श्रीगुरूज्यूका देवसेना भगवान श्रीगुरू गोरक्षनाथजीका अधिनमा रहेका विश्व-ब्रह्माण्ड रक्षार्थ श्रीगुरू गोरक्षनाथजीद्वारा स्वयं प्रकट गरिएको सेनालाई नै श्रीगुरूज्यूका पल्टनका (वैदिक देव सेना) नामद्वारा विश्व विख्यात हुन गएको थियो । यस विषयलाई कसैलाई भ्रम पैदा नहोस् । श्री ५ को सम्बन्धित निकायबाट सुधार गर्ने क्रमलाई अघि बढाएर भगवान गुरू गोरक्षनाथको आदर्शमय वैदिक परम्परालाई अटूल राखिएमा मात्र गुरू गोरक्षनाथप्रति सच्चा आदर भाव सम्मान गरेको ठहर्ने छ । यस विषयलाई टेढो-मेढो बनाउने प्रयास कहिं कतैबाट नहोस् । हाम्रो राष्ट्रभरि रहेका चारै सम्प्रदायका, श्रीनाथ, साधु, सन्त, महन्त, महात्मा, धर्मात्मा, देशभक्त, मातृभूमिभक्त रत्न-रत्नादिको संरक्षण एवं सम्बर्द्धन गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ । श्रीगुरू गोरक्षनाथ धर्म संस्कृति मन्त्रालयको नामाकरण श्री ५ को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यक्षतामा गठित मन्त्री परिषद्को मन्त्रीस्तरीय निर्णयबाट घोषणा गरेर भगवान श्रीगुरू गोरक्षनाथजीका राष्ट्रिय रूपमा सम्मान गरिने परम्पराको थालनी गरिएको खण्डमा, धर्म-संस्कृति, राष्ट्र-राष्ट्रियता, राष्ट्रिय स्वाधिनता अटूल रखाउन ठूलो योगदान पुग्ने दृढ विश्वास छ । श्रीगुरू गोरक्षनाथ सम्बन्धी सर्वप्रथम प्रेरणा दिने योगी विश्वनाथः, योगी नरीनाथः, योगी श्रीसनाथ, संस्थापक एवं धर्मगुरू प्रभुदासी सत्यप्रेम, सत्य शान्ति, सत्य एकता, सत्य परिवार, नेपाल ललितपुर परिवार, कम्प्युटर टाईपमा सहयोग पुऱ्याउने खगेन्द्र काफ्ले, इन्द्रबहादुर थापा, महादेववेसी धादिङ्ग, शम्भु थापा, राजेश थापा, (रानीबारी) धादिङ्ग, पं. गीतामणी पोखरेल, इन्द्रप्रसाद दाहाल, टेकबहादुर थापा, श्रीमती हरिमायाँ थापा, श्रीमती मुकुन्दादेवी थापा, श्रीमती डम्बरकुमारी थापा, रामकाजी थापा, डिल्लीबहादुर थापा, श्रीमती कृष्णकुमारी थापा, विष्णुविक्रम कार्की, रामजीविक्रम कार्की, दिलबहादुर बस्न्यात, लालबहादुर थापा, ओमप्यारी थापा, मंगलादेवी थपलिया, अम्बिकादेवी थापा, गंगाराज थापा, अ.प्रा.से.डा.कर्णबहादुर थापा, अ.प्रा.से. रघुनाथ थापा, श्री ५ को सरकार उद्योग, वाणिज्य तथा आपूर्ति सचिव भरतबहादुर थापा, श्री ५ को सरकार स्थानीय विकास मन्त्रालयका उपसचिव नारायणबहादुर थापा, श्री ५ को सरकार भूमि सुधार व्यवस्था मन्त्रालयका उपसचिव, राजाराम थापा, खरिदार द्वारीकाप्रसाद खनाल, गंगाराज थापा, गोसाईंकुण्ड क्षेत्र विकास समितिका उपाध्यक्ष श्रीबाबुराम श्रेष्ठ, जगन्नाथ भट्टराई, जीतबहादुर कोइराला, श्रीमती सुशीला काफ्ले, सुश्री ज्योती ओझा, समाजसेवी एवं उद्योगपति तेजकुमार रिजाल, कुमार धिमाल, गाविस सचिव जयधर्म आचार्य, श्री बगाले थापा समाज सेवा प्रतिष्ठान नेपाल उर्लाबारी-६, मोरङ्ग परिवार, श्रीरामजानकी मन्दिर प्रबन्ध समिति उर्लाबारी-६, मोरङ्ग परिवार, श्री बगाले थापा क्षेत्री कुल सुधार समिति मन्दिर उर्लाबारी-६, मोरङ्ग परिवार, श्रीमाथवरसिंह थापा समाज सेवा प्रतिष्ठान नेपाल काठमाण्डौ-कालीमाटी परिवार, अखिल मणिपुर बगाले थापा कुलोद्धार समिति मणिपुर-भारत, रणसुर थापा समाज सेवा प्रतिष्ठान नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सितलपाटी-१, चन्दनपुर-संखुवासभा परिवार, प्रकाशिका : प्रा.डा.सीतामैयासिंह थापाज्यूबाट कनिष्ठ भाइ श्री शिवविनोद विक्रमसिंह थापाको संष्मरणमा प्रकाशन गर्न लाग्नु भएकोले वहाँको दिवंगत आत्माले शान्ति पाओस् भनी भगवान गुरू गोरक्षनाथसँग स्तुति गर्दछु । साथै प्रा.डा. थापाज्यूप्रति कोटिकोटि धन्यवाद । भगवान श्रीगुरू गोरक्षनाथको बारेमा केही जिज्ञासा मेटियोस् भन्ने कामना राखि राष्ट्रशान्ति, राष्ट्रकल्याण, विश्वशान्ति, विश्वकल्याण एवं मानवप्राणी कल्याणकोलागि गोरक्ष महामन्त्रबाट गरिने कोटिहोमको पावन अवसरमा समग्र ॐकार धर्माऽनुरागी मानवतावादी परिवारलाई गुरू गोरक्षनाथज्यूको महत्वबारेमा केही ज्ञान हुन सकोस् भनी प्रयास गरेको छु । सबैलाई फलदायी हुने विश्वास छ ।

जय भगवान श्रीगुरू गोरक्षनाथ । जय मातृभूमि । जय नेपाली वीर वीराङ्गना ।

दिनाङ्क : २०६२/११/२५ गते दशमी तिथिमा

डम्बरजंग थापा (आत्रेय)

लेखक तथा सम्पादक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# विषय सूची


| | | पृष्ठ संख्या |
|---|---|---|
| १ | श्रीगोरक्षनाथाष्टक | १ |
| २ | श्रीबालगोरक्षनाथाष्टक | २ |
| ३ | सूत्र परिचय | ३-११ |
| ४ | गुरू गोरक्षनाथको अवतार कथा | १२-१७ |
| ५ | महिमा | १८-३३ |
| ६ | नवनाथको कथा | ३४-४६ |
| ७ | जान्नुपर्ने विषय | ४७ |
| ८ | श्रीनाथः | ४८-४९ |
| ९ | अवधूत योगी | ५०-५२ |
| १० | सिद्ध-चौरासीको नामहरू | ५३-५४ |
| ११ | श्रीगोसाईंकुण्ड, श्रीनीलकण्ठ महातीर्थ | ५५-६६ |
| १२ | शिवगोरक्षनाथ श्रीपात्र देवता | ६७-६८ |
| १३ | महारानी श्रीदेवीको साक्षात्कार | ६९-७२ |
| १४ | राजकुमार पृथ्वीनारायणलाई दधिवर | ७३ |
| १५ | चक्रपाणिलाई दिव्यदर्शन | ७४-७६ |
| १५ | मृगस्थलीमा के के आवश्यक छ ? | ७७-८५ |
| १७ | ओझेलमा पर्दछन् नेपालका गोरक्षपीठहरू | ८६ |
| १८ | फेरी लगाउने परम्परा | ८७-८८ |
| १९ | श्रीगोसाईंकुण्ड जाने मार्गहरू | ८९-९३ |
| २० | गोरक्ष महामन्त्रबाट गरिने कोटिहोमका फाईदाहरू | ९४-११७ |
| २१ | श्रीगोसाईंकुण्डमा काजी वीर अमरसिंह थापा | ११८-१२७ |
| २२ | विविध तस्वीरहरू | १२८-१४४ |


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# श्रीगोरक्षनाथाष्टक

ॐ गुरू जी ! गोरक्षनाथ अनादि निर्भय निर्विकार
निरञ्जनम् अजर अमर अडोल निश्चल श्री गोरक्षचरण नमाम्यहम् ।
जय श्रीनाथजीके चरण प्रणाम्यहम् ।
जीवो जति गोरक्ष चरण नमाम्यहम् ।। टेक ।।
ॐ गुरू जी ! ब्रह्मा शेष रमेश नारद अष्टभैरब सिद्धजति
ध्यावते गोपाल पङ्कज अरू ध्यावते सिद्ध गणपति श्रीगोरक्षचरण नमाम्यहम् ।
जय श्रीनाथजीके चरण प्रणाम्यहम् ।।१।।
ॐ गुरू जी ! अष्टसिद्धि नवसिद्धि वन्दित
सेवते रघुवर सिया, व्यास शुक प्रह्लाद नारद
अरू सेवते हनुमत पिया, श्रीगोरक्षचरण नमाम्यहम्
जय श्रीनाथजीके चरण प्रणाम्यहम् ।। २ ।।
ॐ गुरू जी ! शुन्य मन्दिर करत आसन
योगध्यान सदारतं आत्मलाभ सन्तुष्ट पुरण
श्री गोरक्षचरण प्रणाम्यहम् ।।३।।
ॐ गुरू जी ! मान नहीं अपमानजा के
कनक मिट्टी एक समान है राग द्वेष अतीत मनसा ।
श्रीगोरक्ष चरण ।।४।।
ॐ गुरू जी ! अङ्ग विभूति विराजत भाल तिलक
त्रिलोचनम् , चन्द्र सुरज अग्नि कहिये कान कुण्डल अद्भुतम् ।
श्रीगोरक्षचरण नमाम्यहम्,
जय श्रीनाथजी के चरण प्रणाम्यहम् ।।५।।
ॐ गुरू जी ! ज्ञान ध्यान अचिन्त्य मुरति
आत्मा ज्योति सदाशिवम् त्रिगुणरूप
अतीत तुरिया श्री गोरक्ष चरण ॐ।।६।।
ॐ गुरू जी ! श्रीकृष्णाचन्द्र सुध्यान कीन्हो
कंस दुष्ट आदिकनम् षोडशनारी
सहस्रसुत पाइये अष्टहनम् ऊपर
अतिवहुन श्री गोरक्ष चरण नमाम्यहम्
जय श्रीनाथ .......।।७।।
ॐ गुरू जी ! अक्षमाला विराजत सुन्दर चरण
चारू मृगाधरम् त्राट मुद्रा ज्ञानपुरण
कथन्ते सनकादिकम् श्री गोरक्ष .........।।८।।
ॐ गुरू जी ! गोरक्ष अष्टक पढत निशिदिन
कैलासवास सदाशिवम् सर्वतीर्थ लभते
पुण्यं सर्वपाप विनाशनम् श्री गोरक्ष......।।९।।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# श्रीबालगोरक्षनाथाष्टक

ॐ गुरू जी ! गोरक्षनाथ योगेन्द्र जगपति
आगम् निगम यश गावते, शङ्कर शेष
विरञ्चि शारद नारद वेणु वजावते ।
श्रीबाले गोरक्षचरण नमाम्यहम् जय
श्रीनाथजीके चरण प्रणाम्यहम् ।। टेक ।।
ॐ गुरू जी ! बालरूप यतीन्द्र जटाधर
ध्यावते षड्मुख यति श्रीरामचन्द्र वशिष्ठ
हनुमत् ध्रुब प्रह्लाद रतिपति श्रीबाल गोरक्षचरण नमाम्यहम् ।। १ ।।
ॐ गुरू जी ! सेलिनाद सुकण्ठ साजत
अनहद शब्द प्रकाशितम् अजम अमर
अडोल आसन सुर नरमुनि मन रञ्जनंम्,
श्रीबाल गोरक्षचरण नमाम्यहम् ।। २ ।।
ॐ गुरू जी ! अङ्ग भस्मि असङ्ग निर्मल
उनमनी ध्यान सदारतम्,
चन्द्रभान समान लोचन कर्णकुण्डल
शोभितम् श्रीबाल गोरक्ष चरणम् नमाम्यहम् ।। ३ ।।
ॐ गुरू जी ! अष्टसिद्धि नवनाथ
भैर्ब वीर चौंसठ, योगिनी, इन्द्र वरूण
सेवते, मदन मोहन रूक्किणी
श्रीबाल गोरक्ष चरण नमाम्यहम् ।। ४ ।।
ॐ गुरू जी ! उत्तर देश विचित्र गिरिवर
सर सरिता अगणित वहें साधक सिद्ध
सुजान तज मद मान आनन्द ब्रह्म लहें
श्रीबाल गोरक्ष चरण नमाम्यहम् ।। ५ ।।
ॐ गुरू जी ! सुरपुर नगर सुशंख रावल
जाके सुत सुमिरन कियो जमफाँस त्रास
निवार भव दुःख सुन्दर तन स्थिर कियो
श्रीबाल गोरक्ष चरण नमाम्यहम् ।। ६ ।।
ॐ गुरूजी ! परशुधर तप कठिन किन्हों
सागर तट, मठ बाँधियो, धुन्धुकार निवारणहित
मञ्जुनाथ प्रकट भयो, श्रीबाल गोरक्ष चरण नमाम्यहम् ।। ७ ।।
ॐ गुरू जी ! श्रीयतिनाथ सुनाथ अष्टक
पढ्त बिघ्न नशावहि, वर्णत सिद्ध चौरङ्गी
सो नर मन वाञ्छित फल पावहिं, श्रीबाल गोरक्ष चरण नमाम्यहम् ।
जय श्रीनाथजी के चरण ............... ।।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# सुत्र परिचय :

"प्रार्थना माँग ! प्रार्थना गर ! प्रार्थनाबाट जमीन फाट्छ, आकाश उड्न जान्छ । जुन काम कसैले गर्न सक्तैन, त्यो काम प्रार्थनाले गर्न सक्छ प्रार्थना गर प्रार्थना ! - भगवान गुरू गोरक्षनाथ :"

ॐ परमतत्वाय भगवान गोरक्षनाथाय गुरूभ्यो नम :

श्रीनाथका भक्त एवं प्रिय-लोकालोकवासी प्रियजन । भगवान गुरू गोरक्षनाथको महिमा कसैले जान्न सक्तैन । हाम्रो वैदिक शास्त्रमा गोरक्ष शब्दको उच्च स्थान दिएको छ । जसमा कुनैपनि ऐतिहासिक पुरूषले समालोचना गर्न मिल्दैन । कुनै युगमा जसको प्रभावको जग बसेको थियो । सर्वप्रथम गोरक्ष शब्दको विचार गर्नु अतिवाञ्छनीय छ । जसको विचारको लागि व्याकरण, उपमानकोष, आप्तवचन, व्यवहार संसारलाई त्यागन सक्ने दिव्यपुरूष सर्वमान्य सर्वसिद्ध परमात्मा हुन् । गोपथ वाच्यको जो रक्षा गर्ने उनै गोरक्षनाथलाई मानिन्छ । जुन गो शब्दको भावार्थ हो, अर्थो, धनको रक्षा गर्ने कवचको नाम हो । गोरक्षनाथ, न्यायशास्त्रका प्रणेता, समानता दिने न्यायकर्ता या कसैले जित्न नसक्ने असाधारण अलौकिक शक्ति भएका महासाधक हुनुहुन्छ । संज्ञा-संजी सम्बन्ध ज्ञान उनको भावार्थ हुन् । गोरक्ष शब्द संज्ञा उनका वाच्य संज्ञी अर्थ हुन्छ । गोरक्ष शब्दको दृष्टिका विषयमा यस कर्मको उपस्थिति हुन्छ । स्वर्ग, बाण, पशु, वाणी, बज्र, दिशा, नेत्र, किरण, पृथ्वी, जल, सूर्य, बैल, यज्ञ, सुरभि आदि यहीनै गो शब्दको वाच्य हो । यिनको उपर्युक्त पदार्थको रक्षाकर्ताको नाम गोरक्ष हो । दिव्यपुरूषको वाणीबाट



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



दिव्य यथार्थपुरूष, सत्यपुरूष र सत्यवादीको नाम दिव्य छ । उनका उपदेशका नाम दिव्य वचन छ । अलौकिक, पारलौकिक भेदबाट दिव्यवचन वाक्यादि दुबै प्रकारबाट प्रसिद्ध छन् । दर्शन, पुराण, इतिहास आदिका दिव्य उपदेश छ, वेदकामन्त्र भाग, ब्राह्मणादिका अलौकिक वचन छ, प्रमाण सिद्ध गर्न सकिने दोषको कारण मानवीय ज्ञान निर्भ्रान्ता कोहीपनि हुनुहुन्न । परन्तु: ईश्वरीय आर्ष यौगिक ज्ञान निर्भ्रान्त छैन । यहाँ शब्द संज्ञामा स-स्वर सिद्ध छ । कृत धातुको त्याग गरेको छ ।

बैशाखी-शिव-पूर्णिमा-तिथि-वरे वारे शिवे मङ्गले, लोकानुग्रह-विग्रह: शिव-गुरूगोरक्षनाथोऽभवत् । गोरक्षाचल - गह्वरात् सुरूचिरात् कैलास-दक्षात् कृते । तस्मान् मङ्गल-वासरे कृतिजनै रोट-प्रथा स्थापिता ।।
शिव: श्री गोरक्षोऽभवदखिल -गोरक्षणकृते । हरि: श्रीगोपालोऽभवदखिल-गोपालनकृते ।।

गौं, इन्द्रिय, पृथ्वी, श्रुति, स्मृति आदि सबै गौंको रक्षा गर्न श्री शिवजीले गोरक्षनाथको अवतार लिनु भो हरि गोपालको ।

सत्ययुगमा बैशाखी पूर्णिमाको तिथिमा मङ्गलमय मंगलबारका दिनमा पारेर लोकानुग्रहका लागि द्वादशाब्दिक बालभाष्कर तुल्य बाल गोरक्षनाथ ज्योतिस्वरूपमा श्रीशिवजीले १०८ अवतार मध्ये सर्वश्रेष्ठ दोस्रो अवतार लिनु भयो । विश्व ब्रह्माण्ड रक्षणकोलागि कैलास मानसरोवरदेखि दक्षिणपक्षमा गण्डकी नागमालाका भालस्थलमा धर्मावती गण्डकी र वृद्ध गण्डकी मध्यस्थल पञ्चधार उपकैलास पर्वतका कैलासकुट गुहाबाट प्रकट भएर प्रकृति रूचिर कैलास पर्वतलाई झन तीर्थधाम्का महिमाले रूचिरतम पवित्र पारेर समग्र गौं, इन्द्रीय, पृथ्वी, श्रृति-स्मृति आदि सबै गौं जातिको रक्षण गर्न विश्वमा गोरक्ष धर्म-संस्कृति, योगमार्गमा प्रचार-प्रसार गर्ने कार्यमा लाग्नु भयो । तसर्थ मंगलबारमा समग्र ॐकार धर्माऽनुरागी मानवतावादी परिवारले शिवावतार गोरक्षनाथको विशेष पूजा गर्ने रोट् प्रसाद चढाउने परम्परा समेतको आरम्भ हुन पुग्यो । कोटिहोम, हवन या रणसमरको यात्रामा आदि सबै शुभ-शुभा यात्रा गर्दा सभालाख रोट् प्रसादद्वारा महापूजा गरेर यात्रा गर्ने र रोट् प्रसाद झोलामा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



बोकेर युद्ध यात्रा आदि या पवित्र यात्रा गर्ने क्रममा पुण्यात्मा भक्तजनहरूले मंगलबारका दिनमा विशेष रोट् प्रसाद चढाउने परम्परा स्थापित हुन गयो ।

"हतियारले मार्छन् नपुंसकहरू, हाम्रो प्रार्थना नै हाम्रो तलवार हो । प्रार्थनाबाट जमीन फाट्छ भने तँ फाटिनु कुन् ठूलो कुरा हो । ( भगवान गुरू गोरक्षनाथजीबाट भर्तृहरिलाई भन्नु भएको दिव्यवाणी ) गोरक्षनाथको साधना गर्नाले मनोकांक्षा, पूर्णरूपेण फल दिने स्वयं सिद्ध समर्थवान दिव्य महापुरूष हुन् । जसले चिनेर जप, तप गर्न सकेमा सो-सो भक्तजनका सिद्धि श्रीप्राप्ति गर्न सक्छन् । यसमा संदेह छैन । भगवान श्रीशिवजीले गोरक्षरूपमा अवतार लिनु भएर योगी-योगीराज, योगशास्त्रका रक्षण गर्न सत्कार्यमा सत्यताको यम, नियम आदि अंगद्वारा स्वत: प्रमाणित छ । श्रीमहाकाललाई योगशास्त्रमा प्रथमकल्पको आरम्भमा देवताहरू समेतले गोरक्षनाथ भनेका थिए । यसको उत्तर स्वयं श्रीमहेश्वरजीले बताउनु भएको छ । प्राणी जीवात्मा जब मृत्युका मुखमा जानेछन् । योगमार्गबाट यस विद्याको प्रचारार्थ गोरक्षनाथको रूपमा धारण गर्नु भयो । एकदिन राजा इन्द्रद्वारा बृहस्पतिजीको अपहेलना भयो । गुरूदेव स्वर्ग नै त्यागेर प्रस्थान गर्नुभयो । श्रीइन्द्रले श्रीब्रह्म हत्या गरेको हुँदा चिन्तित थिए । श्रीइन्द्राणीले असहाय भएर बृहस्पतिको रक्षार्थ बोलाउनु भयो । तब श्रीबृहस्पतिजी गुरू गोरक्षनाथका शरणमा जाऊ भनी श्रीइन्द्राणीका दु:खिद् भएका अवस्थामा प्रस्तुत गर्नु हुँदा उपाय बताउनु भई समाधान भएको वर्णन बृहद्रूपमा गोरक्ष-गीतामा वर्णन पाईन्छ । "मार्न उही सक्छ, जो बचाउन पनि सक्छ । जो बचाउन जान्दैन, उसलाई मार्नको हक छैन, हुकुम छैन । कानुन छैन ।"(- भगवान गुरू गोरक्षनाथ :)

एकदिन श्रीपार्वतीजी आएकोदेखि बालकरूपमा गोरक्षनाथ भन्नुहुन्छ - अमरलोकबाट गोरक्षनाथको परीक्षा लीन पार्वतीजी आउनु भयो, हे माता भवानी ! कमलको सिंहासनमा बस्नु भयो । तब माता पार्वती आश्चर्य मान्दै भन्नु हुन्छ- देख्दा यति सानो बालक छ, यसलाई म अमरलोकबाट आएको हुँ भन्ने कसरी थाहा भयो ? तब माता पार्वती प्रश्न



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गर्नुहुन्छ- तिम्री बहिनी को हुन् ? भाञ्जी को हुन् ? आमा को हुन् ? तिमी को सँग बस्दछौं र को सँग कुराकानी गर्दछौं ?

श्रीगोरक्षनाथजी उत्तर दिनुहुन्छ - धुनी मेरी बहिनी भाञ्जी हुन्, धरती मेरी आमा, भष्मसँग म बस्दछु, रातसँग कुरा गर्छु । श्रीपार्वतीजी प्रश्न गर्नुहुन्छ- 'कसले दियो दण्ड कमण्डलु, कसले दिए जलझारी, कसले दियो भगुवा बस्त्र कुन हो त्यो ब्रह्मचारी ।'

श्रीगोरक्षनाथजी उत्तर दिनुहुन्छ - 'श्रीब्रह्माले दिए दण्ड कमण्डलु, विष्णुले दिए जलभारी, शंकरले दिए भगुवा (गेरूवा) बस्त्र, आफैं हुँ ब्रह्मचारी ।'

श्रीपार्वतीजी प्रश्न गर्नुहुन्छ- 'कहाँ राख्छौं दण्ड कमण्डलु ? कहाँ राख्छौं जलझारी ? कहाँ राख्छौं भगुवा बस्त्र ? कसले देख्यो ब्रह्मचारी ?'

श्रीगोरक्षनाथजी उत्तर दिनुहुन्छ - 'हातमा राख्छु दण्ड, कमण्डलु, काँधमा राख्दछु जलझारी, शिरमा राख्छु भगुवा वस्त्र गोरक्ष भए ब्रह्मचारी । '

श्रीपार्वतीजी प्रश्न गर्नुहुन्छ - 'तिम्रो झोली तुम्बा के हो ? तिम्रो बस्त्र के हो ? तिम्रो ओढ्ने के हो ? को सँग तिमी प्रेम गर्छौ ?

श्रीगोरक्षनाथजी उत्तर दिनुहन्छ - पृथ्वी मेरो झोली तुम्बा (झीटीझ्याम्टा) आकाश मेरो बस्त्र, सूर्यचन्द्र (ओढ्ने) मेरो अदृश्य पुरूषसँग प्रेम छ ।

श्रीपार्वतीजी प्रश्न गर्नुहुन्छ - तिम्रो आसन कहाँ छ ? सिंहासन कहाँ छ ? तिम्रो गुरू कहाँछन् ? योग कहाँबाट ल्यायौ ?

श्रीगोरक्षनाथजी उत्तर दिनुहुन्छ - मेरो आसन पनि छ, सिंहासन पनि छ शरीर कञ्चन गराउने यौगिक क्रियाको ज्ञान पनि म सँग छ । मेरो गुरू आसन अगम स्थानमा छन् । उहाँ योगको धेरै ठूलो राशी छ, त्यहीबाट योग ल्याएको हुँ ।' "जनतालाई बनाउने र बिगार्ने खेल, राजाहरू खेल्दछन् । हामी योगी ती पुरूष हौ, जो राजाहरूलाई बनाउने र बिगार्ने खेल खेल्दछन् ? (-भगवान गुरू गोरक्षनाथ)

यस विशाल भूगोलमा सबै पागल नै पागल रहन्छन्, यदि कोही होसमा आउन लाग्यो भने उसलाई पागलहरू पागल भन्न लाग्छन्, किनकी उनीहरू खुद पागल हुन ।-(भगवान गुरू गोरक्षनाथ')



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



एकदिन राजा भर्तृहरि (भरथरी) त्यसै समयमा गोरक्षनाथजीको पाल्तु कालोमृग त्यहाँ आईपुग्यो जसका निम्ति महाराज परेशान भई रहेका थिए । महाराजले यौटा वाण चलाए, मृग मरेर उनै योगीवर गोरक्षनाथजीका काखमा गिऱ्यो । गुरू गोरक्षनाथको चित्तवृत्ति अन्तर्जगतबाट हटेर यस बाहिरी जगत्मा आयो मृग मरेको देखेर गुरू गोरक्षनाथजीले महाराजलाई भन्नुभयो ।' भारतको उदय जब होला तब होला तेरो अस्त ता आज हुन जानेछ । निर्दोष मृगलाई मार्दा त्यस्तो गरी किन मारिस ? म मान्दिन कि तँ राजाहोस् शुर होइन क्रुर होस् ।

गुरू गोरक्षनाथजी भरथरीलाई भन्तुहुन्छ -प्रकृतिको नियम तँ के जान्दछस् । प्रकृतिको नामै सुनेको छस कि उसलाई कहिल्यै देखेको छस् पनि ? विष खानाले मानिस मर्दछ परन्तु: श्रीशंकरजी विष सेवन गरेर अमर हुन् गए । बिना जराको कुनै वृक्ष हुँदैन । किन्तु: आकाशबल्ली समेत जरा विना नै फुल्दछ । संभव र असंभव दुबै नियमका नियमावलीको माला जो प्रकृतिले लाएको छ उनको नामै सुनेको छस् की केही जान्दछस् पनि ?

"शक्तिको उपासना गर्ने रावण बन्न जान्छन्, शिवको उपासना गर्ने राम बन्छन् ।" -भगवान गुरू गोरक्षनाथ । "जमीन भन्छ मै ठूलो, आकाश भन्छ मै ठूलो, स्त्री भन्छे मै ठूलो, पुरूष भन्छ म ठूलो । वास्तवमा न जमीन ठूलो न आकाश ठूलो, ठूलो छ भूल, जसले दुबैलाई पागल बनाई राखेको छ ।"
**(- भगवान गुरू गोरक्षनाथ)** ।

" म यहाँ बस्तिन । जहाँ सबै अन्धै अन्धाछन् उहाँ म बस्तिन् । जहाँ सारा पागलै पागल रहन्छन् । उहाँ म कसरी रहन सक्छु ? जुन ग्राममा साराका सारा नशावाज छन्, त्यस गाउँमा मेरो गुजारा कसरी हुन्छ ? होइन -होइन स्त्रीहरू भएका स्थानमा मेरो निवास रहन सक्तैन ।"
**(- भगवान गुरू गोरक्षनाथ:)**

"तिम्रो चारौं पुस्तामा जन्मनेले धेरै राजालाई समरमा विजयी प्राप्त गरेर राज्य श्रीवृद्धि गरी न्यायको कायम गर्ने छ । तिम्रो सातौं पुस्तामा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जन्मने महापुरूषले हिमालय पर्वत पार्श्वका राज्यको विजय प्राप्त गरी नामोदर राजा बन्ने छ ।"

**(- भगवान गुरू गोरक्षनाथबाट राजकुमार द्रव्यशाहलाई दिनु भएको गोरक्ष वाणी )**

" गर्न्या गराउन्या भन्याका श्री गोरखनाथ श्रीनाथजी छन् र इच्छा श्री गोरखनाथ श्रीनाथजीको छ ।" (वि.सं. १८३० को ऐतिहासिक एकपत्रबाट)

हे शिव गोरक्षनाथः ! प्रभुको कलापनि अद्‌भूत र अनुपम छ । जसले क्रुरहरूको दुष्टलाई नियन्त्रण गर्नुहुन्छ । दुर्जनतालाई हटाई दिएको छ । सौजन्यले छल कपट चटक्कै छुटाई दिएको छ । करूणामय अमृतले तरल परोपकार गर्न आतुर छ, परहित प्रणव एवं प्रवीणतम छ । सबै भक्तहरूलाई मनोरथ अनुरूप सफलता दिनुहुन्छ । जगतभरिलाई शास्वत मंगलमय कार्य गरी रहनु हुन्छ । मैत्री करुणा मुदिता, उपेक्षा आदि स्वभाविक आत्मयोग शक्तिलाई स्थान विशेष प्रयोग गर्नुहुन्छ । परमात्मा सदैव सुक्ष्मस्वरूपमा रहनु हुन्छ । जस्तालाई त्यस्तै गर्नुहुन्छ । पर वैराग्य पुरूष-प्रकृतिको विवेक सत्-असत्को को विवेक, जड् चेतना आदिको विवेक, नीर, क्षिर विवेकले विमल र नित्य निरञ्जन छ ।
योगका अष्टाङ्गहरूले र षडङ्ग षट्कर्म आदिको साधनाले धुवाउन सक्ने उज्यालो ज्योतिस्वरूप, कैलासदेखि अचल र कैलास भन्दा पनि अटल छ । मानसरोवर कैलासको जल जस्तो स्वच्छ, शीतल, मधुर अतलस्पर्श अगम्य छ । प्रभुको कृपाबाट जल समेत बर्षाउनु हुन्छ । मोक्षका निम्ति मुक्ति र भूक्तिकोलागि सर्वदा अतुलनीय ज्ञान प्रदान गर्न हुने गुरू गोरक्षनाथका चरणमा शरणागत छौं । सकल सिद्धहरूका आदिगुरू आदिनाथः श्रीशिवजीले सिद्धानाथः सिद्धेश्वर मृगस्थली कैलासमा चीरकाल पर्यन्त स्वच्छन्द विहार गरेको तपोभूमि अद्यावधि विरलाकोटि युग-युगमा योगेश्वर रूपधारी, सिद्ध-सिद्धान्त पद्धति कैलास खण्डादिका सुविख्यात अलौकिक शिवावतार सिद्धाधिनाथः गोरक्षनाथः भगवानले नागव्युह समाधिमा द्वादश वसन्त सुदुरपर्यन्त अखण्ड तपस्या गर्नु हुँदा कपिलोमुनि



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



र कैलास पाताल भुवनेश्वर आदिद्वारा नवनाथ चौरासी सिद्ध अनन्तकोटि सिद्ध-साधक आएर उपासना गरी बसेका वागमति, गंगा, कैलास खण्डहरू मध्येका सिद्धाचल, सिद्धाद्रि, सिद्धशैल, सिद्ध, कैलासमा प्रसिद्धि पाएको तपोभूमि महासिद्धाचलवासी गुरू गोरक्षनाथः यस कलियुगमा सुक्ष्म भन्दा अतिसुक्ष्मरूपमा अनन्त अन्तरिक्ष चराचरका श्रीमहामहेश्वर गुरूगोरक्षनाथ विश्व-ब्रह्माण्ड पृथ्वीको रक्षा गरी, मानव सृष्टि, गोरक्ष धर्म संस्कृति अटूल राख्न अवतार लिनुहोस् । सबैको उद्धार गर्नुहोस् ।

सत्य मार्गकोदर्शक, गुरू र शिष्यको परम्परा पालना गर्ने, गुरू स्वयं भएर पनि गुरू शिष्यको आदर्शमय विधा पालना गर्ने, शिष्य भएर पनि गुरूको आदेश पालना गर्ने, सदाचारी आदेशात्मक गुरू शिष्यको एकै वरदामा सर्वव्यापकतया ओतप्रोत गर्ने ज्योतिस्वरूप श्रीशेषनागको मालाशैली पहिरिने कैलास जस्तो सर्वोत्तम उज्यालोज्योति विराटस्वरूप, अजर, अमर, अवीनाशी, अक्षय अक्षर निर्विकार निरञ्जनस्वरूप, शास्वत सिद्धाधिराज नागराजव्यूह समाधिस्थित साक्षात ईश्वर शिव गोरक्षनाथ निष्कलङ्क चन्द्रमाको जस्तो स्वच्छ स्फटिक तुल्य अमृत धवल - कलेवरकान्ति भएका, चन्द्रमाको अमृतकलालाई आफ्ना भालस्थलमा धारण गर्ने पर्याप्त रूपेण अलङ्कार शशीखण्डको कान्ति भएका, भास्करादि र शशीलाई प्रतिभासित गर्ने कालको पनि महाकाल, समयको कलन-आकलन कालन प्रेरणा आदि दिने नै गुरू गोरक्षनाथः ।

सुवर्ण वर्ण जटाजुट् कान्तिले युक्त बाल- भाष्कर झैं पर्याप्त दीप्तिद्वारा सुशोभित भएका जगतपति विश्व ब्रह्माण्डरूपी पद्मकमलका नालदण्ड भैरहेका, निजानन्दमय रस अमृत दिएर जगतको पालक, धारण - पोषण र प्रगति गर्ने वेदादि शिवशक्तिले सामरस्य स्वरूप, गाई पदका कर्मवाच्य यावत पदार्थका रक्षा गर्ने रचनाकार, आफन्त शिष्योपशिष्य भक्तसेवक साधकका विषयमा गोचरमा चर्न जान्ने, पृथ्वीको स्वरूपः इन्द्रियादिको इन्द्रिय संयम्कर्ता, आत्मा- परमात्माको विषय जानेर संष्मरणको सहायताद्वारा हुने ज्ञानका रक्षक, परमतत्वाय गुरू



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गोरक्षनाथ: । नन्दि महाराजका स्वरूपमा, तीनै लोक, चौधै भुवन, चारैकल्पमा, चारै प्रहरमा सकल धर्ममय नन्दि वृषभ माथि यात्रा गरेर सर्वलोकको रक्षक, अनन्त स्वरूप, पृथ्वी, गौंको महान रक्षक, स्वयंसेवक, गौंको निम्ति वलिदान दिने रक्षकार, गौंको पालन, पोषण गर्नेलाई अतिमाया गर्ने, यज्ञपुरूष भगवान श्रीकृष्ण, युग-युगका, समय-समयको रक्षापाल, पहरेदार भनिएका शाश्वतरूप भएका गुरू गोरक्षनाथ-हामीले अठोट गरेको समयमा श्रीप्रभुको महामन्त्रबाट कोटिहोम गर्न सबै ॐ कार परिवारहरूलाई एकैस्थानमा देशभक्ति मिलन विन्दुकोरूपमा गोरक्ष महामन्त्रबाट हुने कोटिहोमबाटै हवन गर्न सबै नागरिक समाजलाई प्रेरणा दिनुहोस् । तव मात्र देशभक्ति मिलन विन्दुले सार्थक पाउला । श्रीगणेश, श्रीसूर्यचन्द्रमा श्रीनाग-नागिनी, श्रीब्रह्मा-विष्णु, पद्मपति लोकेश्वर कंसारिकृष्ण, काली, भैरब, हनुमान्, यज्ञवराह, वाराही, तेत्तीसकोटि देवी-देवता तथा अठ्ठासी हजार ऋषिमुनि आदि सकल जगतले उपासना गरिएका नवनाथ: चौरासीसिद्ध, द्वादशसिद्ध, अष्टादशसिद्ध, अनन्तकोटि सिद्ध सहित भएर मेघमालामय नवनागराजाहरूमा श्री नौनागजीको आसन सिद्ध सिंहासनमा पद्मासन कसेर द्वादश बर्ष श्रीमहासिद्धाचल गोरक्षपीठ सिद्धाश्रम कैलास मृगस्थलीमा आसन लिनु भएका, श्रीनागका माला पहिरिएर ग्रन्थ, त्रिशुल, डम्मरु धारण गर्नु भएको नवनाथ पृथ्वीको रक्षक, सत्य धर्म, योग प्रचार गर्न, गौं, र धर्म, सृष्टिको रक्षक भगवान गुरू गोरक्षनाथ: अवतरित भई महामृत्युन्जय महाकाल महामहेश्वर सत्य र असत्य छुट्याउने परमतत्वायमा हाम्रो आकांक्षा छ की, सृष्टि, सत्य, धर्मको अटल रहोस् । कैलासी तपोभूमि उत्तरकोणमा महाद्युति वायुलोक छ । यस वायुलोकमा सुविख्यात भगवान गुरू गोरक्षनाथ विराजमान हुनुहुन्छ । जुनमा यस सिद्ध तपोभूमिमा पवनाभ्यासी आनन्द निमग्न सिद्ध योगीराज निवास गर्नुहुन्छ । दिव्य महर्षिगण पनि रहेकाछन् । यसमा स्पष्ट छ की, वायुलोक अनन्तमा भगवान गुरू गोरक्षनाथ: अझै नै सुक्ष्मरूपमा विद्यमान रहनु भएको छ । भगवान आदिनाथ: श्रीशिवजीमा श्रीजगदम्बाजीले



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



केही जिज्ञासा हुँदा परस्वयं गोरक्षनाथको आश्रम जान निर्देश गरी बताउनु भएको हो ।

आदिनाथ: भन्नुहुन्छ- हे देवी ! मृगस्थली कैलास अत्यन्त रमणीय पवित्र गोरक्षाश्रम छ । जहाँ सिद्धाधिराज गोरक्षनाथ: निवास गर्नु भएको छ । यस श्रीमहासिद्धाचल महापीठको महिमा बताउँछु सुन ! यो, यहाँ अत्यन्त पुण्यतम् छ, सदासर्वदा जहाँ अत्यन्त उष्ण, जल, वायु विद्यमान छ । जो पुरूष सात दिन सात रात श्रीशिवजीका जप, तप, ध्यान गर्न सक्छ । उसले साक्षात् गुरू गोरक्षनाथको दर्शन पाएर शिवलोकमा बास गर्ने छ । भगवानको कृपाबाट यस जन्ममा समेत परम मोक्ष पाउने छ ।

हे देवी ! पहिले नित्यनाथ: (मत्स्येन्द्रनाथ) र गोरक्षनाथ साधकको निम्ति मनोकांक्षापूर्ण फलदिने महा समर्थवान हुनुहुन्छ । मेरो जुन बनेका जप पारायण यस पीठमा रहने भक्त पुरूषले पूर्णसिद्धि नै प्राप्त गर्न सक्छ । यसमा नि:सन्देह शंका मान्नुपर्देन । जुन श्रीब्रह्माजीले श्रीशिवजीको अवतारको वर्णन गर्दामा भगवान गुरू गोरक्षनाथको शिवावतार बारेमा समेत बताउनु भएको थियो । श्रीमहासिद्धाचल गोरक्षाश्रम: मृगस्थली स्थली निवासी अनेकौं सिद्धगण भगवान गुरू गोरक्षनाथजीको प्रसादले प्रसन्न हुनु भई स्व:सिद्धि फल पाएर जनम्- जनम्कोलागि सदाकोलागि संसारमा आदर्शमय बन्ने छ । भगवान गुरू गोरक्षनाथको यहाँ स्थल विहार गर्ने सिद्ध तपोभूमि हो । परमपवित्र सर्वश्रेष्ठ छ, सिद्धाश्रम मृगस्थली । यहाँ चारवटा बालाचतुर्दशीमा आएर जो पुरूष तीर्थाट्न गर्न सक्छ भने उसले प्रसिद्धि श्रीब्रह्मत्व प्राप्त गरी अन्त्यमा सुवर्ण रत्तिको पुण्यफल प्राप्त गर्ने छ । सूर्य वंशी हुँदै चन्द्र वंशी, गोपाल वंशी, महिषपाल वंशी, किराँत वंशी, वर्मा वंशी, लिच्छवी वंश, मल्ल वंशी या विविध वंशी, पृथ्वीतलमा चक्रवर्ती महाराजाधिराज, सहस्रबाहु भगवान गुरू गोरक्षनाथजीको तपका प्रभावबाट आकर्षित भएर उनको समीपमा गए । उस जिज्ञासाबाट अभिप्रेरित भई योगमार्गको ग्रहण गरे । जो की आदिनाथ: परम्पराबाट चली आए । अन्त्यमा उनै गुरू गोरक्षनाथजीका शिष्य भई गएर अजेय योगशक्ति समेतको फल प्राप्ति हुनेछ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# गुरू गोरक्षनाथको अवतार कथा



श्री गुरु गोरखनाथजी महाराज

श्री नाथाय नमः

गोरक्षं परमाचार्य्यं योग मार्ग प्रवर्तकम् ।
योग गम्यं समाधिस्थं वन्दे गोरक्ष नायकम् ।।

नारदपुराण र स्कन्दपुराणमा महायोगी गोरक्षनाथको अवतारका सम्बन्धमा वर्णित कथा यस प्रकार छ । एक समयमा कुनै ब्राह्मणले, ज्योतिषीको आज्ञा अनुसार गडान्त नक्षत्रमा जन्मेको आफ्नो पुत्रलाई अनिष्टकारी सम्झेर समुद्रमा परित्याग गरिदिए । त्यो बालक अतिव महिमाशाली परमेश्वरको गतिविधिबाट कुनै महामत्स्यको भोजन बन्यो र ईश्वरका कृपाले गर्दा कालको मुखमा नपरी बाँची नै रह्यो ।

एकपटक श्री पार्वतीको अमर कथा विषयक प्रगाढ प्रार्थनाबाट प्रसन्न भैकन भूतनाथः भगवान् महेश्वरले कैलास पर्वतलाई छाडी पार्वतीलाई अमर कथा सुनाउने उद्देश्यले महापर्वत लोकालोकमा (धौलागिरीमा) आउनु भयो । त्यो महापर्वत अतिसुन्दर, शान्त र रमणीय थियो । जसरी महावायुले बादललाई आकाशमा आफ्नो वेगले फ्याँक्दछ । त्यसगैरी अमर कथा सुनाउनका लागि एकान्त स्थलको आवश्यकता पर्ने भएकोले श्रीमहादेवजीले तीन तालद्वारा समग्र पशुपक्षीलाई त्यस स्थानबाट हटाउनु भयो र श्रीपार्वतीजीलाई अमर कथा सुनाउन शुरू गर्नुभयो । यसैप्रकार अमर कथा सुन्दा सुन्दै धेरै समय पनि बित्यो । श्री पार्वतीजी कथा श्रवण गर्ने क्रममा महानिन्द्रा (योगनिन्द्रा) मा पर्नुभयो । यसै समयमा तेजो भारतबाट प्रपिडित त्यही महामत्स्य जसले ब्राह्मण पुत्रलाई निलेको थियो । त्यसै सागर तट्मा आईपुग्यो र पार्वतीजीको स्थानमा कथाको बीच-बीचमा हुँकार गर्न थाल्यो । यता श्री महादेवजीले कथा सुनाइरहनु भयो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भगवान आदिनाथको द्विजशिशु माथिको अनुग्रहले गर्दा उक्त बालक बिना कुनै कष्ट बिना मत्स्यको मुखबाट निक्लेर भगवानको सामुन्नेमा आयो र भगवानका चरणमा प्रणाम गऱ्यो । भगवान । महेश्वरले करूणापूर्वक हे बालक ! तिमी यो महामत्स्यको पेटमा किन र के कारणले पुग्यौ ? सबै साँचो भन भनी सोधेपछि ती बालकले भने "हे सर्वज्ञ ! हे सर्वशक्तिमान !! हे दयामय !!! तपाई आफैं सबै जान्नु हुन्छ । म के भँनु ?" यस प्रकार बालभाषित माधुर्यबाट अतिप्रसन्न भएर आदिशक्ति जगदम्बासँग विराजेका भगवान् मूलनाथले भन्नुभयो - हे शैलराजपुत्री । यो बालक तिम्रो पुत्र हो । यो दिनमणि सदृश संसारको प्रधान नेता हुनेछ सर्वदा प्रसन्न चित्त रहने छ । यसलाई पराजित गर्नसक्ने कोही हुनेछैन । भगवान् आदिनाथले द्विजपुत्रलाई आशीर्वाद दिंदै भन्नुभयो- हे शैलराजपुत्री ! यो बालक तिम्रो पुत्र हो । यो दिनमणि सदृश संसारको प्रधान नेता हुनेछ, सर्वदा प्रसन्न चित्त रहने छ । यसलाई पराजित गर्न सक्ने कोही हुनेछैन । भगवान् आदिनाथले द्विजपुत्रलाई आशीर्वाद दिंदै भन्नुभयो- हे वत्स ! तिमी मत्स्यको उदर सन्निधानबाट प्रकट भएका हौं । अत: तिम्रो नाम संसारमा मत्स्यनाथ या मत्स्येन्द्रनाथ रहने छ किनकी तिमी मत्स्यावतार मत्स्यहरूका इन्द्र हौ । अब जाऊ समग्र लोकमा भ्रमण गर, योग विद्याको विस्तार गर यही नै हामी दुबैको आदेश छ ।

मत्स्येन्द्रनाथले भन्नुभयो " हे नटराज ! करुणामय ! यो सबै तपाईको अनुपम अनुग्रह हो । म कृतकृत्य छु । महाप्रकाश मत्स्येन्द्रनाथले भगवान् एवं भगवतीबाट आदेश प्राप्त गरी योग विद्याका लागि त्यहाँबाट प्रस्थान गर्नुभयो । योग विद्या प्रचारको इच्छा लिई सर्वप्रथम अखिल भुवनको भ्रमण गर्नुभयो । केही समयसम्म योग विद्याको प्रचार गरी सकेपछि लोकनाथको तपस्चर्या गर्ने विचार आयो । उहाँ भगवानको सात्विक ध्यानमा स्थित भएर बस्नुभयो एवं मनरूपी कुशुमबाट आदिनाथ परमेश्वरको आराधना गर्न लाग्नु भयो । लोकनाथ मत्स्येन्द्रनाथजीको चीरकालसम्मको पवित्र तपबाट अतिप्रसन्न भई भगवान प्रकट हुनुभयो र भन्नुभयो - हे नित्यनाथ ! म तिम्रो तपबाट अति प्रसन्न छु । स्वेच्छानुकूल वर माँग " सिद्धनाथजीले भन्नुभयो हे प्रभु ! यदि तपाई म



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



देखि प्रसन्न भई वर दिन चाहनुहुन्छ भने मैले यसलाई उत्तम सम्झन्छु र याचना गर्दछु कि तपाई मेरो सहायक भएर अवतार धारण गर्नुहोस् । "म स्वयं आएर तिम्रो सहायता गर्नेछु । तबसम्म योग विद्याको विकास गर ।" यति भनी श्रीमहादेवजी कैलासतिर जानु भयो । करुणामय महाप्रकाश सिद्धनाथको योगप्रचारबाट योगविद्या, राजयोग, बालयोग, हठयोग, मन्त्रयोग, ध्यानयोग, विज्ञानयोग आदि विभिन्न नामबाट प्रसिद्ध हुनुभयो । केही समय बितेपछि करूणामयलाई वर दिएको स्मरण भगवान् मूलनाथजीले गर्नुभयो । त्यसै समयमा भगवानले श्रीमहादेवीको पूर्व कर्मबाट प्रेरित भएर उनको हृदयलाई पहिलेकै दशामा परिणत गरि दिनुभयो । उमाको अन्तष्करण अहङ्कार सागरमा विचरण गर्न लाग्यो । अभिन्नको मात्राबाट आच्छादित् अचिन्त्य शक्तिको आवेशमा आएर श्रीपार्वतीजीले भगवान् महेश्वरसँग भन्नुभयो- "हे आदिदेव ! आदिनाथः !! जहाँजहाँ तपाई हुनुहुन्छ त्यहाँ त्यहाँ म छु म तपाईदेखि भिन्न छैन् म विना तपाईको कुनै सत्ता छैन । हे महादेव ! तपाई विष्णु भए म लक्ष्मी हुँ । तपाई महेश्वर भए, म महेश्वरी हुँ । तपाई शिव भए, म शक्ति हुँ । तपाई ब्रह्मा भए, म सावित्री हुँ । तपाई इन्द्र भए, म इन्द्राणी हुँ । तपाई वरूण भए, म वरूणानी हुँ । तपाई पुरूष भए, म प्रकृति हुँ । तपाई ब्रह्म भए, म मायाँ हुँ । म भन्दा पृथक तपाई हुनुहुन्न । श्रीजगदम्बाको यो वचनलाई स्मरण गरी मूलनाथजीले भन्नुभयो । हे महेश्वरी ! जहाँ जहाँ म छु, त्यहाँ-त्यहाँ तिमी छौ भन्ने कुरा सत्य होइन । किनकी जहाँ घट् (घैंटो) छ । त्यहाँ मृत्तिका (माटो) अवश्य हुन्छ । तर जहाँ मृत्तिका हुन्छ त्यहाँ घट् हुँदैन । आकाश सबै पदार्थमा व्यापक छ । तर सबै पदार्थ आकाशमा व्यापक हुँदैनन् । श्रीमहादेवजीले विचार गर्नुभयो, श्रीजगदम्बाजीको कथनको समाधान र महाप्रकाशलाई वर प्रदान यी दुबै समयापेक्षी अवश्य छन् । यो सोचेर भगवान् मूलनाथजीले आफ्नो आत्मबल समुदायलाई दुई भागमा विभाजन गर्नुभयो । एक समुदायबाट स्वयं पूर्वरूपमानै अवस्थित रहनुभयो । दोश्रो समुदायलाई गोरक्षनाथः स्वरूपमा परिणत गर्नुभयो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



शिवस्वरूपमा गोरक्षनाथ: एकान्त निर्जन कुनैविशेष पर्वतका बीचमा शुद्ध स्थानमा विराजमान भएर समाधिस्थ हुनुभयो । महेश्वरानन्द भगवान् गोरक्षनाथको प्रवल तपोवल प्रतापबाट उक्त पर्वत अनुपम रूपले सुशोभित भयो । केही समयपछि योग सम्प्रदायका प्रवर्तक श्रीगोरक्षनाथ जुन पर्वतमा ज्ञानमय तपस्यामा विराजमान हुनु भएको थियो । त्यहीं श्रीजगदम्बाजीलाई साथमा लिएर भगवान् श्रीशिवजी पनि जानुभयो । मार्गमा केहीक्षण विश्राम् गरी भगवानले श्रीभवानीलाई भन्नुभयो । "हे गौरी ! जुन् यो पर्वत सामुन्ने देखिन्छ, त्यसमा एकमहान् पुरूष योगीराज चीरकालदेखि समाधिस्थ हुनुहुन्छ । तिमी गएर उनको दर्शन गर ।" भगवान आदिनाथको आज्ञा पाएर उहाँलाई प्रणाम गरी श्रीमहादेवीजीले त्यहाँबाट प्रस्थान गर्नुभयो । भगवान् गोरक्षनाथ समाधिमा बस्नु भएको श्रीमहादेवीजीले यस्तो देख्नु भयोकी मानौं धेरै सूर्यहरू मिलेर प्रकाश दिइरहेकाछन् । यी योगी श्रीशिवजीकानै सर्वपूज्य हुन् भन्ने बुझेर श्रीपार्वतीजीले गोरक्षनाथलाई हृदयदेखिनै आदेश गर्नुभयो । श्रीमहादेवीले विभिन्न विचार गरिसकेपछि श्रीमहादेवजीको कथनलाई सम्झिनु भयो । र कतै मेरो कथनको उत्तर दिनका निम्ति नै श्रीमहादेवजीले यो अचिन्त्य सामग्री रचाउनु भएको त होईन भन्ने सोच्नु भयो । योगीको परीक्षा गर्ने समय यही हो, सत्या-सत्यको निश्चय परीक्षा विना हुन सक्दैन । मायाको कार्यलाई जीत्नु नै कठिन छ भने मायालाई जीत्नु असम्भव छ । मेरो नाम माया हो । म सबै भन्दा ठूलो शक्ति हुँ । मैले श्रीब्रह्मा, श्रीविष्णु आदि पनि वश गरी छाडें । यो सोची श्रीमहादेवजीले महेश्वरानन्द गोरक्षनाथ भगवानको परीक्षा लिन तत्पर हुनुभयो । तत्पश्चात् आफ्नो योगमायाँद्वारा उत्तम् जगत्को पदार्थ रचेर प्रत्यक्षरूपमा उपस्थित गरेर देखाउनु भयो, अन्य कुनै पदार्थ शेष रहेन् ।

त्यहाँ अवस्थित भगवान गुरू गोरक्षनाथका समक्ष महामायाँका सहस्रौं प्रयास पनि अस्त भएर गए जसरी मध्यान्हकालीन मार्तण्डका आकाश समक्ष तारागणहरू स्वत: विलिन भई जान्छन् । श्रीभगवतीजीले श्रीमहादेवजीको वचनलाई सत्य नै सम्झि यो मेरा लागिनै अद्भूत चमत्कारको आकार खडा गरिएको रहेछ भन्ने सोच्नु भयो । त्यसैबेला



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



समाधिबाट जागा भई भगवान गुरू गोरक्षनाथजीले श्रीपार्वतीदेवीलाई आज्ञा गर्नुभयो "हे देवी जाऊ भगवान् आदिनाथजीले तिम्रो स्मरण गर्नु भएको छ । "योगाच्चार्यको अनुपम उपदेशामृतलाई पिएर त्यहाँबाट भगवान भएको स्थानतिर प्रस्थान गर्नुभयो । त्यहाँ पुगेपछि मूलनाथ:, आदिनाथ: भगवानलाई आदेश गरी श्रीदेवीजीले भन्नुभयो " हे ईश्वर ! तपाई कथित संकल्प यथार्थ नै हो । म विना पनि तपाई विद्यमान हुनुहुन्छ । अत: तपाईको सत्ता नै प्रधान छ । यो मैले अनुभव गरें । शक्तिको लय शक्तिमानको अभ्यन्तर नै रहेको हुन्छ । हे ईश्वर ! यस्तो कुन अवस्थित योगेश्वर हो जसले मेरो शक्तिलाई केही सम्झेन । उ आफ्नो समाधिमा नै अचल रह्यो ।" श्रीमहादेवजीले भन्नुभयो - "हो महेश्वरी ! जो योगीको तिमीले दर्शन गर्‍यौं । ती योगेश्वरको नाम गोरक्षनाथ हो । उनी सबै देवता, मनुष्यहरूका इष्टदेव हुन् । उनी मायादेखि पर छन् । कालको पनि काल हुन् । हे देवी मनैं गोरक्षनाथ हुँ । मेरो स्वरूप नै गोरक्षनाथ हो । हामी दुबैमा कुनै अन्तर छैन । प्रकाशदेखि भिन्न प्रकाश रहँदैन । हे देवी ! संसारको कल्याण होस् । वेद, गौं, पृथ्वी आदिको रक्षा होस् भन्ने उद्देश्यले मैले यो गोरक्षनाथस्वरूप धारण गरेको हुँ । जब जब योग मार्गको रक्षामा अवस्थित रहन्छु, यी नामहरूमध्ये गोरक्षनाथको नाम सर्वोत्कृष्ट हुन्छ ।" भगवान् मूलनाथले अगाडि भन्नुभयो -"हे महेश्वरी ! जुन पुरूषले योगविद्या सेवन गर्छ, त्यसले मृत्युलाई जित्न सक्छ । अन्य उपायबाट आयुमा केही श्रीवृद्धि गर्न सकिन्छ, तर मृत्युलाई जीत्न भने सकिदैन । योगबल महाबल हो । योगी महाबली हुन्छ । एक्लै रहोस् या अरूका साथमा भ्रमण गरोस् । भूमिमा रहोस् या आकाशमा रहोस् । सय वर्षसम्म बाँचोस् या सँधै अमररहोस् । स्थूल शरीरसँग रहोस् या सूक्ष्म, शरीरसँग रहोस् । यस्तो योगी श्रीब्रह्मा श्रीविष्णुले गरेको काम गर्न समेत समर्थ हुन्छ । भवानीले भन्नुभयो हे प्रभु ! तपाईलाई कोटिकोटि नमस्कार छ । तपाईको माया अनन्त छ । जगत् तपाईको उद्यान हो, तपाई यसको माली हुनुहुन्छ । यसप्रकार भवानीको जिज्ञासा शान्त गरी श्रीमहादेवजी श्रीपार्वतीजीकासाथ कैलासतिर जानु भयो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



यता कमलासनमा विराजमान श्रीब्रह्माजीलाई योगी नारदले भन्नुभयो- "हे प्रभो ! पहिले मैले तपाईसँग यो कथा सुनेको हुँ । श्री महादेवजीले सिद्धनाथ मत्येन्द्रनाथलाई वर दिनु भएको थियो कि तपाई श्रीनाथ वंशको तथा योगमार्गको प्रवर्तक हुनु हुनेछ । तत्पश्चात् संसारमा उहाँले कुनप्रकारले योग मार्गको प्रचार गर्नुभयो । फेरी मत्स्येन्द्रनाथले कुन महामहिमाशाली शिष्यलाई यो योगको उपदेश दिनुभयो र नाथ नामयुक्त योगीहरूको सम्प्रदाय कसरी प्रबुद्ध भयो ? श्रीब्रह्माजीले भन्नुभयो हे नारद ! यसपछि महेश्वरका अवतार भगवान् गोरक्षनाथ: महाप्रकाश मत्स्येन्द्रनाथ जुन् समुद्रतट्मा तपस्या गरीरहनु भएको थियो, त्यहाँ जानुभयो । त्यहाँ गएर गोरक्षनाथले समाधि लीन मत्स्येन्द्रनाथलाई मनोयोगद्वारा प्रवोधित गरी योग पद्धतिको बारेमा सोध्नुभयो र विनित भावले स्तुति गर्नुभयो । उनै आदिनाथका शिष्य मत्स्येन्द्रनाथबाट गोरक्षनाथले योगको शक्तिपात् करूणावलोकन र औपदेशिक आदि शिक्षाद्वारा अनेक राजा, महाराजा ऋषि, महर्षिहरूलाई कृतार्थ गर्नुभयो र उनीहरूलाई दिव्यज्ञान दिई अमरपदको भागी बनाउनु भयो ।[१]

१) इति श्रीस्कन्दपुराणे ब्रह्मनारदसंवादे भगवद्गोरक्षनाथावतार कथावर्णन विषयविशिष्ठ एकपञ्चासत्तमोऽध्याय सम्पूर्ण : ५१ शुभम्बाट अनुवाद गरिएको ।





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# महिमा :



गौ माताको अति सेवा सत्कारमा बलिदान गर्ने, इन्द्रियहरूको स्वच्छन्दता वशमा राख्ने, विश्व ब्रह्माण्डमा रक्षार्थ कार्यमा समर्पित रहने, ब्रह्माज्ञानीकोरूपमा आर्विभाव हुनु हुने, योगी सम्प्रदायका जितेन्द्रिय (इन्द्र) सर्वत्र कार्यमा ऋद्धि-सिद्धि दिने, विश्व ब्रह्माण्डका रक्षक, योगीनाथ सम्प्रदायका श्रीनाथ, योगेश्वररूपधारी गोरक्षनाथ : । महाधार्मिक धैर्यशाली लंकाकोनाथ, दिगम्बर सदैव योगाभ्यासमा आनन्दित रहने, योग-योगादिमा सर्वदा विचरण गरिरहने, योगशास्त्रका सर्वविज्ञ, अतिप्रियतम स्नेह गर्ने, योगशास्त्रका आविष्कारक योगीनाथ सम्प्रदायका प्रथम प्रचारक, योगीराजका सम्राट योग विद्याका सु-विख्यात विज्ञ, योगमार्गका प्रर्वतक, योग मार्गका परम्पराऽनुसार सञ्चालन गर्ने महान मर्मज्ञ, आबाल-ब्रह्माचारी महाकठीन तप-तपस्यामा ध्यान गरिरहने शंकर भगवानको एकस्वरूप, सदा ध्यानमा आनन्द भईरहने, योगको धारणगर्ने, योग मायाको सेवक, मन र आत्माका अस्थिरता समेतको निरोपर्ण गर्ने योगेश्वर स्वरूपमा विराजमान हुने गोरक्षनाथ : । योगबलद्वारा समग्र गुप्त विषय जान्ने ज्ञाता, सात्विक साहाकारी आहार-विहार मन पराउने, श्रीनाग-नागिनीगणलाई समेत आफ्नो अधिनमा ल्याएर पराजय गराउन सक्षम, श्रीनाग-नागीनीस्वरूप धारण गर्ने, श्रीनाग-नागिनीको माला गलामा पहिरिने, श्रीकैलास पर्वतमा अधिपति हुनुहुन्छ । श्रीनाग-नागिनीलाई सर्वदा धारणगर्ने नानाप्रकारका नागको स्वरूपका वर्ण हुने, असंख्यरूपबाट विभूषित, अनेकौं भेष धारण गर्ने, मानव-जातिका आकार-



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



प्रकार समेत धारण गर्न सक्ने, नाना रूपधारी निर्गुण स्वरूपमा विराजमान रहनु हुने गोरक्षनाथ : । आदिनाथः सोमनाथः सिद्धिनाथ, महेश्वरनाथको समेत श्रीनाथः महानाथः लोकालोकका श्रीनाथ साथै मानव-जातिका ईश्वर, क्षेत्र-क्षेत्रका स्वामी, अजपा नामक मन्त्रादिका आविष्कारक, बालकको रक्षा गर्ने, वाणीका अधिपति, गंगाको स्वरूप धारण गर्ने, कमण्डलु धारण गर्ने । विभूतिको गहना शरीरमा पहीरने दिगम्बर रूपधारी महातपस्वी, तप-साधनामा ध्यानमग्न भईरहने, मृर्ग चर्मको आसन मन पराउने, मृगका समान नेत्रधारी, मृगका स्वरूप धारण गर्ने, मेघको समान गम्भिर शब्दमयबाट गर्जन गर्ने मेघ वर्ण समानस्वरूप, महा बलबान अति मनस्वी बुद्धिमानी गोरक्षनाथ :

दिशा ॐकारका ईश्वर, दयालु, दिव्य आभूषण धारणगर्ने दिगम्बर प्रकाण्ड विद्वान, योगबलका माध्यमद्वारा सुक्ष्मभन्दा पनि अतिसुक्ष्म विषय जान्ने तत्वज्ञ, स्वर्गमा भ्रमण गर्ने, स्वर्गमा आनन्दमय रूपमा खेल्ने, देवी-देवताका समेत सर्वश्रेष्ठ देवता, इन्द्रियलाई दमन गर्न सक्षम महायोगीराज गोरक्षनाथः । जलकानाथ, जगतकोनाथ, परमेश्वरका परमाधिपति, लोककानाथ, भूतकोनाथ, आपत- विपतका नाशक, पृथ्वीकानाथ साथै तीन लोक चौधै भुवन सत्ताईस विश्व ब्रह्माण्डका मालिक परमेश्वर, विद्वानका रथि, गौंका रक्षक र पालक इन्द्रियका वशमा राख्ने, गौंका रिपुलाई गुप्तरूपमा नाश गर्ने, विश्व ब्रह्माण्ड चराचरका जगत् गुरू सरस्वती या विद्याको खानी, प्राणायाममा रम्ने यज्ञको नाथ, यज्ञपुरूष भगवान सदा सर्वदा प्रसन्न रहने, महाज्ञानी, आत्माको वशमा राख्ने अत्यन्त पराक्रमी प्रज्वलित ज्योतिस्वरूपमा गोरक्षनाथः विराजमान हुनुहुन्छ ।

श्रीसिद्धिकानाथ, वृद्ध-वृद्धाको श्रीनाथ, वृद्धाहरूको प्रिय, अनन्तयात्रामा भ्रमण गर्ने अनन्तमा घुमी विचरण गर्ने अनन्तका अधिपति, गणका अध्यक्ष गणका पनि श्रीगणपति, विद्याको दानवीर, मन्त्रकोनाथ, ध्यानकोनाथ धनदिने, सबको आराध्य पूर्णनाथः तेजका महारथि, कान्तिका ज्योतिपून्ज, प्रज्वलित प्रकाश, सृष्टिको कर्ता, सृष्टिको पालक, जगतको प्रलयकर्ता, भैरबनाथ,



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भैरबकार, भय समेतलाई हरण गर्ने, संसारको दु:ख, कष्ट हटाउन सक्ने महायोगीराज गोरक्षनाथ: ।

सृष्टिकोनाथ, स्थितिकोनाथ, विश्वको आराध्यदेव, महाबुद्धिमान सदैव दिव्य अखण्ड अमृतरूपी, सत्‌वचन, उपदेश धाराप्रवाहरूपले अवीरल वहने, दिशा, ॐकार प्रतिकनाथ: दिव्य अलौकिक स्वरूपमा विचरण गर्ने युक्त, आकाशादिरूप, वासुदेव, कृष्णरूप, असंख्यरूप शरीरधारी, सनातन जन्म मृत्यु सहित पूर्णनाथ तेजकोनाथ, सूर्यस्वरूप, सबै प्राणी जीवात्माको हृदयमा रहने परमेश्वर, अङ्गदेशका नाथ, प्रधान नट्‌रूप, मङ्गलमय मंगलकर्ता, शुन्य माताकी भक्त, धीर शरीरको रक्षण, सर्वप्राणीका हृदयमा बास गर्ने र आत्मा भित्र प्रवेश गर्ने गोरक्षनाथ: । विष्णुरूपमा अमर, नित्य रहने अलौकिक स्वरूप, सबैको परोपकार सेवामा समर्पित व्रतमा पारायण, आत्मादर्शी, सुन्दररूप, इन्द्रका स्वामी ब्रह्ममय तत्वका अन्वेषक, प्रशंसनीय धनदाता, मायापति विष्णु, एक ब्रह्मरूप महेश्वर एकमूर्ति, त्रिलोचन, शिव गोरक्षनाथरूपमा विराजमान हुने गायत्रीस्वरूप, श्रीकृष्णजीकोरूप, विश्व ब्रह्माण्डको मालिक असुरको नाश गर्ने लोककल्याणकारी, विष्णु इन्द्रजीकोस्वरूप, प्रलयकारी दिप्तिमान् गोरक्षनाथ: ।

श्रीकृष्ण-कालो वर्णका रूप, भएका, छोटो बाहु भएको अनन्तका खगेश्वर गौरीनाथ: वाणीको पति गर्गपुज्य गणेश्वर, संगीत भजन किर्तन संगीतमयका पति गंगा मातृभूमि भक्त सेवक गुरूदेवप्रिय, सूर्य-चन्द्रशेखरस्वरूप, चं चं शब्दमय मन्त्रोच्चारण गर्ने, अज्ञानताको नाश गर्ने, सर्वव्यापीरूपमा विचरण गर्ने, असुर विद्यर्मीलाई दण्डदिने, सबैको मन बुझ्न सक्ने, मन चोर्ने, देवनाथ: शिवाकृति चम्पा नगरका स्वामी: चन्द्रपति विष्णु बुद्धिनाथ, ब्रह्मरूप, अग्नि जस्तै ज्वालामय स्वरूपमा गोरक्षनाथ: ।

आदिनाथ: नित्य सुन्दररूप, महाकवि, कविताकोपति, ऋद्धि-सिद्धि सर्वयोगमय कर्मफल बताउन सक्ने सर्वव्यापी ईश्वर स्थावर जङ्गम विराट्‌स्वरूप भएका योगेश्वर गोरक्षनाथ युग-युगमा, कल्प:कल्पमा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



आविर्भूत हुनु हुने नै छ । सुन्दर श्रृङ्गारधारी प्रज्वलित प्रकाश, चित्रनाथ: चिरकालसम्म सुदुरपर्यन्त तपस्या गर्न सक्ने बुद्धिदाता, पापनाशक, सर्वगुणको अनन्त्य भण्डार, सत्यनिष्ठ, कर्मनिष्ठ, महाधार्मिक भक्तलाई सर्व विजयी दिने जय जयकारको आधारमा आशिर्वाद दिने, सदा विजयशील, लपाधिश, जप तपको आविष्कारक जपदान कर्ता, अजपामन्त्र जप्ने रचनाकार पाञ्चजन्यको स्वामी, गम्भिर स्पष्ट वक्ता, शङ्खस्वरूप, जनेश्वर आत्मज्ञानी, ब्रह्मस्वरूप, जीवनलाई मुक्त दिलाउने अजम्मा अविनाशी प्राणी जीवात्मालाई सदैव अनवरत स्नेह गर्ने, जीवरूपी संसारको प्रपञ्चकारी सौंदर्यरूपवान, शुन्यको आधार, शुन्यपुत्र, ॐकारस्वरूप, इन्द्ररूप शुभ बुद्ध जयकार रूप, वायुरूप मृत्युवरणलाई समेत विजय गर्ने मननशील मानिन्छ गोरक्षनाथ:।

शिव गोरक्षनाथस्वरूप: सदा योग समाधिमा निगुर्णस्वरूप तीनै कालमा अविछिन्न रहने, रणसमरमा युद्धशैलीमा नगरा बाजा बजाउन मनपराउने, डम्मरु बजाउन मनपर्ने, डमरुप्रिय, सर्वकामनापूर्ण गर्ने अभय र भोगस्वरूप सकल जगत्को उत्पति गराउने, स्थान-स्थानमा पापीलाई भयङ्कर दु:ख दिने अधर्मीलाई दण्ड सजाय दिने यमरूप दण्ड दिने दण्डरूपधारी, कहिले पापीको समेत उद्धार गर्ने गुणकारी आश्रयदाता, दुष्टजनलाई दण्ड दिएर छाड्ने दण्डदाता, दमन गर्न योग्य मेघजस्तै भयङ्करीस्वरूप, निर्णयरूप, सच्चिदानन्द परमेश्वरका स्वामी विद्वानका नाथ रोग रहित नन्दीभक्त, नमस्कार प्रिय, लोकका‌प्रिय, स्वरूप, नीतिका रक्षक स्तुतिका योग्य विजयशाली भक्तका वशमा रहने समदर्शी तत्वज्ञ, प्राणी जीवलाई मोक्ष गराउने कैलासमा बस्न मनपराउने कैलासको रक्षक उच्चकोटि श्रीमहासिद्धाचल मृगस्थली गोरक्षपीठमा कैलास सिद्धाश्रममा मेघमाला आसन बाह्रवर्षसम्म कठोर तपस्या गर्ने सिद्ध महापुरूष सदैव कैलासमा बस्न रूचाउने, काम क्रोधलाई समेत विजय गर्ने जितेन्द्रिय गोरक्षनाथ: ।

दानवीर, दानमा सिद्ध मान्ने, अज्ञान जतिको नाश गर्ने, ज्ञानदिने, दयावन्त, दिनप्रेमी, दुरदर्शी उदार, सुन्दर सौन्दर्य तेजस्वी आसनमा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



विराजमान रहने, दयानिधि सर्वप्रिय बाह्य र आन्तरिक इन्द्रियादिको रक्षक, दुरदृष्टि, त्रिकालदर्शी, शुक्ष्म तत्वज्ञ, दिनमा समान प्रकाश ज्योतिस्वरूप प्रदान गर्ने, दिव्यमाला धारण गरी दिव्य भोगमा आनन्दित रही, दिव्यवस्त्र धारण गर्ने सूर्यनारायणस्वरूप, ब्रह्मस्वरूप रत्न-रत्नादि दिइरहने, सृष्टिका सत्य सनातन वैदिक गोरक्ष धर्मलाई व्यापक विस्तार गर्ने धर्म प्रचारक, सत्य पथका सेवा गर्ने धनबाट रहित, आफ्ना भक्त, धर्माऽनुरागीलाई धनी बनाएर, धर्मको नै व्यापक श्रीवृद्धि स्थापनार्थमा धीरज धैर्यवान विश्व ब्रह्माण्ड चराचर पृथ्वीका अधिपति गोरक्षनाथ : ।

श्रीलक्ष्मीको अधिपति, कैलास पर्वतको धारणगर्ने, अन्धकार या अज्ञानताको नाशगर्ने, अधर्मका समेत उद्धार गर्ने, सृष्टिका धर्ममा श्रद्धा राख्ने, धर्मको आचार-संहिता पालना गर्नेमा कर्तव्य पारायण, श्रेष्ठ, काम, क्रोध आदिको नाश या नियन्त्रण गर्ने, सत्य सिद्धान्त अनुसार सत्कार्य गर्ने स्वशुद्ध, पवित्र कार्यमा प्रयत्नशील अन्धकारको नाश गर्ने । सदा- सर्वदा प्रसन्नता मुन्द्रामा रहने, हर्षमा अविच्छिन्न रहने, लोका-लोकलाई सदा हर्ष प्रदान गरी आनन्द दिनुहुने, पहेंलो वर्णका श्रीनागको आसन माथि, प्रसन्नताको मुद्रामा रहने, सर्व दु:खकष्टहारी, परमपवित्र सर्वश्रेष्ठ मानिन्छ । धारा प्रवाहले श्रुति मधुरभाषामा, धार्मिक अनुष्ठान, प्रवचन गर्ने, धर्मरक्षक, शेषरूप- श्रीकृष्णरूप श्रीनागको राजा, धर्मार्थ, काम, मोक्षका प्रवर्तक, तप गर्ने, धर्मको फल दिने, धर्म, अर्थ, काम र मोक्ष या पुण्य कर्मको मात्र फल दिने, फलस्वरूप, ज्योतिका पनि महाज्योति स्वरूप गोरक्षनाथ : ।

बं बं शब्दका प्रिय कलशस्वरूप, बलिध्वंसी, श्रीविष्णु भगवान् जलको अधिष्ठात्री देवी-देवतादि समेतलाई पवित्र गर्ने महादेवता, इच्छाऽनुसारका वरदान दिने. वरका पनि मालिक सदैव आबाल-ब्रह्माचारी बालकस्वरूप रहिरहने बालकजनका प्रियतम, प्रतिभाशाली अखण्ड बलवान, तेजस्वीरूप, अट्‌ल रहने, विष्णुको समेत रूपधारण गर्ने, पश्चिम दिशाका स्वामी, ब्राह्मणादि र ज्ञानीध्यानीको प्रिय, ज्ञानी महापुरूष मन पराउने



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीमहादेवी पार्वतीको पूजा-अर्चना गर्ने, विश्व ब्रह्माण्ड पृथ्वी चराचर भरि भ्रमण गरिरहने सौम्यमूर्ति, प्रलयङ्कर रूपधारण गर्ने गोरक्षनाथका सर्वव्यापीस्वरूप, सृष्टिलाई अट्ल राख्ने, सृष्टिको कल्याण एवं सृष्टिलाई स्नेह दिने, शैशव गणादिलाई आनन्द दिने श्रीमहामहेश्वर शिवजीको सत्यसेवक, विश्व ब्रह्माण्डलाई स्नेह गर्ने, विश्व ब्रह्माण्ड लोकालोकका मालिक, समग्र विषयबस्तु उत्पत्ति गर्ने प्रवर्तक समग्र तापको निवारण गर्ने महामहिमशाली गोरक्षनाथ : ।

श्रीमहादेवजीको अतिनै प्रियतम् योगीनाथ सम्प्रदायका मनन-चिन्तनका मर्मज्ञ, गम्भिर हृदय भएका महायोगी, महाधीर, महासिद्ध, शुन्य आश्रम् भएका गोरक्षमुण्डी अनन्तमा बास गर्ने परमात्मा, मनका सबै भावना बुझ्न सक्ने विशेषज्ञ, मनस्वी, अतिनै प्रसन्नमा रहने उत्सव स्वरूप, मार्गप्रेमी, सन्मार्गमा सत्कार गर्ने, महामहात्मा, योगशास्त्रका तत्वाऽनुसार समाधि, योग उत्पन्न गर्ने पराक्रमी, पाप र कुकर्मलाई टाढा राख्ने, सो पापबाट टाढा रहने, स्वः शुद्ध पवित्र आत्मा भएका विश्व ब्रह्माण्डका मालिक योगेश्वर स्वरूप, समय- समयमा कल्प-कल्पमा आर्विभूत हुने श्रीमहापरमेश्वर, नाथकोपनि श्रीनाथ, महापरिणाम शुन्यस्वरूप, सूर्यचन्द्रस्वरूप, यज्ञ-यज्ञादिमा पूजित यज्ञस्वरूप, यज्ञकर्ता, यज्ञ गरिरहन अभिरूचि गर्ने, मोहका नाश गर्ने र महात्मालाई स्नेह गर्ने, महायोगीराज गोरक्षनाथ : ।

महात्यागी यज्ञकर्ता, यम- योगका स्वरूप यमको प्रिय, यश, प्रशस्त, यशस्वी, यशको देन दिने, यशप्रिय, समभावका तत्वज्ञ, नमस्कार प्रेमीनाथ : मनुष्य जातिका पनि श्रीनाथ, प्रसन्नता मुन्द्रामा योगाभ्यासमा लागिरहने, अविनाशी श्रीनाथको पनि, लोकालोकको पनि, ईश्वरका पनि महाईश्वर, महामहेश्वर, श्रीनाथ, आविष्कारकविद्, लोकलाई आनन्द दिने, श्रीरामचन्द्रका स्वामी, श्रीरामस्वरूप, श्री लक्ष्मीस्वरूप, परब्रह्म। ॐकारस्वरूप, पहिलो मन्त्र जप्ने साधक संस्थापक, सत्यमा रम्ने, सत्यतालाई मन पराउने, श्रीराममा लीन हुने परब्रह्म उपासकमा नित्य



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



संलग्न रहने, कमलको जस्तो समान सुन्दर नेत्र, सुन्दरस्वरूप, संगीतकलाको विशेषज्ञ, ज्ञाता, राजधर्मको प्रिय, राजालाई मन पराउने, सत्य राजधर्म मात्रका प्रियशाली, राजनीतितत्वज्ञ, लोकरञ्जन, रणकामूर्ति, राज्य शासन गर्नेलाई समेत फल दिने, समग्र विषयका समर्थवान तत्वज्ञ, श्रीलक्ष्मीको सौभाग्य श्रीवृद्धि गर्ने परमतत्वशाली हजार-हजारौं ज्योतिप्रकाशको तेज दिने सामर्थ्य भएका गोरक्षनाथ: ।

रातोरक्त चन्दन धारण गर्ने लाल गन्ध लेपन गर्ने, लाल वस्त्र पहिरन गर्ने, आफ्ना शिष्य एवं भक्तजनलाई ऋद्धि-सिद्धि प्रदान गर्ने, विश्व ब्रह्माण्ड उत्पन्न गर्ने अद्भूत बहुमुखी प्रतिभाशालीतत्वज्ञ, जुन आत्माबाट सुक्ष्मरूप, प्राणी-जीवात्माका पुन:पुन: शरीरमा निवास गर्ने छ, सत्य सनातन गोरक्ष, धर्म परम्पराको महान प्रचारक सर्वव्यापी स्वरूप, अनन्तरूप भएका पृथ्वीलाई धारण गर्ने महामहेश्वर र चराचरका मालिक, अदृश्यरूप भएका कसैले पनि वर्णन गर्न नसक्ने सहस्रबाहु भएका, आफ्नो महिमा र अटल आदर्शमा स्थिर रहने, अतुलनीय अभयको वरदान दिने, गौंको दान दिइरहने महादानी, विश्व ब्रह्माण्ड आदिको भय एवं जन्म मृत्यु समेतको भय संकट निवारण गर्न सक्ने सर्वोत्तम परमशक्तिशाली महानायक, महायोगीराज साथै सबै मानव प्राणीहरूले दर्शन गर्नुपर्ने महायोगीराज गोरक्षनाथ :।

सुवर्ण ज्योतिर्मय अण्डकोष, जसबाट श्रीब्रह्माजीदेखि लिएर समग्र चराचरको उत्पन्न भएको छ । ॐकाररूपको प्रवर्तक, उन्नतिको साथ मोक्ष पनि प्रदान गर्ने, श्रुति-स्मृति पैदा गर्ने, भक्तका प्रिय महावीर सिंहजस्तै तेजस्वी, शक्तिशाली, समान पराक्रमी यज्ञ- यज्ञादिमा अति नै दान- दक्षिणा दिने दयावन्त, महामहिमशाली श्रीशिवजीको शिष्य प्रशंसनीय रागरहित, द्वेषरहित, सिद्धिका लागि जुन स्तुति वन्दना गर्ने गर्छौं । सो सबै जान्ने प्रसिद्ध चरित्रवान, गुणै-गुणका भण्डार, त्रिकालदर्शी, देख्ने, सुन्ने र जान्ने, चारैकल्पमा समान ज्ञान एवं बराबर तेज दिने, प्रलयङ्कर वायुरूप, प्रलयकालको जलनिधि महाभूतिस्वरूप, प्राणी-जीवात्माका आत्मा र हृदयमा रही रहने, नक्षत्र र अमृतको स्वामी : प्रलयंकररूप धारण गर्ने सर्वदृष्टि स्वरूप सबैलाई देख्ने,



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



विद्याभूषण, श्रीविद्याको महानिधि साथै माताको गर्भद्वारा उत्पन्न नभएका शुन्य पुत्र गोरक्षनाथ :

मंगलमय शरीरका अंगमा युक्त, भक्तलाई श्रीलक्ष्मी दिने, सदासर्वदा आनन्दमय, यश, श्रेष्ठ, अट्ल राख्ने, निश्चल शोकरहित, भक्तका चिन्तालाई निरोपर्ण गर्ने सौम्य, शान्तरूप, भक्तको ईच्छा पालन गर्ने, कला-साहित्य, संस्कृतिका निधि, पूर्णसिद्धि दिने, कला-कौशलका सर्वविज्ञ, निष्कलङ्क, स्वच्छ आत्मा भएका, लोककल्याणका निम्ति लोककल्याणकारी शिक्षा, धर्मको रक्षण, यज्ञ गर्ने महायोगी, ब्राह्मण र ज्ञानी भक्तको श्रीब्रह्मत्व स्वयं जान्ने, सबको कामना शक्तिबाट पूर्ण गर्ने, स्वयं आत्माको स्तुति गर्ने स्तुतिरूप, भक्तजनले भक्ति, स्तुति, वन्दना गरेको तत्व बुझ्ने, कुनैपनि विषयमा स्मरण गर्ने क्षमतावान् स्मरणशक्ति भएका, ज्ञानी ब्राह्मणादिको हित गर्ने, स्वयं वेदको स्मरण गर्ने वेदाचार्य सत्य लक्षणा ब्रह्मस्वरूप, ऐश्वर्यशाली तत्व र ज्ञानको प्रवर्तक प्रकृतिस्वरूप, प्रकृति कर्मको फल दिने, अनेकौं तापबाट शान्ति नपाएका, लोकलाई शान्ति दिने सबै प्राणीलाई समान स्नेह गर्ने, शुद्ध स्वच्छका सत्वरूप, कर्ममा रजोरूप, संहार कालमा तमोस्वरूप सोम, वनस्पतिका सोमपान गर्ने ईश्वर भक्ति उज्यालो ज्योतिस्वरूपमा दर्शन दिने जुन त्रिगुणकास्वरूप चारैवेदको विज्ञ, वेदशास्त्रको जन्मदाता, त्रिलोकको रक्षक, चराचरका रक्षक सर्वसम्पन्न, मन, वचन र कर्मबाट शरीर- आत्मालाई ओजस्वी विवेक दिने, वेदलाई संरक्षण गर्ने संरक्षक, योग्य योगीराजका दुःस्वप्ना नाश गर्ने, शोक-क्रोधरहित गम्भिर अनन्त आत्मा-परमात्मा स्वरूप प्राणमय देवी-देवतादिका विविध आदेश, आज्ञा, या अर्ति उपदेशको मार्गदर्शक, जन्म- कर्म समेतको ऋद्धि-सिद्धि फल दिने गोरक्षनाथः । मुकुट, कुण्डल, दण्ड र कठिन कडास्वरूप धारण गर्ने सुवर्ण रत्नादिका भूषण धारण गर्ने, दिन, संवत्सर र समय स्वरूप, ज्ञानको अक्षय भण्डार, पद्म, गद्य, महाकाव्यकार र काव्यशास्त्रका आविष्कारक कवि, समग्र शास्त्र र ऐतिहासिक इतिहासलाई काव्यात्मक शैलीमा रचना गर्ने छन्दो विशेषज्ञ,



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



त्रिलोकका स्वरूप प्राणी -जीवात्मा आदि समेतको विश्राम स्वरूप अविवेकीलाई विवेक दिने या मुर्खलाई धैर्य विवेक दिने, सहनशील, क्षमा दिने करुणानिधि प्रलयकार, क्षमास्वरूप, अतिशुक्ष्म र अतिस्थूल, महायोगेश्वर सबैलाई छुट्याउन र मिलाउन पनि सक्ने, सर्व विषयकोविज्ञ, सर्व देवताको पनि ईश्वर, देवतामा सर्वश्रेष्ठ, न्याय-दर्शनका समानरूप दिने, सत्यमय, सत्यनिष्ठ, सत्यात्मा कार्यलाई कहिल्यै लोप हुन् नदिने, लोकरञ्जनकारी गोरक्षनाथ : ।

आदि-अनादि सबको कल्याणगर्ने, शरण पर्नेलाई मरण पर्न नदिने, क्षमादिने, पीडालाई निवारण गर्ने, सुन्दर शुभ लक्षणयुक्त शुभाङ्ग स्वच्छता शरीर राख्ने सबैलाई शुभ-शुभाङ्ग दर्शन दिने गोरक्षनाथ: अग्नि र वायुरूपमा सबको लोककल्याण गर्ने श्रीमहाँकालस्वरूप, अभिमान रोक्ने, लिङ्गाकार व्यक्त चिन्ह रहित अचिन्त्यस्वरूप सबै भक्तलाई अभय र उभयको वरदान दिने, धर्म र गौंका रक्षक नृत्यकार, नाट्यकलामा नाट्य सम्राट, नाट्यशास्त्र र नृत्यशास्त्रका पारंगत मर्मज्ञ, भजन, किर्तन, गीत-संगीत, अभिनय, ताल साहित्यादि संगीतकलाका स्वरसम्राट भैर्व, कौशिक, हिन्दोल, दीपक, श्रीराग सहित मेघरागको साथ सबै जातिको सबै सातै स्वरकै प्रयोगकर्ताविज्ञ, सर्वत्र जात-जातिको स्वर ताल जान्ने वैरागय जान्ने बुझ्ने मर्मज्ञ, बार्षिक ६ ऋतुमध्ये चैत्र र बैशाख महिनाको प्रथम ऋतु आरम्भ गर्ने स्वयं वसन्तरूप, वसन्तका स्वामी, जीवका स्वामी, जीवरूप धारणगर्ने स्वयं जीवका जीवन दिनेदाता प्राणीको प्रथम रचनाकार जीवको जीवन प्रदान गर्ने र दु:ख, कष्ट आदिलाई हरण - भरण गर्ने, बज्रबाहुमा धारण गर्ने रविको किरण जस्तै अलौकिक नागकेशर सर्वशक्तिमान अन्तरिक्षका मालिकनै गोरक्षनाथ : ।

रुद्राक्षको माला पहिरने, नागको भूषण गहना लगाईकन नागको आसन माथि तपस्या गर्न प्रसन्न रहने, श्रीनाग-नागिनीको भूषण मनपराउने, शिरमा समेत रुद्राक्ष धारणगर्ने, रुद्राक्षको रक्षक गोरक्षनाथ:। श्रीवासुकीनागको जस्तै कण्ठमा सुहाउने, नागको आसनलाई पनि धारण



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गर्न सक्ने, वासुकीनागको जस्तै कान भएका, श्रीनाग-नागिनी भूषण गहना निर्माण गर्ने परमतत्वदर्शी, कालीगढ, भयङ्कर महाँकालको जस्तै स्वरूप, रिपुलाई समेत स्नेहको वशमा पार्न सक्ने या मोह रूपधारी, सुख, दु:ख बुझ्ने ब्रह्मत्व महायोगीराज, कुनै दु:ख, कष्टका विषय विज्ञ, निर्गुण ब्रह्म या सगुण प्रकृति आदिमा सबै सिद्धिस्वरूप, द्वन्द रहित (अद्वैत) र स्व:सिद्धिधारी ।

योगीका अठोट् कल्पनाका विषयवस्तु अति जान्ने, वेशरहित दिगम्बर, विकल्पका प्रलयलाई नाश गर्न सक्ने, सोझा-सिधा साधारण लोकालोकमा दुलर्भ योगी, जो कोहीले चिन्न नसक्ने अनमोल महासिद्धपुरूष, भक्तका जुनसुकै सत्कार्यलाई सफलीभूत गरिदिने लाभस्वरूप, मोक्ष गराउने अद्भुत शक्ति, लोकालोकका महान भक्त, समग्र वैदिक आर्ष वाङ्मयका आविष्कारक, गोरक्षनाथ वेदमयरूप छ ।

पथ्वीमा विचरण गर्ने, पृथ्वीलाई वशमा ल्याउने, पृथ्वीलाई नै पहिरने, अन्नमयकोष विश्व ब्रह्माण्डका सृष्टिकर्ता, सबका महत्वाकांक्षा जान्ने, पृथ्वीकोरूप धारणगर्ने, विज्ञानमयकोश, आनन्दमयकोश, प्राणमयकोश, अन्नरूप, ब्रह्मज्ञान दिने महायोगीश्वर, अमृत जस्तै पूर्णचन्द्र नयन भएका, अमृत, सोमपान गर्ने, पुत्र-कलत्र रहित पदार्थमा रहने विश्वास गर्न परमयोग्य, सबै लोक्लाई मोक्ष दिने गोरक्षनाथ :। सबैका हित-चिन्तन र मनन गर्ने, लोकालोकको कल्याण गर्ने, सबै युग-काल समेतको उत्पन्न गर्ने, जस्तो : कपुरको जस्तै चम्किलो, गुलाबी रंगको रूप, वेदपाठ विशेष जट्टाको जुरो धारण गर्ने, जट्टाधारी, सुन्दरकान्ति भएका अनन्त स्वरूपमा समय-समयमा आर्विभूत हुनु हुनेछ । कुनैपनि जालझेल नरच्ने, प्रपञ्चरहित, नि: स्वार्थ रहित, सत्मार्गको स्वामी, बल शक्ति जान्ने तत्वज्ञ, अहङ्कार क्रोधको नाश गर्ने, जगत चराचरको मूल आधार, लोकमा सुख, शान्ति आनन्दमय इतिश्रीका महानायक नै गोरक्षनाथ: ।

ईश्वर, धर्म, सत्य-सत्या आदि तात्विक विषयमा सूक्ष्मरूपमा मनन गर्ने तपस्वी पुरूष, दु:खमा दु:ख नमान्ने र सुखमा सुखले नगम्किने कुनैपनि विषयका कुरामा आशक्ति, डर या रिस समेत नभएका स्थिर चित्त भएकालाई 'मुनि' भनिन्छ । मुनि गणका वन्दनीय स्तुति या आदर



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सत्कार गर्न जान्ने, वीरगणका महानायक मुनि गणादिको एक नगण हुने वर्णवृत सुक्ष्मरूपमा निवास गर्ने कमलरूपी परमेश्वर मुनिगणका जीवनरक्षक, सारगर्भित शब्दमयबाट उच्चारण गर्ने शब्द सागरमयरूप, सैन्यगण शक्तिका सर्वश्रेष्ठ परमाधिपति या अतिपरमाधिपति, पापी र विधर्मीलाई पापद्वारा मुक्त गराउने औषधीशाय श्रीशिव-गोरक्षनाथ: सदा औषधीकोरूप भईरहने अतिसुन्दर अलौकिकस्वरूप, सदा मुसुक्क हाँसी मुन्द्रामा रहनु हुने गोरक्षनाथ: ।

प्राकृतिक, वनस्पति र वनकास्वामी, चारैकल्पमा चराचरमा विचरण गरिरहने मन्त्र तन्त्रका मन्त्र सबै जान्ने सर्वज्ञ, बालकहरू मध्येमा पनि सर्वश्रेष्ठ आबाल- ब्रह्माचारी, भयङ्करी कालाग्निनी पैदा गर्ने, जोड-घटाऊ गर्न सक्ने प्रतिभाशाली, सूर्य-चन्द्रमा र अग्नि झैं नेत्र भएका असंख्य-शक्तिशाली स्वरूप भएका गोरक्षनाथ: । श्रीनागरूप भएका तारा, श्रीमहाविद्या पनि शिरमा राख्ने, श्रीमहाँकाल भैरबकार स्वरूप, धर्माऽनुरागी, धर्माऽनुयायी, शान्तिमय शान्तिका महाअग्रदुत, शान्तिका पूजारी, प्रवर्तक, विभूति भष्म शरीरमा धारणगर्ने दिगम्बर, शरीरमा भष्म लेपनगर्ने, बाघ-चर्म धारणगर्ने, बाघको छाला सदा गर्ने, सामवेदको आविष्कारक, वेदलाई मायाँ गर्ने कैलासको शिखरमा निवास गर्ने स्वर्णकार सुन्दर अलौकिक केश जटा भएको, सुवर्ण दृष्टि भएका स्वतन्त्र सर्वशास्त्रमयका प्रणेता, लोक-मानव प्राणीका या सर्वत्र जीवका दु:खहरण गर्नसक्ने परमतत्वाय गोरक्षनाथ : । नजिक भन्दा नजिक अतिसुक्ष्म रूपमा अनन्तमा रहने, महाउत्साहित भई उन्नतिको उदयगर्ने, ब्रह्मचारी, सुदृढाचारी, सदाचारी र नैतिक दृष्टिले असल गर्ने परमदिव्य पुराण पुरूष, कुनैप्रकारको अन्तरालमा दमन या अत्याचार अन्त्यको निम्ति योगविज्ञ, श्रीलक्ष्मीको जस्तो नयन या रविश्रीद्वारा सर्वप्रथम निस्केर चम्किेन नयनरूप, धर्म-कर्मको सर्वफल दिने, वैशेषिक शास्त्रऽअनुसार इन्द्रियादि र संकारको दोषबाट दुष्ट ज्ञान रहित, वेदान्त-ब्रह्मज्ञान बाहेक सर्वविद्या भएका, जीव मात्रलाई संसार चक्रमा घुमाउने, कुनैपनि कठोर दु:ख नदिने, क्लेश रहित श्रीविद्याको विद्यादाता, क्षेत्रपाल भूमण्डल पृथ्वीको क्षेत्रपाल लालन पालन कर्ता र महारक्षक गोरक्षनाथ :।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गजदैत्य मार्ने गोरक्षनाथ: दयाको सागर रिपुहरूको नाश या पतन गराउने, अनेकौं कष्ट दिन सक्ने, कुर्मको रूप, ऋषभावतार, कपीलावतार र कल्की अवतार धारण गर्ने उत्पत्तिको उद्‌गम् परमपिता गोरक्षनाथ: । अनन्तका शुन्य, परमशुन्यस्वरूप, शुन्य या अनन्तद्वारा उत्पन्न हुनु भएको हुँदा शुन्यमा ब्रह्मलीन समेत हुन जान्ने, निराकार, निरञ्जन ज्योतिस्वरूप अनन्तमा रहने परमपरमेश्वर प्रकाशको ज्योतिपुञ्जकै परमज्योति, स्वामी या मालिक नभएको अर्थात् ईश्वर छ छैन, नदेखिने, सुन्य परमशुन्यस्वरूप गौं को सर्वमान्य पृयसेवक गौंपालक र संरक्षक गौंलाई तेजस्वी प्रकाशको शक्तिदिने, श्री शिवजीको द्वारपाल, श्रीनन्दी महाराजप्रिय, सुर्यकोप्रिय, वृषभध्वज, गौंलाई प्रशस्तै दानदिने, दानवीर, गौंमाताको महान रक्षक, सत्य अवतार, सत्मार्गका मार्ग निर्देशक, परमात्माको स्वरूप, ईश्वर परमात्माको आविष्कारक साक्षीरूप, महाकाश, आपत विपतिलाई निरोपर्ण गर्ने, महाधार्मिक वैदिक सनातन धर्मकाऽनुयायी धर्मनिष्ठमा अट्ल रहने महायोगीराज अज्ञानीलाई ज्ञानदिने, कट्टरवादीहरूको ताप, सन्ताप निवारण गर्न सक्ने योगेश्वर सत्यवादी मर्यादापुरूष रामकाप्रिय, लक्ष्मणबाट पूजित, भक्तका भाग्यवान भाग्यदाता, सबैको अठोट पूर्णगर्ने दाता नदि सागरका तट्मा आनन्द लिने, काशीमा बास बस्न रुचाउने नाट्य विधाका नाट्य सम्राट, लोकालोकलाई कल्याण गर्ने लोकरञ्जन सबैमा प्यारो गर्ने गोरक्षनाथ: ।

वैराग्य-भिन्न सिंगारिएको अनौठो स्वरूप सर्वमान्य पूजनीय, वैराग्यरूपी धनदिने, लोकलाई नै भरण या पालन पोषण गर्ने, विभिन्न कालखण्डमा प्रलयलाई ग्रहणशील गर्ने, कल्प-कल्पमा भक्तहरूको उद्धार गर्ने गोरक्षनाथ: ।

ऋषभदेव, गौतमऋषी मालाधारी अतिविवेक र प्रतिभाशाली महायोगीराज जगत् चराचरका सर्वश्रेष्ठ इष्टदेवता, अभिमान रहित सदा शान्तरूपमा रहने, कसैलाई दोष नदिने दोषरहित, आग्रहबाट रहित, दुष्ट्याईबाट रहित् दुष्ट विचार नरहित निलम, अनन्तकोस्वरूप नेतामा पनि सर्वश्रेष्ठ महानेता, सबैलाई सबैलाई मुक्ति भुक्तिदिने नेता सदैव शिघ्र



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



से शिघ्र भयावहको स्थितिमा समेत निर्णय लिन सक्ने अतिदुरदर्शि परिपक्व महानायक नेत्ता मानिनु हुन्छ गोरक्षनाथः ।

कल्याण युक्त स्नेह भाव राख्ने, भावकास्वरूप, विश्व-ब्रह्माण्ड आत्मा परमात्माको संसारस्वरूप आदि-अनन्तस्वरूप भएका सांसारिक बन्धनबाट मुक्ति र मोक्ष दिलाउने, लोकको कल्याण गरी भयबाट रक्षा गर्ने, ऐश्वर्यशाली शिवस्वरूप अनन्त अन्तरिक्षका स्वामी, सहस्र सृष्टिकारप्रेमी, लोकको सृष्टिलाई स्नेह गर्ने प्रेमस्वरूप, सुन्दर अलौकिक श्रेष्ठ कमलरूपी नयन भएका, नीतिशास्त्रका नीतिज्ञ, नीति-सिद्ध सिद्धान्त दर्शनको संरचना गर्ने तत्वविशारद् महातेज परब्रह्म मोक्षदिने दाता, वैदिक आध्यात्मिक जागरणका गुरू सर्वचिजको सृष्टिकार, ब्रह्माण्डका स्वामी अनावृष्टि गराउने चराचरका मालिक विश्व ब्रह्माण्डमा घुमि डुलीरहने अलौकिकस्वरूप छन् गोरक्षनाथजीको ।

अद्वैतात्मा परमेश्वर अशङ्कनीय राजालाई सर्वमान्यरूपमा सम्मान गर्ने जगतका पालन पोषणदाता, धर्म-कर्मको मंगलगर्ने परोपकारी धर्मात्मा, धर्मात्माहरूलाई संरक्षण गर्ने , प्रमुख विशिष्ठ संरक्षक, वायुका अधिष्ठात्री महेश्वर सबै प्राणीलाई प्राणदिने प्राणदाता, वायुमण्डलमा रही पञ्चतत्व प्रदानगर्ने वायुमण्डलकै परिभ्रमण गर्ने, वायुको आहार, विहार गरी शान्त स्वभावमा रहने क्रोध, अहङ्कार भन्ने नभएका बेलपत्रम्लाई अति मनपराउने शुन्य अनन्तमा रहि आश्रय लिने । बेलपत्रको प्रिय भक्त, बेलपत्रको वृक्षमुनि, तप, जप, ध्यान गर्ने, बेलपत्र वृक्षको स्वामी, बेलपत्रलाई आधार मानी बेलको रक्षक इन्द्रियलाई नियन्त्रण गर्ने जितेन्द्रिय, श्रीशिवजीका मन्त्र मन्त्रादिहरू एवं श्रीशिवजीका योगधारण गर्ने महाअनुयायी, भगवान शंकरका अतिप्रिय संसारका हरण-भरण गर्ने अलौकिक दिव्यपुरूष गोरक्षनाथः स्कन्द (कार्तिकेय) को प्रिय, आकर्षण गर्न निर्दोष, सरलीकृत प्रकारको जुन योग छ । सुखमा आसन लगाउने क्षमाप्रेमी, क्षमाशीलदाता, जहाँ रातोदिन समानरूपमा क्षमादिने महामहेश्वर हुनुहुन्छ । सबै लोकको कल्याण गर्नुहुन्छ । ज्ञानको तत्वज्ञ, ज्ञानको अक्षय अगम्य भण्डार,



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



क्षमादिने स्वामी, क्षमा प्रदान गर्ने, गोरक्ष धर्म आचार संहिताको मर्यादापालक, सर्वतत्वका विशारद् तन्त्र शास्त्रको मर्मज्ञविज्ञ, तन्त्रसिद्धको तत्वज्ञ, महासाधक, तन्त्रमार्गको प्रवर्तक तन्त्रमय, बालतन्त्र विषयक सर्वज्ञ यन्त्र मन्त्र आदिको फल दिन्या सिद्धिदात्री गोरक्षनाथ: । गोरक्षस्वरूप गौंरसका स्वामी, गौंका निम्ति सिद्धि दिने, गौंको नित्य सेवा गर्ने गौंको आसन लिएर जप तप गरिदा इच्छित फल दिने मन्त्रका प्रिय, गौंको परमरक्षक गौं भक्त एक हठयोगी सिद्ध महापुरूष गौंरूपी शिव गौंको लालन पालनका संरक्षक अभिभावक, अज्ञानको नाश गर्ने, गौपालक गोरक्षनाथ : ।

समग्र कामनाको परिपूर्ण गर्ने, सबैलाई उत्तम-उत्तम फल दिने, सर्वमय यज्ञ गर्ने यज्ञपुरूष भगवान् स्व:शुद्धज्योतिस्वरूप निराकार निरञ्जनस्वरूप कसैले रोकेर रोक्न नसक्ने विजित शक्ति भएका कहिल्यै नरोकिएको अजय शक्ति भएका, कसैले पनि विरोध गर्न सार्मथ्य छैन ? सदाजागृति रहने महासिद्धपुरूष सबै विषयका जानकार, योग मन्त्रादि आदि दैविशक्ति सिद्धि प्राप्त गरेका स्व: सिद्धि अविनाशी सुविख्यात योगीराज तपस्याद्वारा चिताइएको विषयवस्तुलाई पूर्ण गर्ने साधक सिद्ध महापुरूष महायोगी गोरक्षनाथ: ।

धर्मको प्रर्वतक स्वरूप सृष्टिका सत्य शैव सनातन धर्मका प्रणेता, धर्मशास्त्रको तत्वज्ञ र मर्मज्ञ, सत्य गोरक्ष धर्मको सृष्टिकार, धर्म विषयकाविज्ञ, महाज्ञानी महात्मा धर्मको धारणगर्ने धर्मशास्त्रका विशारद् धर्मको पालना गर्ने उत्पतिकार, सत्य धर्मको उपदेश, देवरूपी अमृतवाणी दिने प्रखर प्रवक्ता, धर्मको राजा, धर्ममार्गका नीतिज्ञ प्रवर्तक तथा सञ्चालक गोरक्षनाथ: धर्मको प्रधानाचार्य, यज्ञपुरूषको संरचनाकार धर्माचारण गर्ने अति धर्मात्मा, प्रथममानै धर्म जान्ने धर्मात्मा, धर्मका सम्बन्धमा सबै सुत्र जान्ने सिद्ध महापुरूष धर्मशास्त्रमा प्रसिद्धि पाएका जानकार दिव्य अमरपुरूष गोरक्षनाथ: । संसारको रचना र धारण गर्ने, लोकालोकका हर्ता कर्ता, भर्ता विश्व ब्रह्माण्डको पालन पोषणदाता, असुर राक्षसादिलाई नाशगर्ने विशेषज्ञ, सर्व विषयको विज्ञ, विश्वको आपत विपतिलाई समाधान



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गर्न सक्ने पापलाई नियन्त्रण गर्ने, सुमंगलमय सत्कार्य गर्ने, पुण्य-पुण्य कार्यमा समर्पित रहने र सत्व गुण ज्योतिस्वरूप, ज्ञानको उपदेश दिने, गुणै गुणका प्रसिद्धि श्रेष्ठपुरूष, प्रतिष्ठा गर्न योग्य योग्यादी स्वाभिमानी एवं प्रशंसनीय सुविख्यात परमात्मा सर्वगुणमा परिपक्व सर्वगुणका निधि गुणको सूत्रधार पूजनीय लोकालोकलाई आनन्दित तुल्याउने परमतत्वाय भगवान गुरू गोरक्षनाथ : ।

महाअखण्ड गुणका भण्डार, गुणैगुणको स्वामी प्रशंसित परमेश्वर अखण्ड गुणको सृष्टिकार उत्पतिविन्दुका प्रणेता, सुविख्यात गुणको ज्योतिपुञ्ज सहस्रगुणको केन्द्रविन्दु, हिर्ण्यगर्भ प्रज्वलितपुञ्ज सुशोभित गर्ने चराचरका अधिपति, महर्षि श्रीगर्गमुनिलाई स्नेह राख्ने, श्रीमहर्षि गर्गका इष्टदेव, महर्षि गर्गमुनिद्वारा गरिएको स्तुति, आराधना, उपासनालाई प्रसन्न मुन्द्रामा अभिरूचि राख्ने, महर्षि गर्गबाट प्रशंसित, महर्षि गर्गलाई वरदान दिने गोरक्षनाथ: । सत्य धर्मको सर्वश्रेष्ठ जेठो महाधार्मिक शास्त्रम् आदि-अनादि ॐकारस्वरूपका परमात्माबाट प्रकट ज्ञानको अक्षय भण्डार, वेदविद्याकोविज्ञ, अखण्ड वेदमय वेदादिका अधिपति वन्दनीय ज्ञाता, वेदको मर्मज्ञ आचार्य, वेदान्तको सर्वज्ञ, सुवर्णमयस्वरूप, रविश्रीको ज्योति झैं स्वरूप हवन क्रमलाई रूचि राख्ने होम होमादि कोटिहोम स्वाहा-सुधा कर्मलाई ग्रहण गर्न अति मन पराउने स्वेतवर्ण कैलास पर्वतको या हिमालय पर्वतराजस्वरूप, भगवान श्रीविष्णुजीका चौवीसौं अवतार मध्येमा एक ह्यग्रीवका अवतार धारणगर्ने, सुवर्णमय माला पहिरिने अश्वका स्वामी सुवर्णमय अलौकिक रूपमा सुन्दर शरीर धारण गर्नुहुने गोरक्षनाथ :

शास्वत शक्ति नै शक्तिका विजित शक्तिका प्रणेता, शक्तिका सृष्टिकार, शक्ति समेत दान गर्ने दानकर्ता, शक्तिका स्वामी, शक्तिका उत्पत्ति गर्ने उत्पतिकार अतिशक्ति सम्पन्न सामर्थ्य भएका सिद्ध शक्तिका विशारद् शक्तिलाई दिने र हरण समेत गर्न सक्ने दिव्यपुरूष शक्तिलाई छुट्याउन सक्ने योग्य शक्तिको प्रमुख मिलन केन्द्रको आधारकर्ता, सर्वगुणकारी,



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सबै प्रकारको ऐश्वर्यशाली दाता, तीनरेखाको चन्दन लगाउने, ब्रह्मचर्यपालक, महाज्ञानी, महावैराग्यशाली, सांसारिक विषयबाट अति टाढा रहने, अलख निरञ्जन, हात्तिको चर्मधारण गर्ने, गजासुरको नाश गर्ने, दिव्यदैवी शक्तिशाली, यज्ञपुरूष, भगवान, धर्म अनुशासन पालनकर्ता असल महापुरूष श्मशानमा बसी तपस्या गर्ने ? श्मशानमा रहने अर्ध रात्रीमा तप तपस्या मन्त्र साधना गर्ने, जंगल-जंगलमा विचरण गर्ने जट्टाजुटधारी ॐ शिव गोरक्षनाथ : खप्पर धारण गर्ने कर्मको साक्षी, कर्म गर्ने, कर्मको फल दिने, शुभ-शुभा कर्म गर्ने, कर्मको बन्धनको साथ जुनसुकै जटिल कार्यलाई सजिलै समाधान गर्न सक्ने मंगलकर्म गर्ने सदैव बाल ब्रह्मचारी सदैव बालकस्वरूपमा रही रहने जगतपति गोरक्षनाथ : ।

गौंको दुःख कष्ट सन्तापलाई हरण गर्ने रक्षक गौंको समस्या समाधान गर्ने गौंको श्रीवृद्धि गर्ने, गौंको दानगरी राख्ने महादानी, गौंको समस्या समाधान गर्ने, गौंको श्रीवृद्धि गर्ने सौभाग्यदायक ऐश्वर्यशाली दाता विधाता नै भगवान गुरू गोरक्षनाथजीलाई मानी आएको पाइन्छ ।[२]

२) इतिश्री-कल्पद्रुमतन्त्रे महासिद्धिसारे महर्षि गर्गप्रोक्तं निरंजनात्मकं गोरक्ष सहस्रनाम स्तोत्रम्बाट अनुवाद गरिएको ।





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# नवनाथको कथा



ज्योति:स्वरूप ॐकार सदाशिव आदिनाथ हुन्, पृथ्वी स्वरूपा पार्वती उदयनाथ हुन् । जलस्वरूप ब्रह्मा सत्यनाथ हुन्, तेजस्वरूप विष्णु सन्तोषनाथ हुन् । वायुस्वरूप शेषनाग अचलनाथ हुन्, आकाशस्वरूप गणेश गजकन्थडनाथ हुन् । वनस्पतिस्वरूप चन्द्रमा, चौरङ्गीनाथ हुन्, मायास्वरूप करूणामय मत्स्येन्द्रनाथ हुन् । अलक्ष्यस्वरूप अयोनिशङ्कर त्रिनेत्रधारी गोरक्षनाथ हुन् । यस्ता प्रकारले नवनाथहरूका स्वरूपसिद्ध योगीहरूले वर्णन गर्‍याका छन् । नवशक्तियुक्त नवनाथहरूलाई वन्दना गरी नवधा भक्ति लाभको निम्ति नवनाथ कथाको वर्णन गरिन्छ ।

प्राचीनकालमा एकसमय नवनाथ मण्डली भ्रमण गर्दै धर्मात्मा विदेहराज निमिको राजसभामा आएका थिए । ती नवनाथ योगेश्वरहरू यस्तो सामर्थ्य थियो, कि जहाँ पनि विचरण गर्दथ्ये । यीनको गतिलाई रोक्ने कोही थिएन । यीनी नवनाथहरू समग्र विश्व ब्रह्माण्डहरूमा आफ्नो इच्छाऽनुसार भ्रमण गर्दथ्ये । राजा निमि पनि साधु सज्जनहरूका परमभक्त थिए । तीनको सभामा अनेक सिद्ध योगी देव ऋषिमुनि साधुजन रहन्थे । ती तेजपुञ्ज नवनाथहरूलाई देख्नासाथ समग्र सभाले उठेर प्रणाम गर्‍यो । तब राजा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



निमिले तीनलाई आसन दिई साक्षात् परमेश्वरका स्वरूप जानेर अत्यन्त आदर सत्कार पूर्वक पूजा गरे । अनन्त र अतीप्रसन्नता एवं नम्रतासँग राजा निमिले प्रश्न गरे यहाँहरू त्रिलोक्लाई करामलक तुल्य देख्नु हुन्छ या अकारण कृपालु हुनुहुन्छ । म यहाँहरूलाई साक्षात् परमेश्वरका स्वरूप भनी जान्दछु । यहाँहरू संसारको कल्याणका निम्ति नै भ्रमण गर्नुहुन्छ । हे परमयोगेश्वरहरू ! संसारका यस्तो कुन उपाय छ, जो प्राणीमात्रको कल्याण गर्न सक्छ, यस्ता प्रकारले राजाको जगत्कल्याणकारी प्रश्न सुनेर अत्यन्त प्रसन्न नवनाथः योगीश्वरहरूले क्रमश उपदेश दिन लाग्या ती नवनाथहरूमध्ये सर्वप्रथम ॐकारस्वरूप आदिनाथ हो भन्नुभयो- हे राजन ! यस संसारमा भगवानका चरणको उपासना नै यस्तो छ कि जसको नाश कहिल्यै हुँदैन । साथै यही समग्र भयदेखि रहित कल्याणको साधना छ । यस उपासनाले देह आदिका अभिमानमा डुबेका पुरूषको सब भय बाधा दुर भई जान्छन् । हे विदेहराज ! मनु याज्ञवल्क्य आदिले वर्णाश्रम आदिका धर्म आत्म श्रीप्राप्तिका निम्ति जो भनेका छन् । सोही भगवद्धर्म हो । हे विदेह ! भगवद् भक्त अविद्यादेखि भएपनि हुँदैन । त्यसका सबै बिघ्न नष्ट हुन्छन् ।

मनसा वाचा कर्मशा शास्त्रद्रष्ट विधिले विहित कर्मको ईश्वरार्पण भगवद् धर्म हो । राजन ! भय भगवानको स्नेहदेखि हुन्छ । यसर्थ हे भगवानलाई नै परमगुरू मान्नुपर्छ । आफ्ना गुरूलाई भगवानका स्वरूप नै मान्नुपर्छ । किनकी जगन्मोहिनी मायाले मोहित भगवद्विमुखहरूलाई भगवत् स्वरूपको ज्ञान हुँदैन । यो मेरो हो, यो परायो हो, यस्तो भेद बुद्धिले जन्तु बन्धनमा पर्छन् । माया नै भयको मूल हो र मायाको मूल भगवान हुन् । यसर्थ मायालाई दुरनिम्ति भगवानको उपासना गर्नुपर्छ । जस्तो स्वप्नको समग्र दृश्य मिथ्या हुन्छ, त्यस्तै जाग्रतको दृश्य यो जगत् मिथ्या भैकन पनि सत्य प्रतीत हुन्छ । किनकी अनादि प्रवाहरूपले संसार तुल्य सत्य छ । परन्तुः संयोग वियोगात्मकताबाट नै मिथ्या छ । यसर्थ पुरूष संकल्प विकल्पात्मक मनलाई वशमा गरोस् । तब परा भक्ति उत्पन्न हुन्छ तथा त्यसले अभय हुन्छ । यदि मनको वशीकरण



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



कठिन हुन्छ भने भगवानको स्मरण गर्नुपर्छ वा भगवतचरित्रको गान गर्नुपर्छ । जसको मनमा भगवानमा लाग्छ त्यो जरोन्मत्तवत् कैलै हाँसछ । या कैलै रुन्छ, कैलै नाच्छ, कैले गाउँछ, कैलै चिल्लाउँछ । कैलै स्तुति गर्छ । कैलै भ्रमण गर्छ, कैलै उपालभ्भ, उपदेश दिन्छ, कैलै निश्चल भएर ध्यान गर्छ । यो भक्तिको अर्को उपाय छ संसारमा जति पदार्थ र जति प्राणी छन् ती सब भगवतस्वरूप हुन् यस्तो मानेर सर्वत्र भक्तिपूर्वक स्तुति गरोस् । जस्तै : भोकालाई गाँस-गाँसमा तुष्टि हुन्छ, त्यस्तै भक्तलाई पद-पदमा वैराग्य हुन्छ । हे निमिराज ! यस्तो रीतसँग भक्तिपूर्वक भगवानको भजन गर्ने भक्तहरूको भक्तिबाट ज्ञान हुन्छ । अनी देहपातका अन्तमा भक्तहरू मुक्त हुन्छन् । (१) यति सुनेर राजर्षि निमि फेरी प्रश्न गर्न लागे - हे योगी हो, त्यस्ता भक्तहरूको कुन धाममा अधिक श्रद्धा हुन्छ ? कस्तो स्वभाव हुन्छ ? कस्तो वृत्ति हुन्छ ? कस्तो वाणी हुन्छ ? ती कस्ता चिन्ह हुन्छन् ? यो सुनेर द्वितीय योगेश्वर उदयनाथ वर्णन गर्न लागे- हे राजन ! भगवानका उत्तम भक्त आत्मालाई सर्वत्र ब्रह्मवत् व्यापकरूपले देख्छन् एवं समग्र चराचरलाई आफूमा देख्छन् । मध्यम श्रेणीका भक्त भेद बुझीले भगवानमा भक्ति, भक्तहरूमा मित्रता, अज्ञानीहरू माथि दया एवं रिपुहरूदेखि उपेक्षा राख्तछन् । तृतीय श्रेणीका प्राकृत भक्त मूर्तिमा श्रद्धा गर्छन्, ती पनि कालक्रमले मध्यमोत्तम हुन्छन् । भगवान्को ध्यान गर्ने भक्तहरू इन्द्रियवर्गलाई विषयदेखि रोक्छन् । कदाचित प्रवृत्ति भईहाले पनि संसारलाई मायामय जानेर प्रतिकूल विषयदेखि वैर गर्दैनन् एवं अनुकूल विषयदेखि हर्ष गर्दैनन् । यस्ता श्रेष्ठ भक्त हुन्छन् । जो भक्त सदा भगवान कै भजन गर्छन् देहेन्द्रिय धर्ममा आसक्ति राख्दैनन् र काम्यकर्मबाट तीनीहरूको वासना उत्पन्न हुनु हुन्न । जसको एक ईश्वर मात्र आधार छ त्यो उत्तम भक्त हो । जुन भक्तहरूमा कुलको, जातिको, वर्णको, आश्रमको, मित्रको, विद्याको, मानको, धनको एवं बन्धुको अभिमान छैन, प्राणी मात्रलाई समान् देख्छन्, ती पनि श्रेष्ठ भक्त हुन् । साथै जो विषय विलासलाई तुच्छ जानीकन भगवानमा मनोयोग गर्छन ती



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



उत्तम भक्त हुन् । ।।२।। यो सुनेर राजर्षि निमिले हात जोडेर पुनः प्रश्न गर्न लागे- हे योगीश्वर हो ! यो समग्र जगत् भगवन् मायामय छ । यस्तो जसले जान्दछ त्यो यदि उत्तम भक्त हो भने मायाको वर्णन पनि गर्नु हवस् । यति सुनेर तृतीय योगेश्वर सत्यनाथ वर्णन गर्न लाग्नु भयो - हे राजर्षे ! प्राणीहरूलाई भोग मोक्ष आदि दिनाको निमित्त भगवानले पञ्चभूतबाट जतिभूत प्राणी उत्पन्न गरेका छन्, त्यो भगवान्को माया हो । जीव अन्तरात्मप्रदीपका प्रकाशले प्रकाशित इन्द्रियहरूद्वारा विषयवर्गको उपभोग गर्दै देह मै हूँ, इन्द्रिय मै हूँ भनी जो अभिमान गर्छ त्यो भगवानको माया हो । कर्मेन्द्रियबाट कर्म गरी सुख दुःखादि भोग्दै प्राणी बारम्बार जन्मन्छ मर्छ तैपनि मुक्ति प्राप्त गर्दैन यो भगवान्को माया हो । अनि प्रलयकालमा सय वर्षसम्म निरन्तर अनावृष्टि हुन्छ । सहस्र सूर्य तप छन् । फेरि सय बर्ष पर्यन्त निरवच्छिन्न हस्तिशुण्ड समान धाराले मेघ वर्षन्छन् । जसले विश्व जलमग्न हुन्छ । पृथ्वी जल मालीन हुन्छ । जल तेज मालीन हुन्छ । इन्द्रियसँग बुद्धि राजस अहङ्कार मालीन हुन्छन् । अहङ्कार महत मालीन हुन्छ । मह तत्व प्रकृति मालीन हुन्छ । आदि त्रिगुणात्मक समग्र संसार भगवानको माया हो । ।।३।। यति सुनेर राजा निमिले प्रश्न गर्नुभयो- हे सिद्ध हो ! विषय वासनाले बद्ध जीव यस मायादेखि कसरी पार हुन्छन् ? तब चतुर्थ योगेश्वर सन्तोषनाथ उत्तर दिन लाग्नुभयो - हे राजन ! दुस्तर माया नदीलाई तरनाका निम्ति भक्तिको नौका विना द्वितीय साधन छैन । कर्मजालले जेलिएका मोहान्ध जीवको निस्तार छैन । भक्ति विना नाना प्रकारका उपायद्वारा उपार्जित धनपनि सुखदायक हुँदैन । यस्तै प्रकार सित अन्य वस्तु पनि शास्वत सुख दिदैन । परन्तुः समग्र सांसारिक सुख क्षणभङ्गुर छ । यस्तै प्रकारसँग स्वर्ग सुखमा या न्यूनाधिक तारतम्यले एवं ईर्ष्या द्वेष आदि दोषले गर्दा दुःख अधिक छ सुख स्वल्प छ । कर्मफल समाप्त भएपछि अधःपात हुन्छ । यसर्थ कल्याणकांक्षी पुरूषले कर्म र ब्रह्म दुबैको तत्व जान्ने, सकल निगम र आगममा निष्णात, योगका करतलमा राखेका आमला समान समग्र भुवन



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



तललाई देख्ने एवं शिष्य चित्तको सन्ताप हरण गर्ने शिवयोगी गुरूका शरणमा जानुपर्छ । विधिपूर्वक गुरूकुलमा निवास गरे मनासा वाचा कर्मशा सर्वदा सर्वथा भगवद् बुद्धिले गुरूको सेवा गर्दै कटुता त्यागेर निष्कपट भावले हृदयका समग्र संशयहरूलाई गुरू चरणमा निवेदन गरी गुरूपरिष्ट मार्गबाट प्रथम क्षेत्र मित्र, पुत्र, कलत्र धन धान्य देहि गेह आदिमा वैराग्यवान भै साधु सङ्गतीको परम्परा थितिलाई जानोस् । तदनुन्तार सुखीमा मित्रता दुःखीमा करूणा पुण्यात्मामा मुदिता, पापीमा उपेक्षाको भावना गर्दै चित्तलाई प्रसन्न राखोस् । जलमृतिका आदिले बाह्य शुद्धि एवं यम नियम आदिले अन्तष्करण शुद्धि गर्दै सर्वत्र भगवत स्वरूपको दर्शन गर्दै निर्लोभ निर्मोह निष्परिग्रह निरहङ्कार निरातङ्क निरामय निस्पृह वीतराग अवधूत भएर यहच्छालाभ सन्तुष्ट जटाधारी वल्कल बस्त्रवान् कन्दमुल फलाहारी जन संसर्ग रहित भै दिन बिताओस् । शास्त्रहरूमा श्रद्धा गुरूमा भगवद् बृद्धि तुस्तर्कहरू परिहार परापवादको परित्याग, वेदविरूद्ध मतहरू तिरस्कार, श्रुति संवादले स्मृति परीक्षा, नित्य धर्मको चिन्तना, स्वरूप, भाषण वृथालापदेखि विरक्ति प्राणायाममा परायणता इन्द्रियहरूको निग्रह मनको वशीकार एवं भगवानका जन्मकर्म गुणहरूको नित्य श्रवण यस्तै श्रेष्ठ कर्महरूको नै आचरण आदि अजवद्य कर्म गुरूबाट सिक्नुपर्छ र विपरतिलाई त्यागी दिनुपर्छ । यज्ञदान व्रत उपवास जप, तप, सदाचार एवं अन्य जो वैदिक कर्म मनलाई ठीक लाग्छ तीनलाई ईश्वर प्रणिधान विधिले भगवानका चरणमा अर्पण गरोस् । स्त्री पुत्र धन पुत्र बन्धु गृहादि समग्र भगवत प्रदत्त प्रसाद जानेर यथा समय उपयोग गरोस् । पहिले स्थावर तीनमा जङ्गम तीनमा मनुष्य तीनमा धर्मसेवी तीनमा भगवद् भक्त तीनमा योगीश्वरहरूको ईश्वर बुद्धिले सेवा गर्नुपर्छ जसले भगवानमा तन्मयता हुनजान्छ । जब यस प्रकारका परा भक्तिले भगवान्मा तन्मयता हुन जान्छ । तब त्यो भक्त भगवान्को दर्शन बिना आफुलाई मन्दभाग्य जानेर धिक्कार गर्दै रून्छ । कहिले भक्त भक्तवत्सल भगवान भक्तिले वशमा हुन्छन् भनेर आनन्दले हाँस्छ । कहिले आर्त जस्तो उच्चस्वरले चित्कार गर्छ । कदाचित भगवानको ध्यानमा निमग्न भएर स्थाणु समान निश्चल भै जान्छ । यस्ता



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



प्रकारले भगवानको भक्त मायालाई तर्दछ ।।४।। यस प्रकार सित सुनेर राजा निमिले फेरी प्रश्न गर्नुभयो हे अवधूत हो । ब्रह्मको कुन स्वरूप छ ? ब्रह्म सदाशिव नारायण भगवान् परमात्मा आदिनाथ: ईश्वर गोरक्ष आदि पदहरूको वाच्य छ कि भिन्न छ ? तब पञ्चम योगेश्वर अचलनाथ वर्णन गर्नुहुन्छ-हे विदेहराज एक हो ब्रह्म सम्बन्ध भेदले गर्दा नानारूपले भिन्न प्रतीत हुन्छ । जो सृष्टि गर्छ त्यो स्रष्टा हो । जो रक्षा गर्छ त्यो गोरक्ष हो । जो संहार गर्छ त्यो हर हो । जो व्याप्त गर्छ त्यो विष्णु हो । जो कल्याण गर्छ त्यो शङ्कर हो । जसमा जगत शयन गर्छ त्यो शिव हो । जो विशेष रूपले विराजमान त्यो विराट् हो । जसबाट सुख हुन्छ त्यो शम्भु हो । जो प्राणीहरूको शासक छ त्यो ईश्वर हो । जो रूलाउँछ त्यो रूद्र हो । जो जगतको नाश गर्छ त्यो शर्व हो । जो समर्थ हुन्छ त्यो ईशान हो । कर्मफल भोग्ने जीव पशु हुन् । तीनको पालक पशुपति हो । पशु ज्ञानलाई पनि भन्छन्, ज्ञानको पति पशुपति हो । जो भूत प्राणीहरूको ईश छ त्यो भूतेश हो । जो महान ईश्वर छ त्यो महेश्वर हो । जो प्राणीलाई सुख दिन्छ त्यो मृड हो । जसबाट भव संसार हुन्छ त्यो भव हो । जो प्राणी प्रेरक छ, त्यो प्रभु हो । जो नाना नामरूपले क्रीडा गर्छ त्यो देव हो । जो महान देव छ त्यो महादेव हो । जो व्यापक छ त्यो आत्मा हो । जो परम ईश्वर छ त्यो परमेश्वर हो । जो षडैश्वर्य भग हुन्छ । भग भएको भगवान हो । जललाई नारा भन्छन् , नारा निवास स्थान जस्को छ, त्यो नारायण हो । जो महाप्रलयमा शेष रहन्छ त्यो शेष हो । जो यस हृदयमा भ्रमण गर्छ त्यो नारायण हो । जो शरीरको पुरमा शयन गर्छ त्यो पुरूष हो । जो मिल्नेहरूको ताण गर्छ त्यो मित्र हो । जो जगतको वरण गर्छ त्यो वरूण हो । जो जीवहरूको नियमन गर्छ त्यो यम हो । हृदयकाशमा जो गमन गर्छ त्यो मा तरिश्वा हो । जो समग्रहरूलाई आफुलाई लिन्छ त्यो वैश्वानर हो । जो सर्वत्र जान्छ त्यो वायु हो । जो अग्रिम पदमा लैजान्छ, त्यो अग्नि हो । जो ऐश्वर्यवान हुन्छ तथा जो आशिर्वादले कल्याण गर्छ त्यो नाथ हो । जो लोकहरूको नाथ छ त्यो लोकनाथ



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



हो । जसमा सबै लोक बस्तछन त्यो वसु हो, वसुरूपी देव नै वसुदेव हो एवं वसुदेव नै वासुदेव हो । जो विश्वको विधान र धारण गर्छ त्यो विधाता हो । जसमा योगीहरू रमण गर्दछन त्यो राम हो । जो परिवृद्ध हुन्छ त्यो ब्रह्म हो । यस्ता प्रकारले एक परमेश्वरका नाना कायभेदले नामहरूको निर्वचन गरिन्छ । वास्तविक भेद छैन । जा जाग्रत स्वप्न र सुषुप्तिमा साक्षी रूपले भासत छान्यो त्यो ब्रह्म हो । जो समाधिमा परमज्योति हुन्छ त्यो ब्रह्म हो । जस्तै स्फूलिङ्ग महाग्निलाई प्रकाशित गर्न सक्तैनन तर महाग्निद्वारा प्रकाशित हुन्छ । त्यस्तै इन्द्रियहरूलाई आत्मा प्रकाशित गर्न सक्तैनन किन्तु आत्माद्वारा प्रकाशित हुन्छन् ।

जहाँदेखि वेद पनि मनका साथ असमर्थ भै फिर्दछ । ताहाँ इन्द्रियहरूको क्या कुरा ? जो वाणीपनि प्रेरक छ, त्यो ब्रह्म हो यति भनेर श्रुति मौन भै हाली । संसारमा जो स्थूल छ एवं जो सुक्ष्म छ त्यो सब ब्रह्म नै हो । किनकी सबैको मूल कारण ब्रह्म छ । अनन्त शक्ति हुनाले एकै अनेक प्रकारले प्रतीत हुन्छ । आत्मा न जन्मन्छ न बढदछ, न परिणत हुन्छ न क्षीण हुन्छ एवं न नष्ट हुन्छ । किनकी बाल्य यौवन वृद्धता आदि देहका धर्म हुन आत्माका होइनन् । आत्मा सर्वदा एक रस छ । त्यसमा विकारको लेश छैन एवं सबैको आनन्ददाता छ ।।५।।

यो सुनेर राजा निमिले पुनः प्रश्न गर्नुभयो-हे जगतका मंगलकारी योगीश्वरहरू ! अब कर्मयोगको उपदेश गर्नु हओस् । जुन कर्मयोगले मनुष्यै यस जन्ममा कर्मपाशको छेदन गरी कैवल्यमुक्ति लाभ गरोस् । यही प्रश्न एकसमय मैले पिता इक्ष्वाकुका निकट सनकादि सिद्धहरूसँग गरेको हुँ । तर तीनीहरूद्वारा उत्तर प्राप्त भएनन् । यसमा क्या कारण छ ? यस्तो सुनेर षष्ठम योगेश्वर गजकन्थड्नाथः वर्णन गर्न लाग्नु भयो-राजन ! ईश्वरका निश्वासरूपी शब्द राशी वेदमा कर्म -अकर्म विकर्म यस परम्परासँग तीन प्रकारका कर्म हुन्छन् । वेद अपौरुषेय छ । जस्मा वाक्यहरूको पूर्वाधार समन्वय योगीहरूलाई पनि दुष्कर छ । कर्मगति गहन छ । उस समर्थ तिमी बालक थियौं । यसैकारणले तीन



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सिद्धहरूले कर्मयोगको उपदेश दिएनन् । वेद परोक्षवादी छ, एक अर्थलाई गुप्त राखेर द्वितीय अर्थको प्रतिपादन गर्छ । जसरी जान्दछ त्यसलाई त्यसैगरी जनाउँछ । तद्ऽनुसार कर्म गर्छ, तद्ऽनुकुल नै फल मिल्दछ । जस्तै रोगी बालकलाई वैद्यले मिष्ठान्नसँग औषधि दिन्छ । त्यस्तै वेद पनि स्वर्गादि सुखको लोभ दिएर मोक्षार्थ पुरूषलाई कर्मयोगको उपदेश दिन्छ । जो वेद निहित कर्म गर्दैन भने त्यो अवश्य घोर नरकमा जानेछ । जो वेद विधि या वेद अनुरूप कर्म गर्छ, त्यो ज्ञान वैराग्य भक्ति लाभद्वारा मोक्ष प्राप्त गर्दछ । वेदमा जो स्वर्गादी भोगको वर्णन गरिन्छ- गुरूपदिष्ट मार्गबाट पवित्र भएर समहित मनले पवित्र देशमा यथाकाल प्राणायाम गरी स्वेष्टमूर्तिको मन्त्रपूर्वक पाद्य, अर्घ्य, आसन, मधुपर्क, स्नान, वस्त्र, भूषण, गन्ध, चन्दन, पत्रम् पुष्पम, अक्षता, माला, धुप दीप, नैवेद्य, पान सुपारी, यज्ञोपवित आदि सामग्रीले यथाविधि पूजा गरोस् । स्तुति नमस्कार, जप, ध्यान गरि भगवानको प्रदक्षिणा गरि प्रसाद गरि शिरमा राखि नैवेद्य सेवन गरोस् । मूर्तिलाई सिंहासनमा राखि विर्सजन गरोस्, यस प्रकारले आरधना गरोस् । यसै विधि सित प्रधान र अग्नि सूर्य, जल, वायु, पृथ्वी एवं अन्य दिक्पालहरूको ईश्वर बुद्धिले उपासना गरोस् । यसो जसले गर्छ त्यो प्रणिधानले कर्मजालबाट मुक्त हुन्छ । जुन प्राकृतिक वस्तुमा अभिरूची हुन्छ उनमा भगवद् भावनाले गरोस् । यस्ता परम्परासँग यो तान्त्रिक कर्मयोग भयो ।।६।।

यस कर्मयोग विधिलाई सुनेर विदेहराज निमिले भगवानका अवतारको जिज्ञासा गरे । राजोवाच- हे नवनाथ सिद्ध हो ! भगवान समय २ मा आफ्ना अवतारहरूले जुन चरित्र गर्दछन तीनलाई सुन्न चाहन्छु उपदेश गर्नु हवस् । यति सुनेर सप्तम योगेश्वर चतुरङ्गिनाथ (चौरङ्गीनाथ) वर्णन गर्न लागे- राजन ! जो अनन्त भगवानका अनन्त जन्म कर्म गुण गणहरूको गणना गर्ने इच्छा गर्छ । त्यो समुन्द्रका बालुवाका कर्णहरूको गणना गर्छ । वर्षादका विन्दहरूको गन्ति गर्छ । पृथ्वीका परमाणुहरूको संख्या गर्छ । हे विदेह ! तथापि प्रधानतया कहिन्छ- त्यो परमेश्वरले



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



आकाशादि पञ्च महाभूतहरूलाई उत्पन्न गरेर ब्रह्माण्ड भाण्डका उदरमा स्वयं प्रवेश गरेर पुरूष नामले सुविख्यात भयो । जसबाट ब्रह्मा विष्णु रूद्रादि देव उत्पन्न भए । जो सृष्टि स्थितिलय आदि गर्छन् । दक्षप्रजापतिको कन्या धर्मकी पत्नीका गर्भबाट नर नारायण नामका द्विटा अवतार भए । जो अद्यापि नारदादि सिद्ध ऋषि योगीहरूको मण्डलीकासाथ हिमालयका बदरिकाश्रममा तपस्या गर्छन । तीनका योगबलले भयभीत भएर तहाँ एक समयमा इन्द्रले तपोभङ्ग गर्नलाई सखा वसन्तका साथमा अप्सरा सहित कामदेवलाई पठाए । तब कामदेवले ताहाँ वसन्त ऋतु प्रवृत्त भैसकेपछि मेनका रम्भा, मञ्जु, घोषा, तिलोत्तमा घृताचि, सुकेशी, प्रमुख अप्सराहरूका लीला विलासले तीनको समाधि खण्डित गर्नलाई भूरि प्रयत्न गऱ्यो । त्यस समयमा नरनारायण कामदेवको मूर्खता देखेर मन्द भई हाँस्न लाग्नु भयो । आफुलाई निष्फल एवं तीनलाई हाँसीरहेको देखेर लज्जा नतमस्तक मदन शाय भयले काँपन लाग्यो ।

त्यसलाई काँपीरहेको देखेर नरनारायणले भन्नुभयो । हे सपरिवार मदन ! न डर तिम्रो स्वागत छ, आतिथ्य सहमति गर एवं आश्रमलाई कृतार्थ गर । किनकी जहाँ अतिथि सत्कार हुँदैन ताहाँ देवी देवतादिहरूको वास रहँदैनन् । यति सुनेर लज्जाले शिर झुकाईकन हात जोरीकन अप्सराहरूका साथ नरनारायणको स्तुति समेत गर्न लागे- हे देव ! तपाईहरूमा यो देखि रहित निर्विकार निरञ्जन निष्काम निस्पृह एवं योगीश्वर हुनुहुन्छ । यहाँहरूका चरणाविन्दको सेवा सुर नर मुनिजनहरू सदा गर्दछन् । यहाँहरूको तपो भङ्ग कस्ले गर्न सक्तछ । गर्नेको भङ्ग हुन्छ । हे नाथ ! तपाईहरूका सेवक नै स्वर्गको उल्लंघन गरेर बैकुण्ठमा अकुण्ठित गतिले प्रवेश गर्छन् । यहाँहरूका सम्मुख त्यो वौरा इन्द्र क्या वस्तु छ र ? जस्को नामैले भक्तहरू विघ्नलाई दूर गरी हाल्छन् । तीनका विघ्न कस्ले गर्न सक्तछ ? मनुष्य द्वि प्रकारका हुन्छन् । जो यहाँहरूको भक्ति त्यागेर भोगार्थ कर्म गर्छन । ती प्राय क्रोधादिहरूका वशमा भै हाल्दछन् । हामी जस्ता वशमा पर्छन् । जो हामीहरूका वशमा आउँछन्



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



ती क्षणिक स्वर्ग भोग्छन् । साथै जो क्रोधादिका वश्य हुन्छन् । ती अतित क्लेश पाउँछन् । कोही तपस्वीहरू भोक, प्यास, शीत, उष्ण आदि द्वन्द सहिष्णु भैकन पनि कोपका वशीभूत भएर तृष्णाग्नि तुल्य अल्पशक्ति गोष्पद जलमा डुब्छन् चिरकाल सञ्चित तपस्यालाई पनि निष्फल गरिदिन्छन् । हे राजन ! जब कामदेवले नरनारायण ऋषिको यस्तो स्तुति आरम्भ गरे । तब त्यस्को गर्व चूर्ण गर्नाकन तीनले योगबलबाट हजारौं दिव्यस्त्रीहरूको सृष्टि गरे । तीनको रूप लावण्य देखेर समग्र लोका-लोकहरूको मोहन गर्ने अप्सरा र जगत्को उन्मादन् गर्ने मदन पनि एकैसाथ मोहितै भै गए । सहस्र चन्द्रहरूका सम्मुख तारागण समान निस्तेज भएर लज्जा सागरमा निमग्न भै हाले । तीनीहरूलाई यस्तो देखेर मन्दस्मितपूर्वक नरनारायण भन्नलाग्नुभयो हे मन्मथ ! इच्छाऽनुसार यिनीहरूमध्ये कुनै कामिनीलाई माग । तब निरन्तर शिर निहुरियाएर कामदेवले बारम्बार आज्ञा दिदा रूप सम्पदाले त्रिलोकीलाई वशमा गर्ने उवर्शी नामकी स्त्रीरत्नलाई ग्रहण गरेर नरनारायणका चरणमा प्रणाम गरेर स्वर्गका लागि प्रस्थान गऱ्यो । अमरावतीकी सुधर्मा सभामा सिंहासनारूढा इन्द्रको सेवामा नरनारायणदत्त उर्वशीलाई समर्पित गरी नमस्कार गरेर वृतान्त सुनायो । जस्ले गर्दा इन्द्र लज्जित भई विस्मित भयो । हे विदेहराज ! अब अन्यावतारहरूको चरित्र सुन हंसावतारद्धारा परमेश्वरले ब्रह्मालाई ब्रह्मविद्याको उपदेश दिए । दत्तावतारले महासति अनसूयालाई अतुल कीर्ति दिए । सनकादि सिद्धका अवतारले साधकहरूलाई सिद्धि दिए । ऋषभावतारले नरऋषभहरूलाई धर्मोपदेश दिए । ह्यग्रीवावतारले दुःख व्यग्र जीवहरूको उद्धार भयो । वराहावतारले हिरण्याक्षलाई मारी जलमग्न पृथ्वीको उद्धार भयो । कूर्मावतारले मन्दराचल धारण गरी रत्न रत्नादिहरूको उत्पति हुन गयो । नृसिंहवतारले हिरण्यकशिपुलाई मारी प्रह्लादलाई आनन्दित हुन पुग्यो । चक्री अवतारले चक्रद्वारा नक्रलाई मारी गजेन्द्रको मोक्ष भयो । कदाचित कश्यपको होमका लागि समिधा ल्याए । कदाचित बालखिल्य ऋषिहरूलाई गोष्पद जलमञ्जनबाट बचाए । कदाचित इन्द्रलाई ब्रह्महत्या देखि मुक्त भए कदाचित दैत्यका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



बन्दिगृहबाट देवाङ्गनाहरूलाई मुक्त गरे । कदाचित अमृतहरणका निम्ति मोहिनी अवतारले असुरहरूलाई मोहित पारे । कदाचित वामनावतारले पातालमा बलिलाई बाँधि तीनचरणले त्रिलोकलाई व्याप्त पाऱ्यो । जामदज्न्य अवतारले सहस्रबाहुको बल नष्ट गरी पितृ तर्पण गरे । रामावतारले दारूण रावणलाई मारी लोकको मर्यादा अटल राखे । कृष्णवतारले गोर्वधन पर्वतको उद्धार गरि नाना प्रकारको लीला गरे । बुद्धावतारले व्यर्थ हिंसालाई रोकीकन करूणाले लोकोद्धार गरे । कल्किवतारले म्लेच्छहरूको उप्छेद गरि सत्ययुगमा यस्ता प्रकारले यथा समय अवतार लिएर परमेश्वरले जगतको प्रतिपालन गर्दछन् । ।।७।।

यति सुनेर राजा निमि फेरी सोध्नुहुन्छ- हे अवदुत हो ! जो मनुष्य भगवत् भक्ति रहित भै केवल विषय निरत हुन्छन् तीनको क्या गति हुन्छ ? यस्तो सुनेर अष्टम योगेश्वर करुणामय मायानाथ मत्स्येन्द्रले भन्नुभयो- हे राजन !निमे ! भगवान नारायणका विराट्स्वरूपको मुखबाट ब्राह्मण बाहुबाट क्षत्रिय ऊरुबाट वैश्य पाउबाट शुद्र उत्पन्न भयो । सत्वप्रधान ब्राह्मण हुन्छ । सत्वरज प्रधान क्षत्रिय हुन्छ । रजस्तम्: प्रधान वैश्य हुनछ । तम: प्रधान शुद्र हुन्छ ।सदाचारमा ब्राह्मणको प्रतिष्ठा छ । शौर्यमा क्षत्रियको प्रतिष्ठा छ । व्यवसायमा वैश्यको प्रतिष्ठा छ । सेवामा शुद्रको प्रतिष्ठा छ । हृदयदेखि ब्रह्मचर्य कुक्षि देखि गार्हस्थ वक्ष: स्थलदेखि वानप्रस्थ एवं मस्तकदेखि तुरीय योगाश्रम उत्पन्न भयो । जो भगवानको भजन गर्दैनन् ती कृतध्नहरू मरेर दुर्गति प्रात्त गर्छन । कर्म जालले मोहित भएका मानिस भक्तिको निन्दा गर्छन् । परन्तु: ती शास्वत सुख पाउदैनन् । स्वार्थका निमित्त जो सहस्र अनर्थ गर्दछन् तीनीहरूको विस्तार हुँदैन । जो देश जाति कुल, धन, बन्धु, पुत्र, कलत्र, मित्र, क्षेत्र, बल, बुद्धि, विद्या, अधिकारले मोहित भएका मदान्धहरू भगवानको र भगवद् भक्तहरूको निन्दा गर्छन् । तीनको कल्याण हुँदैन । जो नजाने पनि वेदज्ञ जस्ता भैकन निवृत्ति परक वेदलाई प्रकृति परक गरेर प्रतिपादन गर्छन् । आफ्ना कपोलकल्पित मतले मनुष्यलाई मोहित गरेर स्वार्थसिद्धि गर्छन् । ती घोर नरकमा जान्छन् । जो स्वयं वेद विरूद्ध



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



ग्रन्थहरू बनाईकन सिद्ध ऋषि भगवान् नामले दुराचारको प्रचार गर्छन् । जो केवल पशु हिंसा मध्य मांस मोदक द्रव्य आदि अभक्ष्य क्षणले विलास रहित भएका मानिस उत्तम गति प्राप्त गर्दैनन् । धर्माथ धन हो, दुर्विषयका लागि हैन । परोपकारलाई शरीर हो सुख भोगार्थ हैन । तत्व ज्ञानार्थ विद्या हो, विवादार्थ हैन । विषय स्थितिमा कर्तव्य निश्चयका लागि बुद्धि हो परच्छिद्र गवेषणोलाई हैन । यति वस्तुहरूको विपरित प्रयोग गर्ने खल क्दापि कल्याणको भागी हुँदैनन् । जो निर्दयी पुरूष पशु हिंसाले आफ्नो पेट भर्दछन् । तीनलाई मारेर पशु पनि त्यस्तै रितसित हिंसा गर्छन् । ज्ञानी भक्तहरू भव सागरलाई तर्दछन् । जो नर सदा पर निन्दा अपवाद पशुनता अनिष्ट चिन्तन र क्लह आदिमा तत्पर रहन्छन् एवं परलोक देखि निश्चिन्त रहन्छ, ती निरवधि नरकमा जान्छन् ।।८।।

यति सुनेर राजा निमिले पुन: प्रश्न गर्दै भन्नुभयो- हे योगेश्वर हो ! भगवान कुन समयमा कुन वर्णले र कुन आकारले रहन्छन् ? कुन प्रकारका पुजा कस्ता विधिले उपासना गर्छन् ? तदन्तरमा यति सुनेर नवम्नाथ श्रीशम्भु अयोनिशंकर गोरक्षनाथ वर्णन गर्न लाग्नु भयो -हे राजन ! परमेश्वर सत्ययुगमा शुक्लवर्ण चर्तुभुर्ज स्वर्णवर्ण जटाधारी वल्कलव स्रवान मृर्ग चर्मधारी यज्ञोपवित शोभित दण्ड कमण्डलु मण्डित ब्रह्मचारीरूपले रहन्छन् । जो समयमा मनुष्यहरू शान्त निर्वेर सर्वभूतहितकारी सुख-दु:खादि द्वन्दमा समान इन्द्रिय निग्रहि योग पारायण ध्यान निरत भैकन सर्वतोभावले हंस सुवर्ण बैकुण्ठ धर्म योगेश्वर ईश्वर मनुपुरूष अव्यक्त परमात्मा आदिनाथ आदि नामले भगवानको उपासना गर्दछन् । त्रेता युगमा भगवान रक्तवर्ण चर्तुभुज पिङ्गल जटाधारी मेखलामण्डित स्रुव श्रुतिधारी यज्ञमूर्तिले विराजमान् हुन्छन् । त्यो समयमा मनुष्य धर्मात्मा ब्रह्मवादी ऋक, यजु: साम तीन वेदले वृष्पि गर्भ सर्वदेव उरूक्रम उरूगाय वृषाकपि जयन्त आदि नामले यजन गर्छन । कलियुगमा भगवान नीलवर्ण शंख, चक्र, गदा, पद्म भूषित चर्तुभुज नन्द सुनन्द आदि पार्षदहरूले सेवित कल्किरूपले रहन्छन् । त्यो समयमा मनुष्य भगवानको ईश्वर गोरक्ष माधव विभू सर्वज्ञ आदि नामले



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भजन गर्छन एवं प्रकारले चारै कल्पमा परमेश्वरको आराधना गरिन्छ । अर्थ च अन्य कल्प भन्दा कलियुगको प्रशंसा गुणग्राही जनले गर्छन । परन्तु: सत्यमा ध्यानले त्रेतामा यज्ञले द्वापरमा पूजाले जो फल प्राप्त हुन्छ । त्यो फल कलियुगमा केवल भक्ति योगले पनि मिल्दछ । हे विदेहराज ! यसकारणले अन्य कल्पको प्रजा कलियुगमा जन्म लिन चाहन्छ । जहाँ शिव गोरक्ष ईश्वर परमेश्वर प्रभु आदि नामले भक्तहरू उपासना गर्छन । कलियुगमा प्राय: अन्य देशभन्दा द्राविड देशमा भक्तहरू उत्पन्न हुन्छन् । जुन देशमा ताम्रपर्णी कृतमाला यशस्विवी कावेरी आदि महानदीहरू पश्चिम बाहिना छन् । तीनको जलपान गर्नाले मनुष्य तत्काल भक्त हुन्छन् । हे निमिराज । जो पुरूष देव, पितृ, ऋषि ऋण शेष, भयो या भएपनि भगवानका शरणमा आएर उऋण हुन्छन् । भगवानका शरणमा आएका भक्त सर्वपाप देखि मुक्त हुन्छन् एवं प्रकारेण नवनाथहरूका मुखारविन्दबाट परमेश्वरको महिमा सुनेर विदेहराज निमिले सुतरां कृतकृत्य भैकन षोडशोपचारले पूजा गरी वद्धाञ्जली भएर सभा रहित नवनाथहरूलाई प्रणाम गर्नुभयो । यस्ता प्रकारसँग निमिका निमित्तले आवील लोकहरूलाई कृतार्थ गरेर ती नवसिद्ध सबैले हेर्दाहेर्दै आकाश मार्गबाट प्रस्थान गर्नु भयो । तीनका उपदेशामृतको पान गरेर राजा निमिले औरसपुत्र समान चिरकाल पर्यन्त प्रजा पालन गरी सपरिवार समेतले परमगति प्राप्त गरे । सिद्धर्षि मण्डल पनि तीनको उपदेशलाई दशै दिशामा प्रचार गर्न लागे । तबदेखि नवनाथ कथाको पृथ्वीमा प्रसिद्धि समेत प्राप्त छ र भयो ।।९।।[३]

३) नवनाथ उपासना और गुरु गोरक्षनाथ जीवन चरित्र पृष्ठ २१-३७ सम्म हिन्दि टीका अनुवाद गरिएको ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# जान्नुपर्ने विषय

१) कुन बेला कुन रूपी ?
उत्तर : ॐकारे शिवरूपी मध्यान्हे हंसरूपी सन्ध्यायां साधुरूपी
२) कति अक्षर ?
उत्तर : हंस परम हंस (हंस: सोऽहं) दुई अक्षर ।
३) कुन गुरू ?
उत्तर : गुरू त गोरक्ष (गोरक्षनाथ)
४) कुन गायत्री ?
उत्तर : काया त गायत्री (अजपा गायत्री)
५) कुन ब्रह्म ?
उत्तर : ॐ ब्रह्म
६) कुन शक्ति ?
उत्तर :सोऽ हं शक्ति
७) कुन माता ?
उत्तर : शुन्य माता
८) कुन पिता ?
उत्तर : अवगत पिता (अवधूत पिता)
९) कुन जात ?
उत्तर : विहङ्गम जात
१०) कुन पन्थ ?
उत्तर : अभय पन्थ
११) कुन वेद ?
उत्तर :सूक्ष्म वेद
१२) कति शाखा ?
उत्तर : असंख्य शाखा
१३) कति प्रवर ?
उत्तर : अनन्त प्रवर (हरमुख प्रवर)
१४) कुन गोत्र ?
उत्तर : निरञ्जन गोत्र
१५) कुन क्षेत्र ?
उत्तर : त्रिकुटी क्षेत्र
१६) कुन जोत ?
उत्तर : जुगति जोत
१७) कुन स्वरूप ?
उत्तर : जलस्वरूप



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# श्रीनाथ



श्रीनाथ: पन्थको ऐतिहासिक, आध्यात्मिक ग्रन्थ अध्ययन गर्दा सृष्टिको शैवधर्म परम्परामा पुगिन्छ । लिङ्गपुराण-२४ अध्यायमा प्रत्येक चतुर्युगका द्वापरयुगमा एक शिव-अवतार भएको वर्णन पाईन्छ । अट्ठाईसौं अवतारमा लकुलीश नामका हुन् । उनी शिव-अवतार योगी र उर्ध्वरेतस भएको उल्लेख छ । उनका चार छोरा शिष्यको नाम समेत उल्लेख गरिएको छ । सो विवरणमा चार शिष्यमा कुशिक, गर्ग, मित्र, करूष आदिको उल्लेख छ । वेदविद्यामा पारङ्गत माहेश्वर योग जानेका उध्वरेतस् (ब्रह्मचर्य एवं योग सिद्धिद्वारा वीर्यलाई माथि खिचेर शरीरमा मिलाउने शक्ति) सिद्ध भनिएको छ । जसमा सिद्धनाथ, योगी, अवधूत आदि सम्प्रदायमा कुण्डलधारी, दर्शनी, योगी नामले श्रीनाथ पन्थको सूत्र परिचय पाईन्छ ।

## 'नाथ' शब्दार्थको परिभाषा :

'नाथ' शब्दार्थको शाब्दिक एवं दार्शनिक भावार्थ गोरक्ष सिद्धान्त संग्रह गन्थाऽनुसार राजगुह्य एवं शक्ति संगम तन्त्रको उल्लेख गर्दै वर्णन गरिएको छ ।

नाकोरो ऽनादिरूपं थकार स्थाप्यते सदा ।<br>
भुवनत्रयमेवैकं श्री गोरक्ष नमोस्तुते ।।

'ना' को भावार्थ हो अनादिरूप र 'थ' को अर्थ हो भुवनत्रयको स्थापनकर्ता । यस्ता गोरक्षनाथलाई नमस्कार ।

श्री मोक्षदान दक्षत्वाद् नाथ ब्रह्मानुबोधनात् ।<br>
स्थागिताज्ञान विभवात् श्रीनाथ इतिगीयते ।।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भावार्थ - 'ना' भनेको त्यो तत्व हो, जसले मोक्ष दिन्छ र 'थ' को अर्थ हो अज्ञानलाई स्थगित गर्ने । यसर्थ नाथ शब्दार्थ ब्रह्मरूप अथवा परमतत्वरूप ईश्वर हो, जसले मोक्ष प्रदान निश्चय नै गर्ने छ ।

दुबै श्लोकद्वारा प्रदिपादित हुने अर्थद्वारा सृष्टि, स्थिति, लयका कारणस्वरूप नै ईश्वरको बोध हुन्छ ।

शक्त्यातु सृज्यते विश्वं शिवेन परिपाल्यते ।
कालेन च संहृयते मुक्तिर्नाथेन दीयते।।
तथा शक्तिजगत् कर्त्री शिव: पालक :।
काल: संहारक : । नाथो मुक्तिदायक :।।

शक्ति सृजना गर्ने, शिव पालना गर्ने र काल उसको संहार गर्ने एवं नाथ मुक्ति दिने हुन् । यसै ग्रन्थमा उल्लेख छ । अस्मिन् मार्गे अद्वैतपरिवर्ती नाथो देवता प्राप्य निराकार ज्योतिनाथो ध्येय साकारनाथोपास्य अथ च आदि गुरू । नाथको तीनरूप मानेर उक्त वृत्तिमा उल्लेख गरिएको छ । अद्वैत परवर्ती नाथ प्राप्य देवता हुन् । निराकार ज्योतिरूप नाथ ध्येय हुन् र आदिगुरूको रूपमा नाथ उपास्य हुन् । अद्वैत वा द्वैतवादी नाथ दर्शनकोरूप आगमवादी देखिन्छ । नाथसम्प्रदाय साधना पक्षलाई लिएर नै अगाडि बढ्दछ । "नाथाद् द्विप्रकारा सृष्टिर्जाता- नादरूप विन्दुरूपा च" नाथबाट दुईप्रकारको सृष्टि भयो नारदरूप र विन्दुरूप) भन्ने उक्तिले गोरक्ष सम्प्रदाय महातान्त्रिक दर्शनको विषयलाई उद्घाटित गर्दछ । गोरक्षवाणी अनुसार नाथ शब्दको भावार्थ यस्तो पाईन्छ - नाथ शब्दको दूई अर्थमा प्रयोग भएको छ । नाथको अर्थ रचयिता भन्ने हुन्छ र अन्य स्थानमा ब्रह्म या परमतत्व भन्ने अर्थमा ।

पुराण र अन्य वैष्णव सम्प्रदाय एवं निर्गुण सन्त सम्प्रदायमा पनि नाथ शब्दार्थमा ब्रह्म वा ईश्वरको अर्थमा नै गरिन्छ । नाथसम्प्रदायको भावार्थलाई विवेचनालाई मनन गर्दा परमतत्वका उपासक योगी सिद्धहरूको सम्प्रदाय भन्ने बुझिन्छ । नाद विन्दुरूपमा परिणत हुने परमशिवका उपासक सर्वश्रेष्ठ दर्शनका अनुयायी हुन् । नाथपन्थी साहित्यादिमा सिद्धमार्ग, योगमार्ग, योगसम्प्रदाय, अवधूत यी सम्प्रदायका उल्लेख छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# अवधूत योगी

अब अवधूत योगीको लक्षण भनिन्छ- अवधूत योगी भनेको कस हुन्छ ? यस प्रश्नका उत्तरमा शिव गोरक्षनाथ वर्णन गर्नु हुन्छ- प्रकृतिका समग्र विकारहरूको अवधुनन गर्छ, त्यो अवधूत हो । जसा सबप्रकारको योग छ, योगी हो । ताँहाँ धुञ् धातु कम्पन अर्थमा प्रयु छ । कम्पनको अर्थ चालन हो । देहका सबै विकारहरूको कम्पन गर्नु । हल्लायेर, टकट्याँई दिनु अवधूनन हो । प्रपञ्चादि विषयहरूम समा सक्त मनको परिग्रह गरेर उनबाट प्रत्याहार गरी स्वधाम महिमाम चित्तलाइ परिलीन गरेर प्रपञ्चशुन्य, आदिमध्य निधनका भेददेखि वर्जि अवधूत योगी हुन्छ ।

यकार वायुबीज हो, रेफ अग्निबीज हो, ती दुबैको अभेद ॐका चिदाकार भनिएको छ । उही यो व्यक्त भनिन्छ जो पञ्च क्लेश अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश यी पञ्च क्लेश हुन् र अष्ट पाश घिन, शङ्का, भय लाज जुगुप्सा कलाभिमान शीलाभिमान जातको अभिमानक आठ पासाका तरङ्गहरूलाई काटेर मुण्डन गरी समग्र अवस्थाहरूदेखि विर्नियुक्त भएको मात्र त्यो अवधूत योगी भनिन्छ ।

निज स्मरका विभूतिले जो योगी स्वाङ्गमा विभूषित छ र आत्मामा आरूढ रहनु नै जस्को आधारी छ, त्यो अवधूत योगी हो । लोकका माझमा स्थिर भएर आसीन छ, समग्र कलना कल्पनाहरूदेखि रहित छ । अदीनता नै कौपीन र खर्पर छन् जस्का, त्यो अवधूत योगी हो । चित्तप्रकाश र परानन्द जस्का दुईटा कुण्डल छन् । समग्र इन्द्रियहरूको विश्रान्ति जै जस्को जप माला छ, त्यो अवधूत योगी हो ।

शं सुख हो, खं परब्रह्म हो, दुबैलाई मिलाई दिएपछि शंख-शंख हुन्छ । यस्तो शंख-सिद्धान्त धारण गर्ने अवधूत योगी हुन्छ । पदसंविति नै जस्को पादुका छ, अनाहत नाद नै जस्को मृगचर्म छ, परा संवित् नै जस्को सेली छ, त्यो अवधूत योगी हो । नित्य निर्वृत्ति नै जस्को मेखला



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



छ, स्वस्वरूप नै जस्को कटासन छ, छ विकारहरू (जन्मन्छ, सत्तावान छ, बढि रहेछ, परिवर्तनशील छ, अब क्षीण हुँदैछ, विनाश हुन्छ, भन्ने छ वटा विकारहरूदेखि निर्वृति छ, त्यो अवधूत योगी हो । जस्को धैर्यमय दण्ड छ, पराकाश नै खप्पर छ, निजा शक्ति नै योगपट छ, उ अवधूत योगी हो । भेद र अभेदको स्वयं भिक्षा गरेर जो स्वास्वादन (आत्मारमण) मा रत छ, तन्मयी भाव जस्को अखण्ड धूनि छ, त्यो अवधूत योगी भनिन्छ । अचिन्त्य निज दिशा र देशका स्वान्तमा जो जान्छ र जो एक देशान्तरीय छ, उ अवधूत योगी भनिन्छ । स्वपिण्डलाई अमर गर्न जो अनन्त अमरी सहस्रारको अमृतपान स्वयं गर्छ, त्यो अवधूत योगी हो । अचिन्त्य ब्रजवत् गाढा वासनाहरूका मलले सङ्कुल उस माया (अविधा) बज्री = बल्लीको भक्षण जस्ले गऱ्यो, त्यो अवधूत योगी हो । जो सदा स्वयं स्वस्वरूपका मध्यमा स्वरूपको आर्वृत्ति गरी रहन्छ, स्वात्माराम रहन्छ र समताले जगत्लाई जान्दछ, त्यो अवधूत योगी हो ।

जो स्वात्माको बोध गरेर राम्ररी स्वात्माराम आफ्नै आत्मामा रमण र आराम गर्ने भै सकेको छ, अनुत्थानमय छ, त्यो अवधूत योगी हो । स्वस्वरूपदेखि निश्चलताका अनुत्थानरूपी आधारले जो राम्रैसित परम विश्रान्तिको पारङ्गत छ र धृति चिन्मय तत्वज्ञ छ, त्यो अवधूत योगी हो । जस्ले अव्यक्तलाई व्यक्त गर्छ, व्यक्त सबैलाई ग्रस्त गर्छ, स्वकीय सत्यभित्र मग्न रहन्छ, उ अवधूत योगी हो । अवभासात्मक भास स्वप्रकाशमा सम्यक्तया स्थित भएर जो लीलामात्रले लोकमा रमता भएको छ, त्यो अवधूत योगी हो । जो कतै भोगी, कतै त्यागी, कतै योगी, कतै नाङ्गो दिगम्बर, कतै राजा, अनि कतै आचारी छ, त्यो अवधूत योगी हो । एवंविध नाना प्रकारका सङ्केतहरूको सूचक छ र नित्य प्रकाश वस्तुमा निजरूपी, समग्र सिद्धान्त दर्शनहरूको स्वस्वरूपका दर्शनमा सम्म्यक बोध गराउने अवधूत योगी हो ।

यो अवधूत योगी सद्गुरू हुन्छ । परन्तुः समग्र दर्शनहरूको स्वस्वरूपमा समन्वय गर्छ, त्यो हो अवधूत योगी हो । जो अत्याश्रमी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



योगी ज्ञानी सिद्ध सुब्रत ईश्वर सत्य सन्ध धन्य साधु श्रीसाधु सुधी बुध ( सुधबुध) कोविद जितेन्द्रिय भगवान एवं चार्वाक आर्हत बौद्ध प्रकाशवित् तार्किक सांख्य तथा मीमांसक वैदिक देवता आदि नामले विद्वान कोटिशः शास्त्रहरूद्वारा कीर्तित छ । शक्ति सृष्टिको प्रसार गर्छिन् शिवसङ्कोच मुक्ति गर्छन । शिव शक्तिको योग जस्ले गर्छ, त्यो सिद्ध योगीराज हो । शिवशक्ति संयोगले विश्वातीत र विश्वानुरूप यौटै विराजमान जो जान्दछ, त्यो सिद्धयोगी हो । जस्का समग्र चित्तवृतिहरूको प्रसार लीन भै जान्छ, त्यो सिद्धहरूका सिद्धान्तमा या सिद्ध सिद्धान्त पद्धतिमा महान् वलबान् सिद्धयोगी हो । जो तटस्थ सदा शान्त स्वस्थ अन्तरात्मामा निजस्वरूपको आभासक महानन्दमय धीर धैर्यशाली छ, त्यो सिद्ध योगीराज हो । जो परिपूर्ण प्रसन्नात्मा सदा सबै पदमा उदित विशुद्ध निर्भरानन्द छ, त्यो सिद्ध योगीराज हो । जो पूर्णरूप प्रसन्नचित्त सबैको आनन्दकारक सुधी सबै माथि अनुग्रहै गर्ने बुद्धिको छ, त्यो राम्रो सिद्ध योगीराज हो । यस्तो सिद्ध योगी, गएका कुराको शोक गर्दैन, वैभवको वाच्छा गर्दैन, कुनै कुरा पाएमा हर्ष गर्दैन्, आनन्दले भरिपूर्ण छ र निजबोधमा लिन छ कालपथले बाध्य पनि हुँदैन् एवं पृथक पृथक प्रतीत भएका सबै सिद्धान्त दर्शनहरूको ब्रह्ममा समन्वय सूचनशील उपदेश गर्ने अवधूत सिद्धयोगी नै सद्गुरू हो र प्रशंसनीय छ भनिएको पनि छ ।[४]

४) स्रोत : सिद्ध सिद्धान्त पद्धति-शिवगोरक्षकृत छैठौं उपदेशबाट उधृत





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# सिध्द-चौरासीको नामहरू :



भगवान गुरू गोरक्षनाथजी

१) सिद्ध- कपीलनाथजी
२) सिद्ध- सनकनाथजी
३) सिद्ध- लङ्कनाथजी
४) सिद्ध- सनातननाथजी
५) सिद्ध- भर्तृहरिनाथजी
६) सिद्ध- चक्रनाथजी
७) सिद्ध- नरमाईनाथजी
८) सिद्ध- रतननाथजी
९) सिद्ध- श्रृंगेरीनाथजी
१०) सिद्ध- सनन्दनाथजी
११) सिद्ध- निवृत्तिनाथजी
१२) सिद्ध- सनत्कुमारनाथजी
१३) सिद्ध- ज्वालेन्द्रनाथजी
१४) सिद्ध- सारस्वताईनाथजी
१५) सिद्ध- ब्रह्माईनाथजी
१६) सिद्ध- प्रभुदेवनाथजी
१७) सिद्ध- कनकाईनाथजी
१८) सिद्ध- धुन्धुकारनाथजी
१९) सिद्ध- नारददेवनाथजी
२०) सिद्ध- मञ्जुनाथजी
२१) सिद्ध- मनसाईनाथजी
२२) सिद्ध- वीरनाथजी
२३) सिद्ध- श्रृताईनाथजी
२४) सिद्ध- नागार्जुननाथजी
२५) सिद्ध- भुसकाईनाथजी
२६) सिद्ध- मद्रनाथजी
२७) सिद्ध- गहिणीनाथजी
२८) सिद्ध- भुचरनाथजी
२९) सिद्ध- जम्भनाथजी
३०) सिद्ध- वक्रनाथजी
३१) सिद्ध- चर्पटनाथजी
३२) सिद्ध- बिलेशयनाथजी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



३३) सिद्ध- कानिपानाथजी
३४) सिद्ध- वीरबन्कनाथजी
३५) सिद्ध- ज्ञानेश्वरनाथजी
३६) सिद्ध- तारानाथजी
३७) सिद्ध- सुरानन्दनाथजी
३८) सिद्ध- बुद्धनाथजी
३९) सिद्ध- भगाईनाथजी
४०) सिद्ध- पीप्पलनाथजी
४१) सिद्ध- चन्द्रनाथजी
४२) सिद्ध- भद्रनाथजी
४३) सिद्ध- एकनाथजी
४४) सिद्ध- मानिकनाथजी
४५) सिद्ध- गेहल्लारावलनाथजी
४६) सिद्ध- कायनाथजी
४७) सिद्ध- बाबा मस्तनाथजी
४८) सिद्ध- याज्ञवल्क्यनाथजी
४९) सिद्ध- गोरनाथजी
५०) सिद्ध- टिप्टीणीनाथजी
५१) सिद्ध- दयानाथजी
५२) सिद्ध- हवाईनाथजी
५३) सिद्ध- दरियानाथजी
५४) सिद्ध- खेचरनाथजी
५५) सिद्ध- घोडा चोलीपानाथजी
५६) सिद्ध- सहजाईनाथजी
५७) सिद्ध- सुकदेवनाथजी
५८) सिद्ध- औघड्नाथजी
५९) सिद्ध- देवनाथजी
६०) सिद्ध- प्रकाशनाथजी
६१) सिद्ध- कोरण्टनाथजी
६२) सिद्ध- बालकनाथजी
६३) सिद्ध- बालगुन्दाईनाथजी
६४) सिद्ध- शबरनाथजी
६५) सिद्ध- विरूपाक्षनाथजी
६६) सिद्ध- मल्लिकनाथजी
६७) सिद्ध- गोपालनाथजी
६८) सिद्ध- लधाईनाथजी
६९) सिद्ध- अल्लमनाथजी
७०) सिद्ध- पादनाथजी
७१) सिद्ध- अडबंगनाथजी
७२) सिद्ध- गौरबनाथजी
७३) सिद्ध- धीरनाथजी
७४) सिद्ध- साहिरोबानाथजी
७५) सिद्ध- प्रौढनाथजी
७६) सिद्ध- गरिबनाथजी
७७) सिद्ध- कालनाथजी
७८) सिद्ध- धर्मनाथजी
७९) सिद्ध- मेरूनाथजी
८०) सिद्ध- सिद्ध-सननाथजी
८१) सिद्ध- सुरतनाथजी
८२) सिद्ध- मार्कण्डेयनाथजी
८३) सिद्ध- मीननाथजी
८४) सिद्ध-कामचण्डीनाथजी[५]

५) श्रीनाथको रहस्य चौरासी सिध्दका आवहान पृ.६४ देखि ८१ सम्म



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# श्रीगोसाईकुण्ड, श्रीनीलकण्ठ महातीर्थ



पवित्र त्रिशुली नदीको उद्‌गम्‌विन्दु 'श्रीगोसाईकुण्ड' नेपालको सुविख्यात महातीर्थ हो । यो तीर्थ रसुवा जिल्लाको हिमाली क्षेत्रमा पर्ने विशाल जलाशय, जलकुण्ड हो । यो रसुवा जिल्ला स्याफ्रु गाविसको ४,३८० मी. को उचाईमा अवस्थित काठमाण्डौ १३२ कि.मी. उत्तरमा रहेको छ । श्री गोसाईकुण्ड कसरी नाम रहन गयो भन्ने बारेमा गोसाईं शब्द संस्कृतको 'गोस्वामी' बाट अपभ्रंश भएर गोसाईं नाम रहन गएको हो । 'गो' शब्दार्थले 'इन्द्रिय' भन्ने बुझाउँछ । दश इन्द्रियका स्वामी जितेन्द्रिय हो । विश्व ब्रह्माण्डका अधिपतिले निवास गरेको महातीर्थ जनाउँछ । 'कुण्ड' भनेको 'कुण्' धातुबाट 'ड' प्रत्यय लागेर 'कुण्+ड = कुण्ड' बन्छ । कुण्ड भन्नाले जलाशय, जल भण्डार, तलाउ, सरोवर जनाउँछ । 'गोस्वामी' बाट अपभ्रंश भएर बनेको गोसाई शब्दसँग कुण्ड जोडिंदा 'श्रीगोसाईंकुण्ड' रहन गयो ।

वैदिक कालमा देवता र असुरहरूमा सदैव वैरभाव रहेतापनि कुनै समयमा आ-आफ्नो स्वार्थ सिद्धगर्न आपसी मेल पनि हुने गर्थ्यो । समुद्रको गर्भमा सबैलाई उपयोगी हुने प्रकारका असंख्य दिव्य रत्नादि हुन्छन् । समुद्र मन्थन गर्न सकेमा दुबै पक्षतिरलाई लाभ हुनेदेखि एकीकृत भएर असुरपक्ष मिली समुद्र मन्थनबाट लक्ष्मी, अमृत, कामधेनु गाई र कल्पवृक्षजस्ता दिव्य रत्नादिलाई हात पार्न देवता र असुर सबै तँछाड-मँछाड गर्ने गर्थ्ये । तापनि घातक महाविष लिन भने कोही पनि तयार भएनन्, कोलाहल मच्चियो । अन्तमा सर्वकल्याण हेतु भूत भावनामा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भगवान श्रीशंकरले यो कालकूट विष लिन तयार हुनुभयो र विषलाई स्वयंले सेवन गरिदिनुभयो । श्रीशंकरजीले विषलाई ननिल्नु भई घाँटी (कण्ठ)मा अड्याई राख्नुभयो । विषका प्रभावले श्रीशिवजीको घाँटी नै नीलो भयो । उहाँको त्यो नीलो भएको गला झन्-झन राम्रो देखियो । सबै प्रसन्न भएर दङ्ग परे । 'विषं शङ्करभूषितम् ।' अरूले सेवन गरिएको भए मरिहाल्थ्ये । श्रीशिवजीलाई भने विष पनि गहना जस्तो भयो । राम्रो नीलो घाँटी देखेर उहाँलाई 'नीलकण्ठ' भन्न थालियो । यसो भएपनि विषका प्रभावले शङ्करलाई पोल्ने र छटपटी हुने नै भयो । त्यसैले शीतलतका लागि कैलासतिर प्रस्थान गर्नुभयो । श्री शिवजीले कैलासी हिमवत्खण्ड देवदेशो नेपाल उत्तराखण्डको रमणीय हिमाली दृश्य देखेर मुग्ध भई केही समय विश्राम गरी थकाई मार्ने र पानी खाने विचारले आराम गर्नुभएको अवस्थामा आफ्नो दिव्य आयुध त्रिशूललाई हिमालको चट्टानमा गाडेर नदी (गंगा) का तीन धारा तीनतीर बगाई दिनुभयो । यसरी पवित्र त्रिशूली नदीको उत्पत्ति भएको हो । आफुले उत्पत्ति गरेको त्रिशूलीको जल पिएर भगवान श्रीशङ्करले आफ्नो डाह केही शान्त पार्नुभयो । यही जल अलिकति अगाडि बहेर विशाल जलकुण्ड बन्यो । श्री शिवजीबाट उत्पन्न गर्नु भएको नदी (गंगा) जलले भरिएको सरोबर बनेर श्रीगोसाईंकुण्ड नाम रहन पुग्यो । श्रीगोसाईंकुण्ड अत्यन्त रमणीय छ । यो कुण्ड विशाल नदेखिएपनि धेरै गहिरो छ । उत्तर-दक्षिण अलिकति लम्बाई जस्तो देखिने यो "महकुण्ड" अलिअलि गगनचुम्बी चुच्चाचुच्ची परेर रहेको भएपनि झण्डै वृत्ताकार जस्तै भू-वनोट मान्न सकिन्छ । जति समयमा पनि हेरिरहौं जस्तो लागिरहने स्वच्छ, सफा, नीलो देखिने यो कञ्चन जल भण्डारको जल दक्षिणतिर खस्ने गर्छ । शान्त वातावरणमा स्वच्छ, शीतल जलयुक्त यस कुण्डलाई सूर्योदयको समयमा हेर्दा प्रकृतिको रमणीय सुन्दरताको छटा् चाँदनीझै टलल टल्किएको अनुभुति हुन्छ । उच्च कैलासी काखमा रहेको श्रीगोसाईंकुण्ड, श्रीशिवपार्वतीको अतिपृयतम् तपोस्थली, प्राकृतिक सौन्दर्यको अनुपम भण्डार छ । यस रमणीय शीतल



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जलकुण्ड देखेर भगवान श्रीशङ्करजी स्वयं पनि प्रसन्न हुँदै कैलासतिर जान बिर्सेर यसै जल भण्डारमा प्रवेश गरेर धेरैकालसम्म कुण्डमा शयन गरिरहनु हुन्थ्यो । विषपान गरेर नीलो घाँटी गराएका श्रीशिवजीले सय वर्षसम्म विराजमान हुनु भएकोले यसको नाम "श्रीनीलकण्ठह्रद" पनि रहन गयो । यसरी सय बर्षसम्म भगवान श्रीशङ्कर त्यस जलमा शयन गर्नु भएको वर्णन हिमवत् खण्डमा उपपुराण उल्लेख पाईन्छ । उता यसै 'नीलकण्ठह्रद' मा श्रीजगदम्बा पार्वतीजीले स्नान गरी, श्रीशिवजी सय वर्षसम्म कुण्डमा सयन गरून्जेलसम्म महातीर्थमा तपस्या गरेर रहनु भएको थियो । सो समयमा श्रीपार्वतीजीले स्नान गर्नु भएको स्थानलाई अहिले पार्वतीघाटको नामले परिचय गराउँछ । श्रीगोसाईंकुण्डमा डुबुल्की मार्दा आजपनि जलभित्र श्रीशिव पार्वतीका मूर्तिको दर्शन हुनेछ । त्यहाँको जल अत्यन्त शीतल हुने भएपनि ज्येष्ठ, आषाढ र श्रावण महिनाहरूमा स्नान गर्दा डुबुल्की मार्न सकिन्छ ।

श्रीमद्भागवत स्कन्ध पुराण आदिमा धार्मिक कुण्डहरूका बारेमा र तीर्थ महात्म्य शिव पुराण समेत श्री गोसाँईकुण्ड उत्पति त्रिशुलधारा गौरीको तपोभूमि गोसाईंकुण्ड जिल्ला रसुवाको उत्तर पूर्व माथि हिमछादित शुद्ध स्वच्छ जललेपूर्ण श्री गोसाईंकुण्ड भगवान श्रीशिवजीले देवासुर संग्रामका समयमा समुन्द्रमा मन्दराचल पर्वतको मदानी बनाई श्रीवासुकी नागलाई त्यसको नेती बनाई मन्दराचल पर्वतद्वारा समुन्द्र मन्थन गर्दा निस्केको कालकूट बिषलाई निस्तेज गराउन भगवान श्रीशिवजीले विश्व जगतको निमित्त गरिएको साहसी कार्य हो जो श्लोकमा उल्लेख छ ।

देवासुरादय सर्वे त्याक्त्वा मन्थं भयातुराः ।
सर्वलोकं ग्रसंन्तते ददृसुरमराः सुराः ।।

देव असुर समग्रले डरले त्राहिः त्राहिः भएर कालकूट बिषले खानै आट्यो, संसार ग्रस्त अवस्थामा पुग्ने देखेर समुन्द्र मन्थन गर्न छोडी हिंडेर श्रीशिवजीको स्तुति गरे ।

स्व शरणान्गतान् लोकान् शरणदः सरक्षति



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



यसरी श्री शिवजीको स्तुति गर्दा श्री शिवजी संसारको रक्षा गर्दछु, देवताहरूको साहस भएन भनी ठानी संसार र संसारका प्राणीहरूको रक्षार्थको लागि केही गर्नुनै पऱ्यो भनेर ।

आवाय पाणिना क्ष्वेऽमग्रसीत्वरितं विभूः

सो कालकूट विष हात थापेर खाई दिनुभयो र कालकूटका प्रभावले-

नीलकण्ठ ईतिख्यातः सर्वोलोकैश्चय सम्मत ।

कण्ठमध्ये महानिलः यत तिण्ठति सम्यहः ।।

श्रीशिवजीको घाँटी नै निलो बनाइदियो र त्यस समयदेखि श्रीमहादेवलाई निलकण्ठ भनेर स्तुति गर्न थाले । यसरी श्रीशिवजीले कालकूट विष खानु भएको वर्णन श्रीमद्भावगत स्कन्ध ८/७/४२ मा भनिएको छ ।

ततः करतली कृत्य व्यापिहालहला विषम् ।

अभक्षयं महादेवः कृपया भूत भावना ।।

विश्व ब्रह्माण्ड रक्षार्थका लागि श्रीमहादेवजीले कालकूट विष हात थापेर ग्रहण गर्नुभयो । हलाहल विषले श्रीशिवजीले आलस-तालस भै श्रीगौरीको तपोस्थल कैलास हिमालयतिर लाग्छु भन्ने विचारले विशाल त्रिशूल काँधमा बोकेर कैलासकुटबाट उत्तरापन्थतिर श्रीशिवजी लाग्नु भयो ।

एवं संचिन्त्य देवेशः क्ष्वेडताप सुविह्यलह :

रूद्र लोकान्समागत्य प्रमसौ हिमवत गिरौ ।।

उत्तराखण्डतिर विस्तार विस्तार हिंड्नु भयो । शूलपर्वत फेदीमा आईपुग्दा पानी प्यासले व्याकुल अवस्थामा वेदको छडी गाडेर पृथ्वीबाट उर्ध्व मुखि-तप्तगंगा ढुङ्गाको चेपबाट निस्किन ।

बेत्रेप्ररोहणतत्र प्रनिः सृतं जलं शिवम् ।

वेदको छडीबाट उत्पति भएको वेत्रगंगा हुन गयो । यिनै वेत्रगंगाको नामबाट यस स्थानको नाम वेगमती भयो । वेत्रमतीबाट अपभ्रंश भएर वेत्रावती नाम रहन पुग्यो ।

वेत्रोद्भवा नदी श्रेष्ठा वेत्र गंगेति संस्मृताः ।

गंगा तुल्या समुत्सावै देवासुरार्पिभीः स्तुता : ।।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



वेदको लौरी त्यही त्यागेको हुनाले त्यस स्थानको नाम वेत्रावती रहन गयो । जहाँबाट श्रीशिवजी शूल पर्वत हुँदै श्रीगौरीको तपोस्थल पुग्नु भयो तैपनि कालकूट विष शान्त भएन । श्रीगौरीको तपोस्थल पश्चिमतिर पहाड "धर्मपर्वतको फेदीमा आफ्नो विशाल त्रिशुलले पहरोमा खोप्नु भयो । त्यस त्रिशूलको डोभबाट ३ मूर्ति गंगा उत्पत्ति भईन् जसको नाम त्रिशूल गंगा रहन गयो ।" त्रिशुल धाराबाट उत्पत्ति जलशूलपर्वतको माथि अन्त्य निलपर्वत र धर्मपर्वतको उपत्यकामा विशाल तलाउ भई श्रीगोसाईकुण्ड हुन गयो । तीनै त्रिशूलधाराको जल श्रीमहादेवजीले पिएर श्रीगोसाईंकुण्डभित्र विराजमान हुनुभयो ।

तत्रारोप्य त्रिशूलंसं गंगा संसार तत्र च ।
निलेन अन्तरं दुग्ध: स तिर्पान्तो महाविभू: ।।
त्रिशूलं रोपण छिद्रं गंगा तत्रावि चोद्भवा ।
ययौ गंगा सुखे रूद्र परिश्रम तदा जहौं ।।
४५/४२ स्कन्धपुराण

यस तीन धारालाई श्रीरूद्र, श्रीबह्मा, श्रीविष्णु त्रिगंगा पनि मानिएको छ । यसरी कालकूट विषलाई श्रीमहादेवजीले शान्त पार्नुभयो । श्रीमहादेवजीले सय वर्षसम्म श्रीगोसाईंकुण्डमा विराजमान हुनुभयो । अहिले पनि श्रीगोसाईकुण्ड भित्र श्रीशिव मन्दिरमा शयन गरी रहेको मन्दिर देखिन्छ ।

शीकरमालिनी बेगाभृगु पात सुनि: सृता ।
विराजते तदा गंगा बसोधारा ईवोत्सवे ।।

शिकरमालिनी गंगा झरेर अहिलेको श्रीभैरबकुण्ड श्रीमहाकाल भैरबकुण्ड छ । कालान्तरमा ब्राह्मणको शिर क्षेदन (श्रीशिवजीले) गरेका पापले गुप्ताङ्गमा कुष्ठ रोगले सताएछ । शरीर कुण्ठ कुरूप भिमकाय ( कालो डरलाग्दो) शरीर बल्लतल्ल सो पाप मोचनको लागि पुन: श्रीगोसाईंकुण्ड जानुभयो । गोसाइकुण्ड जाँदा कुरूप श्रीमहादेवले त्रिशूली गंगाबाट धुन्चे उभो लाग्दा लौरी टेकेर उकालीको मध्यस्थानमा विश्राम गरी हिंड्दा लौरी बिर्सिएकोले यस स्थानको नाम लौरी विना हुन गयो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जसलाई खन्ति उकालो पनि भनिन्छ । त्यहाँबाट सकि नसकि चन्दनबारीमा पुगेर श्रीखण्ड चन्दन श्रीशिवजीले लगाएर हिंडेकाले यस स्थानको नाम चन्दनबारी हुन गयो । त्यहाँबाट दण्डपाणी विनायक दुई द्वारपाल गोसाईकुण्डको संरक्षकको स्थापना गर्नुभयो । जसलाई श्रीगणेशगौंडा नामले चिनिन्छ । श्रीब्रह्महत्याको पापले श्रीखण्ड धारण गरेपछि शान्त हुनुभयो । श्रीगोसाईंकुण्डमा जो कोही पापीहरू आएमा प्रवेश निषेध गर्ने आदेश दिनुभयो । श्रीचन्दनाचल पर्वत, नीलगिरी पर्वत र श्रीधर्मगिरी पर्वतको उपत्यकामा स्थापित श्रीगोसाईकुण्डमा स्नानादिका लागि सदासर्वदा स्वर्गका देवता आएर र श्रीगोसाईकुण्डको वहेको बसुन्धरा उत्सव समग्र देवताहरूले शिकरमालिनी गंगा भनेर श्राद्धादि कर्म गरी उत्सव मनाए । त्यसपछि श्रीभैरबकुण्डमा एक हजार बर्षसम्म विराजमान हुनु भयो । त्यस समयदेखि श्रीभैरबकुण्ड नाम रहन गयो । यस कुण्डको स्नानादि कर्मले पूर्व जन्मका ब्रह्महत्यादि पापबाट मुक्त हुन्छ । कुनै समयमा श्रीसरस्वती पनि श्रीगोसाईंकुण्ड स्नान गर्ने इच्छाले गईन । श्रीगोसाईंकुण्ड स्नान गरेपछि त्यहाँ पवित्र स्वच्छ निर्मल जलको तीर्थस्थल श्रीभैरबकुण्डदेखि तल एक कुण्डको कल्पना गरी श्रीसरस्वती कुण्ड निर्माण गरी सरस्वती त्यसै कुण्डमा रहनु भयो । त्यसपछि श्रीदुर्वासा ऋषिले यादवहरूका साथमा बसी सुरापान गरिरहेका श्रीविष्णुलाईदेखि श्राप दिनु भएकोले त्यस पाप मोचनका लागि श्रीविष्णु पनि श्रीगोसाईकुण्डमा स्नान गर्न भनी जानु भएपछि श्रीगोसाईंकुण्ड स्नान गरी श्रीसरस्वती कुण्डमा आई बस्नु भयो । त्यसैले श्रीसरस्वती कुण्डलाई श्रीविष्णु कुण्ड पनि भनिन्छ । श्रीदुर्वासा ऋषि श्रापले टिक्न नसक्ने भगवान श्रीविष्णु जस्तालाई पनि श्राप लागेर श्राप मोचन गर्न सक्ने सर्वशक्तिमान पुन्यास्थल श्रीगोसाईकुण्ड स्थलमा आई तीर्थाट्न गरेमा पाप मोचन हुने हुँदा यी कुण्ड जस्ता तीर्थस्थल, तीर्थ यात्रीहरूले दर्शन गर्नुपर्ने नितान्त आवश्यक छ ।

श्रीदेवीको श्रापले व्याकुल भएका श्रीब्रह्म पनि सो पाप मोचनका लागि शुलादि पर्वतमा नीलपर्वमा पदार्पण गर्दा श्रीगोसाईंकुण्ड स्नान



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गर्नाले आजन्मोपार्जित ब्रह्म हत्यादि पाप नास भैई श्रीकैलासकुट जस्ता पर्वतहरूमा घुम्दै र अन्य पर्वतहरूमा घुम्दै स्वर्ग प्राप्ति गरे । त्यसैले श्रीब्रह्माले बासस्थान गरेको कुण्ड श्रीब्रह्मकुण्ड रहन गयो र श्रीब्रह्माकुण्डबाट झरेकी त्रिशूली नदी "ब्रह्मपदी" समेत भईन् ।

गोसाईकुण्ड स्नान गर्न ३३ कोटि देवी-देवता अठासी हजार ऋषिमुनी, नवनाथ, चौरासीसिद्ध, गन्धर्व, किन्नर आदि देवताहरू स्नान गर्न जाँदा शुलादी पर्वत, श्रीवेत्रावती श्रीरामचन्द्र मन्दिरको फेदी पहरोबाट नीलपर्वत श्रीगोसाईकुण्डसम्म हुँदै श्रीब्रह्मकुण्ड भन्दा तल त्रिशूली नदी (धुन्चे) पितृका श्राद्धादि गरी लौरी विना पर्वत चढ्दै चन्दनाचल पर्वतमा गएर श्रीखण्ड र बेलपत्र श्रीशिवजीलाई चढाउन लिएर गणेश गौंडामा गएर द्वारपालसँग सहमति लिई श्रीब्रह्मकुण्डदेखि श्रीगोसाईंकुण्डमा पुगेर स्नानदान गरी बेलपत्र, श्रीखण्ड, चन्दन चढाई श्रीशिवजीको आराधना जप गर्दै बेत्रावती त्रिगंगामा पुनः फर्केर स्नानदान पितृका श्रद्धादि कर्म गरी आ-आफ्नो आश्रममा गए । यस्ता कर्म प्रतिवर्ष भरमा अष्टमी, चतुर्दशी, औशी, एकादशी, दशहरा, श्रीऋषितर्पणी आदि पर्व-पर्वमा ३३ कोटि देवी-देवताहरू स्नान दानादि कर्म गरिरहन्छन् ।

त्रिशूल धारा, धर्म पर्वतको फेदीबाट उत्पत्ति भएको त्रिशुली धारालाई धर्मधारा पनि भनिन्छ । यसरी उत्पत्ति त्रिशूल गंगा वेत्रावतीमा आएपछि वेत्रगंगा, रूद्रगंगासँग त्रिशूली संगम हुन गई वेत्रावती उत्तरगया त्रिवेणी पुण्यस्थल भयो । यशोधारा उत्पत्ति नै रूद्रगंगाको रूपमा वेत्रावतीमा आई त्रिशूलीमा मिलन भयो । यशोधारा श्रीगोसाईंकुण्डमा श्रीशिवजीको भ्रमणका समयमा नीलपर्वतको उत्तर पूर्व फेदीबाट उत्पत्ति यशोधाराबाट बगेकी रूद्रगंगाको तट्मा श्रीब्रह्माजीको त्रिपुरासुरले तप गरी त्रिशूल बनाई स्वर्गमा विजय गऱ्यो ।

राज्यच्यूत देवताहरू त्यै यशोधारामा नै श्रीशिवजीको तप गरी देवताहरूको तपसिद्ध भयो । श्रीशिवजीले दर्शन दिई भन्नुभयो । मेरो प्यारो यशोधाराबाट उत्पन्न नदी तट्मा तप गरेकाले यशोधारा तीर्थको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



प्रभावले मैले दर्शन दिएको हुँ । जे वर मागे पनि सिद्ध हुनेछ भनी श्रीशिवजीले यशोधराबाट उत्पन्न नदीमा तप, जप, स्नान, दानादि जे जे गरेपनि श्रीशिवजीले वर सिद्ध हुने हुँदा रूद्रगंगा रहन गयो । श्रीशिवजीले त्रिपुरसंहार गर्न पुत्र जन्माई पुत्रद्वारा त्रिपुर संहार गरी देवताहरूलाई राज्य दिलाई दिनु भयो । " यशोधारा तपोवलात्" भन्ने अनुश्रुतिले यसको फल अक्षय छ । शुलाद्री पर्वत र नील पर्वतका फेदीबाट उत्तर गया, त्रिवेणी, शिव शक्ति, तीन गंगामा संगम उत्तरगया अति उत्तम पूण्यतीर्थ हुन गएको छ । वैदिक शास्त्रमा उत्तर गया क्षेत्र त्रिशूल गंगा रूद्रगंगा वेत्रावती गंगा श्रीगोसाईकुण्ड भएर पनि उत्तरगयासँग जोडिएको चाँपका वृक्ष र द्यौमाई ढुङ्गो धार्मिक इतिहास काशी मणिकर्णिका पण्डा र पण्डितहरूले ढड्डा पल्टाएर गयाहरूमा पनि सर्वश्रेष्ठ गया उत्तरगया हो ।

वेदबाट उत्पत्ति नदीहरूमा श्रेष्ठ गंगा समान सब तीर्थमा पवित्र पूण्य क्षेत्रको रूपमा ऋषि गण देवताहरूले पूजित स्तुति गरिएकी वेत्रावती गंगा हुन् । यस वेत्रावती गंगामा स्नान गर्नेहरू सुदिव्य देहभै मुक्ति प्राप्ति गर्दछन् । जप दान यज्ञ जे गरिन्छ उत्तर गया वेत्रावतीले सबै अं कार परिवारहरूलाई अक्षय फल दिने छ । रसुवा, नुवाकोटको सिमानामा रहेको वेत्रावती उत्तरगया, त्रिवेणी त्रिगंगा यशोधारा धर्मधाराबाट उत्पत्ति श्रीगोसाईकुण्ड, श्रीभैरबकुण्ड, श्रीसरस्वती, श्रीविष्णु, श्रीब्रह्मकुण्डबाट बगिएकी शिकरमालिनी "गौरी स्वेदाद् भवा "शिव त्रिशूलबाट उत्पत्ति ब्रह्मपदी" आदि नाममा बगेकी ती कुण्डहरूमा हिमछादित स्वच्छ पवित्र जलले पूर्ण भै उत्तरगया क्षेत्रमा प्रवेश हुन हतारिदैं फाल हाल्दै हामफाल्दै आएकी त्रिशूली यशोधाराबाट दगुर्दै हत्तपत गर्दै उत्तरगयामा प्रवेश गर्दै आएको रूद्रगंगा (लोकनाम फलाखु) नामले उच्चगंगा, रूद्रको वेदबाट उत्पन्न वेत्रावतीगंगा त्रिगंगाको त्रिवेणीको महिमा रहेको उत्तरगया क्षेत्र प्रसिद्ध छ । श्रीगोसाईंकुण्ड तीर्थयात्रा र उत्तरगया तीर्थ यात्राको महिमालाई बुझेर श्रीरघुकुलका राजा दशरथले पनि आफ्ना पितृमुक्तिका लागि श्रीगोसाईंकुण्ड उत्तरगया वेत्रावतीमा स्नान दान, श्राद्धादि कर्म गरेका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



दशरथ यात्रा प्रकरणमा उल्लेख छ । त्यस्तै राजा दशरथको स्वर्गाराहणपछि त्रेतायुगमा अयोध्याका राजा श्रीरामचन्द्र भगवानले समेत आफ्ना पिता दशरथ र रघुकुलको उद्धारको लागि उत्तरगया त्रिशुली गण्डकी तीर्थ यात्रा गरेको श्रीभगवानले पनि यो तीर्थलाई महत्व दिनु भएको श्रीरामतीर्थ महात्म्यमा वर्णन पाईन्छ ।

राष्ट्र-निर्माता श्री ५ पृथ्वीनारायण शाहबाट आफ्ना पितृ मुक्ति गर्नको निम्ति उत्तरगया वेत्रावतीमा श्राद्धादि कर्म गरी श्रीगोसाईंकुण्ड स्नान गरी फर्कदा धैबुङ श्रीकालिकाको दर्शन गरी उत्तर गया वेत्रावतीमा स्नान गरी श्राद्धादि कर्म गरी धैबुङ श्रीकालीकाको पूजाआजा गर्न गुठीको व्यवस्था गरी उत्तर गया वेत्रावतीमा श्रीरामचन्द्र मन्दिर स्थापना गरी श्रीगोसाईंकुण्ड जाने यात्रीहरूलाई खाजा खान र बर्षादमा घुम (ओड्ने) समेत व्यवस्था गरी दिने श्रीरामचन्द्र मन्दिरको पूजा-आजा सञ्चालन गर्ने गुठी व्यवस्था गरिएको श्री ५ पृथ्वीनारायण शाहको यात्रा विवरणमा उल्लेख छ ।

यात्रा व्यवस्थाको साथै धैबुङ श्रीकालीका र श्रीरामचन्द्र मन्दिरको पूजा सञ्चालन गर्ने गुरूज्यू श्रीरंगनाथ पौडेललाई धैबुङ विर्ता दिई श्री ५ पृथ्वीनारायणद्वारा सुम्पि दिएकाले तीनै रङ्गनाथका वंशज पौड्यालले गुठि व्यवस्था गर्ने उनै पौड्यालको वंशज अझै छन् । गुठीको महत्वपूर्ण पक्ष श्री ५ पृथ्वीनारायण शाहले योगीनाथः सम्प्रदायहरूलाई खाजा र ओढ्ने (घुम) व्यवस्था दिनुपर्ने परम्परा बसालेका थिए । विर्तावाल अझैछन् र गुठी पनि अझै सम्म छ । त्यसैले दही+घुम दिइन्थ्यो । दही+घुम=दहीघुम भन्ने ग्रामको अपभ्रंश भै धैबुङ नाम रहन गयो । विर्तावाल रङ्गनाथपछि मुख्तियार भएको पाईन्छ । नेपालका राष्ट्रिय विभूति वीर अमरसिंह थापा, काजी दामोदर पाण्डे, काजी अभिमानसिंह बस्न्यात् आदि धर्मात्माहरूले श्रीनीलकण्ठमा आउन्या यात्रीहरुको सुविधाको लागि धर्मशाला निर्माण गरेर यस उत्तरगया वेत्रावतीको पुर्नउत्थानका लागि निर्माण गरेको पाईन्छ ।

समुन्द्र मन्थनबाट उत्पन्न कालकुट विषको डाह शान्त पार्न हिमालयको काखमा आई श्रीगोसाई (भगवान श्रीशिवजी) ले आफ्नो हातमा भएको त्रिशुल भित्तामा हिर्काऊँदा भित्ताबाट गंगाजल (त्रिशुल धारा) उत्पत्ति हुन गएको भन्ने बारेमा हिमवत्खण्ड उपपुराणमा उल्लेख पाईन्छ । यस



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



कुण्डमा स्नान गरी श्रीमहादेवको दर्शन गर्नाले पितृहरूको उद्दार हुने विस्वास गरिन्छ । श्रीगोसाईकुण्ड वरिपरि श्रीसूर्यकुण्ड, भैरबकुण्ड, नागकुण्ड, सरस्वती कुण्ड सहित कुल १०८ कुण्डहरू रहेका छन् जो यहाँ उल्लेख क्रमश गरिएको छ । गौरीकुण्ड, गणेशकुण्ड, कुमारकुण्ड, स्कन्दकुण्ड, गणकुण्ड, नन्दिकुण्ड, चण्डीकुण्ड, चामुण्डाकुण्ड, कालिकाकुण्ड, शारदाकुण्ड, लक्ष्मीकुण्ड, विष्णुकुण्ड, गरूडकुण्ड, ब्रह्मकुण्ड, कुबेरकुण्ड, इन्द्रकुण्ड, इन्द्राणीकुण्ड, अग्निकुण्ड, यमकुण्ड, नैऋत्यकुण्ड, वरूणकुण्ड, वायुकुण्ड, गजकुण्ड, हंसकुण्ड, अप्सराकुण्ड, किन्नरकुण्ड, गन्धर्वकुण्ड, यक्षकुण्ड, वसुकुण्ड, योगिनीकुण्ड, भैरबकुण्ड, भैरबीकुण्ड, क्षेत्रपालकुण्ड, वनदेवताकुण्ड, दुर्गाकुण्ड, सिद्धकुण्ड, विश्वेदेवकुण्ड, ऋषिकुण्ड, मुनिकुण्ड, दैत्यकुण्ड, दानवकुण्ड, राक्षसकुण्ड, पिशाचकुण्ड, डाकिनीकुण्ड, शाकिनीकुण्ड, गुह्यकुण्ड, भूतकुण्ड, आदित्यकुण्ड, तुषितकुण्ड, आभास्वरकुण्ड, अनिलकुण्ड, महाराजिककुण्ड, साध्यकुण्ड, बुद्धकुण्ड, रूद्रकुण्ड, प्रमथकुण्ड, गोरक्षकुण्ड, विरूपाक्षकुण्ड, सूर्यकुण्ड, चन्द्रकुण्ड, वीरभद्रकुण्ड, दशदिक्पालकुण्ड, पार्वतीकुण्ड, दूधकुण्ड, रामकुण्ड, सीताकुण्ड, भरतकुण्ड, लक्षणकुण्ड, शत्रुघनकुण्ड, दशरथकुण्ड, नौनागकुण्ड, नवनाथ चौरासीसिद्ध कुण्ड यहाँ समग्र प्रकार सर्व देवगण देवीगण सो-सो कुण्डहरू विराजमान छन् । श्रीनीलकण्ठकुण्डको नगिच श्रीनीलकण्ड कैलासको मूर्धन्य स्थलमा १०८ कुण्ड नीलकण्ठकुण्डको परिवारका रूपमा रहेका छन् । यहाँ हिमालय नीलकण्ठ भगवान् श्री शिवजीको मनोहर विहारभूमि हो । यहाँ १०८ कुण्ड हिमालयको लोचन तुल्य प्रतीत हुन्छ । जुनमा चन्द्र र तारागण प्रतिबिम्बित हुन्छ । सबको सब निर्मल फटि्कले तुल्य जल छ । यहाँ मणिमाणिक्य फणाको मोती चाँदीस्वरूप नवमकुली नाग-नागिनीको कुलगृह छ । उत्तुङ्ग गगनचुम्बी हिमश्रृङ्गमाला जसमा प्रतिबिम्बित स्पष्ट प्रतीत हुन्छ । अपरान्हको प्रवाहमा वायुहावा चल्दछ । नाना-प्रकारको दिव्य रत्नादिको गर्भ (जलाशाय) विद्यमान छ । सुन चाँदी आदि नाना धातुगणले प्रज्वलित छ । जो नाना प्रकारका दिव्य वनौषधि सुगन्धको सुवास अमृतमय जलले परिपूर्ण छ । सूर्यकमल, चन्द्रकमल आदि दिव्य पुष्पादि यस तपोभूमिमा अलङ्कृत छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



समग्र योगसिद्धिद्वारा एवं विमानद्वारा गगनमण्डलमा विचरण गर्ने देवादिगणका निर्मल दर्पण तुल्य जो अनन्त आकाशमा प्रतिबिम्ब ग्रहण गर्दछ । यहाँ दर्शन, स्नान, आचमन आदि गर्दा सब प्राणी जीवात्माको मन पवित्र हुन्छ । देव, मानव यात्रीगणले सब प्रकारका मनोकांक्षित फल पाउँछन् । यहाँका १०८ कुण्ड शिवपार्वती, शिव महादेव आदि ३३ कोटि देवतासहित ओंको निवास हुने हुँदा सर्वजगतको कल्याण गरेको छ । श्रीनीलकण्ठ, श्रीमहादेवजीले त्रिशुलको प्रहारद्वारा उत्पन्न गर्नु भएको त्रिधारा (त्रिशुल धारा) त्रिशुली गण्डकीको पावन मूल उत्तर दिशामा हिमशैलादिका उद्‌गमविन्दु छ । दक्षिणाभिमुखी एकमात्र प्रकट धारा शिला तट्मा जल बहन्छ । समग्र कुण्डको जलप्रवाह भूगर्भमा गुप्त छन् । एकमूल कुण्डबाट मात्र जल बहने गरेको छ । बैशाखी, कार्तिकी, पूर्णिमा, श्रावणी पूर्णिमा बर्षभरिमा विशेष मेला लाग्ने तिथि मानिन्छ । चैत्र- कार्तिकमध्येमा मार्ग राम्रो हुन्छ । श्रीगोसाईंकुण्ड तिर्थमा स्नान दर्शनादि गर्न जेष्ठ, आषाढ र श्रावण महिनासम्म उत्तम छन् । जेष्ट शुक्ल दशमी (दशहरा), आषाढ शुक्ल पूर्णिमा र श्रावण शुक्ल पूर्णिमा ( श्रीऋषि तर्पणी, जनै पूर्णिमाका दिन स्नानको लागि अतिउत्तम पुण्य मानिएको छ । हेमन्त, शिशिर ऋतुमा व्यापक हिमपात हिमालयबाट हुने गरेको छ । यात्राहरू समेत बन्द हुन्छ । यस प्रकारले अन्य अनेक महीपाल एवं ऋषिमुनि सिद्ध धर्मात्माजन नीलकण्ठको यात्रामा समय-समयमा आउने जाने गरेका थिए । समुन्द्र मन्थनको समयमा देवताहरू १४ रत्नादिको लाभबाट प्रसन्न भए । परन्तु : हलाहल विष निक्लेको हुँदा प्रलय भएको देखेर देवताहरू भयभित भएर शरणार्थी रूपेण शिवजीको शरणमा आएका थिए । शुक्लाम्बरधारी शुक्ल वर्णका श्रीविष्णु समेत हलाहलको ज्वालाद्वारा भयभित हुन पुगेका थिए । सारा देवता दानवादि मूर्छित भए । यो हलाहल विषको निरोपर्ण गर्न देवता-दानव आदि समेत भई श्री शिवजीलाई नमस्कार गरी बद्धाञ्जलि गर्न खडा भएका थिए । यो दशा देखेर श्री शिवजी मुस्कुराउँदै हलाहल विषलाई विस्तारै पान गरी कण्ठमा धारण गरेर श्रीनीलकण्ठ गोसाईंकुण्डमा पाल्नु भएको थियो । श्रीशिवजीले हलाहल गरेको स्थान यही गोसाईंकुण्ड



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



तीर्थमा हो । श्रीशिवजी कमला नदी, मूलमार्गमापर्ने श्रीकुशेश्वर, रोशी, पूर्णावती, त्रिवेणी तीर्थ, स्थित कैलास, बनेपा, चण्डेश्वरी पर्वत, महादेवपोखरी, शिवपुरी, हेलमू, पाँचपोखरी, आदि स्थलमा विश्राम गर्दै श्रीनीलकण्डकुण्डमा पुग्नु भएको थियो । साथ-साथ कृतज्ञ सक्ल देवतागण श्रीशिवजीका सेवामा उपस्थित भए । हिमालयको भालस्थलमा रमणीय १०८ कुण्डलाई देखेर प्रसन्न चित्तले चिरस्थायी हुन गए । त्रिशुलको प्रहारले श्रीनीलकण्ठाद्रिको कण्ठले श्रीनीलकण्ठदेव श्रीशिवजीले त्रिशुली गण्डकी नदी उत्पन्न गरेर श्रीनीलकण्ठकुण्डमा चिरकाल पर्यन्त श्रीशिवका अभिषेक आज्ञा सेवामा श्रीभैरवको निवासले रमणीय उज्वल महामण्डल नुवाकोटमा प्रस्थान गर्नु भयो । गेर्खु, वेत्रावती, केरूङ्ग सामरिक विज्ञानको दृष्टिकोणले महत्वपूर्ण स्थान मानिन्छ ।

श्रीनीलकण्ठकुण्ड द्वारपाल, यष्टिविनायक यात्रीहरूका यष्टियां क्षणभरमा प्राप्त हुन्छ । प्रकृतिदेवीद्वारा सुन्दर चन्दनवाटिका मार्गमा सुगन्धमय वातावरण रमणीय छ । सिद्ध-ऋषिमुनी गुफा बुद्ध गुम्बा आदि तीर्थ स्थान यहाँ पद-पदमा रहेको छ । ग्राङ्गमा ग्राङ्गग्रामको पासमा नगिचमा श्रीभैरवनाथको गुफा छ, श्रीभैरवजीले उद्दार भैरवी गुफा यात्रीहरूको शरण दिनु हुने छ । धैबुङ्ग कोटमा श्रीकालिकादेवी विराजमान छिन् साथै श्रद्धालु भक्तजनहरूलाई बसोबास गर्ने धर्मशालाहरू, हवन गर्ने वैदिक कुण्ड, गोरक्षकुटी र स्नान गर्ने व्यवस्था पार्वतीघाट्मा गरिनु पर्छ साथै लौरीबीनामाथि तीर्थयात्रीहरू बसोबासगर्नेधर्मशालाहरूको निर्माण हुनुपर्नेअतिवाञ्छनीय छ । गोसाईंकुण्ड वरिपरि कुनैपनि फोहोर मैल त के थुक्नु समेत हुँदैन । नीलकण्ठका पश्चिम दिशामा प्राय धर्मशाला निर्माण गरिएका छन् । यहाँ तीर्थयात्री, स्थायी बसोबासी, तपस्वी धर्मात्मा आदिको आश्रय स्थल भएको छ । गोसाईंकुण्ड तीर्थयात्रा र उत्तर गया तीर्थ यात्राको महिमालाई बुझेर रघुकुलका राजा दशरथले पनि आफ्ना पितृमुक्तिका लागि गोसाईंकुण्ड उत्तरगया वेत्रावतीमा स्नान, दान, श्रद्धादि कर्म गरेको दशरथ यात्रा प्रकरणमा उल्लेख छ । त्यस्तै राजा दशरथको स्वर्गारोहणपछि त्रेतायुगमा रामचन्द्र भगवानले समेत आफ्ना पिता दशरथ र रघुकुल उत्तरगया तीर्थ यात्रा गरेको श्रीभगवानले पनि यो तीर्थलाई महत्व दिनु भएको श्रीरामतीर्थ महात्म्यमा वर्णन पाईन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# शिवगोरक्षनाथ श्रीपात्र देवता

श्री शिवजीले योगप्रचारको लागि पृथ्वी तलमा अवतार लिनु भई गोरक्षको निम्ति परीक्षा लिन सुपात्रजनमा अवस्थित चित्तको पवित्र शुद्ध गर्नाको कारण श्रीपात्र देवताको नामले प्रसिद्ध हुन गयो । श्रावणी पूर्णिमाको पर्वमा श्रीपात्र देवताको यात्रा श्रीनीलकण्ठमा सवारी गरी स्नान गराईन्छ ।

श्रीपात्र देवता भगवान गुरू गोरक्षनाथजीको श्रीऋषि तर्पणीको पावन पर्वमा श्रीनीलकण्ठ गोसाईंकुण्डको तीर्थ स्थान सवारी यात्राको परम्परा वैदिककालदेखिनै चली आएको छ । पीर महन्तबाट श्रीपात्र देवतालाई झल्लरी छाता ओढाई बालाजुसम्म पुऱ्याउनुपर्ने र त्यहाँबाट श्रीगोसाईंकुण्डको लागि श्रीपात्र देवताको सवारी सञ्चालन गर्ने फिर्ति सवारीमा महासिद्धाचल गोरक्षपीठ मृगस्थलीबाट श्री महन्तलाई झल्लरी छाता ओढाई बालाजुदेखि हनुमान ढोकासम्म पुऱ्याउने वैदिक परम्परा पनि छ । श्रीपात्र देवतालाई श्रीहरिशयनी एकादशीका दिनमा श्रीहनुमान ढोकास्थित पीरपाटीमा सवारी गराईन्छ । श्रीऋषि तर्पणी पूर्णीमाको पावन अवसरमा श्रीगोसाईंकुण्डको तीर्थधाममा स्नान गराउन श्रीपात्र देवतालाई हनुमानढोकास्थित पीरपाटीबाट सवारी गराउने परम्परा छ । सवारी चलाउँदा हनुमानढोकाबाट पाँच मानेमा बास हुन्छ । साँझमा रोट् प्रसाद सहित धूप, दीपद्वारा आरती दिएर पूजा गरिन्छ । सवारी चलाउँदा रोट् प्रसाद चढायेर मात्र श्रीपात्र देवताको सवारी हुन्छ । दोश्रो दिनमा नुवाकोटमा बास हुन्छ र साँझमा रोट् प्रसाद चढायेर धूप, दीप, आरती पूजा गरेर विहान सवारी चलाउँदा रोट् प्रसाद चढाईन्छ । तेस्रो दिनमा लहरेपौवामा बास बसिन्छ र रोट् प्रसाद चढायेर धूप, आरती पूजा गरिन्छ । पाँचौ दिनमा ग्राङ्गमा श्रीभैरबजीलाई भैरब गुफामा रोट् प्रसाद चढायेर धूप, आरती, पूजा गरिन्छ । चन्दनबारीमा बास बसेर रोट् प्रसाद चढायेर धूप, दीप, आरती पूजा गरिन्छ । छैठौं दिनमा श्रीगोसाईंकुण्डमानै बास बसी रोट्प्रसाद चढायेर, धूप, दीप, आरती पूजा समेत गरिन्छ । श्रीऋषितर्पणी पूर्णिमाको दिनमा ६ ओटा रोट् प्रसाद चढाईन्छ । श्रीशिवालयको आसनमा, श्रीपात्र देवताको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



आसनमा, श्रीत्रिशुल धाराको आसनमा, श्रीपात्र देवतालाई कुण्डको स्नान गराउँदा, श्रीभैरवकुण्डमा श्रीभैरवजीको नाम आदिमा धूप, दीप साथ रोट् प्रसाद चढाइन्छ । श्रीपात्र देवताको साथ रोट् प्रसाद रहन्छ । श्रीगोसाईंकुण्डबाट श्रीपात्र देवताको सवारीबाट फिर्तिपछि साधु-सन्त समेतलाई तीन गएको सत्कारस्वरूप प्रसाद ग्रहण गराउनुपर्ने परम्परा छ । आश्विन महिनाको श्रीकृष्णपक्षमापर्ने तिथिका दिनमा फर्पिङको मेलामा श्रीपात्र देवताको सवारी हुन्छ । फर्पिङ्गमा समेत चक्र पूजा हुन्छ र गुरू गोरक्षनाथको गुफामा र श्रीशेषनारायणमा पूजा, धूप, आरतीका साथ तीन रोट् प्रसाद चढाईन्छन् । फर्पिङ्गमा औशीका दिनमा श्रीपात्र देवताको सवारी गराई श्रीमहासिद्धाचल गोरक्षपीठ मृगस्थली सिद्धाश्रममा लगेर भित्र्याईन्छ ।

यस यात्राको शुभारम्भ श्री हरिसयनी एकादशीको पुण्य पर्वबाट काष्ठमण्डपस्थित हनुमान ढोका पीरपाटीमा विशेष पूजापाठ, जप आदि अनुष्ठान प्रारम्भ भई शुभमुहुर्तमा सो पीर पाटीबाट बालाजु, पाँचमाने, रानीपौवा, ढिकुरे, नुवाकोटको वेत्रावती, लहरेपौवा, दैघुम (धैबुङ्ग), गराङ्ग (ग्राङ्ग), भैरव गुफा, धुन्चे देखि घट्टेखोला, घट्टेखोलादेखि देउराली, देउरालीदेखि ढिम्सा, ढिम्सादेखि चन्दनबारी, चन्दनबारीदेखि चोलाङपाटी, चोलाङपाटीदेखि लौरीविना, लौरीविनादेखि अमरसिंह थापा स्तम्भ, अमरसिंह थापा स्तम्भदेखि श्रीबुद्ध मन्दिर, श्रीबुद्ध मन्दिरदेखि श्रीगणेश गौंडा, गणेश गौंडादेखि श्रीगोसाईंकुण्डमा, श्रीजनै पूर्णिमाका दिन श्रीपात्र देवताको स्नान र मेला चलाउने परम्परा अद्यापि छ । श्रीपात्र देवताको सवारीमा शिव दर्शनी परम्पराका श्रीनाथ योगीमध्ये पीर महन्त, महन्त, पुजारी, भण्डारी, सेवक, रक्षक एवं धर्मात्मा मातृभूमि भक्त तीर्थयात्रीहरूले पदयात्रा गर्ने परम्परा रही आएको छ । यो परम्परा संरक्षण गर्न श्री ५ को सरकार पर्यटन संस्कृति मन्त्रालयको साथै लाङटाङ राष्ट्रिय निकुञ्ज , श्रीगोसाईंकुण्ड क्षेत्र विकास समिति एवं श्री ५ को सरकार संस्कृति पर्यटन नागरिक उड्डयन मन्त्रालयले छुट्टै वृहत्तर गुरू योजनाको रूपमा विकास गरेर यो पुण्य तीर्थस्थलको संरक्षण गर्नु परम कर्तव्य हो । यो तीर्थधाम काठमाण्डौबाट ११७ (कि.मी.) झण्डै ९ घण्टा जति बस यात्रा गरी धुन्चेमा बास बसेर भोलिपल्ट चन्दनबारी पुग्न सकिन्छ । पर्सिपल्ट मौसमको अवस्था हेरि लौरीबीनाबाट श्रीगोसाईकुण्ड पुग्न सकिन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# महारानी श्रीदेवीको साक्षात्कार

श्री ५ रामशाहकी रानी देवीको अवतार हुनुहुन्छ भन्ने प्रसंग एकदिन कचहरीमा लषन थापाको सिद्धि परिचय पाएपछि राजा रामशाहले तिमी त बडा सिद्ध रहेछौं छलछाम नगरी कल्याणपूर्वक मेरो प्रश्नको उत्तर तिम्रो मुखारविन्दबाट श्रवण गराऊ भन्ने हुकुम भयो र लषन थापाले अघि आफूलाई श्रीगोरक्षनाथबाट प्रसाद पाई सिद्ध भएको श्रीरामशाहलाई सहाय: गरोस् भनेको सब विस्तार गरेर श्री ५ रामशाह सिद्ध लषन थापासित मलाई नेपालको मनसुवा छ नेपालको भोग हवस भनि हुकुम हुँदा नेपालको भोग त हुनेछ, हजुरलाई छैन, हजुरका संतानलाई हुनेछ तर म सँग यो कुरा किन हुकुम हुन्छ । हजुरकी श्रीमहारानी साक्षात श्रीदेवीको अवतार हुनुहुन्छ, वाँही हुकुम होस् भनि लषन थापा सिद्धले विस्तार गर्दा श्री ५ महाराजा रामशाहबाट मेरी महारानी त्यस्तो भएको मलाई कसरी थाहा हुनेछ । मलाई त केही थाहा छैन । तिमीले कसरी जान्यौ ? यस कुराको विस्तार गर भनी हुकुम हुँदा श्रीलषन थापाले श्रीदेवी महारानीका मुखारविन्दबाट सुन्याको केही देख्याको म विन्ति गर्छु श्रवण हवस् भनि पैल्हे श्रीगुरू गोरक्षनाथको र श्रीदेवी महारानीको बातचित भएको विस्तार गर्छु । केही एकदिनमा श्रीमहारानीले हजुरलाई ज्यूनार गराउनालाई भूजा रची टक्रयाई अरू तरकारी टक्रयाउनलाई सरजाम लिन अरूतिर मुहार फिराई सरजाम लिई टक्रयाउन फिर्दामा त भुजा तिहुन, तरकारी टक्रयाएको सब थाल कचौरा खाली भएको नजर भयो । र अरे कल्ले खायो ? यहाँ त कोही आएको छैन । मैले बिर्से कि भनी भुजा रची टक्रयाउनु भयो । फेरी उस्तै भयो के भयो यस्तो भनी आफूले आत्मज्ञानले विचार गर्दा गोरक्षनाथबाट भोजन गरेको ठहराई फेरि भुजा रची कतैतिर मुहार नफिराई सामने नजर भै ज्यूनारको सबै सरजाम टक्रयाउनु भयो ।

श्रीगोरक्षनाथको जो स्वरूप यो कुरो चाहिन्छ भनी आज्ञा भए दाखिल गर्ने थिएँ भनी हुकुम हुँदा श्री गोरक्षनाथबाट खानु लाउनु भनेको हामीलाई यो व्यवहार त केही थिएन, एउटा छल नगरी संवाद हुँदैन भनी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



छल गरेको हो । के अर्थको संवाद भने- 'मनुष्यको जन्म भएको छ । "मनुष्यै हुँ भनी न ठहऱ्या जाओस्" केवल श्रीकाली श्रीलक्ष्मी दुबैको अंशले यहाँको अवतार भएको छ । तसर्थः आफ्नो अंश संभ्फाउन मात्रै आएको हुँ । संभ्फाएको किनभने द्रव्य शाहलाई मैले आशीर्वाद वरदान दिएको छु त्यो चाँडो फलित होस् भनी मर्जी गर्नुहुँदा श्रीईश्वरी महारानीबाट ताहाँ श्रीशिव आफै आफ साक्षात् शिवको अवतार हुनुहुन्छ ताहाँको वरदान भ्फुठो हुने छैन । फेरी मबाट के भन्नु पऱ्यो भनी श्रीदेवी महारानीबाट हुकुम हुँदा श्री गुरू गोरक्षनाथबाट फेरी आज्ञा गर्न लाग्नु भयो । मैले दिएको वर भ्फुठो हुने छैन तापनि सकल जगत् संसारमा जति देहधारी छन्, अरू देवताहरू जोछन् उनका पनि सामर्थ्य की अधिष्ठात्री स्वरूप शक्तिलाई कहिन्छ । तसर्थ मेरो वरदानको पूर्ति ताहींबाट गर्नुपर्छ भनी श्री गोरक्षनाथबाट आज्ञा हुँदा श्रीदेवी महारानीबाट २/४ दिनपछि हामी सबै भेला भै मर्स्याङ्दी दरौंदीको बेनीमा बातचित्त गरौंला भनी हुकुम भयो र श्रीगोरक्षनाथ आफ्नो स्वरूप छिपाई अन्तरध्यान हुनु भएछ, भएता प्रबन्ध अघि भएको रहेछ ।

पछि मलाई श्रीगुरू गोरक्षनाथबाट दरौंदी, मर्स्याङ्दीका वेनीमा श्री ५ रामशाहकी रानी श्रीदेवी अरु श्रीदेवता पनि म पनि ताँही भेला हुनेछौं । तँ पनि पूजाको सरजाम ली तहीं आएस् भनी श्रीगुरू गोरक्षनाथबाट आज्ञा हुंदा श्रीदेवी महारानी पनि कस्तो रूप गरी कस्ता तरहले बैह्राउनु हुँदो रहेछ भनी केही अन्त पनि लिने तजबीज चित्तमा ठहरयाई आफ्नु स्वरूप छिपाई दैवी सार्मथ्य हुनेले मात्र देख्ने गरी पटाङ्गिनीमा आई रहेको थिएँ । श्रीदेवी महारानीको बैह्राउने बखत भएछ र वहाँका गण रहेछन् मैले त केटी जस्तो मानें, परमेश्वरीको अन्त लिन खोजेको त मलाई उस घडीमा मोहजस्तो भयो । वाहाँ देखिनु केटी जस्ता उ आएर कसको अन्त लिन हो आफ्नो स्वरूप छिपाई सिद्याई देखाएको भनी लाजूदा स्वप्न देखिन लागे जस्तो भयो र हेर्छु त केटी पनि नाहिं कोही पनि नाहिं त्यस्तो देख्दा परमेश्वरीलाई मन बचनले हे ईश्वरी मैले हजुरको अन्त लिन जानिन् ।

श्रीगुरू गोरक्षनाथबाट तँ पनि पूजाको सरजाम लिई दरौंदी मर्स्याङ्दीको वेनीमा आएस् भनी आज्ञा भएको थियो र आएको हुँ । मेरा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



अपराध क्षमा गरिबक्सियोस् भनी दण्डवत प्रणाम गरेपछि दरवारको ढोकादेखि एकपुरूष निस्कयो पछिबाट दिव्य अतिसुन्दर एक स्त्री निस्कदामा यस्ता स्त्री त यहाँ कहिले पनि देखिन्थे भनी मनमा यस्तो चिन्तना हुँदा जुन काममा म आएको थिएँ, त्यो काम पनि बिर्से । अघिको गोरक्षनाथको दर्शन नपाउँदैको अति मुढ बुद्धि जुन थियो, सो बुद्धिले ढाके जस्तो हुँदा यी महारानी त कसका पछि गईन्, यो पुरूष कुन हो त्यसैलाई काटिदिउँ र मालिकको सोझो यसै गरे होला भन्ने मनमा ठानी तरवार झिकी हातमा लिई पछि लागें र दौडी गै भेट्दा त उही पुरूष सिंह भयो र उही सिंहमा श्रीईश्वरी महारानी सवार हुनुभयो । मैले त्यस्तो देखदा यस्तो के कल्पना गरें भनी हात जोडी खडा भएँ र हामी जस्ताले सिद्ध भयौं भनी शेषी गर्नु व्यर्थ रहेछ । हजुरको अन्त लिन खोज्ने भएको मेरो अभिप्राय बुझि मायाको छल दुई बखत हुँदा मलाई भएको दिव्य ज्ञान लोपै भए जस्तो भयो, सिद्याईको पनि केही ठेगाना भएन । तसर्थ हे ईश्वरी । ब्रह्मादि इन्द्रादि देवताहरू पनि हजुरको माया बुझ्दैनन् भनी साष्टांङ्ग दण्डवत् गरी बहुत तरह सित बक्साई क्षमापन गराएँ र श्रीदेवी महारानीबाट तँ पनि अघि लाग् हिँड भनी हुकुम भयो र अघि लागि गएँ । जाँदा-जाँदा बेनीमा पुगेपछि श्री गुरू गोरक्षनाथबाट लषन थापालाई तैंले ल्याएको सामग्रीले यस्ता विधानसँग पूजा गर भनी सिकाई बक्सनु भयो र सोही विधिले गरी अरु देवताको पनि पूजा गरें । विशेष वडा विधानले गरी श्रीईश्वरी महारानीको पूजा हुँदा श्रीईश्वरी महारानी प्रसन्न भै क्या निमित्त तैंले पूजा गरेको हो भनी हुकुम हुँदा श्री ५ महाराज द्रव्य शाहलाई गुरु गोरक्षनाथबाट जुन प्रबन्ध सित वरदान बक्सनु भएको थियो यस्ता तरहले जय हुनेछ भनी हुकुम हवस् भनी विन्ति गरें । तहाँ देखिन् श्रीईश्वरी महारानीबाट बेस विन्ति गरिस् जस्ता तरहले दिनुपर्ने हो सो तरह सित वरदान दिउँला भनी हुकुम भयो र त्यहाँ देखिन् फेरि मनकामना श्रीदेवी जो हुन् म नै हुँ । आज देखि मेरो पूजा सदासर्वदा तैंले तेरा सन्तान, दर सन्तानले गर्नु भनी हुकुम भयो । त्यसपछि गुरू गोरक्षनाथबाट पनि मैले दिएको वरदान ताहींबाट



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चाँडै पूर्ति हवस् भनी आज्ञा हुँदा श्रीदेवी महारानीले पनि हजुरबाट बक्सनु भएको वरदानको पूर्ति म गरौंला भनी हुकुम भयो र गुरू गोरक्षनाथ अन्तरध्यान हुनु भयो । अरु देवता आ-आफ्ना स्थानमा गए, श्रीदेवी दरवारमा भित्रिएपछि म पनि आफ्नो घर गएँ ।

यो बर्षदिन अघि भएको कुरा मैले विन्ति गरें । आजकल पनि पर्व-पर्वमा कैले काशी, कैले विन्दवासिनी, कैले अरु बडा-बडा पीठमा सिंहका सवार भै पाउ लाग्नु हुन्छ । म पनि पाउ रखवारी जान्छु भनी विन्ति गर्दा श्री ५ राम शाहले म पनि कस्ता तरहले भेट पाउँला सो उपदेश मलाई गर भनी हुकुम भयो र सिद्ध लषन थापाले विन्ति गरे । अष्टमी, नवमी र चतुर्दशीका रात्रिमा चार पाँच घडी रात्रि बाँकी छँदामा हजुर सुकलादेखि जागा हुनु भई श्रीदेवी महारानीको गाथमा बाहुली लाउनु होला र गाथ चिसो भएको होला । त्यसै बखतमा हजुरबाट तिमी मसँग शयन गरेकी छौं, तिम्रो अंग चिसो मेरो अंग तातो के कारण हो ? भनी हुकुम होस् र मेरो अंग पनि तातै छ भनी हुकुम हुने वित्तिकै तातो होइजाला त्यति हजुरले परीक्षा गर्नुहोस् भनी विन्ति गरें ।[६]

६) स्रोत : योगी नरहरिनाथ: सम्पादित "गोरखा वंशावलीबाट"उधृत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# राजकुमार पृथ्वीनारायणलाई दधिवर प्रसाद

पृथ्वीनारायण शाह ६ बर्ष पुरा गरी ७ वर्षमा प्रवेश गर्दा साथी, भाई, बहिनी, बालवृन्दका साथमा खेल्न छोडेर बैशाखी पूर्णिमाका दिन राजकुमार पृथ्वीनारायण शाह दैवयोगले उसै शिव गोरक्ष गुफामा लुकामारी खेल्न पुगे र गुफामा उज्यालो पूर्णिमाका चन्द्रमा जस्तो मुख मण्डलको र १२ (बाह्र) बर्षे बालकको फटिक जस्तो शरीरको प्रकाश देखेर स्वभावत: आकृष्ट भै पाउमा परी प्रणाम गरे । बाल गोरक्षनाथले प्रसन्न मुद्रामा पृथ्वी शिरमा दाहिना हातले जय जीव भनेर वरदान दिएर भन्नुभयो - जाऊ राजकुमार ! मुमासँग गाईको दहि मागेर ल्याऊ । यो सुनेर पृथ्वीले जेठी मुमा चन्द्रप्रभादेवीका पासमा गएर विन्ति गरे - मुमा ! गुफामा बसेका जोगीले मुमासँग गाईको दहि मागेर ल्याऊ भने दिनु हवस् । यस्तो सुनेर भक्तिमती वात्सल्यमूर्ति माता चन्द्रप्रभाले साना ठेकीमा गाईको दहि दिएर जाऊ छोरा ! दहि लिएर जोगीलाई देऊ । जे जसो भन्छन् भनेको माने । भनेर पठाउनु भो ।.पृथ्वीले दहिको ठेकी लिएर गुफामा गुरू गोरक्षनाथलाई दिए । गोरक्षनाथले सबै दहि क्यामुनाका सानापातका खोत्चामा खन्याएर नभरि-नभरि भयो, सबै मुखमा राखि लौ हात थाप ! भनेर हातमा थुकी दिनुभयो । लौं खाऊ ! भन्नुभयो । तर बाल स्वभाववश खान संकोच गरेको देखेर एक हातले पृथ्वीका दुबै हातको अञ्जुली ढिलो पारि दिंदा दहि पृथ्वीका खुट्टामा पोखियो । यो देखेर गोरक्षनाथले भन्नुभयो । दहि खाइ दिएको भए मुखले बोलेको पुग्ने थियो । खाएनौ पाउँमा पऱ्यो । अब तिम्रो पाउ जुन ठाउँमा पर्ला त्यो पृथ्वी तिम्रो होला जाउ भनेर विदा दिनुभयो । आफु गुफामा अन्तर्ध्यान हुनुभयो । पृथ्वीले ठेकी लिएर मुमालाई दिएर सबै कुरा विन्ति गरे । सुनेर मुमाले थक्क खाएन छौं भनेर पछुतो गर्नुभयो । ठेकी खकालेर खान दिनुभयो । आफुले पनि खानु भयो र भन्नुभयो जे जसो भने पनि मान्नु भनेकै हो । मानेन छौ, मानी दिएको भए मुखले बोलेको पुग्ने थियो । शिव गोरक्ष दधिवर प्रसाद र महिषमर्दिनी दुर्गाको खड्गसिद्धिका वरदानले पृथ्वीले विशाल नेपाल एकीकरण गर्ने अठोट गर्नुभयो । गोर्खा भाषाले गोर्खा जातिको एकता गऱ्यो । देवनागरी लिपिले एकता गऱ्यो । जातिय एकता भयो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# चक्रपाणीलाई दिव्यदर्शन

भगवान गुरू गोरक्षनाथका अनन्न्य भक्त गोरक्ष साम्राज्यको सार्वभौम साथै गोरक्षाचल तिलक महाराजा पृथ्वीनारायण शाहको कुल पुरोहित पण्डित चक्रपाणी एक पटक घरबाट विरक्त भएर आफ्नो भाग्यद्वारका अन्वेषण गर्नको निम्ति निस्कनु भयो । बडो एकचित्तमा रही भगवान गोरक्षनाथका चरणकमलको ध्यान गर्नुभयो, गिरिदरियाका देवालयमा, वन तथा उपवनमा पुण्य सलील नदी तीर्थोमा भूमण्डलको गिरिशिखरमा कतिपय समय निरन्तर भ्रमण गर्नका लागि अनन्तमा एकदिन अकस्मात् आफ्नो जन्मभूमि गोरक्षाचलको अधिदेव अयोनिशंकर गुरू गोरक्षनाथबाट उनलाई दिव्यदर्शन दिनुभयो । असीम करुणासागर चराचरका गुरू भगवान गोरक्षनाथ सुधावृष्टिमय दृष्टिबाट आफ्नो अनन्न्य अतिप्रियभक्त चक्रप्राणीले शिक्षा प्राप्त गरे ।

विजनका वनमा प्रकट भई आफ्नो यथार्थ ज्योतिर्मय दिव्य स्वरूपका दर्शन दिएर समग्र वाङ्मयको मूलमन्त्रका उपदेश दिनुभयो, चक्रप्राणीको जीव्हाञ्चल, आत्मामा पर कोहि अलौकिक सञ्चितत्व बीजको समेत लेखेर बताउन लाग्नु भयो ।

हे वत्स ! वाग्देवी सरस्वती सदैव प्रभुको मुखकमलमा निवास गर्नुहोस् । नरेश मण्डली प्रभुको चरणमा शिर झुकाई प्रभुको दीर्घायुहोस् । संसारमा परमेश्वरीको महिमा वर्णन छ । विद्वान पुत्रको उत्पन्न गर्नुहोस् । भूमण्डलका भ्रमण गर्ने हे पुत्र ! प्रभु आफ्नो गृहस्थ धर्मका विधि सत्पालन गर्नुहोस् । यी सत् बताउनु भई शान्त हुन गएका थिए । यसको अन्त्यमा दैवज्ञकेसरीका पिता चक्रपाणी पूर्णपरब्रह्मानन्द सुधा सरोवरमा निमग्न चित्तबाट बद्धाञ्जलि हुनु भई आफ्नो भाग्यस्वरूप गुरू गोरक्षनाथजीको चरणकमलमा बारम्बार दण्डवत् प्रणाम गरि तत्काल श्रीनाथजीको अनुकम्पाबाट प्राप्त वाग्वैभवद्वारा उद्दाम एवं प्रचुर अर्थ भएका स्व:शुद्ध वाणीद्वारा स्तुति गर्न लागे । हे गुरूदेव ! प्रभुको चरणमा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



अनन्तकोटि नमस्कार छ, प्रभु संसारमा सकल सिद्धिको एकमात्र कुलभवन, ब्रह्मा, विष्णु, रूद्र तीनको तेजोमय बाल गोरक्ष विग्रह धारण गर्नु हुने निरन्तर भूमिको रक्षा भलाईको लागि हिरण्यगर्भमा निवास गर्नेको कारण धर्तिपुत्र, हे करूणामय ! लोकोद्धारको निमित्त अवतारको नाना शरीरमा धारण गर्ने अतुल शक्तिशाली साथै भक्तोको भवसागरमा पार गर्नेमा नित्य प्रस्तुत हुने म प्रभुको शरणमा छु । हे नाथ ! प्रभु षण्णवति मेघमालामय प्रचण्ड भुजङ्गोका माथि सिद्धासन आसन बाँधेर बस्नु हुन्छ, योग शक्तिबाट देदीप्यमान सिद्धिकोसँग प्रभुको चरणकम्मलमा प्रणाम गर्दछु । प्रभुको चन्द्रक्ला तुल्य गायत्रीमा अखण्ड विभूति शोभायमान हुनुहुन्छ । दुग्ध धवल भष्मोद्धुलनबाट प्रभुको सुन्दर शोभा देखिनु हुन्छ । जुन शारवी पूर्णिमाको रात्रीमा स्वःशुद्ध ज्योत्स्नामा स्फटिकाचल कैलासीको शोभायमान हुन्छ । प्रौढ अन्य विस्तीर्ण विपूल एवं भव्य तेजोमण्डलबाट प्रभुको मुखमण्डल विराजमान छ । प्रभुको यस स्वरूपका म सदैव ध्यान गर्दछु । हे त्रिलोचन ! प्रभुको भालपट्टमा तृतीय नेत्र अग्नि जाज्वल्यमान छ । सुधोज्ज्वल आबाल पराक्रम बाल क्लेवर पर (मायादेखिपर निराकार निरञ्जन) कैलासकुटमा सन्ध्या तपका तुल्य काखमा वस्र शोभायमान छ । अङ्ग प्रत्यङ्गमा नाना वर्णको नाग अन्य उनको फणामणि दिव्य भूषणका कार्य गर्न रहन हुने, बाल भाष्करको अरूण किरणको समान स्वर्णवर्ण जटाको जालबाट निष्पन्न प्रभुको रुचिर मुकुट विराजमान हुनुहुन्छ ।

सच्चिदानन्दमय अद्वैतामृत सागरमा सदैव निमग्न रहने प्रभु समग्र गुरूजनका परमगुरू हुनुहुन्छ । म प्रभुका जप ध्यान गर्दछु ।

हे नाथ ! प्रभु विशाल वनस्थली मध्येमा प्रतिष्ठित शान्त वृक्ष-वृक्षादिको मूलको परिष्कृत वेदिका परदिव्य रत्नमा सुन्दर स्फटिक मणिका भव्य सिंहासनमा विराजमान हुनुहुन्छ । प्रभुको निम्ति विशाल श्वेतच्छत्र सुशोभित हुन्छ । प्रभुको म ध्यान गर्दछु । हे भव ! हे गोरक्ष !! समग्र ऐश्वर्य, धर्म, यश, श्रीज्ञान साथै वैराग्य यी षड्विध ऐश्वर्यबाट प्रभुका महिमा अनन्त अपार छ । परमेश्वर समग्र संसारका उद्धार गर्नको निम्ति नानावतार धारण गर्ने, विष्णु आदिरूपबाट पनि अतिसुन्दर, मधुकैटभादि दैत्यहरूका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



संहार गर्न जगत्का बाधालाई अन्त्य गरी शान्तिको महाशान्ति या विश्वशान्ति ल्याउने विराजमान शक्तिशाली हुनुहुन्छ । महापद्म-पद्म, शंख, मकर, कच्छप, मुकुन्द, कुन्द, नील साथै सर्वप्राणी, नवनिधि सबै प्रभुको अधिनमा रहन्छन् एवं अणिमा, महिमा, लघिमा, गरिमा, प्राप्ति, प्राकाम्य, ईशित्व वशित्वमा अष्टसिद्धिमा परमेश्वरका अधिनमा छन् । साथै आज्ञाकारी हुनुहुन्छ । हे गुरू ! हे गोरक्ष !! हे कामगते ! प्रभुका गति अकुण्डित छ, सप्तपाताल, सप्तद्वीपवती पृथ्वी, स्वर्गादि, सत्यपर्यन्त ऊर्ध्वलोक अन्तरिक्ष वायु अग्नि साथै जलमा प्रभु स्वच्छन्दरूपमा भ्रमण गर्नु हुन्छ । हे त्रिगुणमय ! प्रभु तीन गुणका आश्रय लिएर सृष्टि स्थिति सबै संरक्षक र संहारक दुबै गर्नसक्नु हुन्छ । हे त्रिकालज्ञ ! भूत-भविष्य वर्तमानको तत्व प्रभु प्रत्यक्ष जानीकार हुनुहुन्छ । हे वेदादिगुरू ! यस्य निश्वसितं वेदा: निगमागमो को आदिगुरू आदिनाथ: प्रभु हुनुहुन्छ । हे सर्वज्ञ मुकुट ! प्रभुको अमोघ ज्ञानको प्रकाशमा समग्र ब्रह्माण्ड करामलक तुल्य हो र जान्छ । साथै प्रभु जो चाहनु हुन्छ सो गर्नुहुन्छ- कर्तृ - अकर्तृ अन्यथा कर्तृमा समर्थ हुनुहुन्छ । हे स्वामी ! हे नाथ: ! प्रभुका करूणामा बुझे अतुल महिमा मिली, प्रभुको पुण्य दर्शनमा म कृतार्थ भएँ । हे देव ! जुन बुझ्ने पर कृपाको यही नै मेरो वंश पर सदा अनुकम्पा बनाई राखिदिनु भो, अन्तमा प्रभुबाट यही एकवर मागदछु की जब मेरा अन्तिम श्वास निक्लिन्छ । तब मेरो आत्मा परब्रह्म स्वरूप प्रभुका ज्योतिमा कैवल्यभाव प्राप्त गरी लीन हुन् पाऊँ । हे नाथ: ! हे सदाशिव ! प्रभुको सामर्थ्यका वर्णन गर्नमा वृहस्पतिका बुद्धि समेत समर्थ हुन् सकेन र सक्तैनन् ? यस कुराको सन्देह छैन । तथापि प्रभुको निम्ति प्रशस्त कविताको गर्वको आवेशमा मैले जो कुरा धृष्टाको उपर क्षमा गर्नुहोस् । को हामी बालकको तोते बोली माता, पिता, गुरूजनमा आनन्द दिनुहुन्छ । चक्रपाणीको सुपुत्र दैवज्ञकेशरी बताउनु हुन्छ । यसप्रकार आफ्नो दिव्य स्तुति सुनेर अति प्रसन्न मनबाट "“तथास्तु” तिम्रो ईच्छापूर्ण हो, यशवर दिएर भगवान गुरू गोरक्षनाथजी अन्तर्ध्यान हुनु भयो । आनन्दबाट प्रफुल्ल हृदयकमलमा भक्तिपूर्वक चराचर गुरू गोरक्षनाथजीको चरणकमलको स्थापित गरे । हाम्रा पिताजी घरतिर आउनु भयो । तब गोरक्षवरबाट संसारमा सबसे उत्तम भए ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# मृगस्थलीमा के के आवश्यक छ ?

## क) श्रीलक्ष्मीपूजामा :

(१) गहुँ १० कि. ग्रा. (२) घ्यू १० कि. ग्रा. (३) चीनी १० कि. ग्रा.(४) सक्खर २.५० कि. ग्रा. (५) मरिच एकपाउ (६) ल्वाङ एकपाउ (७) सुकुमेल ५० ग्राम (८) काजु आधा कि. ग्रा. (९) कीसमीस आधा कि.ग्रा. (१०) नरीवल एक कि. ग्रा. (११) छवडा १ कि. ग्रा. (१२) रातो कपडा १.२५ मी. (१३) गोकुल धुप एक पाऊ (१४) अगरबत्ती एक (१५) अवीर (१६) केशरी (१७) कपुर (१८) गुरू भेटी (१९) मधु १०० ग्राम (२०) मिष्ठान्न (२१) वदाम ५०० ग्राम (२२) अलैंची २०० ग्राम (२३) दालचीनी १०० ग्राम (२४) सौंफदेशी १०० ग्राम (२५) तिलको तेल ६ लिटर (२६) पान (२७) सुपारी (२८) फलफूल (२९) कातेको बत्ती, आश्रम, मठ, मन्दिर, सरसफाई, साधु, सन्तका निम्ति भण्डारा, बिजुलीको बत्ती आदि :

## ख) श्रीबडादशैंको पूजामा :

(१) गहुँको पीठो २५ कि.ग्रा. (२) घ्यू २५ कि. ग्रा. (३) चीनी २५ कि. ग्रा. (४) सक्खर २.५० कि. ग्रा (५) मरिच डेढ पाउ (६) ल्वाङ डेढ पाउ (७) सुकुमेल डेढ पाउ (८) काजु १ कि. ग्रा. (९) कीसमीस १ कि. ग्रा. (१०) नरीवल २ वटा (११) छवडा २ कि.ग्रा. (१२) रातो कपडा १.२५ मी. (१३) गोकुल धूप १ पाउ (१४) अगरबत्ती एक (१५) अवीर एक (१६) केशरी एक (१७) सानो कपुर एकपोका (१८) गुरू भेटी (१९) मधु (२०) मिष्ठान्न (२१) अलैंची (२२) दालचीनी (२३) सौंफदेशी (२४) बदाम १ कि. ग्रा. (२५) तिलको तेल ६ लिटर (२६) फलफूल (२७) कातेको बत्ती (२८) पात (२९) सुपारी ( ३०) टपरी र आश्रम, मठ-मन्दिर सरसफाई, साधु-सन्तहरूको लागि भण्डारा आदि ।

## ग) श्रीमहाशिवरात्रीको पूजामा :

(१) गहुँको पीठो २५ कि.ग्रा. (२) घ्यू २५ कि. ग्रा. (३) चीनी २५ कि. ग्रा. (४) सक्खर २.५० कि. ग्रा (५) मरिच डेढ पाउ (६) ल्वाङ डेढ पाउ



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



(७) सुकुमेल डेढ पाउ (८) काजु १ कि. ग्रा. (९) कीसमीस १ कि. ग्रा. (१०) नरीवल २ वटा (११) छवडा १ कि.ग्रा. (१२) रातो कपडा १.२५ मी. (१३) गोकुल धूप १ पाउ (१४) अगरबत्ती एक (१५) अवीर एक (१६) केशरी एक (१७) कपुर एकपोका (१८) गुरू भेटी (१९) मधु १०० ग्राम (२०) मिष्ठान्न (२१) अलैंची १०० ग्राम (२२) झण्डाको वस्त्र ११ मी. (२३) बाँस २ घना (२४) बदाम १ कि. ग्रा. (२५) तिलको तेल ६ लिटर (२६) फलफूल (२७) कातेको बत्ती (२८) पात (२९) सुपारी (३०) टपरी (३१) सौंफदेशी १०० ग्राम र आश्रम, मठ-मन्दिर सरसफाई, साधु-सन्त, नेपाल-भारतबाट आउन्या चारै सम्प्रदायको निम्ति भण्डारा आदि ।

## घ) भगवान गुरू गोरक्षनाथको जन्मोत्सव बैशाखी पूर्णिमा या श्रीगुरू पूर्णिमाको पूजामा :

(१) गहुँको पीठो २५ कि.ग्रा. (२) घ्यू २५ कि. ग्रा. (३) चीनी २५ कि. ग्रा. (४) सक्खर २.५० कि. ग्रा (५) मरिच डेढ पाउ (६) ल्वाङ डेढ पाउ (७) सुकुमेल डेढ पाउ (८) काजु १ कि. ग्रा. (९) कीसमीस १ कि. ग्रा. (१०) नरीवल २ वटा (११) छवडा १ कि.ग्रा. (१२) रातो कपडा १.२५ मी. (१३) गोकुल धूप १ पाउ (१४) अगरबत्ती एक (१५) अवीर एक (१६) केशरी एक (१७) कपुर एकपोका (१८) गुरू भेटी (१९) मधु १०० ग्राम (२०) मिष्ठान्न (२१) अलैंची १०० ग्राम (२२) दालचीनी (२३) सौंफदेशी १०० ग्राम (२४) बदाम १ कि. ग्रा. (२५) तिलको तेल ६ लिटर (२६) फलफूल १०० कि. ग्रा. (२७) कातेको बत्ती तीन हजार (२८) पात (२९) सुपारी (३०) टपरी र आश्रम, मठ-मन्दिर सरसफाई, साधु-सन्त भण्डारा नेपालभित्रका चारै सम्प्रदायकालागि ।

## १) बार्षिक ५२ आइतबारको लागि चाहिन्या रोट् प्रसादको सामग्रीको विवरण :

(१) गहुँको पीठो ३ पाथीं (२) घ्यू १ कि. ग्रा. (३) चीनी २५ कि. ग्रा. (४) सक्खर १ कि. ग्रा. (५) मरिच डेढ पाउ (६) ल्वाङ १०० ग्राम (७) काजु १०० ग्राम (८) सुकुमेल १०० ग्राम (९) कीसमीस १ कि. ग्रा. (१०) नरीवल १ वटा (११) छवडा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



१०० ग्राम (१२) रातो कपडा १.२५ मी. (१३) गोकुल धूप ५० ग्राम (१४) अगरबत्ती एक (१५) अवीर एक (१६) केशरी एक (१७) कपुर एक (१८) गुरू भेटी (१९) मधु (२०) मिष्ठान्न (२१) बदाम १०० ग्राम (२२) अलैंची ५० ग्राम (२३) दालचीनी ५० ग्राम (२४) सौफदेशी १०० ग्राम (२५) तिलको तेल १ लिटर (२६) कातेको बत्ती १०० (२७) पात

- एक आइतबारको खर्च रु. २,५९८/२५ मात्र
- बार्षिक बाउन्न आइतबारको कुल खर्च रु. १,३५,१०९/- मात्र

## २) बार्षिक ५२ मंगलबारको लागि चाहिन्या रोट्प्रसादको सामग्रीको विवरण :

(१) गहुँको पीठो ५ पाथी (२) घ्यू २ कि. ग्रा. (३) चीनी २ कि. ग्रा. (४) सक्खर २.५० कि. ग्रा. (५) मरिच डेढ पाउ (६) ल्वाङ १०० ग्राम (७) काजु २५० ग्राम (८) सुकुमेल ५० ग्राम (९) कीसमीस ३०० ग्राम (१०) नरीवल २ वटा (११) छवडा २०० ग्राम (१२) रातो कपडा १.२५ मी. (१३) गोकुल धूप ५० ग्राम (१४) अगरबत्ती एक (१५) अवीर एक (१६) केशरी एक (१७) कपुर सानो वट्टा एक (१८) गुरू भेटी (१९) मधु ५० ग्राम (२०) मिष्ठान्न २०० ग्राम (२१) अलैंची ५० ग्राम (२२) दालचीनी ५० ग्राम (२३) सौफदेशी १०० ग्राम (२४) तिलको तेल १ लिटर (२५) कातेको बत्ती १०० जति (२६) पात आदि ।

- एक मंगलबारको खर्च रु. २,२०२/२५ मात्र
- बार्षिक बाउन्न मंगलबारको कुल खर्च रु. १,१४,५१७/- मात्र

## नित्य दैनिक पूजाको लागि चाहिन्या सामग्रीहरूमा :

(१) श्रीखण्ड २५ ग्राम (२) रक्तचन्दन २५ ग्राम (३) अवीर २५ ग्राम (४) केशरी २५ ग्राम (५) जौ५०० ग्राम (६) कालेतिल २०० ग्राम (७) बत्ती १०० जोर (८) गोकुल धूप ५० ग्राम (९) कपुर एक पोखा (१०) अक्षता ५०० ग्राम (११) दियो २ (१२) कलश एक (१३) सुपारी (१४) फूलमाला (१५) गाईको घ्यू



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



२०० ग्राम (१६) सक्खर १०० ग्राम (१७) छवडा २५ ग्राम (१८) मधु ५० ग्राम (१९) भेटी रु. ११/- (२०) फलफूल (२१) तिलको तेल अखण्ड दीप प्रज्वलित १ लि. (२२) पात आदि ।

- एकदिनको लागि दैनिक पूजा खर्च रु. ७७०/- मात्र
- मासिक पूजाको लागि कुल खर्च रु. २३,१००/- मात्र
- बार्षिक ३६५ दिनको कुल खर्च रु. २,७७,२००/- मात्र

**भोग भण्डारको लागि चाहिन्या सामग्रीहरू :**

१) चामल ४० कि. ग्रा. (२) दाल - ७ कि. ग्रा. (३) आँटा ३० कि. ग्रा. (४) घ्यू १ कि. ग्रा. (५) तेल १ लि. (६) सब्जी ३० कि.ग्रा. (७) नुन १ कि. ग्रा. (८) मसला ५०० ग्राम (९) वेसार एक पाउ (१०) खुर्सानी १२५ ग्राम (११) अदुवा एक पाउ (१२) मेथी १०० ग्राम १३) चीयापत्ती एक पाउ (१४) चीनी ६ कि. ग्रा. (१५) दाउरा दुई भारी (१६) पात आदि ।

- दैनिक भण्डाराको लागि कुल खर्च रु. ३,३८६/-
- मासिक भण्डाराको लागि कुल खर्च रु. १,०१,५८०/-
- बार्षिक भण्डाराको लागि कुल खर्च रु. १२,१८,९६०/-

**चौमासाको ३ महिना पिरमा पालेका योगीजनहरू श्रीनीलकण्ठ, श्रीगोसाईकुण्ड जाने ५ जवानको लागि चाहिन्या खर्चहरूमा :**

क) चामल ५ पाथी (ख) पीठो गहुँको ५ पाथी (ग) दाल २ कि. ग्रा. (घ) घ्यू २ कि. ग्रा. (ङ) सक्खर १ धार्नी (च) चीनी ५ कि. ग्रा. (छ) चीयापत्ती २५० ग्राम (ज) विडी पेटी एक (झ) चुरोट पेटी एक (ञ) छाता ५ जोर (ट) घुम एकजोर (ठ) काम्लो एकजोर, (ड) धोती कुर्था दुई जोरका दरले (ढ) सौफदेशी ३०० ग्राम (ण) मट्टितेल १० लिटर (त) मसला ३०० ग्राम (थ) समीधा पाँचभारी, (द) अवीर (ध) केशरी (न) गोकुल धूप (प) अक्षता, (फ) फलफूल (ब) कातेको बत्ती (भ) अगरबत्ती (म) सलाई (य) रातो कपडा १.२५ मि. (र) सुपारी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चौमासाको ३ महिना पीरमा पालेको योगी जवानीको रोजिन्दा सिधा:

(१) चामल ११ पाथी २ माना

(२) दाल ६ माना,

(३) आलु ५ किलोग्राम (४) घ्यू १ कि.ग्रा. (५) मसला

- चौमासा ३ महिना पिरमा पाल्याका योगी जवान २ लाई विदाई सहयोग राशी,
- श्री इन्द्रजात्रामा श्रीकुमारीका रथ अगाडि श्रीयोगीनी चक्र भण्डारा गराउना चाहिन्या सहयोगी राशी ।
- पूजामा बलिदिने बोका-१,
- काष्ठमण्डप पीर, श्रीगोरक्षनाथ पीर, हनुमानढोका पीर, भक्तपुर पीर, ललितपुर पीर समेत गरी ५ पीरको योगीहरूद्वारा गरिने पूजामा पर्याप्त सहयोग धन राशीको व्यवस्था :

काष्ठमण्डप मरूसत्तलमा श्रीगुरू गोरक्षनाथका भाद्र वदि १४ रोजका दिन, वर्ष वन्दि भण्डारा खुवाउन्या ५४ जनाको लागि ।

(१) पीठो ३३ कि.ग्रा. (२) घ्यू १३ कि.ग्रा. (३) आलु १३ कि.ग्रा. (४) अन्य सब्जी २५ कि.ग्रा. (५) मसला (६) सख्खर ४ कि.ग्रा. (७) मरिच १ पाउ (८) सौफदेशी १ पाउ (९) दक्षिण ५४ जना योगीजनको लागि ।

कार्तिक वदि १३ रोजदेखि ऐ.ऐ. शुदि १५ सम्म दीपावली गर्नाको लागि ।

(१) तिलको तेल ३ लि. (२) दक्षिणा

- श्रावण शुदि १५ रोजका दिन डोरी बाँध्ने ब्राह्मणको लागि चाहिन्या दक्षिणा,

इन्द्रचोकमा

- माघ शुदि ५ रोजकादिन (१) झण्डाको कपडा ३ मि. (२) बाँसको घना १, (३) झण्डाको सिलाई खर्च, (४) अवीर (५) केशरी (६) गोकुल धूप आदि ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- बैशाख शुदि १५ रोजका दिन होम र रूद्री गर्नको लागि चाहिन्या सहयोग राशी सिधा दक्षिणा समेतका लागि ।
- असार शुदि ८ रोजका दिन तीन शहरका योगीजनलाई

भोजनादि गराउन चाहिन्या सामग्रीहरूमा :

(१) दुध ५० पौण्ड (२) चीनी ४ कि.ग्रा. (३) घ्यू २ कि.ग्रा. (४) मसला ३०० ग्राम (५) सब्जी ४० कि.ग्रा. (६) नुन (७) बेसार (८) खुर्सानी (९) पिठो (१०) मट्टितेल १० लिटर आदि चाहिन्या

## अति आवश्यकीय विषयहरू:

### माघे संक्रान्तिको लागि

(१) योगीजनलाई खिचडी भोजन गराउन्या घ्यू २ कि.ग्रा. (२) दाल ४ कि.ग्रा. (३) चामल १५ के.जी. (४) नुन १०० ग्राम (५) मसला (६) तरूल ५० कि.ग्रा. (७) तिलको लड्डु संख्या १००, (८) मैना सुनाउने ब्राह्मणको निम्ति दक्षिणा आदि ।

### बैशाख शुदि ८ रोजमा

(१) पर्व पर्वके सहयोग धनराशी (२) घ्यू २ कि. ग्रा. (३) सक्खर २.५० कि. ग्रा. (४) दही १० लि. (५) मालपुवामा राख्ने मसला (६) सक्खर छान्ने रूमाल (७) श्रीगणेशजीको निम्ति पूजाको सामग्री (८) पीठाधीशहरूलाई दक्षिणा (९) ब्राह्मणलाई रूद्रीपाठ गराउन्या सामग्री र दक्षिणा (१०) गहुँको पीठो ५० कि. ग्रा.

- मृगस्थली गोरक्षपीठ मार्फत देउपाटनमा स्थापना गरिएको गोरक्षपीठमा प्रत्येक मंगलबारका दिन रोट् प्रसाद चढाउनु पर्ने परम्परा छ ।
- एक मंगलबारको लागि चाहिन्या रोट् प्रसादको सामग्री ।
- बार्षिक बाउन्न मंगलबारको निम्ति चाहिन्या रोट् प्रसादको सामग्री व्यवस्था हुनुपर्ने छ



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



## विविधमा:

१) गौंको लागि, पराल, औषधी, दानको लागि मासिक रु. १,००,०००/- बार्षिक कुल धनराशी रु. १२,००,०००/- धनराशी खर्च हुने देखिन्छ भने बिजुली बत्ती, सजावटको सामग्री खरिद गर्न लगायत सबै प्रकारको आवश्यकता परिपूर्ति गर्न बार्षिक ६ लाख धनराशी खर्च हुने छ । यस सम्बन्धी अहिलेसम्म २५% प्रबन्ध नभएको देखिन्छ । शत्प्रतिशत श्रीवृद्धि गरिनुपर्छ ।

## पूजाको सामग्रीहरूको व्यवस्था:

१) कमण्डलु (२) शंख (३) घण्टी (४) चमर (५) नागफणी (६) थाली (७) ठूलोभ्कारी (८) तामाको गाग्री (९) पञ्चपात्रो (१०) आचमनी (११) धूपीया (१२) आरती पञ्च धूप, (१३) तामाको चन्दनखुरी (१४) चन्दन घोट्ने पत्थर (१५) नगरा (१६) हात्तेघण्टी (१७) भैरबजीको गाँठो भएको रुद्राक्षमाला (१८) शालीग्राम (१९) चरु हवन गर्ने सुरो (२०) डम्मरूमा तामाको घार भएको (२१) श्रृङ्गीनाथ, (२२) मृगचर्म (२३) खराऊ (२४) तामाको खेचा (२५) श्रीनाथजीको गद्दीको लागि बागम्बर (२६) हाते त्रिशुल (२७) थाली (२८) कुण्डल (२९) तामाको घडा (३०) तामाको जल राख्ने अँखोरा आदि ।

## चक्रपूजा हुने स्थानहरूमा :

(१) कुमारीचौक (२) काष्ठमण्डप (३) बाङ्गेमुढा (४) इन्द्रचोक (५) असन (६) हाँडीगाऊँ (७) देउपाट्न (८) बाँडेगाऊँ (९) चापागाऊँ (१०) पाटन (११) ठैंब (१२) भादगाऊँ (१३) लुभु (१४) बनेपा (१५) साँखु (१६) किर्तिपुर (१७) पनौती (१८) फर्पिङ् (१९) खोकना (२०) मृगस्थली (२१) गोकर्ण (२२) हलचोक (२३) कुन्छा (२४) पालुङ (२५) टिष्टुङ् (२६) पसिखेल (२७) थेचो (२८) ढलगाऊँ (२९) दहचोक (३०) फूटूं (३१) ठिमि (३२) चोभार (३३) टोखा (३४) कोडवु (३५) धर्मस्थली (३६) इन्द्रपंगु (



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



३७) कागनीगाऊँ (३८) मदूपुर (३९) खड्पु (४०) शंखु (४१) चपली गाऊँ (४२) चौकोट (४३) गैगाऊँ (४४) किसीपीडी (४५) मच्छेगाऊँ (४६) चित्तपोल (४७) पाँगा (४८) कमुगाऊँ (४९) बोडे (५०) साँगा (५१) भमरकोट् (५२) गलां (५३) वुलु (५४) कपन (५५) चाँगु (५६) थानकोट (५७) सतंगोल (५८) जीतपुर (५९) नकदेश (६०) धर्मपुर (६१) सानागाऊँ (६२) ले ले (रिङ्गापुर) (६३) बुङ्मती (६४) सुनाकोटि (६५) हरिसिद्धि (६६) धुलीखेल (६७) बालागाऊँ (६८) दथुगाऊँ (६९) बलम्बु (७०) फूलचोकी (७१) लासामा (७२) तिब्बत (७३) पेकीङ् (७४) महाचीन आदि चीनमा मात्र ५ स्थानमा चक्र पूजा गर्ने परम्परा थियो । यो परम्परा अहिले लोप हुन पुगेको छ ।

## सत्ताईस स्थानमा गरिने चक्रपूजाको नामावली :

१) ठैंब गाऊँमा फाल्गुण शुक्लपक्षमा । (२) श्रीपशुपतिनाथमा फाल्गुण कृष्णपक्षमा । (३) श्रीमत्स्येन्द्रनाथजीको असनमा चैत्र शुक्लपक्षमा । (४) चापागाऊँमा चैत्र शुक्लपक्षमा ।(५) इन्द्रचोकमा चैत्र शुक्लपक्षमा । (६) हाँडीगाऊँमा बैशाख कृष्णपक्षमा । (७) साँखुमाईमा बैशाख कृष्णपक्षमा । (८) भक्तपुरमा बैशाखको बिस्केटपर्वमा । (९) पाटनस्थित श्री मत्स्येन्द्रनाथजीमा बैशाख कृष्णपक्षमा । (१०) किर्तिपुरको श्रीबाघ भैरबजीका बैशाख शुक्लपक्षमा (११) लुभु श्री महालक्ष्मीमा बैशाख शुक्लपक्षमा । (१२) बनेपास्थित श्रीचण्डेश्वरीमा बैशाख शुक्लपक्षमा । (१३) पनौतीका श्री भैरबजीमा ज्येष्ठ शुक्लपक्षमा । (१४) श्रीवागीश्वरी बैद्य आषाढ कृष्णपक्षमा । (१५) श्रीइन्द्रचोकमा तस्मै भण्डारा आषाढ शुक्लपक्षमा (१६) बाँडेगाऊँमा भाद्र कृष्णपक्षमा । (१७) बाङ्गेमुढाका श्रीनारायणमा भाद्र कृष्णपक्षमा । (१८) काठमण्डपस्थित मन्दिरमा भाद्र कृष्णपक्षमा । (१९) द्यौ पाटनस्थित धोवीटोलमा भाद्र कृष्णपक्षमा । (२०) श्रीगोकर्णेश्वर वासुकीमा भाद्र कृष्णपक्षमा । (२१) काष्ठमण्डपस्थित मरुसत्तलमा भाद्र कृष्णपक्षमा । (२२) श्रीगद्धि बैठकमा श्रीकुमारीको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



आश्विन कृष्णपक्षमा । (२३) श्रीदक्षीणकाली फर्पिङ्गमा आश्विन कृष्णपक्षमा । (२४) पाटन धुँ बहालमा आश्विन कृष्णपक्षमा । (२५) खोकनास्थित श्रीकालिकामा आश्विन शुक्लपक्षमा । (२६) श्रीमहासिद्धाचल गोरक्षपीठ मृगस्थली सिद्धाश्रम अखडामा मार्ग शिर्ष कृष्णपक्षमा । (२७) इन्द्रचोकमा भ्रुण्डा फेर्ने र एक रोट प्रसाद चढाउनुपर्ने माघ शुक्लपक्षमा ।-स्रोत : विश्वनाथयोगीबाट प्रप्त





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# ओझेलमा पर्दैछन् नेपालका गोरक्षपीठहरू :

## ॐ हर श्रीनाथ :

क) श्रीमहासिद्धाचल गोरक्षपीठ मृगस्थली सिद्धाश्रम मृगस्थली कैलास अखण्डधुनी काष्ठमण्डप (ख) श्री वनकाली गोरक्षपीठ (ग) काष्ठमण्डप गोरक्षपीठ (घ) इन्द्रचोक गोरक्षपीठ (ङ) पीरपाटी गोरक्षपीठ (च) थापाथली गोरक्षपीठ (छ) पनौती गोरक्षपीठ (ज) साँखु गोरक्षपीठ (झ) श्रीबगलामुखी गोरक्षपीठ (ञ) श्रीमनकामना गोरक्षपीठ (ट) श्री गोर्खा गोरक्षपीठ (गोर्खा) (ठ) श्री लम्जुङ्ग शिखर कोटस्थित रागीनास गोरक्षपीठ (ड) श्रीशिवगोरक्ष पात्र देवतासिद्ध रतननाथ गोरक्षपीठ (दाङ्ग चौधरा) (ढ) श्रीसिद्ध भगवन्तनाथ गोरक्षपीठ, सल्यान (ण) श्रीचन्दननाथ गोरक्षपीठ, जुम्ला (त) दाङ्ग शिरगाऊँ सिद्ध भगवन्तनाथ गोरक्षपीठ (मठ) (थ) पश्चिम १ नं. नुवाकोट, धादिङ तारुका श्रीगोरक्षनाथ मन्दिर (गोरक्षपीठ) (द) पश्चिम ४ नं रामकोट छापथोक शिव गोरक्षनाथ मन्दिर (गोरक्षपीठ) (ध) घार खोला तातोपानी त्रिवेणी जलेश्वर शिव गोरक्षपीठ (न) कास्की पोखना सिद्धाश्रम दूइहजार ढोर सिद्ध वराहलहरी गोरक्षपीठ । (प) पश्चिम ४ नं. भृगुकुट राङरुङ भागर तपोवन अवधूतधुनी शिवगोरक्षनाथ मन्दिर, गोरक्षपीठ (फ) पश्चिम ४ नं. पैनु धुँवाकोट सिर्काङ शिव गोरक्षनाथ (गोरक्षपीठ) (ब) कर्णाली प्रदेश दुर्लङ्घ्य पञ्चकोशी ज्वाला क्षेत्र पादुकास्थान गोरक्षपीठ (भ) श्रीचक्रेश्वर महादेव गोरक्षपीठ, देवघाटधाम् (तनहुँ) (म) श्रीसिद्ध आश्रम खुदी, गोरक्षपीठ ।(य) श्रीगोसाईकुण्ड नीलकण्ठ महादेव स्थान श्रीशिवगोरक्षनाथ श्रीपात्रदेवता सवार गोरक्षपीठ (रसुवा) (र) श्रीकीलागल गोरक्षपीठ (काष्ठमण्डप)(ल) श्रीवागीश्वरी गोरक्षपीठ, नेपालगञ्ज (व) श्रीवागीश्वरी गोरक्षपीठ, देवघाटधाम् (चितवन) (श) नाभिस्थान ज्वाला गोरक्षपीठ (दुल्लु) (ष) शिरस्थान ज्वाला गोरक्षपीठ (दुल्लु) (स) श्रीगोरक्षनाथ मन्दिर वेशीशहर (पाखाथोक गोरक्षपीठ लम्जुङ्ग) (ह) लमजुङ्ग राजभवन गुहास्थित गोरक्षपीठ (क्ष) शिव गोरक्षनाथ मन्दिर गोरक्षपीठ गैरीस्वारा (त्र) कृस्ति शिवढुंगा गोरक्षगुफा शिवगोरक्षनाथ गोरक्षपीठ आदि छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# फेरी लगाउने परम्परा :

गुरू गोरक्षनाथका शिष्य श्रीनाथजीहरूद्वारा रातको समयमा विशेष प्रकारको बाजा बजाउँदै आसुरी शक्ति भगाउने विश्वासका साथ "फेरी" लगाउने परम्परा अघि देखिनै चलि आएको थियो । अहिले आएर संकट्मा पर्न थालेको छ । कार्तिक र चैत्र महिनामा गाऊँ-गाऊँमा गएर श्रीनाथजीहरूद्वारा लगाइने फेरीका नक्कल गरी अन्य सम्प्रदायका समुदायले पनि आफ्नो व्यक्तिगत स्वार्थकोलागि फेरी लगाउन थाले पछि यो परम्परा संकटमा परेको छ । श्रीनाथ सम्प्रदायको शिष्य बनी सकेपछि साधारण जीवनमा फर्कन नसक्ने कडा नियम भएको हुनाले फेरी लगाउने कार्यमा संलग्न हुनेहरूको संख्या घट्दै गएको छ । फेरी लगाउनको निम्ति श्रीमहासिद्धाचल गोरक्षपीठ मृगस्थली सिद्धाश्रम काष्ठमण्डपस्थित आश्रमबाट प्रमाणपत्र लिनुपर्ने छ । उक्त प्रमाणपत्रलाई हरेक बर्ष चैत्र र कार्तिकमा भगवान श्रीगुरू गोरक्षनाथजीलाई पूजा-आजाको निम्ति धुप, अक्षता, दीप चढायेर पुनः फेरी लगाउनेको लागि श्रीनाथजीको सहमतिबाट पुन प्रमाणपत्र नवीकरण गरेर मात्र परम्परा सञ्चालन हुन्थ्यो । वि.सं. २०४४ सालदेखि पुनः प्रमाणपत्र पञ्जिकृत गराउने प्रथा हटेपछि अन्य समुदायले फेरी लगाउन आरम्भ गरे । फेरी लगाउने श्रीनाथजीहरूको अनिवार्य रूपमा कानमा कुण्डल, दर्शनी लगाएको नै हुनुपर्ने परम्परा छ ।

गुरू गोरक्षनाथजीका शिष्य बनेको एक वर्षसम्म माटोको र त्यसपछि आफ्नो आकांक्षा अनुरूप गैंडाको खाग, छाला, हात्ती वा चित्तलको छालाको कुण्डल लगाउने परम्परा छ । फेरी लगाउँदा घर, गाऊँ, र देशको रक्षार्थ खातिरमा "कृष्णसारको सिङ वा श्रृङ्गीनाद्" बजाउँदै श्रीभैरबजीको मन्त्र वाचन गरेर तीन पटक घर परिक्रमा गर्ने परम्परा छ । फेरी लगाएपछि दिइने दानलाई भैरवी पाथी (भैरब पाथी) भनिन्छ । भैरब पाथी दिंदा सुनको प्रतिमा, चाँदी, तामा, फलाम, कालोमास, कालो



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



तिल सहित नौ प्रकारका अन्नादि मिसाएर एक पाथी बराबर पारेर दिनुपर्ने परम्परा छ । त्यसैगरी फेरी लगाउने कार्यको अतिरिक्त काठमाण्डौका विभिन्न स्थानमा निकालिने जात्रामा समेत श्रीनाथजीहरूले श्रीचक्रपूजा गरेपछि मात्र जात्राको शुभारम्भ गर्ने परम्परा रहेको पाईन्छ ।

यसरी नै विशेष गरी काष्ठमण्डप लगायत स्वदेश-विदेशका विभिन्न भू-भाग सहित छिमेकी मित्रराष्ट्र चीनमा समेत ५ स्थानमा योगीनाथजीहरूद्वारा श्रीचक्रपूजा गर्ने परम्परा छ । देशमा महामारी, रोग व्याधिहरूको उपचार संभव नभएको परिस्थितिमा कुण्डल लगाएका श्रीनाथजीहरूबाट देशभरि श्रीभैरबमन्त्र वाचन गर्न लगाएपछि मात्र श्री ५ पृथ्वीनारायण शाहको पालामा यस्तो महामारी हटेको थियो । राष्ट्र-निर्माता श्री ५ पृथ्वीनारायणको समयमा नेपाल एकीकरणको महारणसमरमा श्रीनाथ योगीहरूको ठूलो योगदान छ । साथै फेरी लगाउने परम्परा अटूल राख्न श्रीनाथ, योगी सम्प्रदायहरूलाई धौ-धौ पर्न थालेको छ । विशाल नेपाल निर्माणको समयमा बनेका मठ-मन्दिरका नाममा राखिएका भूमिहरू गुठीयारहरूका मनपरी तन्त्र हुन गएकोले देशभरिका मठ-मन्दिरमा पूजा-आजा समेत लोप हुँदै जाने स्थितिमा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# श्रीगोसाईकुण्ड जाने मार्गहरू

## धुन्चे-श्रीगोसाईकुण्ड मार्गको तालिका

| स्थानको नाम | लाग्ने समय | उचाई (मि.) |
|---|---|---|
| धुन्चे-घट्टेखोला | १.०० घण्टा | १९८० |
| घट्टेखोला-देउराली | २.०० घण्टा | २३०० |
| देउराली-ढिम्सा | १.०० घण्टा | ३००० |
| चन्दनबारी-चोलाङपाटी | १.३० घण्टा | ३५५० |
| चोलाङपाटी-लौरीबिना | १.३० घण्टा | ३९०० |
| लौरीविना-बुद्धमन्दिर | १.०० घण्टा | ४२०० |
| बुद्धमन्दिर-गोसाईंकुण्ड | २. घण्टा | ४३८० |

## मेलम्ची-श्रीगोसाईकुण्ड मार्ग

| स्थानको नाम | लाग्ने समय | उचाई (मि.) |
|---|---|---|
| काठमाण्डौ-मेलम्चीपुल | ५घण्टा बस | ८३० |
| मेलम्चीपुल-तारामाराङ | १ घण्टा बस | |
| तारामाराङ-कुटुमसाङ | ६ घण्टा पैदल | २४७० |
| कुटुमसाङ-मागीनगोठ | ३ घण्टा पैदल | |
| मागीनगोठ-ठाडेपाटी | २.३०घण्टा पैदल | ३६३० |
| ठाडेपाटी-ठूलोघोप्टे | २ घण्टा पैदल | ३४०० |
| ठूलोघोप्टे-फेदी | २.३० घण्टा पैदल | |
| फेदी- लौरी विनापास | १.३० घण्टा पैदल | ४६१० |
| लौरीविनापास-श्रीसूर्यकुण्ड | २ घण्टा पैदल | |
| श्रीसूर्यकुण्ड-श्रीगोसाईकुण्ड | १ घण्टा पैदल | ४३८० |

## सुन्दरीजल-श्रीगोसाईकुण्ड मार्ग

| स्थानको नाम | लाग्ने समय |
|---|---|
| बौद्ध (काठमाण्डौ) सुन्दरीजल | १.०० घण्टा बस |
| सुन्दरीजल-चिसोपानी | ३.०० घण्टा पैदल |



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



| | |
|---|---|
| चिसोपानी-पाटीभञ्ज्याङ | १.०० घण्टा पैदल |
| पाटीभञ्ज्याङ-चिप्लिङ | २.०० घण्टा पैदल |
| चिप्लिङ-गोल्फु भञ्ज्याङ | १.३० घण्टा पैदल |
| गोल्फु भञ्ज्याङ-कुटुमसाङ | २.०० घण्टा पैदल |

## सेर्माथाङ-श्रीगोसाईंकुण्ड मार्ग

| स्थानको नाम | लाग्ने समय |
|---|---|
| मेलम्चीपुल-सेर्माथाङ | ८.०० घण्टा पैदल |
| सेर्माथाङ-घ्याङग्युल | २.०० घण्टा पैदल |
| ग्याङग्युल-तार्केग्याङ | २.३० घण्टा पैदल |
| तार्केग्याङ-मेलम्चीघ्याङ | ५.०० घण्टा पैदल |
| मेलम्चीघ्याङ-ठाडोपाटी | ४.०० घण्टा पैदल |

## ध्यान दिनुपर्ने विषयहरू :

तीर्थयात्रीले तीर्थयात्रा समयमा निम्न सामानहरू साथमा लैजानु अति वाञ्छनीय छ ।

१) स्लिपिङ ब्याग (२) साधारण उनीको स्वीटर वा ज्याकेट (३) पानीको तुम्लेट (४) छाता, बर्षादी वा प्लाष्टिक (५) लठ्ठी (६) सुख्खा खानेकुरा (७) लसुन र कागती (८) आवश्यकतानुसारको औषधि । यी सामग्रीहरूमध्ये स्लिपिङ ब्याग बाहेकका अन्य सामग्री धुञ्चे बजारमा र बाटाका पसल-पसलमा समेत पाईन्छ ।

## यात्रीहरूले ख्याल गर्नुपर्ने विषयहरू :

उच्च पहाडी, हिमाली क्षेत्रमा अक्सिजनको अभाव हुने हुनाले महातीर्थमा यात्रा गर्दा कतिपय धर्माऽनुरागीहरूलाई लेक लाग्ने रोगलाई रोकथाम गर्न सकिने रोगको कारण यो रोगबाट सुरक्षित रहन निम्न विषयवस्तुमा तीर्थयात्रीहरूले ध्यान दिनुपर्दछ ।

लेक लाग्दा यी तल उल्लेखित लक्षणहरू देखापर्न सक्छन् :



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



१) टाउको दुख्छ । आँखा तिर्मीऱ्याउँछ । (२) वाकवाक लाग्छ । रिंगटा चल्दछ । (३) निन्द्रा लाग्दैन । (४) बेस्सरी थकाई लाग्छ । हिंड्दा खेरीमा खुट्टा लखराउँछ । (५) आराम गरेको समयमा पनि श्वास-प्रश्वास फेर्न कठीन हुन्छ । (६) वान्ता हुनसक्छ (७) बेहोस हुनसक्छ ।

## लेक लाग्नबाट सुरक्षित रहने उपायहरू :

(१) छिटो-छिटो नहिंड्ने, विस्तारै आराम गर्दै यात्रा गर्ने । (२) प्रशस्त सफा पानी वा तरल पदार्थ पिउने । (३) खाली पेट लिएर यात्रा नगर्ने । (४) चिसो भएमा न्यानो कपडा लगाउने । (५) विरामीको लक्षण देखिएमा जबरजस्ती माथि नजाने । (६) रोगले च्यापेको लक्षण देखापरेमा तुरून्त तल झर्ने । (७) यात्राको समयमा चुरोट तथा मादक पदार्थ सेवन नगर्ने । (८) आफूसँग भएका साथी विरामी परेमा उसलाई यथासक्य चाँडो तल झार्न सहयोग गर्ने ।

## स्वास्थ्य शिविरहरूको व्यवस्था :

तीर्थयात्राको महोत्सव अवधिभर तीर्थयात्रीहरूको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावलाई ध्यानमा राखि जिल्ला स्वास्थ्य कार्यालय, शाही नेपाली सेनाका गण, जिल्ला विकास समिति, श्रीगोसाईकुण्ड क्षेत्र विकास समिति सहित अन्य संघ संस्थाहरूको आर्थिक प्राविधिक सहयोगमा स्वास्थ्य चौकी धुञ्चे, देउराली, चन्दनबारी, लौरीविना, श्रीगोसाईकुण्ड आदि स्थानहरूमा नि:शुल्क प्राथमिक स्वास्थ्य उपचार शिविर राखिने गरिएको छ । आ-आफूलाई कुनैपनि कठिनाई भएमा ती शिविरहरूमा नि:शुल्क सेवा लिन सकिने व्यवस्था मिलाइएको हुन्छ । यस बाहेक अन्य कठिनाई परेमा मेलामा खटिएका स्वयंसेवकहरूद्वारा आवश्यकीय सल्लाह, सुझाव लिन सकिने प्रबन्ध समेत श्रीगोसाईंकुण्ड मेला व्यवस्थापन समितिले प्रबन्ध गरेको छ ।

## सुरक्षा व्यवस्था :

श्रीऋषि तर्पणी पूर्णिमा -जनैपूर्णिमा) को अवसरमा आउन्या तीर्थयात्रीहरूको व्यापक घुँईचो लाग्ने हुँदा यात्रीहरूको पर्न जाने समस्या समाधान गर्न नेपाल रेडक्रसका स्वयंसेवक, लाङटाङ राष्ट्रिय निकुञ्जका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



कर्मचारीगण, प्रहरी, शाही नेपाली सेनाहरूबाट सदैव सेवा पुऱ्याउँदै आएको पाईन्छ ।

## तीर्थयात्रीहरूलाई विशेष अनुरोध

श्रीगोसाईकुण्ड नीलकण्ठ यात्रामा सफल फलदायी बनाउन सबै ॐकार धर्माऽनुरागी मानवतावादी परिवारहरूमा सहयोगको अपेक्षा राखिएको छ ।

- प्लाष्टिक, बोतल, टिनका बट्टा जस्ता पदार्थहरू नकुहिने भएकोले फोहोर मात्र नभई वातावरणमा पनि असर पार्ने र वन्यजन्तुले खाए भने मृत्यु पनि हुनसक्ने हुँदा यी बस्तुहरूलाई तोकिएको स्थानमा फोहोर फाल्ने व्यवस्था गर्नुपर्ने छ ।
- कुण्डको अस्तित्वलाई सुरक्षित राख्ने विषयलाई ध्यानमा राखेर तीर्थयात्रीहरूद्वारा चढाइने भेटी, प्रसाद आदि कुण्डमा नचढाईकन जलमा छुवाएर बाहिर तोकिएको स्थानमा चढाउनुपर्ने छ ।
- श्रीगोसाईंकुण्डसम्म जाने यात्राक्रममा तोकिएको मार्गमा मात्र प्रयोजन गरी वन्यजन्तु एवं वनस्पतीको संरक्षणमा सहयोग पुऱ्याउने काम होस् ।
- स्थानीय स्तरका पाइने खाने वा बस्ने प्रयोजनका वस्तुहरू जस्तै : विष्कुट, चाउचाउ, दाल, भात, चीया, कफी, सुत्ने कोठा जस्ता बस्तुहरू स्थानीय रूपमा नै प्रयोग गरेर यात्रालाई थप आनन्ददायी, सफलदायी यात्रा बनाउनु होस् ।
- श्री गोसाईकुण्ड मेला व्यवस्थापन समितिले श्रीमहादेव मन्दिर अगाडि र मन्दिरपरिसरमा राखिएको भेटी । दान-दातव्य बाकसको सहयोग धनराशी श्रीगोसाईकुण्ड क्षेत्र विकास समितिले यसै धार्मिक क्षेत्रको निम्तिमा खर्च गरिने अक्षय कोषमा चढाउने इच्छुक दानवीर श्रद्धालु भक्तजनहरूले दान दिन चाहेमा नेपाल बैंक लिमिटेड ब.हि.नं. १७५० मा धनराशी जम्मा गरी भौचर लाङटाङ राष्ट्रिय निकुञ्जमा दिन सकिने छ । यस क्षेत्रमा भएको पाटी, पौवा, गुफा, बाटो, शौचालय, घाटा, मन्दिर



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



आदिको निर्माण गर्न चाहने दानवीर पात्रहरूले श्रीगोसाईकुण्ड क्षेत्र विकास समिति र लाङटाङ राष्ट्रिय निकुञ्ज, जिविसमा सम्पर्क राखिदिनु हुन हार्दिक अनुरोध गरेको छ ।

## चिरस्मरणीय ऐतिहासिक स्थलहरू :

श्रीगोसाईंकुण्डबाट फर्किने यात्रीहरूलाई लाङटाङ क्षेत्रको प्राकृतिक एवं साँस्कृतिक मनोरम दृश्यावलोकन गर्न पाईन्छन् ।

- ➢ एक दिनको लागि समय लिएमा स्याफ्रुबेसी (बसमा) गई स्याफ्रु बजार र चिलिमे जलविद्युतको भूमिगत पावर हाउस हेर्न सकिन्छ ।
- ➢ दुई दिनको समय लिई नेपाल र तिब्बत सिमानामा अवस्थित सामरिक विज्ञानको गरिमामय ऐतिहासिक स्थल रसुवागढी घुम्न सकिन्छ ।
- ➢ तीन दिनको समय लिई गत्लाङ गाऊँमा अवस्थित श्रीपार्वतीकुण्ड (श्रीगोसाई बाबाको पत्नी-श्रीपार्वती) धाम्को स्नान गर्न सकिन्छ ।
- ➢ तीन दिनको समय लिई चिलिमेस्थित तातोपानीमा गई तातो पानीमा स्नान गर्दा, नशा, वाथको रोग, नियन्त्रण हुन जाने छ ।
- ➢ पाँच दिनको समय लिई श्री लाङटाङ निकुञ्ज, उपत्यका र क्यान्जिङ उपत्यकामा पुगी हिउँ, ग्लासिएर र अल्पाईन क्षेत्रको दृश्यावलोकन गर्न सकिन्छ ।

महातीर्थमा निम्न सामग्रीहरू लिई आफ्नो यात्रालाई अविस्मरणीय बनाउन सकिन्छ ।

- ➢ चन्दनबारीस्थित शुद्ध चौंरीगाईको दूधबाट बनेको चिज ।
- ➢ रसुवाको स्याऊ
- ➢ भगवान श्री शिवजीको चिनो स्वरूपमा श्रीत्रिशुल तथा त्रिशुलधाराको पवित्र जल ।
- ➢ यहाँका तामाङ जातिका भेषभूषा झल्काउने टोपी र उनी झोला आदि पाइन्छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



## गोरक्ष महामन्त्रबाट गरिने कोटिहोमका फाइदाहरू :

सत्य युगमा श्रीगर्ग ऋषि सृष्टिको पहिलो कल्पमा गुरू गोरक्षनाथका शिष्य बनेका थिए । श्रीगर्ग ऋषिजी गोरक्षनाथजीको शिष्य बनेपछि गोरक्ष सहस्रनास र महामन्त्रबाट हवन गर्न शुरूवात गर्नु भयो । कालान्तरमा यी कर्म सबै बन्द भए । द्वापर युगमा गोरक्षनाथजीका शिष्य श्रीकृष्ण भगवान बनेपछि गोरक्षनाथको बारेमा महर्षि गर्गसँग श्रीकृष्णजीले गोरक्षनाथ भनेको को हुन् भनेर प्रश्नोत्तरी गर्नुभएको कल्पद्रुम महाशास्त्रमा उल्लेख पाईन्छ । गोरक्षनाथको सम्बन्धमा यो चार कल्पमा कुनैपनि सिद्ध ऋषिमुनि, देवी देवता, राजा महाराजा, ज्ञानी, ध्यानी, सन्त महात्मा, योगी श्रीनाथ सम्प्रदायमा गोरक्ष महामन्त्रबाट कोटिहोम भएको प्रमाण प्राप्त भएको छैन ।

❖ यज्ञबाट परमात्मा यजन, समग्र देवी देवता ऋषिमुनि, ज्ञानीध्यानी सिद्धयोगी, महात्मा, साधुसन्त, विद्वान, विदुषि, समग्र मिलेर गरेका थिए । तीनै यज्ञ नै सर्वप्रथम थिए । तब ती यज्ञकर्ता समग्रका पूजनीय भई स्वः सिद्धिफल श्रीप्राप्ति गरेर जानुभयो । जहाँ पहिले यज्ञ गरेर गए, साध्य सिध्द देवी देवताहरू नै थिए । यो कर्म सँधै रहने पनि छ, धर्मको नाम अनेक भएपनि सत्य नै सृष्टिको धर्मको मूलफेद एउटै छ । उहाँका शिष्य, भक्त, धार्मिक अनुष्ठानमा जुटेर सहयोग पुऱ्याउने समग्र ॐकार मानवतावादी परिवारहरूद्वारा श्रद्धा-भक्तिपूर्वक आराधना गर्दा सबै शनि संकट् र नवग्रह शान्ति हुने, र आ-आफ्ना ग्रह गोचर खराब भएपनि अशुभ भने कहिल्यै नहुने । महायोगीराज प्रसन्न भएपछि सबैको इच्छा समेत सिद्धि हुने छ । योग-योगीको अधिनमा हुने भएकोले हुनेको नहुने, नहुनेको हुने वरदान समेत दिन्छन् ।

❖ यो महामन्त्रबाट कोटिहोम गर्दा पृथ्वीमा श्रद्धालु भक्तजन सिद्धिदात्री हुन्छन् । यसमा शंका छैन । सर्वयोगका मालिकहरूलाई तीनै लोकमा सुविख्यात हुन्छन् । गोरक्षनाथको पवित्र कीर्तिसेवी हुन्छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जो मानवजातिले दृढव्रत लिएर यस महामन्त्रबाट जप कोटिहोम गर्दछन् भने तिनीहरूलाई मृत्यु दुःख बुद्याईं रोग-रोगादिहरूले कहिल्यै बाधा गर्दैनन् ।

❖ षोडशार्ण महादेव हरप्रिया महादेवी असंख्यरूप लिने सिद्धहरू अनेकौं प्रकारका चिन्हद्वारा विराजमान भएर धेरै प्रकारका ज्वालाले ढाकिएका नाना श्रीनाग-नागिनीहरूका गहना लाएका व्यक्तित्वहरू जुन महामन्त्रका प्रसादले गोरक्ष-समान हुन्छन् ।

❖ सबैलाई महासिद्धि महायोगी समानको मान्य हुन्छन् । विभिन्न प्रकारको पुण्य श्रीवृद्धि गर्ने समग्र पाप र अनेकौं अज्ञानको हरण गर्ने भूतप्रेत आदि समेतको निवारण गर्ने । जसले भक्तिपूर्वक महामन्त्रबाट कोटिहोम गर्न समर्पित हुन्छन् भने ती भक्तहरू विद्वान, कवि, श्री विद्याभूषण र सर्व व्यवहारमा सिद्ध गर्ने ईश्वर हुन्छन् ।

❖ गोरक्ष-महामन्त्रबाट कोटिहोम महायज्ञ हुँदा हजारौं जन्म-जन्मले नपाउने सर्व विषयमा समेत उत्तम सिद्धि पाउँछन् । मनोकांक्षित फल श्रीप्राप्ति गर्छन् । सर्व कामनाहरू पनि सिद्ध-साध्य हुन्छन् । तीन कालमा जसले साधना गर्दछन् भने सबै कार्यको सिद्धिश्वर हुन्छन् । वंश वृक्षका समेत श्रीवृद्धि हुन्छ । तीनै लोकमा विजय हुन्छ । जसले मनमा मात्र चिन्तन गर्दछन् भने पनि इच्छित फल श्रीप्राप्ति गर्दछन् । जुन स्थानमा गोरक्ष महामन्त्रबाट कोटिहोम गर्नाले सर्वत्र विजय प्राप्त हुन्छ । तीनै लोकलाई वशमा ल्याउन सकिन्छ । तीनै काल महामन्त्रको साधना गर्नाले सर्वश्राप मोचन साथै सर्वहत्या-सर्वपापको नाश हुनेछन् । शास्त्रोक पावन कार्यमा त्यसैगरी वेदोक्त कार्यहरूमा गोरक्ष मन्त्र विना सिद्धि नै हुने छैन ।

❖ गोरक्ष-महामन्त्र या यसको नित्यपाठ जुन मनुष्यहरूले गर्छन् सर्वकामनाहरू पूर्ण हुन्छन् । विद्यार्थीले विद्या, धनको इच्छा गर्नेले धनप्राप्ति, पुत्र नहुनेले पुत्र प्राप्ति, मोक्ष चाहनेले मुक्ति मिल्ने छ । जसले जुन कामना गर्छन् उसै वस्तुको श्रीप्राप्ति गर्ने छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- ❖ गुरू गोरक्षनाथको आशीर्वाद प्राप्त भई चारैकल्पमा यस पृथ्वीमा राजा, महाराज, चक्रवर्ती सम्राट, रामराज्य या विभिन्न वंशजहरू राजा हुन गएंका थिए । राज्यार्थीले राज्य प्राप्त गर्न सक्छन् । चार कल्पमा ९९ कोटि जति राजा महाराजाहरू समेत गुरू गोरक्षनाथका चेला बनेका थिए । योगार्थीले योगको विषयमा सिद्धि पाउँछन् । भोगार्थी सुख-दु:ख, सर्व विषयको श्रीदिने, हर्ता-भर्ता र कर्ता परमात्मा भएकोले घनाघोर भयङ्कर वनमा आपत्तिमा रिपुहरूको माभमा रहेको समयमा समेत भक्तहरूलाई उद्धार गर्ने श्रीमहामहेश्वर गोरक्षनाथ नै हुनु भएकोले समग्र ॐकार परिवारले गोरक्ष-महामन्त्रबाट कोटिहोम गर्दा सर्व दु:ख कष्टहरण भई ऋद्धि-सिद्धि र मोक्ष पाएर यस पृथ्वीमा आनन्दित भई रहन पाउलान् ।
- ❖ राष्ट्रमा, राज्यद्वारमा महामारी भयलाई श्रीमहाँकाल भैरबजी भगवान गुरू गोरक्षनाथजीका महामन्त्रबाट कोटिहोम भएमा मात्र राष्ट्रशान्ति, राष्ट्रकल्याण, विश्वशान्ति, विश्वकल्याण एवं मानवप्राणीको अवश्य कल्याण हुनेछ ।
- ❖ जुन गृहस्थीका घर-घरमा गोरक्ष सहस्रनामको पुस्तक राख्दछन् या राखिन्छ भने सर्वकल्याण हुन गई धन धान्य पुत्र-पुत्रादि प्राप्त हुन्छन् । श्रीलक्ष्मीले बास गर्छिन ।
- ❖ आरोग्य निरोगी भएर पशुपालनमा श्रीवृद्धि अथवा असंख्य शुभ-शुभा कर्मको फल प्राप्त हुन्छ । उसका घरमा दु:ख, कष्ट, रोग, भोग, भय, कुनै प्रकारको विपत्ति हुँदैन । यो सत्य-सत्य यथार्थ विषयमा महर्षि श्रीगर्गले बताउनु भएको हो । यसमा कुनै भक्तजनहरूले गोरक्षनाथप्रति कुनैपनि शंका यसमा नगर्नु । गोरक्षनाथको सहस्रनाम पढ्ने र सुन्ने गर्छन् भने उसले हजारौं कन्या दान गरेको बराबर मनोकांक्षित फल मिल्ने छ । करोडौं योगदान या दश अश्वमेध यज्ञ गरेको मनुष्यले फल पाउने छ ।
- ❖ शुक्ल या कृष्ण पक्षको चौधौं तिथिमा या चतुर्दशीका दिनमा सूर्यास्त भएपछि ॐकार ज्योतिस्वरूपका शिव-गोरक्षनाथजीलाई



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गन्ध, पुष्प, धूप, दिप, नैवेद्य आदि विधिबाट पूजा-अर्चना गर्नुपर्दछ । गोरक्षनाथको लिङ्ग स्थापना गरेर श्रद्धापूर्वक पूजा गरी स्वच्छ-पवित्र मनबाट साधना गर्नुपर्दछ । मनुष्य जातिले सबैप्रकारको ऐश्वर्यशाली सिद्धि पाउन्या छन् भने यसै जन्ममा विचार पुऱ्याई गोरक्ष-महामन्त्रबाट कोटिहोम महायज्ञ विधि विधानपूर्वक गर्न सकृयरूपमा बलिदान र योगदान दिनुपर्छ ।

❖ भुकम्प, प्रलयङ्कर, भयङ्कर, दुःखको स्थितिमा रहेको छ । कसैलाई पत्तो छैन, थाहा छैन, यसको पर्यवसान विश्व ब्रह्माण्डको पर्यावरण आज कस्तो दुषित हुन पुगेको छ । होहल्ला, कोहोलो व्यापकरूपमा मच्चिएको हुनाले यसलाई शान्ति ल्याउन सकिन्छ ।

❖ हाम्रो वैदिक सभ्यता, संस्कृति, डगमगाइरहेको हुँदा राष्ट्रमा अर्थसंकट, आस्था-विश्वासको संकट, राष्ट्र संकट, धर्ममा संकट, मानीसमा संकट, स्वास्थ्यमा संकट र सर्व संकट पर्न गएको छ । संस्कृत भाषाको कल्पवृक्षलाई लोप गराउँदा सृष्टिका धर्मका सबै हाँगा-विगा हुरीले हल्लाई रहेको छ । चक्रवातले जरा सबै खल्बल्याएर पात चुडिएर आकाशमा कालोबादल मडारिएर उडीरहेको हुँदा सबै मानव जातिलाई ऋषि प्रणित मार्गमा उभ्याउन सहयोग पुऱ्याउने छ ।

❖ वैदिक सनातन धर्मका अनन्त शाखामा सकुनीगण घुसेर बाह्य धर्मका तत्वद्वारा वैदिक धर्मका पखेटा काटिरहेका छन् । सृष्टिको सत्य, गोरक्ष धर्मलाई दिग्भ्रमित पारिरहेको परिस्थितिलाई उजागर गर्न कोटिहोम महायज्ञ गर्नुपर्छ ।

❖ हाम्रो धर्म-संस्कृतिलाई धज्जी उडाउँदैछन् । फुट्को कालकुट विष विस्तार गर्ने कालो बादलका बतासमा वगिरहनेसँग होशियार रहन्, मानव जातिको मनोदशा बाह्य आडम्बरीतिर उडीरहेकाहरूलाई सत्य सृष्टिको जगत धर्म मूलफेदमा फर्काउन मुख्य जड्मार्ग नै प्राप्त हुन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



❖ पाश्चात्य अनन्तमा रूमलिएर उत्पात मेघ घनाघोर गर्जना गर्ने मेघहरूले मातृभूमिका विशाल नेपाल पूर्वमा टिष्टादेखि पश्चिमी किल्ला काँगडासम्म फैलिएको पूर्व-पश्चिम लम्बाई ४,८१६ (कि.मी.) क्षेत्रफल, ३,६७,५७५ वर्ग (कि.मी.) भू-भाग, टिष्टादेखि सतलजसम्मको लम्बाई ३,७७६ (कि.मी.) क्षेत्रफल, २,०४,९१७ वर्ग (कि.मी.) थियो । कारणवश वर्तमान नेपालको मूर्व-पश्चिम लम्बाई अहिले ८८५ (कि.मी.) र क्षेत्रफल १,४७,१८१ (वर्गमा) खुम्चिन पुगी मेची-कालीसम्म पुग्न सिमित भयो । १,८९० (वर्ग कि.मी.) नेपालको दक्षिण सिमाको मानचित्र विस्तारै मिचिदै छ । राष्ट्र, राष्ट्रियता, धर्म-संस्कृति अट्ल राख्ने महा यन्त्रनै छ ।

❖ बसुधैब कुटुम्बकमको आधारमा मानव समाजमा पारस्परिक ईर्ष्या, द्वेष, कलह, वैमनस्यता, घृणा, शोषण आदि विकृतिको अन्त्यको लागि या राष्ट्रशान्ति, राष्ट्रकल्याण, विश्वशान्ति, विश्वकल्याण एवं मानव प्राणीकल्याण सम्भव नहुने हुँदा वेद, उपनिषद्द्वारा उपदिष्ट विश्वात्मवाद अनुरूप वैदिक अध्यात्म ज्ञान प्राप्त हुन्छ ।

❖ ज्ञान, कर्म, उपासना, संगीतमय, भजन, किर्तन, आरती ब्रह्म गोष्ठी समेत चल्नेछन् । अतिवृष्टि, अनावृष्टि, खोलो, पैह्रो, दैवीप्रकोप, महामारी, असीना, आँधी-व्याधी आदि परोक्ष-अपरोक्ष या बाह्य-भित्री बिग्न बाधा हटाई सर्वत्र, सर्वथा सर्वदा सुख शान्ति प्राप्त हुन्छ ।

❖ सृष्टिको आदर्शमय परम्परा अट्ल राख्न, मातृभूमि कल्याण, धर्मको आचार-संहिता पालना गराउने शिक्षा नै प्राप्त हुन्छ ।

❖ सृष्टिकालदेखि वर्गमानकालीन समयसम्म मानवप्राणी जीवात्मा जति विभिन्न कालखण्डमा स्वभाविक-अस्वभाविक एवं विशाल नेपाल निर्माणमा बलिदान गर्ने वीर वीराङ्गना, विश्वमा विविध मानव जाति जति पनि असंख्य थर-घरहरूका परिवारका संष्मरणमा मुक्ति र भुक्ति दिन, भावी शाखा-सन्तानहरूको सुरक्षित भविष्य अटल रहन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- ❖ नेपालमा श्रीगुरू गोरक्षनाथ, श्रीपशुपतिनाथ, श्रीभवानीको नामाङ्कित सिक्काको प्रचलन रहेला तबसम्म गोर्खामा कुनै विदेशी शत्रुका प्रवेश हुन सक्ने छैन् । गोरक्ष-महामन्त्रबाट कोटिहोम हुँदा सभालाख रोट्प्रसाद चढाएर गोरक्ष महायज्ञ कुण्डको अखण्ड धुनीयाँ गोरक्ष-चरण पादुकाको पूजा गरेर जाने श्रद्धालु भक्तजनको कहिल्यै पराजय हुनेछैन ।
- ❖ सृष्टिको सत्य धर्म, ईश्वरप्रति आस्था, दुर्भावना, अराष्ट्रियता एवं बाह्य संस्कृतिलाई नियन्त्रण गर्नु नै पर्दछ । सत्य संस्कृत भाषालाई मृतभाषामा परिणत गराउँदै गोरक्षनाथलाई ओझेलमा पार्दै जाँदा सबैतिर व्याप्त भ्रष्टचार, उच्छृङ्खलता, नास्तिकता, अशान्ति, अराजकता, विसंगति वृद्धि हुन गएकोले कोटिहोमबाटै देशमा शान्ति आउने छ ।
- ❖ विश्व-ब्रह्माण्ड चराचरको प्रलयलाई हटाउन गोरक्ष- महामन्त्रद्वारा गरिने कोटिहोमबाट, सत्य सृष्टिलाई रक्षा गर्न सकिन्छ ।
- ❖ विश्व-विख्यात् वीर गोर्खा जातिले जय गुरू गोरक्षनाथ :! जय काली भन्ने जय-जयकार लगाएर घर-घरबाट प्रस्थान गरी सबै यात्रा गर्ने गर्थ्ये । विश्वका कुना-कुनामा सिङ्गो पृथ्वीलाई नै मातृभुमि, पितृभूमि, पुण्यभूमि, तीर्थभूमि, प्राणमय भूमि अट्ल राखेर सप्तद्विपा पृथ्वीका सातै समुन्द्रका पारी पुग्दा समेत गोर्खाली शैली अघिका पूर्वजहरूले त्यागेका थिएन । गोरक्ष धर्म संस्कृतिलाई गोरक्ष जागरण गर्न गराउन सके सर्वत्र कल्याण र उद्दार हुनेछ ।
- ❖ समग्र जगतको शिव गोरक्षनाथको कल्याणहोस् । सारा चराचर विश्वको भलो होस् । सबै मानव जातिको कल्याणहोस् । सबैको पुत्र पौत्र धन धान्य श्रीवृद्धिहोस् । धर्ममा सबैको निष्ठाहोस् । भूमिले मागेको समयमा कृषकले चिताएको समयमा पर्जन्य समग्र चराचर जगतको हित गर्न मेघ वर्षोष । सम्पति खेतीवाला उत्तमहोस् । ईति भीति नहोस् । सुभिक्षहोस् । दुर्भिक्ष नहोस् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



अनिकाल नपरोस् । योग क्षेम कल्याण मङ्गलहोस् । सबैको भलो होस् आरोग्यहोस् । सबै स्वस्थ्य रहुन् । सबै कर्मठ बनुन, कर्म सिद्धि होस् धर्मको श्रीवृद्धिहोस् । योग सिद्धि होस् सबैको दोष निवारण होस् गुण सबै स्थिर रहनु । सबै गुणी बनुन । सबै गुणग्राही होस् । सबैको सबैमा शिव गोरक्ष होस् । शिव गोरक्षरथ यात्रीहरूको कल्याण होस् । विश्वमा शिव गोरक्ष होस् । विश्व जगत कल्याणको लागि शिव गोरक्ष महामन्त्रबाट गरिने कोटिहोमबाट नेपाल सहित विश्व ब्रह्माण्डमा महाशान्ति आउने छ ।

❖ कोटिहोमले समग्र प्रजाको हितकारी मेघ बर्षन्छ । मेघबाट चराचर जगतको लोक कल्याणकारी अमृतमय जल बर्षन्छ । जलबाट हरियो वन राष्ट्रको धन सदा हरियो भरियो रहन्छ । वनले ग्राम, घर, नगर, देश र विश्वलाई सुखी बनाउँछ । चौरासीलाख जातिका असंख्य प्राणी जीवात्माहरूको जीवन सुखी रहन्छ । कोटिकोटि ॐकार परिवारले ७ दिन अघिदेखिनै ब्रह्मचर्य पालना गरेर कोटिहोम गर्दछन । अग्नि तृप्ति गर्छन । अग्नि सूर्य मिलेर मेघ सृष्टि गर्दछन् । गर्जी गर्जी मेघद्वारा जलवृष्टि गर्दछन् । एक विन्दु घृतका लाख विन्दु बन्दछन् । एकगेडा अनाजले कोटि गेडा बन्दछन् । एक एक समिधा लाख वृक्ष बन्दछन् । एक एक कणका कोटिकण बन्दछन । यसैको निम्ति कोटिहोम भन्दछन् । यसै हेतु सबैले कोटिगोरक्ष महायज्ञ भन्दछन् । यज्ञशिष्ट अन्नले यज्ञ शिष्ट धनले गोरक्ष योग वेद विद्यापीठ चल्दछन् । धर्म, कर्म, चलेमा सबै प्राप्त हुन्छन् । धर्मले विश्व चल्दछ । विश्वमा शान्ति सबै चल्दछ, फुल्दछ र फल्दछ ।

❖ समग्र ॐकार परिवार चारैजात, छतीस वर्ण, चौसट्ठी वर्णलें मिलेर गरौं । वैदिक पवीत्र समिधा छन् । तीतेपाती छ, कपुरको जंगल छ । शिलङ्गी चन्दनको जंगल छ । धूपी, बेलपत्र, अम्बा, पीपल, आँप,सल्ला देवदारु, धुस्तुर, पुन्नाग,बज्रदन्ती असुरो सिवाली, सन्जीवनी



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



र अनेकौं यस्ता वैदिक समिधा छन् । कैलासी हिमाली दिव्य औषधिमय, सुगन्धमय यज्ञमय धूपले पवित्र मेघ बनेर अमृत वर्षन्छ र अमृतमय अन्नादि उब्जन्छ । अन्नबाट समग्र मानव जीवात्मा-प्राणीको पेट पालिन्छ । भोक, रोग र शोक रहन्न । भूमि, धर्ति, बाँझा रहन्न । खेतमा र बाटामा घर बनाउनु हुन्न । १२ मासका ६ खेती हुन्छन् । डाँडाकाँडा, रुखा, सुख्खा, माटाका बालुवामा घर बनाउनु पर्छ । विकासको नामले देशको विनास गर्नुहुन्न । यो विनाशबाट रक्षा गरौं । ज्ञान विज्ञानले वैदिक शिक्षा, दीक्षा गरौं । विश्वको रक्षा गरौ । विश्वको एकता गरौं सत्य वैदिक आध्यात्मिक एकता गरौं हामी मानव हौं । शुभ कर्मले गोरक्ष धर्मको रक्षा गरौं । धर्मले हाम्रो रक्षा गर्दछ ।

❖ यो गोरक्षः महामन्त्रद्वारा गरिने कोटिहोम पूर्ण गर्न कुल एक करोड पच्चीस लाख महामन्त्रबाट महायज्ञ सम्पन्न हुनेछ । यज्ञपुरूष भगवान गुरू गोरक्षनाथः हुनु हुनेछ । नवनाथहरूमा : आदिनाथ (शिवजी) उदयनाथ (पार्वती) गोरक्षनाथः (ज्योतिस्वरूप) सत्यनाथः (ब्रह्माजी)सन्तोषनाथः (विष्णु) गजकन्थड्नाथ (गणेश) अचलेश्वरनाथः (शेषनाग) चौरङ्गीनाथः (चन्द्रमा) मायारूपी मत्स्येन्द्रनाथ (मायास्वरूप) आदिलाई नवनाथ भनिन्छ । यज्ञमा नवनाथको रूपमा नौजना गोरक्ष सम्प्रदायका श्रीनाथ, योगी नाथजीहरू रहनेछन् । कोटिहोमको लागि ७५ हजार (किलोग्राम) चरू हवनको सामग्री लाग्नेछन् । सोही अनुरूप समिधा चाहिन्छ । दैनिक बिहान मध्यान्ह र बेलुकी तीन पटक आरती तीन सयजना भक्तलाई लगभग एकचालीस दिन समय लाग्ने छ साथै कोटिहोम सम्पन्न गर्न हवनमा दैनिक ५ सय भक्तहरूले चरू हवन गरेमा २७ दिन र १ हजार जना भक्तले चरू हवन गरेमा १७ दिनमा सु-सम्पन्न हुने छ । सातदिन अगाडिबाटै हवनमा बस्ने भक्तहरूले ब्रह्मचर्य पालन गर्ने, सु-भोजन गर्ने, पूर्ण साकाहारी भई शुद्ध



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



गायत्री दीक्षा लिनेले उपदेशी लिनु नपर्ने गायत्री दीक्षा नलिएकालाई भने गुरू गोरक्षनाथजीको उपदेशी बनेर मात्र कोटिहोम महायज्ञको हवन कार्य गर्न सहमती पाईने छ । रजस्वला हुने नारीले रजस्वला हुनुभन्दा तीन दिन अगाडि नै यज्ञ स्थल पर रहनुपर्ने छ । ती नारीहरूले पुनः हवन गर्न चाहेमा रजस्वला भएको आठौं दिनको दिन स्नान गरि शुद्ध बस्त्र धारण गरेर मात्र प्रवेश गर्न पाइने छ । अघिपछि प्रयोग गरिएको र शौचालय जाँदा प्रयोग गरिएको वस्त्र लगाउन सक्त निषेध छ । यज्ञमा बस्दा शुद्ध नयाँ बस्त्र प्रयोग गरेको हुनु पर्दछ । ॐ मान्ने जोसुकै थर-घरका जात जातिहरूले कोटिहोममा भाग लिन सौभाग्य पाउने छन् । एक भक्तले ७ घण्टामा ५ (कि.ग्रा.) चरूको हवन गर्ने छ । दैनिक ३ सय जना भक्त भए १५ सय (कि.ग्रा.), ५ सय जना भक्त भए २५ सय (कि.ग्रा) १ हजार भक्त भए ५ हजार (कि.ग्रा) का दरले चरूको सामग्री आवश्यकता पर्छ । आफुले हवनका सामग्री ल्याएर धर्मको आचार-संहितामा रहेर हवनमा सहभागी हुन पाइने छ । गोरक्ष योगी, साधु-सन्त, ब्राह्मण, महात्मा आदिले पालना गरेको वैदिक आचार-संहिता समेत पालन गरेको हुनु पर्दछ । तर कोटिहोम मुल आयोजक समितिको पञ्जिकामा त्यस्ता भक्तले पहिले नै नाम लेखाउनु पर्नेछ । साथै उपनयन (व्रतबन्ध) कुमारी दीक्षा र गोरक्षनाथ दीक्षा लिन चाहने भक्तलाई सदैव द्वार खुल्ला राखिएको हुन्छ ।

- यज्ञको अग्निमा चरूको हवन गर्दा देवी देवताहरू र ॐको प्राप्ति हुन्छ ।
- यज्ञबाट परमेश्वर श्रीप्राप्ति हुन्छ ।
- गोरक्ष कोटिहोम यज्ञ नै समग्र भुवनको केन्द्र (नाभिस्थान) हो ।
- यज्ञबाट मनुष्यले परमात्माको नगिचमा पुग्न सक्छ । यो यज्ञ स्वयं पवित्र छ, साथै विविधको पवित्रता गराउने कार्य मद्दत गर्दछ ।
- यज्ञले प्राणीमात्रको कल्याण हुन्छ । यज्ञबाट देश राष्ट्र, समाज सञ्चालनमा संरक्षण गराउँछ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- ☞ अग्निदेव हविर्द्रव्यद्वारा देवता ॐकार सत्कार हुन्छ । अतः सत्य सनातन स्वरूप यज्ञको (निन्दाद्वारा) जो कोहीले पनि दुःखित गर्नेमा समर्थवान बन्न कदापि सक्ने छैन ।
- ☞ परमात्माले यज्ञद्वारा मनुष्य प्राणीको सर्वदाको निम्ति भक्ति युक्त बनाई दिनु हुनेछ ।
- ☞ यज्ञका अग्निमा हविर्द्रव्य प्रदान गर्ने दानवीर या धर्मात्मा अत्यन्त यशस्वी, ज्ञानी, विजयी साथै श्रेष्ठ व्यक्ता बन्न जान्छन् । सर्वगुण सम्पन्न पुत्र ईश्वरबाट प्रदान हुनेछ ।
- ☞ व्यभिचारी मनुष्यको यज्ञादिमा या धार्मिक कार्यक्रममा भाग लिन सक्ने छैनन् ।
- ☞ देवगण यज्ञकर्ता (यज्ञमान) पुरूषार्थि भक्तको आवश्यकीय हुन्छ । साथै आलस्यतापना देखाउने अल्छी भक्तलाई ईश्वरले स्नेह गर्नु हुने छैन ।
- ☞ यज्ञद्वारा इन्द्रसमानको श्रीवृद्धि प्राप्त हुनेछ ।
- ☞ जो यज्ञकर्ता (यज्ञमान) ब्रह्म पारायण हुन्छ । कुनैपनि प्रकारको ऋणीको भार वहन गर्नुपर्दैन् । सदा सर्वदा ऋणीबाट मुक्त भई जानेछ ।
- ☞ यज्ञ नै प्रथमका मुख्य सर्वश्रेष्ठ धर्म हो ।
- ☞ यज्ञादी सत्कर्मादिले समग्र देशहरूमा श्रीवृद्धि हुँदै जानेछ ।
- ☞ जो भक्तहरू यज्ञमा हवन गर्ने कार्यमा समर्पित भएर लागि परेमा मनोकांक्षित मनोकामना समेत पूर्ण हुनेछ ।
- ☞ यजमान (यज्ञकर्ता) को यज्ञादि समग्र कार्यहरूमा परमेश्वरको सहायतार्थ प्रार्थना र आरधना गर्नुपर्दछ । परमेश्वर प्रार्थनाबाट प्रसन्न हुनुहुन्छ । यजमानद्वारा गरिएका सत्कार्य अनुरूप नै यज्ञ ठीक ठीक सम्पादन हुनुपर्ने छ ।साथै सबै यजमान र श्रद्धालु भक्तजनहरू समेतको मंगलमय हुन जान्छ । परमात्माको प्रार्थना नगर्नेलाई यज्ञमा अमंगल हुनेछ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- हिंसा रहित यज्ञ नै सर्वश्रेष्ठ मानिन्छ ।
- यज्ञद्वारा मनुष्यको आत्माग्नि प्रदीप्त हुन्छ । आत्माग्नि प्रदीप्त हुँदामा परमात्मा प्रसन्न हुन्छन् । जब परमात्मा प्रसन्न भएपछि यज्ञकर्ताको समग्र मनोरथहरू पूर्ण हुनेछ ।
- यज्ञ त्रिलोक विश्वव्यापी छ । यज्ञबाटै समग्र विश्व ब्रह्माण्डको अटल रहन्छ ।
- यज्ञ हवनद्वारा विविध कामनाहरू पूर्ण हुन्छन् ।
- जो मनुष्य यज्ञ गर्दैनन् भने उसले दुर्भाग्यवश आक्रमण प्रत्याक्रमणको दण्ड भोग्नु पर्नेछ ।
- प्रजापतिले प्रजाको सृष्टि कामनाको निम्ति यज्ञ प्रारम्भ गर्नु भएको थियो । साथै सो यज्ञमा उनले अग्निमा आफ्नो हृदयरूपी विधिऽनुसार हवन गरे । अत: जबकी प्रजापतिले सृष्टि समृद्धिको लागि आफ्नो हृदयद्वारा यज्ञ गर्नु भयो । तब उनको सन्तुष्टिको निम्तिमा हवनीय द्रव्यद्वारा अवश्य नै यज्ञ गर्नुपर्दछ ।
- यज्ञमा यजमानले देवी-देवता ॐकारको आह्वान गरेर वन्दना गर्दा यज्ञपुरूष भगवान गोरक्षनाथ लगायत समग्र परमेश्वर सहित पाल्नु हुनेछ ।
- यज्ञ कोटिहोम गर्ने श्रद्धालु भक्तजन, धर्माऽनुरागी ॐकार परिवारले ऐश्वर्य श्रीप्राप्ति गर्नेछन् ।
- देवी-देवताहरूद्वारा ॐकार यज्ञमा सर्वदा गर्ने गरिन्छ, यो भई नै रहन्छ ।
- यो समग्र विश्व ब्रह्माण्ड पृथ्वीमा यज्ञको वेदीरूप छ । कोटिहोमबाट विश्व मानव जातिको धारणामा मनोवैज्ञानिक परिवर्तन ल्याउने छ ।
- यज्ञमण्डप निकै बलीयो बनाउनु पर्दछ । जसमा कुनैपनि प्रकारको (पशुप्राणी) यज्ञमण्डपमा प्रवेश निषेध गरिन्छ । साथै धूलो, फोहोर, मैलाका वृष्टि, मद-मदिरा, मांस,आदि भोजन गर्ने र जुठो सुतक



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



भएका आचार-संहिता पालना नगर्नेलाई यज्ञमा जल आदि यज्ञ मण्डपमा पूर्ण निषेध हुनेछ ।

- ☞ यज्ञमा यज्ञपुरूष भगवान गुरू गोरक्षनाथजीको उपासना गरेर मनुष्य जातिको मनका दिव्यवाणी एवं तेजस्वी बुद्धिको श्रीवृद्धि हुन्छ ।
- ☞ यज्ञ अन्य कुनै विषयबस्तु ॐको अभावमा पनि हुन सक्छ भने परन्तुः अग्निको अभावमा कदापि हुन सक्तैनन् । तसर्थ अग्निलाई यज्ञ अवधि भर प्रज्वलित राख्नुनै पर्दछ ।
- ☞ यज्ञमा ऋत्विजका पूर्ण राज्य अर्थात् स्वातन्त्र्य हुन जानेछ । अतः जुनप्रकार राजा ॐकार या परमात्मासँग अनुशासित रहन सक्दैनन् भने त्यस प्रकारको यज्ञको ऋत्विजसँग पनि यजमानको अनुशासन पालना गर्नुपर्ने छैन् । वायु साथै इन्द्रको प्रार्थना हुन्छ । यज्ञको दिनमा जलवायुको दुषित हुनु हुँदैन । किनभने जलवायुबाट दुषित हुन पुगेमा संक्रामक रोग, महामारी, आउन्या संभावना हुनेछ । जसमा मनुष्य जातिमा रोग व्याधि आदिको विशेष भय रहन्छ ।
- ☞ हव्य- प्रदानद्वारा मित्रावरूणको उपासना गर्दामा संक्रामक रोग-रोगादिको निरोपर्ण हुन्छ ।
- ☞ यज्ञमा समग्र देवी-देवताहरूलाई ॐकार वेदध्वनीबाट आव्हान गर्ने गरिन्छ ।
- ☞ यज्ञद्वारा इन्द्रदेव पनि समृद्धिशाली भएका थिए ।
- ☞ यज्ञले अनेक प्रकारको ऐश्वर्य श्रीप्राप्ति हुन्छ ।
- ☞ देवगण, यज्ञकर्ता, पुरूषार्थी साथै भक्तहरूको इच्छालाई परमेश्वरबाट हुन्या छ ।
- ☞ इन्द्र, ऋषिगणद्वारा स्तुति हुँदा मनुष्य जातिद्वारा पनि यज्ञ हुन जान्छ ।
- ☞ यज्ञको ज्योतिद्वारा मनुष्यको पवित्रता गराउँछ ।
- ☞ यज्ञाग्निमा हवन गर्दा हविर्द्रव्य देवताओंको श्रीप्राप्ति हुन्छ ।
- ☞ यज्ञ कोटिहोम गर्ने मानव जाति, परमधाममा समेत प्रतिष्ठित हुने छ । यो ध्रुव सत्य हो । अतः परमधाममा जाने समयमा यज्ञकर्ताका इच्छा पूर्तिद्वारा स्वागत गर्नुपर्दछ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- यज्ञ गोरक्ष-महामन्त्र गरिने कोटिहोम समग्र विश्व-ब्रह्माण्ड वशमा ल्याउने हिरण्यगर्भ हो ।
- यज्ञहीन पुरूषका तेज नष्ट हुन जाने छ ।
- यज्ञ गर्ने पुरूष स्वर्गमा जाने छ ।
- जो यज्ञले हाम्रो कल्याणकारक छ, जसबाट हाम्रो सब प्रकारको श्रीवृद्धि हुन्छ । सो यज्ञको निम्तिमा यज्ञपुरूष भगवान गुरू गोरक्षनाथको स्तुति प्रार्थना हुनु पर्छ ।
- यज्ञद्वारा इन्द्रदेवले आ-आफ्नो उन्नतिमा सहयोग पुऱ्याउनु हुन्छ ।
- देवगण, यज्ञकर्ता (यजमान) पुरूषार्थी भक्तको आवश्यकता हुन्छ । आलसी, अल्छी, गोरक्ष धर्मको आचार-संहिता हिन भक्तलाई ईश्वरबाट सत्यप्रेम कहिल्यै गर्नुहुन्न ।
- यज्ञले नै यज्ञको निर्माण हुन्छ ।
- यज्ञको समयमा अपवित्रता हुनु हुँदैन ।
- हिंसा-रहित यज्ञकर्म नै श्रेष्ठ हुन्छ ।
- यज्ञ अत्यन्त श्रेष्ठ कर्म हो ।
- यज्ञ नै ऐश्वर्य हो ।
- यज्ञ नै विश्वका उत्पत्ति स्थान हो, यही नै श्रेष्ठ कर्म हो ।
- यज्ञ नै देवताओंको विभूति हो ।
- यजमानको लागि यज्ञ नै देवताओंका आशीर्वाद मानिन्छ । यज्ञमा जो आहुति दिइन्छ । सोही नै यज्ञरूपमा यजमानको लागि आशीर्वाद नै हो ।
- इन्द्र पनि यज्ञका देवता हुन् ।
- यज्ञको प्रभावबाट सन्तति उत्पन्न हुन्छन् ।
- यज्ञ नै देवताओंका अन्न, भोजनीय पदार्थ हो ।
- यज्ञ गर्ने मनुष्यले चन्द्रलोकको प्राप्ति हुने छ ।
- यज्ञको रक्षा तब हुन्छ, जब विद्वान, वेदज्ञ, ब्राह्मण, योगीजन, श्रद्धालु भक्तजनद्वारा यज्ञ गर्ने गर्दछन् ।
- यज्ञकर्ताले स्वर्गको फल प्राप्ति गर्छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- जो ब्राह्मण अश्वमेध यज्ञको विधि जान्दैन भने ब्राह्मण कहलीन्न ।
- यज्ञ समग्र प्राणीहरूको साथ समग्र देवताओंका आत्मा (जीवन) हो ।
- यज्ञ जनताको कल्याणकोलागि हो ।
- यज्ञकर्ता (यजमान) समेतलाई स्वर्ग प्राप्तिको फल मिल्ने छ ।
- यज्ञ हवन कोटिहोम गर्दा गोरक्ष महामन्त्रको उच्चारण (स्वाध्याय) अनुष्ठान गर्दामा वायुमण्डलमा परिवर्तन हुन्छ । जसमा समग्र विश्वमा सत्य गोरक्ष धर्मचक्रको परम्परा अटल रहन्छ ।
- यज्ञमा ज्ञानी मानवजाति, योगीनाथ सम्प्रदायको नै सर्वश्रेष्ठ मानिन्छन् ।
- ब्रह्म बनेर नै यज्ञको उपासना गर्नुपर्दछ ।
- यज्ञ नै भुवन हो ।
- यज्ञ गर्नु नै महातप हो ।
- यज्ञ नै सूर्य हो ।
- विधिहीन यज्ञले विश्व ब्रह्माण्ड चराचरको कल्याण हुन सक्तैन ।
- यज्ञ नै समग्र भुवनमा श्रेष्ठ छ ।
- पुरूष नै यज्ञ हो ।
- आकाश, अनन्तमा, पृथ्वीमा, प्रतिदिन प्रतिक्षण यज्ञ भईनै रहन्छन् ।
- यज्ञ नै देवता हो ।
- यज्ञले शत्रु पनि मित्र बन्न जान्छन् । यज्ञमा सब प्रकारको गुण छ ।
- यज्ञ गर्ने यजमानले ब्रह्मलोक श्रीप्राप्ति गर्ने छ ।
- जुन दानवीर, भक्तले श्रद्धाभक्तिपूर्वक, धारा, धर्मशाला, कुवा, पँधेरो, पोखरी, तलाऊ, यज्ञमण्डप आदि निर्माण गर्दछन् भने मनोकांक्षित फल प्राप्त गर्दछ । साथै चन्द्रलोकमा बास पाउने छ ।
- यज्ञबाट नै जो जुन वस्तुको इच्छा राखिन्छ । सोही फल, वस्तु ईश्वरबाट प्राप्त हुन्छ ।
- यज्ञको देवताओं, पितर या ऋषिमुनिका जीवन सरह छ ।
- यज्ञले ऐश्वर्य प्राप्ति हुन्छ नै ।
- यज्ञमा महासरस्वती प्रसन्न हुन्छिन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- यज्ञीय कर्मको त्याग गर्दामा समग्र कर्म मानवको वन्धनमा पर्ने छ ।
- श्री ब्रह्माजीले यज्ञको साथमा मानव जातिको रचना गर्नु भएको हो ।
- यज्ञको प्रभावबाट बर्षा हुन्छ ।
- सर्वव्यापी परब्रह्म परमात्मा सर्वदा यज्ञमा नै प्रतिष्ठित रहन्छन् ।
- यज्ञ नै सृष्टिचक्रका सञ्चालक, आविष्कार मानिन्छ ।
- यज्ञको परिणाम स्वरूप ज्ञानमृतको व्यतीत गर्ने श्रेष्ठ जन सनातन परमात्माको प्राप्ति हुन्छ नै । यज्ञ नगर्ने पुरूष इहलोक (मृत्युलोक) प्राप्त गर्न सक्तैन । परलोक (स्वर्गलोक) को विषय तत्व बारेमा के हो भन्ने बुझ्न पनि सक्दैन ।
- समग्र यज्ञमा ज्ञानरूप यज्ञ श्रेष्ठ छ ।
- देवयज्ञ गर्नेले देवताओंको श्रीप्राप्ति हुन्छ ।
- यज्ञको प्रभावद्वारा दैवी श्रीसम्पत्ति प्राप्त हुन्छ ।
- यज्ञको त्याग गर्ने कर्ता योग्य हुन सक्दैन् ।
- यज्ञले मनुष्यलाई बुद्धिमान पवित्र बनाउँछ ।
- समग्र यज्ञ वासुदेव परक छ ।
- यज्ञादिमा धर्ममर्मज्ञ, योगाचार्य, ज्ञानी, ध्यानी, सिद्ध साधकबाट हवन गर्नुपर्दछ ।
- समग्र यज्ञ नारायणपरक छ ।
- यज्ञ शेषको अमृत घडा हो ।
- सक्ने बुद्धिमान दानवीर पुरूषले यज्ञको समाप्ति हुने समयमा १ सय दुग्ध दिने गौं दान गर्छन् ।
- यजमान यज्ञान्तमा आफ्नो सर्वस्व दान दिए । यो स्वायम्भुव मनुको कथन छ ।
- यज्ञमा समग्र प्रकारको शुभ-लक्षणले सम्पन्न मन्त्रको ज्ञाता जितेन्द्रिय, कुलीन, शीलवान, एवं श्रेष्ठ, योगीनाथ सम्प्रदायका श्रीनाथजी, ज्ञानी, ध्यानी, ब्रह्म मर्मज्ञ ब्राह्मणको समेत छनौट गरिंदा सर्वसिद्धि हुन्छ ।
- यज्ञमा समग्र ज्ञानी, ध्यानी, ब्राह्मण वेदमा पारंगत विद्वान चाहिन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- यज्ञमा आठ द्वारपाल तथा आठ जप, पाठ गर्ने सिद्ध योगी र ब्राह्मण चाहिन्छ ।
- यज्ञमा प्रत्येक कुण्डको समीपमा कलश, यज्ञ सामग्री, निर्मल आसनको साथ-साथै दिव्य विस्तृत ताम्रपत्र प्रस्तुत गर्नुपर्दछ ।
- यज्ञमा गाऊँका निमुखा दु:खी, दरिद्रहरूको सेवा सत्कार दिनुपर्छ ।
- विहान स्नान गरिसकेपछि यज्ञीय हवनमा बस्ने साधकहरूलाई षड्रस भोजन ग्रहण गराउनु पर्दछ ।
- यज्ञमा गोरक्षनाथ महावैष्णव सर्वक्रतुमय हुनुहुन्छ ।
- यज्ञार्थमा धर्म परिवर्तन गर्ने सम्प्रदायको सहयोग लिंदा यज्ञलाई हानी नोक्सानी हुने छ । बाह्य धर्मतिर प्रवेश गर्नेलाई हवन गर्न निषेध छ । सृष्टिको धर्मतिर पुनः प्रवेश गरेमा द्वार खुला छ ।
- विष्णु यज्ञको आराध्य मानिन्छ ।
- यज्ञ नै साक्षात् यज्ञपति हो ।
- सुख प्राप्तिको इच्छा गर्नेकोलागि मनुष्यले प्रतिदिन यज्ञ (हवन) गरिरहनु पर्छ । यज्ञ बाट यज्ञ गर्ने यजमानको उपकार हुन्छ ।
- यज्ञसिद्धिले नै ऋग्वेद, यजुर्वेद साथै सामवेदको निर्माण भएको छ ।
- समग्र यज्ञको प्रभु नै ईश्वर छ ।
- समग्र यज्ञ नारायण परक छ ।
- यज्ञका अधीश्वर भगवान् गोरक्षनाथका यज्ञ-यज्ञादि जब-जब हुँदैनन् । तब-तब कलियुगको बलवान हुने छ । यस बारेमा स्मरण गरी रहनुपर्ने छ ।
- यज्ञादि कर्म वस्त्रको विना पूर्ण हुन सक्दैन ।
- तीनलोक चौध भुवन २७ ब्रह्माण्ड या विश्व ब्रह्माण्डमा यज्ञ नै दिव्यभूषण मानिन्छ । आफ्नो तपस्या आफैं गरौं । यज्ञको सामग्री प्रशस्त ल्याएर आफैं स्व:शुद्ध भएर कोटिहोम गरौं ।
- यज्ञ शेषको अमृत हो । यज्ञबाटै असल सन्तति उत्पन्न हुन्छन् ।
- यज्ञमा देवी-देवता प्रतिष्ठित रहन्छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- वेदाचार विधानबाट हुने यज्ञमा देवगणको सुक्ष्मरूपमा आगमन हुन्छ ।
- यज्ञ नै धर्म मन्त्रात्मक हो ।
- यज्ञबांटै ईश्वरलाई प्राप्त गर्न सकिन्छ ।
- यज्ञको नाशले देवताओंका नाश हुनेछ । जसको सबै प्रकारबाट नष्ट हुन जानेछ ।
- यज्ञबाटै समग्र कामनाओंको पूर्ण हुने छ ।
- शान्तिको कामनाबाट गरिने यज्ञमा रात्रिमा यज्ञ मण्डपमा निवास गर्नु भने हुँदैन ।
- यज्ञ नै यज्ञपुरूष भगवान गुरू गोरक्षनाथनै महावैष्णव हुन् ।
- महायज्ञ (पञ्चमहायज्ञ) विहीन व्यक्ति ज्ञानी सिद्ध, योगी, ब्राह्मणको पंक्तिमा बस्न योग्य हुँदैनन् ।
- विश्व कल्याणार्थ गरिने यज्ञमा ब्राह्मणका संख्याको साथ-साथै समयको नियम हुन्छ ।
- वाणिज्य-वृत्तिमा जीविका चलाउने वैदिक आचार संहिता पालना नगरेका ब्राह्मण यज्ञमा अयोग्य हुनेछ ।
- यज्ञमा जो व्यक्ति शान्त रहन्छ । उनै स्वर्गमा जाने छ ।
- यज्ञमा उत्तम, यज्ञादिको सामग्रीहरूको हुन्छ ।
- यज्ञादिमा पूर्णाहुति उभिएर गर्नुपर्ने विधि छ ।
- यज्ञमण्डपमा देवपीठमा आभूषण चढाउने भक्तलाई स्वर्गलोकमा बास पाउने छ ।
- जुन भूमिमा देवप्रीत्यर्थ यज्ञ हुन्छ । सो भूमि (देवयजन) या यज्ञ भूमिको नामद्वारा प्रसिद्ध हुन्छ ।
- यज्ञ स्वर्ग जानकोलागि सुखद्को नौका हो । अत : यज्ञरूपी नौकामा चढेर नै संसार-सागरबाट पार तर्न सकिन्छ ।
- यज्ञ एक सर्वश्रेष्ठ, पवित्र कर्म हो । जसबाट भगवानलाई पाउन सकिन्छ ।
- यज्ञद्वारा भगवानका सान्निध्य प्राप्त हुन्छ । साथै यज्ञातिरिक्त कर्मले भगवानबाट सबै भयको निवारण गराउनु हुने छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- निष्काम भावबाट गरिएको यज्ञ सफल हुन्छ । स्वार्थ भावले गरेको यज्ञबाट असफलता अवश्य मिल्ने छ ।
- यज्ञमा सत्य, सच्चा, सुख, सन्तोषबाट आनन्द हुन्छ । यज्ञ गर्न छोडेपछि मानव जाति समग्र कर्मको बन्धनमा अल्झिन पुग्ने छ ।
- यज्ञमा दैवी गुणको विषयवस्तु परिपूर्ण हुन्छ । परन्तुः दैवी गुणले परिपूर्ण रहने यज्ञद्वारा मनुष्यको समग्र कामनाको परिपूर्ण हुनेछ ।
- जो दानवीर निःस्वार्थ भावले यज्ञमा तन, मन, धनले सहयोग गर्छ भने सदा-सर्वदा सब प्रकारको ऐश्वर्यले परिपूर्ण रहन्छ ।
- यज्ञप्रति श्रद्धा विश्वास राख्ने पुण्यात्मा मनुष्यमाथि, काम, क्रोध, लोभ, मोह आदि आफ्ना कुप्रभाव कहिल्यै हुँदैन् ।
- यज्ञ नै दैवी सम्पत्ति हो । जो मनुष्य यज्ञरूपी दैवी सम्पत्तिको आफ्नो हो उनै देवता या ईश्वर बन्दछ ।
- जो मनुष्य यज्ञलाई मान्दैन भने उसले दुर्भाग्यरूपी आक्रमणबाट गिर्न जाने छ । उसका जीवनकालमा पनि अनेकौं दुःखकष्ट भोग्नु पर्दछ । अन्त्यमा नरकको बास गर्नुपर्ने हुन्छ ।
- जुनप्रकारले माता-पिताले आफ्नो सानो बालक खेलेको, हिंडेको, देख्दा उनको अमृतमयी बोली, वाणी सुन्दा अत्यन्त प्रसन्न हुन्छन् । त्यस्तै प्रकारले देवगण आफ्नो यज्ञप्रेमी यजमानहरूले गरेको यज्ञकर्म देख्दा अत्यन्त प्रसन्न हुन्छन् । साथै उनीलाई आशीर्वाद समेत दिन्छन् ।
- यज्ञको प्रभावद्वारा सूर्यको किरण वायुको साथ जान्छ र आकाश मण्डलमा गएर बर्षाको रूपधारण हुन्छ । जसबाट समग्र विश्वको कल्याण हुनेछ ।
- यज्ञमा मन्त्रद्वारा देवताओंको निम्ति आहुति दिइन्छ । जसको प्रभावबाट देवता बलिष्ठ भई सन्तुष्ट हुन्छन् ।
- यज्ञमा योगी र ब्राह्मणलाई दक्षिणा सहितले पूजन गरिन्छ । उनका चरणोमा दर्शन गर्ने भक्तहरूले देवताओंको दर्शन गरेको



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जस्तै पुण्य मिल्छ । साथै धन-धान्य एवं पुत्र-पौत्रादि समेतको श्रीप्राप्ति हुन्छ ।

☞ यज्ञ मण्डपको १०८ पटक परिक्रमा गर्नेले समग्र तीर्थको यात्रा गरे बराबरको फल प्राप्त गर्ने छ । मनोकांक्षित बस्तुओंको प्राप्त समेत पाउँछ ।

☞ यज्ञमण्डपमा १०८ पटक परिक्रमा गर्नेले प्रत्येक व्यक्तिले १०८ सुपारी, १०८, बदाम, १०८ रूपैयाँ, १०८ अठन्नी, १०८ चवन्नी, १०८ इकान्नी, १०८ पैसा लिई परिक्रमा गर्नुपर्दछ ।

☞ यज्ञमण्डपमा १०८ पटक परिक्रमा गर्ने सौभाग्यवती नारीले आ-आफ्नो सौभाग्य वृद्धि एवं पुत्र तथा पतिको आयु वृद्धिकोलागि यज्ञपुरूष भगवान गुरू गोरक्षनाथको पूजन गर्नुपर्दछ । सौभाग्य आदिका सामग्री चढाउनु पर्दछ ।

☞ जो मनुष्य यज्ञ पुरूष भगवानको आरतीका दर्शन गर्दछन् भने उसले आफ्नो दुबै बाहुले आरती लिन्छ नै भने आफ्नो करोडौं पीढिका समेत उद्धार हुनेछ । अन्त्यमा भगवान गुरू गोरक्षनाथको परमपद श्रीप्राप्ति गर्नेछ ।

☞ यज्ञमा प्रातः काल, मध्यकालमा देवपूजनको अन्त्यमा सायङ्काल हवनको अन्त्यमा यज्ञ भगवानको प्रतिदिन समयमा आरती गरिनुपर्छ । आरतीको देव पूजनादिमा जो त्रुटि रहेको भए पनि आरती बाट सो त्रुटि पूर्ति हुन्छ ।

☞ देवताओंको परिक्रमा सम्बन्धमा यस्तो कथन छ ..... गणेशको एक प्रदक्षिणा, सूर्यको दुई प्रदक्षिणा, ईश्वरको तीन प्रदक्षिणा, विष्णुको चार प्रदक्षिणा साथै श्रीशिवजीको आधा प्रदक्षिणा गर्नु नै पर्छ ।

☞ यज्ञका यजमान साथै यज्ञको योगी र ब्राह्मणको यज्ञ मण्डपदेखि पश्चिम द्वारबाट जानु पर्छ ।

☞ यज्ञमण्डपमा हवन सामग्री यज्ञ मण्डपको पूर्व द्वारबाट लैजानु पर्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- ☞ यज्ञमण्डपमा दान दक्षिणा गर्ने सामग्री यज्ञ मण्डपको दक्षिणद्वारबाट लैजानु पर्छ ।
- ☞ यज्ञमण्डपमा प्रतिष्ठाको सामग्री यज्ञमण्डपको उत्तरद्वारबाट लैजानुपर्छ ।
- ☞ सात्विक हवनमा 'स्वाहा' शब्दको प्रयोजन गरिन्छ ।
- ☞ यज्ञमा गोरक्षनाथका योगी आचार्यको आज्ञा विना देवपूजन गर्नु हुँदैन् ।
- ☞ यज्ञ-मण्डपमा भोजन गर्न निषेध छ । यज्ञ मण्डपमा भोजन गर्नेले एकदिन व्रत (उपवास) बस्नु पर्छ ।
- ☞ हवनार्थ संस्कृत आज्य (घृत) पय (दुग्ध) आदिका हवन विना उनको पान गर्नेले उपवास बस्नु पर्छ ।
- ☞ स्मार्त होम साथ श्रौत होममा एकदिनमा एक भक्तले १००८ गोरक्ष महामन्त्रबाट जप हवन समेत गर्न सकिन्छ ।
- ☞ यज्ञको अभावले कलियुगलाई बल वृद्धि हुन जाने छ ।
- ☞ यज्ञप्रेमीको यज्ञ विरोधी नास्तिक मनुष्यले संसर्गमा केही व्यवहार गर्नु हुँदैन ।
- ☞ जो यजमानले यज्ञमा योगी साधु-सन्त ब्राह्मण जातिलाई पत्रम्पुष्पम् गर्नुपर्छ । जसको प्रभावबाट यज्ञ पुरूष गोरक्षनाथ भगवान प्रसन्न हुनु भई उसको ऋद्धि सिद्धि मिल्ने छ ।
- ☞ यज्ञको हवनको लागि वृक्षादि काट्दामा दोष लाग्दैन ।
- ☞ यज्ञमा प्रतिदिन खासगरी पूर्णाहुतिको शुभ पावन अवसरमा यज्ञाचार्यद्वारा यज्ञका प्रसादको साथ शुभाशीर्वाद लिंदा विशेष महत्व हुन्छ ।
- ☞ यज्ञान्तमा यज्ञाचार्यका यथाशक्ति दक्षिणा सहित सबको पूजन गर्नुपर्छ । यस कोटिहोम महायज्ञमा योगी नै आचार्य 'प्रधान' हुन्छ । आचार्यको ब्रह्मालोकका मालिक कहलिन्छ आचार्यो ब्रह्मालोकेश ।
- ☞ यज्ञमा मनुष्यले ज्ञाता ज्ञातरूपमा जो भूल, अपराध भएको छ । सो उनको भूल निरोपर्ण गर्न यज्ञ भगवानको स्मरण गरी नमस्कार गर्नुपर्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- यज्ञमण्डपका चारै द्वारमा सर्वसाधारण भक्तजनहरूद्वारा प्रसाद चढाउन पाईन्छ । यज्ञमण्डपको परिक्रमा गर्दा चढाइन्छ । द्रव्य यज्ञको आरतीमा चढाउने गरिन्छ ।
- यज्ञमा ब्रह्मा केबल पूर्णपात्र लिने अधिकारी हुन्छ । आज्यास्थली, चरूस्थली, अभिषेकपात्र तथा यज्ञपात्रादि समग्र सामग्री यज्ञमा चढाईन्छ ।
- यज्ञमा आचार्य, ब्रह्मा आदि समग्र ऋत्विज गृहस्थ ब्राह्मण ११ जना साथ थप ९ जना नवनाथ श्रीनाथजीहरू समेत हुन्छन् ।
- यज्ञमा आचार्यको कर्म सत्यनाथ पन्थतिरका गुरू गोरक्षनाथको शिष्य नै हुनु पर्छ ।
- साधु, महात्मा, सन्यासी, श्रीनाथ सहित अन्य दर्शकरूपमा यज्ञमा सहभागी हुन पाउने छन् । यजमान भने रहन सक्तैन ।
- आजकाल केही यज्ञमा देखा पर्छन् । यज्ञमा साधु, सन्यासी, महात्मा यज्ञमण्डपमा ब्रह्मचारीको साथै गृहस्थी समेत शिष्य बन्न सक्छन् । साधु, सन्यासी, महात्मा, ब्रह्मचारी एवं गृहस्थीको शिष्य बन्न सक्छन् । परन्तु:आ-आफ्नो सम्प्रदायको साधु महात्माओंको नै शिष्य बन्न सक्छन् ।
- यज्ञको प्रेरक अथवा संयोजक साधु-महात्मा, सन्यासीको केवल यज्ञको सुव्यवस्था गर्ने अधिकारी हुन्छ । उसले यज्ञको निम्ति आएका द्रव्य आदि आफूसँग राख्ने अधिकार भने हुँदैन । यज्ञको निम्ति चन्दनको रूपमा आउँछ द्रव्य र अन्य प्रकारको सामग्रीहरू राख्ने अधिकार मात्र यज्ञ समितिको नै हुने गर्दछ ।
- यज्ञले सद्बुद्धि, सद्विचार, सद्धर्म एवं सत्कर्मको श्रीवृद्धि हुन्छ ।
- यज्ञले स्व:धर्म एवं स्वकर्तव्यको परिज्ञान हुने छ ।
- यज्ञलेमनुष्य जातिकोआत्मशक्ति, ज्ञानशक्ति एवंमन्त्र शक्तिकोजागृत हुन्छ ।
- यज्ञले मनुष्यको आत्माग्नि प्रदीप्त हुन्छ । आत्माग्निको प्रदीप्त भएर परमात्मामा दृढ भक्ति चित्तमा रहन्छ ।
- यज्ञले मनुष्य माया, मोहको बन्धनबाट मुक्त भई भगवत्परायण समर्पित रहन्छन् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- ☞ यज्ञले मनुष्यका भयङ्करी दुःखलाई मुक्त गराउने छ । जुन प्रकारले मनुष्य नौकाद्वारा नदीको भवसागर पार गर्ने छ ।
- ☞ यज्ञले मनुष्य आफ्नो इन्द्रियमा समेत विजय प्राप्त गर्ने छ ।
- ☞ यज्ञले मनुष्य मोक्ष मार्गका अधिकारी बन्ने छ ।
- ☞ यज्ञले मनुष्यका जीवन मंगलमय बन्दछ ।
- ☞ यज्ञले मनुष्यमा दैवी शक्ति अथवा दैवी गुणको प्रादुर्भाव हुन्छ ।
- ☞ यज्ञले मनुष्यको अहंकारादि तामसिक पदार्थको दुरीकरण हुन्छ ।
- ☞ यज्ञले मनुष्यको अन्तष्करणको अपवित्रता, मलविक्षेप साथै कुसंष्काररहरूको निवारण गर्ने छं ।
- ☞ यज्ञले मनुष्यको संशयको निवृत्ति हुँदा आत्मामा शान्तिको स्थापना हुन्छ ।
- ☞ यज्ञले भगवानको सत्ता, सर्वव्यापकतामा विश्वास भईकन मनुष्य परमात्माको शरणमा लीन हुन्छन् ।
- ☞ यज्ञले देवता प्रसन्न हुन्छन् । देवताओंको प्रसन्नताले मनुष्यले सबै फल पाउन सक्छन् ।
- ☞ यज्ञले भगवानको सान्निध्य श्रीप्राप्ति हुन्छ ।
- ☞ यज्ञले मनुष्य पनि देवता बनेर जगतको कल्याण गर्ने शक्ति प्राप्त गर्नेछन् ।
- ☞ यज्ञले स्वर्गादि लोकको प्राप्ति हुन्छ ।
- ☞ यज्ञले पितर तृप्त भई अशुभ योनीबाट मुक्ति हुन जाने छ ।
- ☞ यज्ञले प्राणीमात्रका नभई समग्र चराचर जगतको कल्याण हुन्छ ।
- ☞ यज्ञले देश, समाजका संरक्षण या सञ्चालन गर्दछ ।
- ☞ यज्ञले, धर्म, कर्म, संस्कृति एवं, मानव सभ्यताका यथार्थ परिज्ञान प्राप्त हुन्छ ।
- ☞ यज्ञले मानवजातिका फैलिएका साम्यवाद, समाजवाद, अधिनायकवाद, विविध विचार मत, अन्तरद्वन्द र द्वन्दात्मक समस्याको समाधान हुन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- यज्ञले माता, पिता, गुरू आदिको वास्तविक महत्व र रहस्यको परिज्ञान प्राप्त हुन्छ ।
- यज्ञले गौमाताको महत्वको पुष्टि र गोरक्षा हुनेछ ।
- यज्ञले ज्ञानी ब्राह्मणको स्वरूप एवं महत्वकां सत्यार्थ परिचय प्राप्त हुन्छ ।
- यज्ञले वैदिक धर्मका प्रचार, रक्षण र पोषण गर्दछ ।
- यज्ञले धर्म, अर्थ, काम र मोक्ष यी पुरूषार्थ चतुष्ट्य प्राप्ति हुन्छ ।
- यज्ञले आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी ताप त्रयको ज्ञान प्राप्ति हुन्छ ।
- यज्ञले ऐहलौकिक र परलौकिक अभ्यूदय सिद्धि सरलतारूपमा पाउन सकिन्छ ।
- यज्ञले आश्रमचतुष्टय र वर्ण चतुष्टयको धर्मपालनाका शिक्षा मिल्छ ।
- यज्ञले मानवताका संरक्षण, धर्मका संरक्षण एवं स्वकर्तव्यको संरक्षण हुनेछ ।
- यज्ञले मनुष्यको भूल, अपराध एवं पापको प्रायश्चित हुन जान्छ ।
- यज्ञले संक्रामक रोगलाई नियन्त्रण गर्दछ ।
- यज्ञले शारीरिक समग्र दोषको नाश हुन जानेछ ।
- यज्ञले सर्वविग्न अमङ्गलको निवारण गर्दछ ।
- यज्ञले भयङ्कर पापहरू समेतको नियन्त्रण गर्ने गर्दछ ।
- यज्ञले सर्वत्र पिशाचले दियाको कष्ट जति पनि निरोपर्ण हुनेछ ।
- यज्ञले असाध्य कार्य पनि साध्य हुन जान्छन् ।
- यज्ञले मनुष्यका कहिल्यै अधोपतन हुन जाँदैन ।
- यज्ञले मनुष्यको सबैप्रकारको बिग्न बाधा समाधान हुनेछ ।
- यज्ञले मनुष्यको सर्वदा सर्वत्र विजय भइरहन्छ ।
- यज्ञले गोरक्ष सत्य सनातन धर्म, सदाचार पालनका वैदिक शिक्षा प्राप्त हुन्छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- यज्ञले परमात्मासँग साक्षात्कार हुन्छ ।
- यज्ञले मनुष्य (महापुरूष) बन्न जानेछ ।
- यज्ञले मनुष्य श्रीब्रह्म निर्वाण एवं परमपद प्राप्ति गर्ने छ ।
- यज्ञले मनुष्य सर्वदा, स्व:धर्म पित्रि धर्ममा समर्पित रहन उत्प्रेरित गराउँछ ।
- यज्ञले मनुष्यको आरोग्यता, विद्या, कीर्ति, पराक्रम, धनधान्य एवं पुत्र-पौत्रादि अनेकौं प्रकारको ऐश्वर्य प्राप्ति हुन्छ ।
- यज्ञले यज्ञस्थल, यज्ञमण्डप, यज्ञवेदी, यज्ञकुण्ड, यज्ञसामग्री एवं अनन्य यज्ञाङ्गभूत उपकरण तथा यज्ञका ऋत्विज, यजमान र यज्ञदर्शक सबैबाट देवमय बन्न जानेछ ।
- यज्ञले धर्मको जय, अधर्मको नाश, प्राणीमा सद्भावना राष्ट्रशान्ति, राष्ट्रकल्याण, विश्वशान्ति, विश्वकल्याण एवं मानव प्राणी सर्वत्र कल्याण हुनेछ । यसमा सन्देश लिनुपर्दैन ।[७]

७) अनुवाद :यज्ञ मिमांसाबाट र गोरक्ष आचारसंहिता योगी विश्वनाथबाट प्राप्त ।






Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# श्रीगोसाईकुण्डमा काजी वीर अमरसिंह थापा

पिताश्री उमराव बाघभीमसिंह थापाका छोरा माताश्री उमादेवी (कालिका) देवी थापाको कोखबाट वि.सं. १८०८ श्रीऋषि तर्पणी पूर्णिमा (जनैपूर्णिमा) को शुभ मुहुर्तमा अमरसिंह थापा (हिमाल रणकेशरी अमरसिंह थापा महान) को जन्म तनहुँमा भएको थियो । विशाल नेपालको महारणसमरमा युद्ध संखघोषमा प्रशस्तै योगदान दिएको हुनाले कालान्तरमा आएर श्री ५ को सरकार राष्ट्रिय विभूति घोषणा गरेर राष्ट्रिय सम्मान दिएको हुनाले नेपाल राष्ट्रिय विभूति वडाकाजी वीर अमरसिंह थापा मानिन्छ । उहाँका ४ पत्नी ११ भाइ छो र १ छोरी ३३ भाइ नातिहरू थिए । उहाँले महारणसमरमा योगदान दिएको सम्बन्धमा संक्षिप्त परिचय यहाँ दिइन्छ ।

- वि.सं. १८१९ भाद्र ९ गतेका दिन मकवानपुर गढीको युद्धमा भाग लिंदा ११ बर्षको उमेर पुगेको थियो । सो स्थानको युद्धबाट यिनले देशप्रेमको पाठ देखाएका थिए ।
- वि.सं. १८१९ आश्विन ९ मा ऐतिहासिक सिन्धुलीगढीमा भएको युद्धमा ।
- वि.सं. १८२४ मा सिन्धुलीगढीस्थित पौषागढी (आड्) मा इष्ट इण्डिया कम्पनीका कप्तान किनलोकको नेतृत्वमा आएको अंग्रेज सैनिकहरूसँग घनघोर भीषण महारणसमर प्रतिभाशाली योगदान दिनुको साथै रामेछाप जिल्लास्थित भलुवाजोर तिल्केथानमा खावा, सिन्धुलीगढीका महाभारत पर्वतभरि, किल्ला, खावा, गढ, गढी अझै सुरक्षित रहेपनि संरक्षणको अभाव छ ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- वि.सं. १८२५ आश्विन १३ गते कान्तिपुर युद्धमा विजय भएको भोलीपल्ट वि.सं. १८२५ आश्विन १४ गते उहाँलाई १७ बर्षको उमेरमा सर्दारीको मानपद्वीबाट राष्ट्र-निर्माता श्री ५ पृथ्वीनारायण शाहद्वारा विभूषित ।
- वि.सं. १८२६ साल कार्तिक ३० गतेमा भक्तपुरको भीषण युद्धमा, वीरतापूर्वक रणसंग्राम गरेर राष्ट्रिय एकीकरणको शुभ लक्षण देखाउन सफल भए । यो युद्ध वि.सं. १८२६ मार्ग १ गते भक्तपुरमा विजय ।
- वि. सं. १८२८ मा चौदण्डी, झाँगाझोली माथिको युद्धमा ।
- वि.सं. १८२९ मा पूर्व भू-भागको एकीकरणमा ।
- वि.सं.१८३१ श्रावण ५ गते कोशीपार भई विजयपुरको राजकेन्द्रमा भएको युद्धमा ।
- वि.सं. १८३२-१८४२ सम्म चौवीसे राज्यहरूमा भएको युद्धमा ।
- वि.सं. १८३४ मा तनहुँका राज्य उपरदाङगढीको युद्धमा ।
- वि.सं. १८४१ सालमा लमजुङ्गको युद्धमा ।
- वि.सं. १८४५ श्रावण २ गते उहाँको नेतृत्वमा गएका युद्धकेशरीहरूले सो महिनामा श्रावण ११ गते केरूङ्गको युद्धमा ।
- वि.सं. १८४५ मा भोटको युद्धमा, केरौंबारीको युद्धमा, रेलागंवानाम्येलार्च्ये किल्लाको युद्धमा ।
- वि.सं. १८४५ मा टिष्टा-कनका दोभानमा साँध लगाएर सो संवत्‌को माघे संक्रान्तिका दिन टिष्टा र रङ्गित नदी दोभानस्थित श्रीमहाकाली भगवतीको पूजाआजा धूमधामपूर्वक उत्सव मनाएर मकर नुहाएर खुँडा पखालेका थिए । सर्वप्रथम खाँडो जगाउने परम्परा ल्याउने व्यक्तित्व नै उहाँ हुनुहुन्छ । त्यो उहाँद्वारा निर्मित खाँडो आज ओझेलमा परेको छ ।
- वि.सं. १८४५ मा श्रीब्रह्मपुत्रबाट ढियाको युद्धमा, साषाझूं युद्धमा, मलमलपाटम युद्धमा ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- वि.सं. १८४५ श्रावणमा झुगागढीमा भएको युद्धमा ।
- वि.सं. १८४५ श्रावण ३२ गते सिखार्जुन्को युद्धमा ।
- वि.सं. १८४६ मा वाइसे राज्यमा भएको युद्धमा ।
- वि.सं. १८४६ श्रावणमा नेपाल-भोट्को युद्धमा ।
- वि.सं. १८४६ आश्विन ३ मा जुम्ला माथिको युद्धमा ।
- वि.सं. १८४७ मा अछामको युद्धमा ।
- वि.सं. १८७१ देखि १८७२ जेष्ठ ४ गतेसम्म अक्टरलोनी र अमरसिंह थापाको अन्तिम युद्ध विराम सन्धि हुनु भन्दा अघिल्लो दिनसम्म युद्धमा भाग लिएका थिए ।
- वि.सं. १८४७ मा डोटी युद्धमा ।
- वि.सं. १८४८ आषाढ १२ मा गढको राजकेन्द्र श्रीनगरको युद्धमा, त्यसपछि अलकानन्द नदीसम्म गोर्खाली युद्धवीरहरू संग्राम गर्दै पुगेका थिए ।
- वि.सं. १८४८ मा आषाढमा गढवालको राजकेन्द्रमा भएको युद्धमा ।
- वि.सं. १८४९ मा गढवालको युद्धमा ।
- वि.सं. १८५० मा कुमाऊ युद्धमा ।
- वि.सं. १८५० जेष्ठमा साँखुमाथि भोटेजातिले गरेको भीषण युद्ध समाधान गर्न ।
- वि.सं. १८५२ मा पुनः कुमाऊ युद्धमा ।
- वि.सं. १८६० आषाढ २१ मा श्रीनगर युद्धमा ।
- वि.सं. १८६१ मा सतलजको युद्धमा ।
- वि.सं. १८६१ बैशाखमा गढवाल युद्धमा ।
- वि.सं. १८६२ मा सतलजदेखि रावी नदीसम्मको युद्धमा र त्यसपछि तीन वर्षसम्म किल्ला काँगडाको घेराबन्दी गर्ने रणनीतिमा ।
- वि.सं. १८६२ हिउँदमा किल्ला काँगडाको भीषण युद्धमा ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



- ☞ वि.सं. १८६३ सिरमौर युद्धमा ।
- ☞ वि.सं. १८६३ हण्डुर राज्य माथिको युद्धमा ।
- ☞ वि.सं. १८६३ मा गुलेर, जसवन, दत्तारपुर डाँडासिवा, चम्बा, सुकेत, मण्डी, कुल्लु, नुरपुर, विसौली, कटलेहर, कहलुर हुण्डुर आदि राज्यहरूलाई नियन्त्रण गर्ने कार्यमा ।
- ☞ वि.सं. १८६७ साल आषाढ १३ मा जुब्बलकेशरको युद्धमा ।
- ☞ वि.सं. १८६३ मा काँगडाका राजा संसारचन्दको सैन्यहरूसँग भएको भीषण युद्धमा ।
- ☞ वि.सं. १८५३ मा देहरादुनको युद्धमा ।
- ☞ वि.सं. १८६१ आषाढ २१ मा श्रीनगरको विजय युद्धमा ।
- ☞ वि.सं. १८६१ बैशाख ६ मा गढमा युद्ध छेड गएका ।
- ☞ वि.सं. १८६६ मा मालकडा र काँगडाको युद्धमा ।
- ☞ वि.सं. १८६७ आषाढ १३ गते जुब्बल वेशहरको युद्धमा ।

ब्राह्मण पितृधर्म कार्यमा पारखी, पूजा पाठ गर्ने, श्रीनीलकण्ठको ध्यान भयाका छोटो वडा सबै काम कुराको व्यवस्था यस्तै हो भनी जान्या घा कट्कका काजमा वीरता जमाई निमषको सोझो गर्न्या जान्ने तीनका श्रेस्तामा मात्रै लाग्न्या श्री ५ राजा, भाइ भारादार सबले पत्यायेका मान्यका सिद्ध पुरूष हुन् । श्रीकाशी, श्रीप्रयाग, श्रीवैजनाथ, श्रीहरिद्वार, श्रीकुरु क्षेत्र, श्रीबदरी श्रीकेदारनाथ सहितका श्रीतीर्थमा ठूला-ठूला यज्ञपाठ, पूजा जप, पुलश्चरण, दान, दक्षिणा गर्न्या आफू उभोका मान्यहरूलाई आखिरका बषतमा षर्चदी श्रीकाशी बास हुँदा तजबिज बढिया तरहले गराई दिन्या उनै थिए । श्रीकेदारनाथ श्रीगंगोत्तरी श्रीयमुनाजी, श्रीजनकपुर आदिका जग्गा -जग्गामा श्री ५ मा सहमति लिई श्री ५ को समेत इमानदारिसाथ गर्न्या काम श्री ५ तीरबाट र आफुबाट गर्न्या काम आफ्ना तिरबाट गरेर एक अधिको दिव्य श्रीदेवता २ कै एक श्रीदेवता आफूले स्थापना गरी देवालय स्थान बनाई उनको गुठ सदावर्त धेरै जगामा राख्या पनि श्री ५ बाट र खुवाउन्या र आफूले जग्गा किनीकन



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



पनि सदावर्त धेरै जग्गामा राखेर जो गऱ्याका कार्यको समाप्ति प्रतिष्ठापनि गरेका थिए । वि.सं. १८३४ मा पाल्पा रामपुर केलादीघाट्मा श्रीरामसीता, लक्ष्मण र हनुमान सहितको मन्दिर, धर्मशाला, वि.सं. १८३९ मा जनकपुरस्थित श्रीराममन्दिर वि.सं. १८४८ भाद्रमा थाक्रे ३ रानीबारीमा श्रीमहाचण्डी महाकाली, श्रीअक्षतेश्वर, श्रीकुट्कुटेश्वर महादेवकोलागि गुठीको व्यवस्था, वि.सं १८६२ मा श्रीपशुपति र श्रीगुह्येश्वरीमा सदावर्त गुठी, ५० रोपनी सुनाविर्ताको ताम्रपत्र उत्कीर्ण गराई भादगाउँमा खेत खरिद, गरी सदावर्तका लागि व्यवस्था, वि.सं. १८६४ मा लमजुङको कुन्छामा धर्मशाला निर्माण गरेर बटुवाहरूलाई पानी टक्याउन कुन्छामा ५० मुरी खेतको गुठी वि.सं. १८६७ र वि.सं. १८७२ मा राख्न लगाएका थिए । वि.सं. १८६४ भाद्रमा उनले काष्ठमण्डपस्थित ठमेलमा श्रीनारायण, श्रीज्वाला, श्रीकालिका, श्रीकामाक्षा आदिको स्थापना गरी त्यहाँको विधिपूर्वक पूजाको लागि ६ मुरी सिङ्गो सरूवा चामलको खान्गी व्यवस्था र स्थायी पूजारी समेत प्रबन्ध गरेका थिए । श्रीज्वालाजी, श्रीबज्रेश्वरी, श्रीअम्बिका, श्रीजयन्ती, श्रीवीरभद्रेश्वर, श्रीभद्रकालिका, श्रीगणेश, श्रीकालिका, श्रीगोरक्षनाथ, श्रीअञ्जनीका जस्ता देवी-देवताका नित्य-नैमिनित्यिक पूजा र सदावर्त सञ्चालन गर्नलाई किल्ला काँगडामा केही प्रान्तमा श्रीज्वालाजीमा, श्रीबज्रेश्वरी र श्रीअम्बिकालाई भक्तजनहरूले चढायेका भेटिहरू समेत संग्रह गरेर पूजा सञ्चालन गर्दा लाग्ने लागत धनराशीको विचार गरी प्रबन्ध गरेका थिए । जिल्ला तनहुँको मानिक चौतारा नगिच वि. सं. १८६७ मा चौतारा पाटी, शिवालय निर्माण गरेर सोको रेखदेख गर्न ५० मुरी खेत गुठी राख्या, उनैका जेष्ठ धर्मपत्नी धर्मावतीदेवी थापाले गढवालस्थित श्रीकेदारनाथ जाने श्रीगौरीकुण्डमा वि.सं. १८६८ मा धर्मशाला निर्माण गर्न लगाएकी थिइन । साथै श्रीबद्रीनाथ जाने मार्गमा श्रीटुङ्गनाथमा धर्मशाला निर्माण गरी संरक्षण गर्न नेपालले गढवालमा गुठीको व्यवस्था गरेको पाईन्छ । श्रीगंगोत्रीमा एक भैरबको मन्दिर निर्माण गरी त्यस भू-भागको पहिलो देव स्थल थियो । वि. सं.



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



१८६८ मा सुवाठोरमा श्रीआशापुरी देवीको नित्य पूजा, तिथि तथा पर्वपूजाको लागि ५ गाऊँ गुठी राख्या, वि. सं. १८६८ आषाढ महिनामा श्रीमोडमा एउटा भव्य कुण्ड देवल निर्माण गरी देवलको नित्य पूजा साथै विशेष पर्व पूजाको लागि प्रबन्ध गर्न २ समग्र गाउँ क्षेत्र गुठी राख्या, श्रीकेदारखण्ड गढवाल बेशहर रामपुरमा श्रीभीमकाली देवीको नित्य पूजा, दीपदान, अखण्ड दीप, भोग, नैवेध, वलीदान, ब्राह्मण कन्या, भोजन, तिथि पर्व उत्सव, बर्ष वर्धनको पूजा सामग्रीका निम्ति आवश्यक पर्ने १३१४ रूपैयाँ २८ पैसा बराबरको उठ्ती हुने भूमि व्यवस्था गरि दिएका थिए । गणपति पण्डालाई श्रीसूर्यकुण्डको पूजा-आजा गरी नेपालीको रेखदेख गर्न र श्रीगंगोत्रीस्थित सूर्यकुण्डमा गुठी राखि दिएको पाईन्छ । वि. सं. १८७१ को आश्विनमा, श्रीपशुपतिनाथ मन्दिरको उत्तरतिर भित्री ढोका निर्माण गरी चाँदीले मोरी अभिलेख कुँद्न लगाएका थिए । वि.सं. १८७२ मा डोटीमा रहेकी सुविख्यात भगवती श्रीमालिका देवीको नित्य पूजाको लागि अघि डोटीका राजाले अम्बल गरेको तीन गाऊँ गुठी चढाई पूजारीलाई उचित प्रबन्ध गरेका थिए । ती ३ गाऊँमध्ये पुन्नु गाऊँ टाढा भएको हुँदा सो को सट्टा नगिचै बोगटी गाउँको गुठी साटेर पूजा गर्ने व्यवस्था गरी श्रीमालिकादेवीका पूजारीलाई पूजा अर्चनाको लागि सुविधा मिलाई दिएका थिए । धादिङ्ग केवलपुर गा.वि.स. वडा नं. ४ भीमसेन स्थान र सो स्थित काजीपौवा, काजीओपी, काजी, चौतारा, जर्नेलकुवा, श्रीशिवलिङ्ग (शिवालय) यसै गा.वि.स. वडा नं. ३ स्थित उत्तरपूर्वमा रहेको श्रीइष्टदेवी विन्ध्येवासिनीदेवी, श्रीकुलदेवता सोमलिङ्ग र श्रीवराह-वाराही वायुदेवता ४९ वायु मरूद्गण सहित चारैतिर यसै धादिङ्गभित्र सभालाख रोपनी भूमि कुलदेवी-देवताहरूको पूजा अर्चना गर्ने व्यवस्था गरेर पूजारी समेतलाई सुविधा दिएर राखिएको, नवलपरासी गिदागाऊँको २०० विगाहा, वि.सं. १८७० साल फाल्गुण वदि ७ रोज ६ का श्री ५ बाट रिझ स्वरूपमा दिएका जग्गा-दाम्याचौर, रानीबारी, पूर्व महेशखोला, मसिन्या खोला दोभान, दामगाड्या भञ्ज्याङ्ग माटीखोला



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



पहराको ठूलो दुङ्गो माटीखोला, रामच्या साँध, घट्या दुङ्गो, माटीखोलाको शिर खहऱ्याको पहरो दोभान, लितिखोला, सल्याखोला, संग्रामटार, अङ्गरखु खोलाको पहरो आँध्याखोल्सी, महेश खोला आदि सीमाको उल्लेखित छ । श्रीनीलकण्ड पश्चिमतिर, श्रीशिव गोरक्ष पात्रदेवता स्थापना स्थलपरिसर नगिचमा अमरकीर्तिशाली श्रीशिवलिङ्ग स्थापना गरेर अमरसिंह थापाले श्रीशिवजीको दैनिक नित्य पूजाआजा गर्नु भएको स्थानमा अहिले श्रीमहादेव मन्दिर निर्माण भएको छ ।

वि. सं. १८७२ जेष्ठ ४ गतेका दिन काजी वीर अमरसिंह थापा र अक्टरलोनीसँग युद्ध विराम सन्धि भएपछि वि.सं. १८१९ देखि वि.सं. १८७२ सम्म राष्ट्रको लागि कुल ५३ बसन्त सुदरपर्यन्तसम्म महारणसमर योगदान दिने गरे अमरसिंह थापा तीर्थ यात्रा र धार्मिक कार्यमा जुट्नु भयो । त्यसपछि वि.सं. १८७३ मा दशहराको भेला भर्न भनी श्री ५ सँग विदाई भई श्रीगोसाईकुण्ड नीलकण्ठ महादेव विराजमान हुनु भएको महातीर्थतिर प्रस्थान गर्नुहुँदा उहाँका साथमा कान्छी धर्मपत्नी, लालवतीदेवी थापा, छोरा, काजी रामदास थापा अन्य सहयोगी ४ जना गरी सातजनाको सदस्य संख्या जानु भएथ्यो । वि.सं. १८७३ श्रावण १६ गतेसम्ममा तपस्वी वीर अमरसिंह थापा, श्रीमती लालवतीदेवी थापा, काजीरामदास थापा सहित अन्य ४ जना गरि ७ जना आएर शिव सायुज्य प्राप्त गर्नु भएको थ्यो । वीर अमरसिंह थापा भन्याका असाधरण पुरूष वडा पराक्रमी महामन्त्री थिए । यस्ता मन्त्री बडै प्रतापी पुरूषले मात्र पाउँछन् । यस्ता मन्त्री पाउनु यस उमेर पुत्रोत्सव हुनु वडै तपस्या हुन्छ । परराष्ट्र मन्त्रालयमा रहेका तात्कालिक पाँच ऐतिहासिक बुढाकाजी वीर अमरसिंह थापाको देहान्तसम्म वर्णन गरिएको पत्रावलीले शंका, उपशंका उठ्न जान्छन् । श्री ५ को सरकारले राष्ट्रिय विभूतिको रूपमा सम्मान गरेतापनि उहाँ सम्वन्धी ऐतिहासिक आत्मा वृत्तान्त पूर्णरूपमा प्रकाश हुन सकेको छैन । श्रीगोसाईंकुण्ड परिसरमा वीर अमरसिंह थापाद्वारा तपस्या गरिएका श्रीअमरसिंह गुफा, श्रीमहाकाल भैरबकुण्ड परिसरमा उनी र उनका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



परिवारले तपस्या गरेको तीनगुफा, सामान राख्न्या स्थान अझै सुरक्षित छन् । सिद्ध वीर योद्धाले आत्महत्या गरेर परलोक भए भने असत्य इतिहास प्रकाशमा ल्याउने इतिहासकार नै होइनन् ? यस्ता कपोकल्पित झुटमुट इतिहास कोल्ट्याउनेतिर कसैको दुष्प्रयास नहोस् । उहाँले आत्महत्या गरेर परलोक हुनुपर्ने के त्रुटि गर्नु भएको थ्यो र ? यदि थियो भने इतिहासविद्हरूले प्रमाणित गरेर देखाउने विषयका प्रमाणहरू के के छन् ? स्पष्ट पारिदिनु भएको खण्डमा हामी आभारी हुने थियौं । आजसम्म जतिपनि प्रकाशित ग्रन्थहरू अध्ययन गरी ल्याउँदा एकमत नदेखिएकोले उहाँको मरण असामयिक नै भएको देखिन आउँछ ।

उहाँहरुद्वारा राखिएका भूमि १०४ बर्ष शासन सञ्चालन गर्नेका हुक्के, चम्चे, मतियारहरूले श्रीथापाको नाम रहेका गुठी पूजा-आजा, सम्भार गरे, बचे-खुचेका उब्ब्रेको आय श्रोत मात्र गुठीयारहरूले खाना पाउन्या व्यवस्था गरेको सनद् पाइन्छ । कालान्तरमा आएर वीर अमरसिंह थापाको काष्ठमण्डप उपत्यकाभित्र वि.सं. १९०३ को कोतपर्व पछि बचे-खुचेका उहाँका अवशेष शाखा सन्तत्तिहरू लाखा पाखा लाग्याको सब अवसर छोपेर अधिकांश गुठीका जग्गाहरूको स्वामित्व स्वयं भूमिगत गिरोह गुठीयारले हाली-मुहाली हुन पुगि श्रीथापाद्वारा स्थापित मठ-मन्दिर, सत्तल धर्मशाला लगायत देव-देवालयका भूमिको ऐतिहासिक कागजातहरू समेत गुमराहमा छ । साथै गुठीसंस्थानबाट पूजा सञ्चालन गऱ्या स्वरूपमा हण्डी खान्या गिरोहलाई राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठान र श्री ५ को सरकार गुठी संस्थान शिघ्र कानुन अनुसार दण्डीत गरिनुपर्छ । साथै सबै अमरसिंह थापाको नाममा रहेका सबै भूमिहरू राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठानको स्वामित्व राख्ने व्यवस्था श्री ५ को सरकारले गर्न सकेमा मात्र श्री ५ को सरकारले राष्ट्रिय विभूति अमरसिंह थापा माथि सच्चा श्रद्धाञ्जली गरेको मान्यता हुन जाने छ । राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठान स्थापना भएपनि उहाँको संष्मरणमा जसरी कार्य गरिनुपर्ने हो त्यसरी हुन सकि राख्याको छैन श्रीथापा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सहितको असामयिक निधन भएको १८८ औं स्मृति दिवस तथा २५३ औं बडाकाजी वीर अमरसिंह थापा जन्मोत्सवका अवसरमा श्रीगोसाईकुण्ड श्रीनीलकण्ठ महादेव शयंन गर्नु भएको महातीर्थमा वीर अमरसिंह थापा, उहाँका कान्छी धर्मपत्नी लालवतीदेवी थापा, साहिंली धर्मपत्नी धर्मदेवी थापातिरका काजीरामदास थापा र अन्य सहयोगी सदस्यहरूका दिवंगत आत्मालाई चिरशान्ति मिलोस् भनेर वि.सं. २०६१ साल भाद्र महिनाको १३ र १४ गतेका दिनमा अर्थात श्रीऋषि तर्पणी पूर्णिमाका दिनमा योगी विश्वनाथज्यूको सकृयतामा भगवान गुरू गोरक्षनाथजीका महामन्त्र एवं सहस्रनामबाट सर्वप्रथम श्रीगोसाईकुण्डमा होमादि गरियो । सो अवसरमा योगी विश्वनाथ: योगी टेकनाथ:नागबाबा कल्याणपुरी, पुजारी मुकुन्द भेटवाल, वीरेन्द्र नेपाल, नारायणप्रसाद घिमिरे, होमनाथ घिमिरे, गंगाराज थापा, अम्बिकादेवी थापा, गोपाल थापा, डम्बरजंग (आत्रेय), सुनील थापामगर सहितको उपस्थिति थियो भने राष्ट्रिय विभूतिको संष्मरणमा यस तीर्थमा आउने सवै तीर्थयात्रीहरूले श्रद्धाभक्तिको साथ होमादिमा भाग लिएका थिए । जसमा श्रीमाथवरसिंह थापा समाजसेवा प्रतिष्ठान नेपाल, श्री राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठान र श्रीबगाले थापा समाज सेवा प्रतिष्ठान नेपाल, उर्लाबारी-६, मोरडले उहाँहरूको संष्मरणमा श्रीगोसाईकुण्डमा यज्ञ-यज्ञादि सञ्चालन गरिएको थियो । वि.सं. २०६२ साल श्रावण ३१ गते देखि भाद्र ३ गते सम्म सोही गोरक्ष महामन्त्र एवं सहस्रनामबाट उहाँहरूको १८९ औं स्मृति दिवसको पावन अवसरमा महातीर्थमा योगी विश्वनाथ: मुकुन्द भेटवाल, बाबुराम कुइकेल, कल्पना कट्वाल, बच्चु कार्की, तारा श्रेष्ठ, बाबुराम श्रेष्ठ, रोहीत श्रेष्ठ, देवी बस्नेत, शारदाविक्रमसिंह थापा, प्रा. डा. सीतामैयासिंह थापा, भीमबहादुर थापा, शम्भु थापा, इन्द्रबहादुर थापाको समय आदिले यज्ञ यज्ञादि गरेर उहाँ र उहाँका परिवारले तपस्या गरेको स्थान श्रीगोसाईकुण्ड या अमरसिंह थापाको गुफामा अमरसिंह थापाको संष्मरणमा वि. सं. २०६२ भाद्र ३ गते श्रीऋषि तर्पणी पूर्णिमाका दिनमा माथि उल्लेखित तीनै संस्थाको सहयोगमा वीर अमरसिंह थापाको रु. ४५,०००/- मा ललितपुर, पाटनका कलाकार



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्री प्रेम शाक्यज्यूले निर्माण गर्नु भएको अर्द्धकद् प्रतिमा श्रीअमरसिंह गुफामा लगी श्री महासिद्धाचल गोरक्षपीठ मृगस्थलीका महन्त प्रमुख अतिथि योगी विश्वनाथ ज्यूले एक समारोहमा समय १२:३० देखी १ बजेको समयमा अनावरण गर्नु भएको थियो । सो अवसरमा श्रीगोसाईकुण्ड क्षेत्र विकास समितिका उपाध्यक्ष श्री बाबुराम श्रेष्ठ, लाङ्टाङ् राष्ट्रिय निकुञ्जका कर्मचारी गण, प्रा.डा. सीतामैयासिंह थापा, शारदाविक्रमसिंह थापा, भीमबहादुर थापा, शम्भु थापा, इन्द्रबहादुर थापा, हाम्रो सम्पदा मासिक पत्रिका प्रमुख सम्बाददाता देवी पौरखी, राष्ट्रिय सञ्चार माध्यम सहितम् डम्बरजंग थापा (आत्रेय) उपस्थिति थिए । राष्ट्रिय विभूति वीर अमरसिंह थापाको प्रतिमा सुरक्षा त्यस क्षेत्रका श्री लाङ्टाङ् राष्ट्रिय निकुञ्ज, रसुवा श्रीगोसाईंकुण्ड क्षेत्र विकास समिति, श्री ५ को सरकार सहित त्यस तीर्थ परिसरमा रहने होटल व्यवसायीहरुले सुरक्षा दिनुपर्ने दायित्व रहेको छ ।





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



**१८९ औं श्रीगोसाईंकुण्डमा नेपालका राष्ट्रिय विभूति वीर अमरसिंह थापाको १८९ औं स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रमको तस्वीरहरु :**



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



## श्रीमहासिद्धाचल गोरक्षपीठ मृगस्थलीको राष्ट्रिय सम्पदा ओझेलमा पर्दैछ ।







Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



# श्रीमहासिद्धाचल गोरक्षपीठ मृगस्थलीको राष्ट्रिय सम्पदा ओझेलमा पर्दैछ ।





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



प्रा.डा. सुश्री सीतामैयासिंह थापा आफ्ना परिवारजनका साथ





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



## स्व. शिवविनोद विक्रमसिंह थापाका समय-समयका तस्वीरहरू





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri







Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri





Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri








Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri







Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri







Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोसाईकुण्ड वुद्ध मन्दिरस्थित वीर अमरसिंह थापाद्वारा स्थापित अमरसिंह स्तम्भ



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चक्रपूजा — पृ. ८ ३.

दही + घुम = दहीघुम = थैगुडः — ए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal